
# महादेशदेखि महादेशसम्म



विजय सुब्बा

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# महादेशदेखि महादेशसम्म

(नियात्रासङ्ग्रह)

विजय सुब्बा

**TU Central Library of Nepal Cataloguing-in-Publication Data**

सुब्बा, विजय

महादेशदेखि महादेशसम्म (नियात्रासङ्ग्रह)/विजय सुब्बा
ललितपुर : साझा प्रकाशन, २०६७ वि.

च, १६६ पृ., सचित्र

ISBN 978-99933-2-924-4

१. यात्रा वर्णन - भारत २. यात्रा वर्णन - अमेरिका I. आख्या.

N910
Su466m dc-22 201009179

**प्रकाशक** : साझा प्रकाशन
**संस्करण** : पहिलो, २०६७
**मूल्य** : रु. २२५।–
**मुद्रक** : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६

# प्रकाशकीय

मानवजीवनको यात्रा त जीवनयात्रा नै हो; प्रकटित स्वरूप आत्मिक, भौतिक, प्राकृतिक र मानसिक यात्रामा पाइन्छ । आत्मिक यात्रा निर्बन्ध छ कल्पनाको; भौतिक यात्रा सादृश्य छ परिवेश र पदचापका भोगाइको, अनुभव र अनुभूतिको मानव सक्रिय छ यात्रामा । फरकपन– कसैको यात्रा केवल यात्रामा सीमित हुन्छ भने कसैको यात्राले कृति जन्माउँछ र सार्वजनीन गर्छ । कृतिका माध्यमबाट अरूलाई पनि सहयात्री बनाउँछ । यस क्रममा विजय सुब्बा **महादेशदेखि महादेशसम्म** यात्रासंस्मरण लिएर यात्रामा उदाएका छन् ।

विजय सुब्बाको यात्री भौतिक वा शारीरिक रूपमा एक्लो छ तर उद्वेलित मनले सबैलाई आफूसँगै यात्रानन्दमा एकाकार पार्छ । पाठकलाई सहयात्रामा उतारेर आफू सर्वज्ञ पथप्रदर्शक बन्छ । विजय सुब्बाको यात्री जहाँ पुग्छ, त्यहाँको ऐतिहासिकता, सामाजिक परिवेश, राजनीतिक वातावरणसँगै रमाइला भूदृश्यमा सबैलाई आनन्दको रसास्वादन गराउँछ । सशरीर भूगोलको काखमा विचरण गर्नुको आवश्यकतामा प्रश्नचिह्न महसुस गर्न पाठकलाई बाध्य बनाउँछ सुब्बाको यात्रीले ।

अनेक उद्देश्यसहित मानिस समय जुर्दा र मौका मिल्दा यात्रामा पदचाप छाड्छ । यात्राको उद्देश्य भने भिन्नभिन्न; कोही धार्मिक उद्देश्य लिएर यात्रा गर्दछन् भने कोही अरू नै । विजय सुब्बाको यो यात्रा छुट्टै किसिमको छ । उनी सिक्किमदेखि संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यहरूमा यस संस्मरणद्वारा पाठकलाई मानसिक भ्रमणमा उतार्छन् ।

राजनीतिकर्मी विजय सुब्बाको विद्वत्ता लेखनकलामा पनि उत्तिकै सशक्त र सबल रहेको पाइन्छ । उनी आफ्नो लेखनकलामा राजनीतिभन्दा भिन्न यात्रीको अनुभव उजागर गर्न र त्यही संस्मरणमा पाठकलाई तन्मयताका साथ यात्रा गराउन सफल छन्– **महादेशदेखि महादेशसम्म**को माध्यमबाट ।

महादेश-महादेशको यात्रा गर्न शारीरिक तथा आर्थिक रूपले असमर्थ यात्रीलाई मानसिक रूपले यात्रामा विचरण गर्न यस संस्मरणले जाग्रत् पार्नेछ ।

यस्तो सिर्जना तयार गरी विजय सुब्बाले पाठकलाई मानसिक यात्राको मौका दिनुका साथै साझा प्रकाशनलाई पनि नौलानौला अनुभव र अनुभूतिको सँगालो पस्कने अवसर प्रदान गरेका छन् । यसका लागि पाठकले त लेखकलाई अवश्य नै हार्दिकताका साथ आभार व्यक्त गर्नेछन् नै । **महादेशदेखि महादेशसम्म**को प्रकाशनको जिम्मेवारी साझा प्रकाशनलाई उपलब्ध गराई यात्रासंस्मरणमा अर्को इँटा थप्ने मौका दिएकामा सर्जक विजय सुब्बालाई धन्यवाद !

भदौ २०६७ **साझा प्रकाशन**

# विषयक्रम

सिक्किमतिर/१
दार्जिलिङ चिसो पनि रहेछ/१६
दोधारदोधारमै अमेरिका पुगियो/३५
वासिङटन डिसीका केही छाप/४१
मेरो न्युयोर्कका मुक्तक बसाइ/५०
कनेक्टिकटमा तीन दिन/५६
भर्मन्ट अमेरिकाको सुन्दर राज्य रे!/६६
अमेरिकाका निरर्थक यात्राहरू/७४
यसरी टुरिन पुगियो/८३
टुरिनमा पाँच दिन/९८
टुरिन-न्युसाटेल रेलयात्रा/१२१
स्विजरल्यान्ड, पेट्रिक र म/१३०

# सिक्किमतिर

'ए सिक्किम, तैंले मलाई छाडिनस् हगि ?' म मनमनै अशान्त छु । हुन पनि आफूसँगै आजित भएर अन्तमा सिक्किमसँगको एक वर्षअगाडि (२०४१) तिहारको मितेरी नवीकरण गर्ने तरखरमा छु । सिक्किमलाई करिब तीन पटकसम्म 'लेख्दिनँ' भनेर प्रण पनि नगरेको होइन । किनकि न मसँग लेख्ने ढङ्ग छ न मैले सिक्किमलाई नजिकबाट राम्ररी चिनेको नै छु । तर यसपालि पनि हातमा सयपत्री, ढुङ्ग्री, मखमली फूलहरू लिएर तिहार आमनेपालीहरूको आँगनमा टुप्लक्क आइपुगेछ । तिहारको यो आगमनले मेरो सिक्किम यात्राको सम्झना पुनः ताजा भयो र चुप लागेर बस्नै नसक्ने भएपछि एक वर्षपछि अक्षरमा उतार्दै छु । 'लेख्दिनँ, लेख्ने मेरो ढङ्गै छैन' भनेर बस्दाबस्दै कति कुरा त बिर्सें पनि । फेरि नलेखी धरै पाइएन । 'ढङ्ग नभए पनि लेख्नुचाहिँ पर्छ' भनी नसोच्नु मेरै दोष त होला नि !

२०४१ तिहारमा भाइटीका लाउने र गाउँको रमझममा भुल्ने अभिलाषा लिएर म झापा महारानी झोडा पुग्छु । त्यो दिन परिवारका सदस्यहरूसँगको भलाकुसारीमै बित्यो । भोलिपल्ट 'हामीले देउसीका लागि तिहारभरि बाहिर जानुपर्ने भयो, सायद हाम्रो यात्रा सिक्किम हुन्छ होला' भन्दै देवेन्द्र दाहाल टुप्लुक्क आइपुग्नुभयो । म खुसीले झन्डै उफ्रिएँ सिक्किम जाने कुराले तर त्यो खुसी बाहिर देखाउने अवस्था थिएन । भित्रभित्रै खुसीले उचालिए पनि छनचाहिँ म जमिनमै थिएँ । पञ्चायती शासनकाल, हामी कम्युनिस्ट कार्यकर्ताका हरेक कामहरूलाई चियोचर्चो गरिने बेलामा कहाँ खुसी देखाउनु नि अरूलाई ! हामी परिवारभित्र समेत त्यस्तो खुसी बाँड्न असमर्थ थियौं । यति हो, छोरो खराब काममा छैन होला भन्ठानेर बुबाआमा पनि त्यति खोजी गर्नुहुन्नथ्यो । हामी छोराछोरी सबै पार्टीमा खट्थ्यौं । 'कहाँ जाने, किन जाने ?' जस्ता प्रश्नहरू सोधिन वर्जित थिए ।

यतिकैमा हाम्रो यात्रा एक किसिमले तय भइसकेको थियो । आठ महिनाअगाडि मात्र बिहे गरेकी श्रीमतीलाई समेत 'कहाँ, किन, कति दिनलाई जान्छु ?' नभनी म

सुटुक्क हिँडें । उनले त सायद कल्पनै गरेकी थिइनन्– लोग्ने सुटुक्क यसरी हिँड्छ भनेर । कसैलाई केही नभनी हिँड्ने त अकल्पनीय कुरा पनि हो । तर म त्यस बेलाको बडो खाँटी कम्युनिस्ट भएको रे, घरमा राम्ररी घुलमिल पनि नभएकी अर्धाङ्गिनीलाई समेत केही नभनी हिँड्ने । भरे आउँछ छैन, भोलि आउँछ छैन । उनी त आत्तिन पो थालिछन् । पार्टीको अनुशासनका कारण आफ्नै श्रीमतीलाई समेत गोप्य कुराहरू भन्न नमिल्ने, मैले पनि त्यसै गरें । अहिले यसो सम्झन्छु– मैले त अपराधै पो गरेछु, हामी एकदमै अव्यावहारिक रहेछौं ।

भोलिपल्ट हामीले दमक गएर सँगै जाने साथीहरूलाई भेटयौं । 'भोलि बिहानै काँकडभिटा जाने बस पक्रने' निर्णय गरी त्यस दिन दमकमै बसियो । पितापुर्खाले रगत र पसिना बगाएर आफ्नो भनिसकिएको तर अहिले अर्केको ठाउँतिर पुग्ने कुराले म अलि रोमाञ्चित थिएँ– कहिले बिहान होला भनेर । दार्जिलिङ, सिक्किम, कालिम्पोङ आदि नाम सुन्दै हिँड्ने ठाउँतिर जाने कुराले ममा नौलो स्फूर्ति थपेको थियो ।

बिहान भयो, नित्यकर्मपश्चात् सिक्किममा जाडो हुन्छ भनेर मेरा लागि साथीहरूले खोजिदिनुभएको ज्याकेट र अन्य सामान लिएर हामी बसपार्कतिर लाग्यौं । दमकबाट सँगै जानेमा हामी तीन जना थियौं– म, देवेन्द्र दाहाल र गोविन्द गौतम । तीन जना भइसकेपछि त के, हामीलाई सामान मिलाउन हम्मे नै पऱ्यो । खुला गर्न पनि नमिल्ने भूमिगत पार्टीका दस्तावेज **वर्गसङ्घर्ष** र **मुक्तिमोर्चाहरू** थिए हामीसँग । कसैले देख्यो कि सिक्किम त हैन मामाघर जानुपर्थ्यो । त्यसैले बल्लबल्ल मिलाइयो भित्री लुगाको पनि भित्र पारेर जीउभरि हाले साथीहरूले । म झापाको भौगोलिक ज्ञान नभएको मान्छे, कतै प्रहरीले पत्ता पाएर केही गरी भाग्नुपरेमा बरु साथीहरूबाटै सामग्री संरक्षणको बढी सम्भावना भएकाले मैले ती सामान बोकिनँ । अरू साथीहरू– टङ्क भट्टराई, नवीन गुरुङ र मोहन राई भाइ बीचमा चढ्नुभयो ।

हामी बिस्तारबिस्तार रतुवा, कनकाई र बिरिङका पुल तर्दै दमक, सुरुङ्गा, बिर्तामोड, चारआली, धुलाबारीहरूलाई 'केही दिन एक्लै बस ल ! हामी फर्केपछि तिमीहरूलाई सिक्किमको कथाव्यथा सुनाउँछौं' भन्दै काँकडभिटा पुग्यौं । के भनूँभनूँ, प्यारो आँतका साथीहरूले हृदयभित्रको ममता मुस्किलले रोक्दै, सोहोरिएको अनुहारले 'छिटो फर्कनू है त' भन्दै बिदाइको हात हल्लाउँदै गरेजस्तो लाग्यो । कतिले त बिदाइमा हात हल्लाउन पनि अभ्यस्त भई नसकेका कोमल गाउँलेजस्तै आँखाभरि आँसु पारेर बलजफती हाँसेझैं 'ल ल राम्ररी गएर आउनू है' भनेझैं लाग्यो ।

हामीबीचको माया केही दिनका लागि भए पनि मरिरहेको थियो । म स्तब्ध थिएँ, मौनधारण गर्दै थिएँ ।

काँकडभिटा पुगेर भारतीय रुपियाँ साट्न बैङ्क खुलेको थिएन, केहीछिन पर्खनुपऱ्यो । हामीसँग भएको बाँसुरी, मादल र सारङ्गी देखेर थुप्रै निजी टिप्पणीहरू सुनिए– "यिनीहरू काँका गाइने टोली हुन् ?" "हेर्दा त मागिखाने जस्ता छैनन् फेरि ।" अर्को थरीको टिप्पणी थियो । वरिपरिमध्येकै एक जना लिम्बू साथीले "हैन, तिमीहरू काहाँ हिँडेको हौ ?" भन्दै मनको उत्सुकता थिचेर राख्न नसकी सोधिहाले । हामी पनि आआफ्नो धुनका उत्तर दिँदै वातावरण रमाइलो पार्न उद्यत थियौं । बैङ्क खुल्यो, पैसा साट्न सिपालु साथी अघि सर्नुभयो । मलाई भा. रु. को त्यति ज्ञान नभएकाले बैङ्कभित्रचाहिँ गएँ साथीहरूको पछिपछि ।

काँकडभिटाबाट रिक्सा लिएर जब हामी मेची पुलतिर लाग्यौं, मनमा निक्कै सकस महसुस भयो– 'यिनीहरूले पार्टीको दस्तावेज बोकेका छन्' भन्ने पुलिसले थाहा पाएर वा पक्राउ पो परिहालिन्छ कि भनेर । छुल्याहा, पोल्याहा पञ्च र जासुसहरू जतातत्तै, केही भर थिएन । तर केही भएन, सकुशल सीमा पार भयौं । मेची पुलमाथि रिक्सा गुड्दै गर्दा मलाई बम देवानको कविता खुबै याद आयो– मकवानपुरको मार्खुमा बसेको बेला लीलाराज कार्कीले काठमाडौंबाट सारेर पठाइदिएको थियो– सहिदको रगत र मेचीको बगरको प्रसङ्ग हालिएको कविता । कविता त्यसै राम्रो थियो, त्यसमाथि पनि जब कविता पढ्दै थिएँ; त्यस बेला घामको न्यानो भर्खर भुइँमा ओर्लंदै थियो । रक्तिम आभाहरू शीतका थोपाहरूसँग ठोक्किँदा छचल्किएर म निथ्रुक्क भिजेको थिएँ । अहिले पनि मैले त्यो कविता बिर्सन सकेको छैन ।

कविताको मेचीको बगर ममुनि थियो अहिले । म मेचीको बगर आँखाभरिभरि सधैँका लागि राख्न चाहन्थेँ, मेचीको बगरलाई मेरो छाती मात्र होइन, हृदयको वल्लोपल्लो किनारभरि बिछ्याउन चाहन्थेँ, समेट्न चाहन्थेँ ।

हामी पुलपारिको भारतीय चेकपोस्टमा पुग्यौं । त्यहाँका प्रहरीहरूले हाम्रा सामान खोतलखातल पार्न थाले । मलाई रुनन्न रिस उठ्यो । फेरि अर्कोतिर ती प्रहरीहरूप्रति दया पनि जाग्यो । देशका मूल्यवान् सम्पत्ति रित्त्याउने र भित्र्याउने तस्करहरूको सुराकसम्म यिनीहरू पाउँदैनन् वा पाए पनि केही गर्न सक्दैनन् । तर आफ्नो वर्दीको इज्जतका लागि हामीजस्तालाई खुरन्धार गर्दछन् ।

'हामी एक हप्ताका निम्ति घुम्न निस्केका केटाहरूसँग त्यस्तो के नै हुन्छ र त्यसो गरेका होलान्' भन्ने मेरो खुलदुली पछि गान्तोकबाट ट्याक्सीमा फर्कंदा मात्र मेटियो । कुरा के पऱ्यो भने हामी आउँदै थियौं, एक ठाउँमा (जहाँ पुलमुनि पनि

पिचरोड थियो, नाम बिर्सिएँ) टयाक्सी रोकियो । प्रहरीहरू आएर ड्राइभरसँग केके सोध्न थाले । अनि आज कुन्नि के दिन पर्छ, खर्च देऊ भने । ड्राइभरले १०–१२ रुपियाँ मात्र दियो । उनीहरूले थप मागे तर 'छैन' भनेपछि मात्र हाँस्दै टयाक्सी छोडेका थिए ।

चेकपोस्टको झन्झट सकेर सिलिगुडी जाने बस स्टपतिर रिक्सा फेरि गुड्न थाल्यो ।

सिलिगुडी जाने बसमा चढ्यौं, त्यहाँको बसव्यवस्था हेर्दा विशेष गरी काठमाडौं उपत्यकाभित्रको बसव्यवस्थाको सम्झना भयो । सर्वसाधारण यात्रुको सुविधालाई उत्तिकै ध्यान दिइँदो रहेछ, जति पशुहरू कुनै सवारी साधन (ट्रक) मा खाँदखुँद गरी ओसार्दा ध्यान दिइन्छ ।

पानी टयाङ्कीबाट बस हिँड्यो । बिस्तारै बागडोगरा आफ्नो गर्विलो छातीमाथि मोटर गुड्न दिँदै हामीलाई भन्दै थियो– 'ए नेपाली मान्छे हो ! म यहाँ छु, तिमीहरू नेपालमा अस्पतालको खाँचो वा उपचारको मौकाबाट वञ्चित भएपछि सिलिगुडी र बागडोगरा भन्दै आउँछौ नि, हो त्यो बागडोगरा भनेको चाहिँ मै हुँ ।' आर्थिक विपन्नताका कारण लाहुरे बनेका मेरा भतिजाहरूले सिलिगुडी, बागडोगरा, कलकत्ता, देहरादुन आदिको वर्णन गरेको अहिले झलझली सम्झेँ । उता सैनिक क्याम्पमा पुगेपछि बिरालोको अगाडि मुसा परेझैं भए पनि, भारतीय अधिकृतहरूको बुट र लात्ती खाँदै बस्नुपरे पनि नेपाल आएर सान देखाउँदै ती ठाउँहरूको भारी वर्णन गर्दा हामी पक्क परेर सुन्थ्यौं । बागडोगराले अहिले तिनै पुराना दिनहरू सम्झायो ।

सिलिगुडी पुग्यौं । सिलिगुडी पूरै सहर घुम्न नपाए पनि त्यसको विशाल छातीको अनुभव गर्‍यौं । सिटी बसको व्यवस्था रहेछ– हामी सोध्दैखोज्दै कालिम्पोङ जाने बस स्टयान्डतिर लाग्यौं । बस स्टयान्डमा "कहाँ जाने दाजुहरू ?" भन्ने सुन्दा त म ढुक्क पो भएँ । ओहो ! त्यतातिरको बसमा त ड्राइभर र कन्डक्टरहरू नेपाली नै रहेछन् । कस्तो गजब– त्यही देशमा कुल्ली, दरबान, कान्छा र बहादुरदेखि लिएर आफूलाई निकै सभ्य मान्दै कहीं नभएको ठाँटबाँट गर्ने नेपालीहरू पाइन्छन् । फेरि त्यही देशमा स्वाभिमानी नेपालीहरू पनि आफ्नो जीवन गुजारिरहेछन्, बाँच्नका लागि बाँचिरहेछन् ।

बाटाका रमाइला दृश्यपान गर्दै हामी कालिम्पोङ जाने बसबाट टिस्टाको किनारैकिनार अघि बढ्यौं । टिस्टामाथि लमतन्निएको पुल देख्दा म फेरि आफ्नै गाउँमा पुगें । हाम्रो गाउँका दाजुहरू हल मिलाएर हिउँदमा आसामतिर आरा काट्न

गएको सम्झें । "बाटोमा टिस्टा खोला तर्नुपर्छ, पहिले हाम्रो नेपालको सिमाना त्यही टिस्टा नदी थियो रे ।" उनीहरू भन्थे । अहिले म त्यही टिस्टाको पुलअगाडि थिएँ, जसले आसामका लागि निम्तो दिइरहेजस्तो लाग्यो । रङ्गित खोला देख्दा "टिस्टा र रङ्गितको... ..." पुरानो गीत सम्झें । पहिलो चोटि त्यो गीत सुन्दा हाम्रा पुर्खाहरूले रगत बगाएर सीमारेखा कोरेको कल्पना गर्दै पुलकित भएका क्षणहरू प्रस्ट सम्झना हुँदै आयो । टिस्टाको पुलले मलाई अझै उतैउतै आसामको जङ्गल, क्वियेर खेतीतिर तान्न थाल्यो । मेरा दाजु प्रेमबहादुर आसाम, तेजपुरमा क्वियेर खेती गर्नुहुन्थ्यो । नेपालीहरूलाई धपाउने सिलसिलामा सबै त्यतिकै छाडेर आउनुपरेको थियो दाजुले । अनि गाउँमा वर्षभरि काम गर्दागर्दा लखतरान परेर बल्ल हिउँदको अनुभव गर्दानगर्दै गाउँका दाजुहरू त्यही हिउँद पनि आउँदो बर्खे खर्च, दसैं, तिहार, अन्य पर्व र परिआउने भवितव्य टार्नलाई केही पैसा जम्मा गर्न आसामको अनकन्टार जङ्गल र क्वियेर खेतीमा बिताउन पुग्थे । जहाँ कोही आराले चिरिएर, कोही रूखले किचिएर, कोही जङ्गली जनावरहरूको सिकार भएर र कोही औलो लागेर मर्थे । कोइलाखादका कथाहरू त झन् दर्दनाक हुन्थे दाजुहरूका । बाँचेकाहरूचाहिँ आफ्नो त्यसरी मर्ने साथीलाई त्यतै कतै गाडेर उसको चिनोका लागि खुकुरी, टोपी, पुराना दौरासुरुवाल आदि लिएर निन्याउरो अनुहारसँग टुप्लुक्क घर आइपुग्थे । यसरी हिउँदमा हाम्रा गाउँघरका दाजुभाइहरू खान लाउनको समस्या टार्न आसामका अपरिचित जङ्गलहरूमा आफ्नो शरीर बिसाउन पुग्थे भने कति आफ्नो हललाई उतै छोडेर आउँथे केवल स्मृतिका पानाहरू लिएर ।

टिस्टाका दुई किनार जोडेर बसेको पुलसँगै रहेको सानो बजारमा खाना खान बस रोकियो । मुख्य आकर्षण पुल भएको त्यो सानो बजारमा उसिना चामलबाहेक अरू नपाइने रहेछ । खाना खान सकिएन गनाएर । अँ, पुल भने झोलुङ्गे थियो तर सबैखाले मोटर वारिपारि गर्ने चौडाइ भएको । पुलको ठीक मुनि खम्बाहरू राखिएको रहेछ गह्रौं मोटरहरू वारिपारि गर्दा झोलिएर झर्दा थाम्नका निम्ति । पुलको तस्बिर लिन निषेध थियो किनभने नियमानुसार झोलुङ्गे पुलमा बस, ट्रक तार्न पाइन्न रे । खाना खाइसकेपछि बस फेरि हिँड्यो ।

सिङ्ताम, केके माइल रे, अनेक मन पर्दा नाम र ठाउँहरू छुँदै घरहरूको घुइँचो लागेको, साँघुरोजस्तो देखिने मोटरहरूकै भीड लागेको एउटा ठाउँ देखियो । मसँगैको साथीले 'उः कालिम्पोङ त्यही हो' भनेर देखाउनुभयो । रङ्गशालाको व्यवस्था रहेछ, सडकहरू अति व्यस्त तर त्यति सफा भने थिएनन् । रङ्गशालाको एक कुनामा दिसापिसाबको थुप्रो थियो भने अर्कोपट्टि घरछेउ भएकाले पिसाबको मात्र साम्राज्य

रहेछ । बजार लाइनको सडकवरपरको नालीतिर काठमाडौँको जस्तै दुर्गन्धित कालो पानी बग्दै थियो । रङ्गशालाको प्यारापिटबाट पछाडिपट्टि तल हेरेको त फोहोरको सडक र ठूलो टोल कताकता धरानको देसी लाइनजस्तो पो देखिन्थ्यो । त्यहाँ हामीलाई लिन सिक्किमको साथी कमल शर्मा आउनुहुने कुरो भएकाले पर्खने क्रममा बजार घुम्दै थियौँ भने चिन्नका लागि मादललाई तय गरेका थियौँ ।

हामीलाई लिन आउनुपर्ने साथी निकै समय पर्खंदा पनि आउनुभएन । हामीले रिनक जान SNT (Sikkim National Transport) को बसमा टिकट लियौँ । रिनक जाने बाटातिर थुप्रोथुप्रो अदुवा देख्दा सिक्किममा अदुवा खेती लोकप्रिय रहेछ भन्ने लख काट्यौँ । भारत र सिक्किम सिमाना भएर बगेको रम्फु खोला किनारमा चेक पोस्ट रहेछ । अरू देशबाट आउनेलाई जान दिँदैन रे भनेर डरायौँ । तर त्यस्तो केही भएन । प्रहरीहरू सरर आँखा डुलाएर फर्किए । हामी ढुक्क भयौँ ।

"यो बाटो कता पुग्छ ?"

"रङ्गली जान्छ ।" बसका स्थानीय यात्रीले उत्तर दिए ।

"त्यो अर्को नि ?"

"त्यो गान्तोक जान्छ ।" अर्को उत्तर थियो हाम्रो प्रश्नमा ।

यी दुवै बाटा हाम्रो पछि छोडिँदै गए । ती ठाउँहरूको नाम सुन्नै मरिमेट्ने मान्छे म, झन् देख्न पाउँदा त आत्मविभोर नै हुन्थेँ । 'आहा ! हाम्रा नेपाली दाजुभाइहरू यहाँ पनि छन् ।' हामी आफ्नै गाउँघरमा बसेजस्तै अनुभव गर्दै थियौँ । नेपाली भाषा उत्तिकै प्रस्ट र प्रमुख माध्यम भाषाको रूपमा थियो जति नेपालमा छ । हामीलाई भाषिक कठिनाइ पर्ने कुरै भएन । ती ठाउँहरूमा हामीलाई लाग्थ्यो, धरानबाट धनकुटातिर लाग्दै छौं । तर यति फरक थियो– सिक्किमका मुख्य बाटाघाटाहरू सफासुग्घर, घरहरू पनि कम दाम, निकै आकर्षक, आधुनिक, सफा, बस्नेखाने व्यवस्था निकै सभ्य थियो र देखिन्थ्यो पनि त्यस्तै ।

यतिकैमा हामी रिनक पुग्यौँ । हामीलाई लिन आउनुपर्ने साथी कमलजी त्यहाँ पनि आउनुभएन र हामी खाम्दोडतिर जाने मान्छेहरूसँगै पछि लाग्यौँ । खेतबारीहरू, अम्बाका रूखहरू, बाँसघारीहरू, तीतेपातीका बुटाहरू हेर्दै हामी नेपालका पहाडी गाउँतिर हिँड्दै थियौँ । ए ! माफ गर्नुस्, हामी त रिनकबाट खाम्दोड जाने मूल बाटोमा पो हिँड्दै थियौँ । हाम्रा थाकेका पाइलाहरूले हिँड्दाहिँड्दै रात पनि भन्न पाएनन् ।

खाम्दोङ आएछ, बाटो देखाउने गाउँले साथीले 'यहाँबाट उकालो सोध्दै जानोस्' भनेर हामीलाई रातमा बाटो देखाउँदै मूल बाटोमुनिको गाउँतिर झरे । हामी जाने ठाउँ

खाम्दोङ त खाम्दोङ तर अपर खाम्दोङ पो रहेछ । त्यसपछि हामी पुग्ने घरको ठेगाना सोध्दै अन्धाधुन्ध उकालो लाग्यौं । करिब पाँच-सात मिनेट उकालो चढेपछि सिसाको बिर्कोमा प्वाल पारी बनाएको बत्ती लिएका १२–१३ वर्षका फुर्तिला भाइ हामी जाने घरतिरै हिँडेको भेटिए । हामी ढुक्क त भयौं तर साथी भेटिन्छ कि भेटिन्न ! अब भने झन् चिन्तित भयौं । केहीछिनमै हामी जानुपर्ने घरमा पुग्यौं ।

हामीलाई जे कुराको डर थियो त्यही भयो । साथी पश्चिम सिक्किमबाट आउनुभएको रहेनछ । घरका सदस्यहरूले छ-छ जना केटाहरू रातसाँझमा आएका छन्, को हुन्, कहाँका हुन्, त्यस बेला के सोचे होलान् । हामीलाई परेको अप्ठ्यारो भनी साध्य रहेन । तर हाम्रो सम्पर्क व्यक्ति र त्यस घरका धनी बी. एन. शर्माको राम्रो सम्बन्ध र हिमचिम रहेछ । अप्ठेरो व्यवहार केही भएन । बी. एन. शर्मा सिक्किमको राजनीतिमा चर्चित नाम पनि रहेछ । त्यहाँका राजनीतिक हस्तीहरूसँग पनि राम्रै पहुँच रहेछ उनको । केही न केही हामी बढी अप्ठेरो मान्दा रहेछौं । त्यस्तै मनोदशा लिएर त्यो रात र भोलिपल्ट पनि बितायौं । बेलुकीतिर कमलजी हस्याङफस्याङ गर्दै आइपुग्नुभयो अनि मात्र हामी ढुक्क भयौं । हाम्रो मनमा लागेका कुराहरू उहाँलाई भनेपछि सबै चीज व्यवस्थित भयो ।

साथीमार्फत एक-दुई घरमा हाम्रो राम्रै सम्पर्क भयो । त्यही बेला मैले भने त्यहाँका जनताको जीवनशैली र सरकारबाट पाउने सुविधाबारे सोधेको थिएँ । त्यहाँको सरकारले पानी, बिजुली, टिनको छाना, घरमा एक दुहुना गाई वा भैंसी दिने गर्छ भनेजस्तो लाग्छ गाउँलेले । बी. एन. शर्माको घरवरिपरिका छिमेकीहरूले यसो चियाको निम्तो दिन्थे । हामी खुसी भएर जान्थ्यौं । त्यस बेला मेरो काम हरेक कुरा हेरिहिँड्नु र सोध्नु नै मुख्य कुरो हुने गर्थ्यो । अहिले पनि ती घरहरूमा भएका धाराहरू, गाईभैंसी, सेतै टिनका छानाहरू मेरा आँखामा आइरहन्छन् । हामीलाई त्यो गाउँको त्यस्तो हार्दिकता र निकटता पाउँदा जाडोको याममा ओछ्यान र आमाको काखमा लुटपुटिन पाएजस्तो लाग्यो ।

हामी अब मक्ख परेर देउसीको योजनामा लाग्यौं । त्यहाँको सम्पूर्ण वातावरणबाट प्रभावित भई बी. एन शर्माको आँगनको डिलमाथिको ठूलो ढुङ्गामा बसेर एउटा गीत पनि लेखें–

**हजुरहरूको घरआँगनमा टाढाबाट आयौं**
**सबै थोक छाडी मायैमाया मात्र पायौं**
**टाढा थियौं मनले हैन बास टाढा थियो**
**पुस्तौंपुस्ता बिते पनि माया गाढा थियो**

थोरै दिनमा सबै कुरा भयो अलिकति
सकेसम्म माया बाँड्यौं जति थियो त्यति

कहाँ हुँदो रहेछ र भूगोलको दूरी
यौटै रैछ हामीसँग संस्कृतिको धुरी
ढल्ने छैन युगौंयुग यस्तै आफ्नोपन
फैलिरहोस् दूबोसरि कञ्चन चोखो मन

अपर खाम्दोङ, सिक्किम
२०४१।७।५।१

देउसी सुरु भयो, लक्ष्मीपूजाको दिन हामी बसेकै घरबाट खेल्न थाल्यौं। डुल्दै गयौं, स्थानीय जनताको माया पाएर हामीले निश्चिन्त देउसी खेलिरह्यौं, खेलिरह्यौं। दोस्रो दिन सिक्किम र पश्चिम बङ्गालको सीमा खोल्सो तरेर पश्चिम बङ्गाल पस्यौं। त्यहाँ पनि नेपाली बस्ती नै भएकाले हामीलाई कुनै अप्ठ्यारो महसुस भएन। बरु भईनभई पनि 'नेपालबाट आएका' भनेर हामीलाई आँगनमा गुन्द्री ओछ्याई स्वागत गर्ने शुक्रराज लिम्बूहरूजस्तो व्यवहारबाट द्रवीभूत हुन पुग्यौं। उहाँहरूबाट हामीलाई राम्रो सहयोग मिल्यो। अँ, त्यो घरमा परेको मेरो अकमकाइ नखोली हुँदैन– हामीले 'कम्युनिस्ट कलाकार' भनेका थियौं। तर यौटा गीतको शब्दमा एक जना दिदीले पक्रिहालिन्। गीतको 'सबलाई माया गर्नु' भन्ने शब्दहरू सुन्नासाथ ती दिदीले 'सबैलाई ?' भनी तत्काल सोधिन्। मैले अकमकाउँदै 'हैन, जनताको हितकारी सबैलाई भनेको' भनें। सामान्य गाउँले मात्र ठानेको त गाँठि कुराको जरैमा पो पक्रेकी थिइन् दिदीले त। दिदी पनि वामराजनीतिमा संलग्न थिइन् कि क्या हो। नत्र त्यस्तो मसिनो गरी शब्दशब्दमा नपस्नुपर्ने ! त्यसपछि अलि पर गयौं, एउटा घरका सदस्यको निधन भएको २-३ दिन मात्र भएको रहेछ, त्यसैत्यसै उजाड थियो। गाउन, बजाउन नमिल्ने नेपाली परम्परा भएकाले त्यो घर छाडेर अघि बढ्न खोज्यौं तर हामीले बिदा पाएनौं। एउटा सयपत्रीको थुँगा र सहयोग राशि हाम्रो हातमा राखिदिए घरमूलीले। हामी त्यस्तो व्यवहारले झनै निथ्रुक्क भिज्यौं।

त्यही दिनको कुरा हो– हामी पश्चिम बङ्गालकै एक जना लुगा सिउने दाइको घरमा पुग्यौं। हामी नेपालबाट आएका भन्ने पहिले नै हल्ला भइसकेकाले ती

दाइहरूले आँगनको डिल र घरको पेटीमा गुन्द्रीहरू ओछ्याएर स्वागत गर्नुभयो। उहाँहरूको अनुहारमा नजानिँदो पारामा हीनताबोधका रेखाहरू देखिँदै हराउँदै गरेको अनुभव गरें मैले। सामान्य घर छ, इस्कुसको झ्याङ, फर्सीको लहराले रछ्यान फन्डैफन्डै छोपेको छ, खरानी नै खरानीको छेउमा अकबरे खुर्सानीको झ्याङ, यस्तैयस्तै छ त्यहाँको परिदृश्य। हामीले कोही उभिएरै र कोही बसेर गीत गाउन थाल्यौं। त्यहाँ अर्को घरकी एक जना छिमेकी दिदी पनि थिइन्। हामीलाई त्यहाँ पाएर त दिदीले पनि आफ्नो घरमा देउसी खेलाउन 'मेरो घरमा पनि जाऊँ है' भनिन्। हामीले नभ्याउने कुरो गर्‍यौं तर 'होइन नजिकै छ, उ: त्यहीं माथि त छ नि मेरो घर' दिदी ढिपी गर्न थालिन्। "हुन्छ दिदी, भ्याएसम्म अवश्य आउँछौं" आश्वासनको पोको पाएपछि त्यो घरको देउसी सकुन्जेल हेरेर "आउनोस् नि" भन्दै दिदी हतारहतार घरतिर लागिन्। समयाभावले हामी दिदीको घरमा जान सकेनौं, अलि दु:ख पनि लाग्यो। किनकि ती दिदीको मनमा 'मकहाँ आएनन्, सानो जात भनेर नआएका त होलान् नि' भन्ने त पक्कै परेन होला र ? यसरी दोस्रो दिन पनि मुस्किलले पन्ध्र घरजति डुल्यौं।

त्यस दिनको बास भने नबिर्सने खालकै भएको भयो। एउटा घरमा बास बस्यौं। त्यहाँ एक जना दाइ थिए; त्यही घरका हुन् कि नातेदार, यो लेखिरहँदा बिर्सेको छु तर उनको गफगराइ भने बिर्सेको छैन। म त्यो दाइको छेउको कोठामा थिएँ। उता साथीहरूसँग उनको गफ सुरु भएछ। नेपाली कम्युनिस्टहरूका बारेमा कुरा सुनेपछि म पनि त्यही कोठामा गएँ। उनी आफ्नो नाम गोविन्द न्यौपाने बताउँथे। त्यो नाम त यता प्रदीप नेपालले बारम्बार लिने गर्नुभएको नाम थियो तर मैले सोधिनँ। बरु यता आएर प्रदीप नेपालसँग सोध्दा चाहिँ त्यता त गोविन्द न्यौपानेको घर छैन भन्नुहुन्थ्यो। ती दाइबाटै हाम्रो त्यस बेलाको पार्टी महासचिव झलनाथ खनाल हुन् भन्ने थाहा पाएको थिएँ। मलाई त्यो नौलो कुरा लाग्यो किनकि 'झलनाथ' शब्द मलाई नराम्रो खालको नाम रहेछ भन्ने पर्‍यो। त्यस्तो नाम पहिलो पल्ट सुनेको थिएँ। म त त्यसै बेलादेखि झलनाथ खनाललाई जे. एन. मात्र भन्ने गर्छु। ती दाइ हाम्रा त्यस बेलाका सबै वरिष्ठ नेताहरूलाई 'मेरा समकालीन साथी हुन्' भन्थे। म त्यो कोठामा गएपछि त साथीहरू बिस्तारै किनारा लाग्न पो थाले। 'किन रहेछ' भनेको त एकछिनपछि पो थाहा पाएँ मैले। दाइको प्रवचन धारावाहिक जाँदो रहेछ। अब म धर्मसङ्कटमा परें। छाडेर जाऊँ ननिको मान्ने हुन् कि; नजाऊँ त साथीहरूभन्दा कम बिजोग भएको थिएन मेरो।

तेस्रो दिन चिरप्रतीक्षित भाइटीका पर्‍यो। भाइटीकाको दिन हामीलाई भेट्न सिक्किम आइपुगेछ। बास बसेको घरबाट बिहानै हामी सधैं बस्ने घरमा गयौं। म

आफ्नी बहिनीको हातबाट टीका लाउन घर पुगेको मान्छे, अहिले सिक्किमको एक जना नेपाली दाइको घरमा थिएँ। हामीले त्यहीँ पारिवारिक वातावरणमा टीका लगायौँ, सिक्किमको सम्झनास्वरूप माला लगायौँ। त्यस बेला गर्वले मेरो छाती फराकिलो भएको थियो। माला लगाएपछि बहिनीहरूलाई उपहारस्वरूप एउटा पुस्तक **नारी बन्धन र मुक्ति** दियौँ। थाहा भएन, त्यसले कत्तिको अर्थ लियो त्यो रूपमा त्यस बेला। मलाई त अहिले सम्झँदा पनि लाज पो लागेर आउँछ। ती बहिनीहरूले के सोचे होलान्। हामी पो कम्युनिस्ट भयौँ, तिनीहरू हाम्रो मानसिकताका त पक्कै थिएनन् होला।

हामी गलामा भएको माला असाध्य जतन गर्दै गर्वका साथ फेरि देउसी खेल्न थाल्यौँ। त्यस दिनको साँझ भने हामीलाई अलि नरमाइलो भयो। हाम्रो पार्टी तत्कालीन ने.क.पा. (माले) भित्र २०३९ मा 'पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता' भन्ने विवादले निकै चरम रूप लिएको थियो। त्यहाँ विद्यार्थीहरू पनि बनारसमा पढ्दा रहेछन् र सी. पी. मैनालीलाई राम्रै गरी जान्दा रहेछन्। मैले त्यति राम्ररी ध्यान दिएको थिइनँ– त्यस दिन ती विद्यार्थी भाइहरूले कसको पक्षमा कुरा गरेका थिए। जे होस्, उनीहरूले हामीलाई त्यहाँ बसुन्जेल सहयोग गरेनन्। मलाई मनमनै लागेकै थियो, 'हैन, यो ठाउँमा युवाहरू छैनन् कि किन हामीसँग सम्पर्कमै आउँदैनन्'। तर त्यो दिन उनीहरूले कुरा खोलेका थिए। यसो विचार गर्दा उनीहरूले पनि हामी अर्थात् यताको राजनीतिक स्वतन्त्रता पक्षधरलाई नै समर्थन गर्दा रहेछन्। किनकि उनीहरूले हामीसँग "सरी, हामीलाई भ्रम परेछ, तपाईंहरूलाई सहयोग नगर्नुको कारण बनारसकै विवाद हो। आज भने सँगै देउसी खेलौँ" भने। त्यो दिन हामीले सँगै देउसी खेलेका थियौँ।

भाइटीकाको भोलिपल्ट हाम्रो देउसी कार्यक्रम सकियो। तर एउटा घरमा हामीलाई डुलाउने दाजुलाई त्यहाँकै दुई-चार जना मान्छेले "तिमीले किन विदेशीहरूलाई ल्याएको ?" भनेछन्। पाठकहरू ! हामी देउसीको अन्तमा थियौँ, त्यति दिन हामी निश्चिन्त भएर देउसी खेलिरह्यौँ। हामी सिक्किममा छौँ भन्ने कुरै बिर्सिसकेका हुन्थ्यौँ। तर त्यो कुरो सुनेपछि भने ओहो ! हामी त सिक्किममा पो छौँ ? सोच्नै बाध्य भयौँ। त्यो भनाइले मेरो मन निकै दुखेको थियो। त्यो दुखाइ एउटा गीत कोरेपछि मात्र केही हलुका भयो–

**विदेशी होइनौँ नेपाली माया, गाँस्नलाई हामी आएका हौँ**
**संस्कृति यौटै त्यसैमा रम्दै, नेपाली भाका गाएका हौँ।**
**हाम्रो यो मनले यहाँको आँगन, पराई ठान्नै सकेन**
**के भनौँ कुनै यहाँको जीवन, पराई मान्नै सकेन**

**खोल्सा र खोल्सी टेकेर हिंड्दा, आफन्त मनको छरियो**
**बटुल्न खोजे के सक्थें झन्झन्, खेतबारी पाखै भरियो**

**चेतना यहाँ हुर्कदै जो छ, खुसीको उच्च मुहान**
**मिर्मिरे पक्कै भएरै छाड्छ, हुनेछ नौलो बिहान ।**

अपर खाम्दोङ, सिक्किम
२०४१।७।६।२

चित्त भारी भए पनि गीतमा भने मैले चित्त दुखाएको थिइनँ । मेरो चलनै थियो नि कुनै घटनाले लेख्न प्रेरित गराउँथ्यो र लेख्ने । तर गीत त्यही प्रेरक प्रसङ्गसँग मात्र जोड्दिनथें । किनकि त्यसो गर्दा आमरूपमा जनताको कुरा उचाल्न पाइँदैन ।

हामी अब फर्कने तरखरमा लाग्यौं । पार्टी कामविशेषले दुई जना साथीहरू केही दिनका लागि सिक्किममै रहने हुनुभयो । हामी चार जनाले भने गान्तोक हुँदै नेपाल फर्कने निधो गर्‍यौं ।

भोलिपल्ट सिक्किमका चिनापर्चीका साथी र भाइबहिनीहरूलाई बिदाइका हात हल्लाउँदै बिहानै अपर खाम्दोङबाट रिनकतर्फ लाग्यौं । त्यस बेलासम्म पनि मलाई बहिनीहरूलाई दिएको उपहार सम्झेर लाज लागिरहेको थियो । बी. एन. शर्मासँग छुट्दा भने हामी धेरै अप्ठेरोमा पर्‍यौं । उनको घरको सत्कार र व्यवहारलाई प्रस्ट्याउने शब्दै मिलेन हामीलाई । हिँड्ने बेलामा घरको बाथरुम छिरेर निस्केको र किचेनमा रहेकी भाउजूसँग बिदा माग्दाको क्षण अहिले पनि ताजै छ । हामीले उही चार दिनअघि हिँडेको बाटो दोहोर्‍यायौं रिनकसम्म ।

रिनकबाट गान्तोक जाने बसमा चढियो । म कहिले उभिन्थें त कहिले चालकको पछाडि राखिएको अम्लिसोको मुठामाथि बस्थें, तर अरू साथीहरूचाहिँ उभिएरै गान्तोक टेक्यौं । गान्तोकमा बस्ने व्यवस्था मिलाएर बजार घुम्दै त्यहाँको रङ्गशाला, बजार, सिनेमाघर अस्पताल हेर्दै हामी मुख्य मन्त्रीगृह हेर्ने ध्याउन्नमा थियौं हामी ।

जाँदाजाँदै बाटैमा मेरो पुरानो साथी दिलीप प्रधानसँग भेट भयो । मैले 'ए के छ यार, तिमी त यहाँ पो छौ' भनी सोधें । एकछिन पुरानो कुरातर्फ लाग्यौं तर समय छोटो भएकाले गफ पनि छोटियो । ऊ 'ए सुब्बा, अहिले मेरो काम छ, भरे म मजाले

घुमाउँला है' भन्दै हिँड्यो । अहिले मलाई त्यति सम्झना त छैन तर 'उसलाई के दुःख दिनु' भनेर हो कि किन हो मैले त्यति ध्यान दिएजस्तो गरिनँ । 'उताका मान्छे अलि स्वार्थी हुन्छन्' भन्ने सुनेर पनि हुन सक्छ । हुन पनि खेतीपाती केही, छैन कमाएर खानुपर्छ । त्यस्तो दुःखमा हुने जो कोहीले पनि त्यस्तो व्यवहार त गरिहाल्छ नि । पछि नेपाल फर्केपछि मेरी श्रीमतीलाई सुनाएँ– "हेर न मैले मेरो साथीलाई यसोयसो गरेँ, नराम्रो पो गरेँ कि !" मेरो त्यो पश्चात्तापयुक्त भनाइ सुनेर "त्यसो गर्नु हुँदैनथ्यो" भन्थिन् उनी ।

त्यसपछि हामी करेमकरेम उकालो लागेका थियौँ मुख्य मन्त्रीगृहतिर । वरिपरि मनोरम जङ्गलका तरेलीहरूमाऊ काठको बारले बेरेको, बाहिरबाट हेर्दा कलात्मक र सुन्दर घर थियो त्यो मुख्य मन्त्रीगृह । जाँदाजाँदै कम्पाउन्डमा पुग्न लाग्दा "आर्डर नहीं हैं" को हिन्दी स्वर पड्कियो । मलाई अचम्म लागेर आयो अनि रूसङ्ग भएँ । भारतले निलिसकेको थियो सिक्किमलाई । हामी हाम्रो धुनअनुसार "त्यहाँ जान मनाही छ" भन्ने नेपाली भाषा सुन्न चाहन्थ्यौँ कि त त्यहाँको स्थानीय भाषा तर त्यहाँ त हिन्दी पो थियो ।

कुनै पनि स्वाभिमानी र देशभक्तहरू बाहिरी देशका औपनिवेशिक प्रजा हुन चाहँदैनन् र कुनै स्वतन्त्र राष्ट्रमाथि अर्को राष्ट्रले अतिक्रमण गर्छ, कब्जा गर्छ भने त्यो पनि देख्न मान्दैनन् । तिनैमध्येका जनतामा पर्थ्यौं हामी पनि । भारतले सिक्किमलाई निलेको कुरा हामीलाई कुनै पनि हालतमा मन परेको थिएन । त्यस बेला, त्यो हिन्दी स्वर हाम्रो कानमा ठोक्किएको बेला म स्तब्ध भएको थिएँ, शरीरमा रक्तसञ्चार बन्द भएजस्तो लाग्यो । मभित्रको 'म' बल्न खोजेको थियो । 'म यदि त्यसरी कुनै राष्ट्रको नोकर बन्नुपर्‍यो भने त्यसविरुद्ध देशको माटो आफ्नै रगतले भिजाउनेछु तर... तर नोकर बन्न सक्तिनँ ।' यो मेरो त्यस बेलादेखिको प्रण थियो जुन बेलादेखि मैले राष्ट्रका लागि सोच्न थालेको थिएँ ।

हामीले मुख्य मन्त्रीगृहलाई बाहिरैबाट हेरेर त्यसै माथिको डाँडैडाँडा तेर्सो लाग्यौँ । बाटोमा एक जना बूढा बा (नेपालका कुत्रेऊाम्रे बूढा बाजस्तै) एक बोरा कुन्नि के बोकेर चौतारीमा बिसाउन आइपुगे । उनलाई देख्नेबित्तिकै २०३९ मा अर्गली सम्पन्न 'प्रगतिशील लेखक कलाकार सङ्घ' को पाल्पा जिल्ला सम्मेलन सकेर फर्कंदा बाटामा भेटिएका बूढा बाको सम्झना आयो । त्यो उमेरको भरिया बा देख्दा मलाई अचम्म लागेर फोटो पनि खिचेर राखेको छु । ती पाल्पाका बूढा बा र गान्तोकका बूढा बा बिलकुल उस्तै देखिन्थे । अलिपर जङ्गलको मुखमा एउटी दिदी सानो बच्चासँग झिँजाझाँक्रा खोज्दै थिइन् । घरमाथिको कटुसघारीमा मलाई छेउमा

राखेर मेरी आमाले फिँजा बटुलेका दिनहरू सम्झिएँ । साँच्ची कति उस्तैउस्तै कुराहरू नि सिक्किम र हामीमा । त्यो डाँडामा हिँड्दा पाल्पा तानसेनको श्रीनगर डाँडामा हिँड्दै छु जस्तो लाग्यो । त्यो डाँडाबाट गान्तोकको सौन्दर्यलाई माया गर्न छुट थियो । मैले सकभर सम्पूर्ण गान्तोकको रूपमा रङ्ग नियालेर आँखामा भर्न खोजेँ ।

त्यही बाटो हामी गुम्बामा पुग्यौँ र देख्यौँ गाँठे बुद्धका अनुयायीहरू ! नौ-दसवर्षे बालकदेखि बूढाहरू सबै बौद्ध भिक्षुको भेषमा गुम्बाभित्र पूजापाठ गर्दै थिए । पूजा गर्दा बजाउने सहनाईजस्तो लामो बाजा, ज्याम्टा र दमाहाजस्तो बाजा एकैचोटि बज्दा त एउटा भयङ्कर आतङ्क मान्छेको हृदयभित्र रुमलिँदो रहेछ– आतङ्क अनुहारमा पोतिएर मान्छे मूर्छा पर्दै छ जस्तो प्रतीत हुने । त्यस्तो वातावरण देख्दा आज पनि मलाई यस्तै लाग्छ । शान्तिका प्रतीक बुद्धको घरमा त्यस्तो अशान्त वातावरण बनाउने बाजागाजा बज्नु अलि नमिलेझैं लाग्छ मलाई । यस्तो वातावरणमा बुद्धमूर्तिसामु बस्दा शान्ति र आनन्द कसरी प्राप्त हुन्छ । यो गैरबौद्धमार्गीको महसुस गराइ मात्र हो, अर्को अर्थमा होइन । गुम्बामा रहेका बुद्ध, सानाठूला नक्सा र मूर्तिका साथै अरू सामानहरू नियालेर हेरेपछि पूर्वराजाको दरबारतर्फ लाग्यौँ ।

गान्तोकको पूर्ण अनुहारलाई आफ्नो आँखाको नानीभित्र राख्दै राजगृहनेर पुगियो– फराकिला बाटाहरू आएर त्यहाँ मिसिए । सिक्किमको सौन्दर्य त्यहीं आएर एकैचोटि छताछुल्ल पोखियो । प्रकृतिले पनि आफ्ना अङ्गअङ्गको सौन्दर्य समाल्न नसकी त्यसैत्यसै छाडिदिएकी थिइन् । लाग्यो, के त्यसै गर्नुपर्छ राम्री छु भन्दैमा कसैले ? आनन्दित मनले हामी विदेशी दलाल लेन्डुपको दरबार हेर्ने उत्सुकता लिएर कम्पाउन्डनेर पुग्दै थियौँ । हामीलाई शिरदेखि पाउसम्म नियाल्दै एउटा सैनिक कड्क्यो– "प्रवेशका आर्डर नहीं है ।" त्यो आवाज अघि मुख्य मन्त्रीगृहको भन्दा अझ कडा थियो । हाम्रो मनको शान्त तलाउमा कसैले ढुङ्गा हान्यो, एउटी नवयौवनालाई अनुहारमा कसैले हिलो छ्यापेजस्तै । मेरो मन झन् नमीठो गरी अमिलियो, रिस पनि उठ्यो । मैले त्यसलाई रिसले घुरेर हेरेँ– 'साला, सिक्किमलाई खाएर अझ ठूलो हुन्छस् ।' मेरो पुरानो रिस घुरेरै पोखेँ । मेरो हरकत देखेर त्यो सैनिक पनि अलि रिसाएर 'नटेरेको ?' हो कि खै के भनेर हिन्दीमा कड्क्यो । त्यसपछि भने नौलो ठाउँ, आपत् पार्ला भनेर रिसले मुरमुरिँदै हामी होटेलतिर फर्कियौँ । त्यस बेला म सोच्न बाध्य भएँ– 'किन सिक्किमी जनताले मुटु थिचेर आफ्नो स्वाधीनता र राष्ट्रियता गुमाउनुपरेछ नि !' अनि मैले लेन्डुप दोर्जेलाई सराप्नु सरापेको थिएँ । हामी वैदेशिक प्रभुत्ववादविरुद्ध यता आन्दोलित भएका थियौँ तर खै त उता केही सुनिएन । यस्तैयस्तै आआफ्नो मनस्थिति लिएर हामीले त्यस रात बितायौँ ।

भोलिपल्ट बिहानै हामीले फर्कने सुरसार कर्यौं । तर SNT को गाडीमा चढ्न नसकिने रहेछ भीडका कारण । टिकट कुर्दाकुर्दा नपाएपछि टिस्टासम्म टयाक्सीमा आयौं; टयाक्सी भनेको जिप हुँदो रहेछ त्यता । हिँड्नुअगाडि भाडाको दलाली राम्रै गरी चलेको थियो चालकसँग । एक त विश्वास पनि थिएन मलाई त्यो मान्छेसँग, त्यसमाथि भाडा कस्न खोज्छ हामी नयाँ मान्छे देखेर । जे भए पनि हिँड्यौं त्यसैको जिपमा । गान्तोकबाट चालकले टिस्टाबाट सिलिगुडीसम्मको व्यवस्था मिलाइदिन्छु भनेर पैसा लिई टिस्टासम्म त ल्यायो तर टिस्टा आइपुगेपछि न पैसा दियो न बसको व्यवस्था नै गर्‍यो । अन्त्यमा, हामीले नछोडेपछि ट्रकमा भनिदियो तर पैसाचाहिँ फिर्ता भएन । ट्रकपछाडि बसेर सिलिगुडीतर्फ लाग्यौं हामी जिपको ड्राइभरलाई गाली गर्दै ।

सिलिगुडी आइपुगियो । खानापिनपछि मैले गितार र मेन्डोलिनका तार तथा सारङ्गीका लागि मैन किनें । साथीहरूले पनि आफूलाई आवश्यक केही सामान किन्नुभयो । अब हामी विदेशी यात्रा पूरा गरी स्वदेशको भूमि प्रस्थान गर्ने सुरसारमा छौं ।

हाम्रो सानो यात्रा सिलिगुडीबाट काँकडभिटातर्फ लाग्यो । त्यति छोटो समयको सिक्किम बसाइ भए पनि म असाध्य गह्रौं भारी बोकेर नेपाल फर्किएँ– जुन भारी सिक्किमप्रतिको स्नेह थियो; जुन भारी सिक्किमप्रतिको अविस्मरणीय सम्झना थियो; जुन भारी सिक्किममा रहेका नेपालीहरूबाट गरिएको मायाको बोट थियो; जुन भारी मेरा लागि आँखाको नानीभित्र कहिल्यै नमेटिने सिक्किमको अनुहार थियो; जुन भारी सिक्किममा हुबहु नेपाली परम्परा र संस्कृतिहरू अनि ब्राह्मणको आँगनमा सतायु सुवास छर्दै रहेका तुलसीका मठमाथि लाख बत्तीको न्यानो उज्यालोको आलो सम्झना थियो । अनि जुन भारि नेपाली सङ्गीत र साहित्यका क्षेत्रमा अतुलनीय योगदान दिनेहरू र लिम्बू भाषा, लिपि, संस्कृति र साहित्यका हस्ती पी. एस. अपतन, बी.बी. मुरिङ्ला, चन्द्र माङ्चुङजस्ता लिम्बूहरूको जन्मभूमि सिक्किमप्रतिको अद्भुत श्रद्धाको प्रमाण थियो ।

नेपालबाट सिक्किम लाग्दा बाटामा छाड्दै 'तिमीहरूलाई सिक्किमको कथाव्यथा सुनाउँछु है फर्के पछि' भन्न त भनेको थिएँ– तराईका फाँटिला ठाउँहरूलाई । तर खै के भनूँ के नभनूँ । सिक्किमलाई कति के भनेर वर्णन गरूँ त । हामीजस्ता नेपालीहरू, हाम्रा जस्तै पाखापखेराहरू, हाम्रै जस्तो सुखदु:ख, हाम्रै जस्ता मायाममताबाहेक मैले थप के पाएँ र भनिदिऊँ जम्मै उस्तै छन् । ठीक छ, फेरि कुनै दिन कतै सिक्किमी दाजुभाइहरूको आँगनमा नेपालका सौगातहरू लिएर टेक्ने

मौका पाएँ भने म भारी भारी वर्णन सुनाउँला । त्यस बेलाचाहिँ म पक्कै ढाँट्दिनँ तर त्यति बेला पनि उही माया, उही सत्कार र उही सद्भाव होला ?

यसरी दुइटा गीत र अजस्र सम्झनाका साथ त्यो तिहारलाई सिक्किमतिरै सिद्ध्याएर आएँ तर यता घरमा पो हुनु नहुनु भयो ! जन्मेर बीस वर्षसम्म बिताएको घर छाडेर मसँग आएको दस महिना पनि भएको छैन, उनलाई केही नभनी उता गएको थिएँ । मलाई देखेपछि त मेरी श्रीमती रुन पो थालिन् । त्यो रुवाइमा रिस पनि थियो कि, किन केही नभनी जानुभएको भन्ने गुनासो र माया पनि थियो कि । त्योभन्दा पनि कहाँ हराउनुभएको हो कि भन्ने पीरपछि भेट्दाको प्रेम पो थियो कि !

ओखलढुङ्गा, २०४२

# दार्जिलिङ चिसो पनि रहेछ

२३ असोज २०५९ साल । बेलुकीपख । घर जान भोलिका लागि तयारी के कसो गर्ने भन्ने हाम्रो घरायसी छलफल हुँदै गर्दा वसन्त नेम्वाङ मेरो डेरामा आइपुग्नुभयो । नाताले उहाँ मेरो पनाति पर्नुहुन्छ भने अर्कोतिरबाट मेरो कान्छो साढुभाइ पर्नुहुन्छ । भूमिका (कान्छी साली) सहित आउनुभएका पाहुनालाई सामान्य सत्कारमा बसियो । उहाँ पनि मजस्तै पीडित निवर्तमान सांसद हुनुहुन्थ्यो । देशमा राजनीतिक प्रतिगमनका कारण उब्जेको हाम्रो दिक्दारी, पीडा, असन्तुष्टि, अभाव, समस्या ऊन्डै-ऊन्डै एकै खालका थिए । त्यस्तै विषयहरूलाई लिएर कुरा गर्न थालियो । अन्तमा, यसपालिको दसैं कसरी बिताउने, कहाँ बिताउने भन्ने छलफल पनि सुरु भयो । वसन्तजीले 'कि दार्जिलिङ जाऊँ त घुम्न ? म पैसा खोज्छु, अलि थपथाप गरौंला' भन्नुभयो । मैले पनि यसो विचार गरें, 'कुनै न कुनै दिन केटाकेटीहरूलाई दार्जिलिङ लानु त छँदै छ, फेरि यहाँ दसैं मनाउने खर्चले दार्जिलिङ घुमिन्छ भने किन नजाने ?' त्यसैले वसन्तजीको कुरामा मेरो सहमति भएपछि अचानक दार्जिलिङ यात्राको योजना बन्यो ।

हामी दार्जिलिङ जाने भयौं । केटाकेटीहरू खुसी हुने नै भए, कपडाहरू के कसो लाने, कत्तिको जाडो हुन्छ, कति दिन बसिन्छ जस्ता सल्लाह गर्नै पर्‍यो, गरियो र तयारी पूरा भयो पनि । म पहिले पनि एक चोटि उता पुगिसकेकाले छिपछिपे भए पनि एक दुई कुरा बेसी नै जानेजस्तो गर्थें । दुइटा परिवारको संयुक्त भ्रमण टोलीमा वसन्तजीकी श्रीमती, छोरी, छोरा गरी चार जना र मेरी श्रीमती, दुई छोरी गरी चार जनासहित जम्मा आठ जना भयौं ।

२४ गते बेलुकीको दमक जाने बसको टिकट त छँदै थियो । हामी काँकडभिटाको अधिकारी ट्राभल्सबाट पूर्व लाग्यौं । सधैंसधैं यात्रा सम्झँदै वाक्क लाग्ने गर्दथ्यो तर त्यस दिनको यात्रा फरक लाग्यो; अर्कै महसुस गरिरहेको थिएँ । दमकसम्म मात्र जाँदै छौं भन्ने भएको भए सायद त्यस्तो नहुने नै थियो । त्यसै गरी

दमक ओर्लिएर त्यहाँबाट घरतिर लाग्ने, घरमा यसो गर्ने उसो गर्ने भन्ने सोच्नुपरेको भए पनि त्यस्तो अनुभव हुने थिएन नै होला । किनकि पहिले त्यस्तो कहिले भएकै थिएन । तर अझै हाम्रो अचानक बनेको कार्यक्रम झापा पुगेपछि पनि फेरिएला कि भन्ने डरै थियो । सोची सम्झी नगरी बनाइएको हतारको योजनामा कुनै पनि अभाव हुन सक्थ्यो ।

२५ गते १२ बजेतिर दमक ओर्लनुपर्ने हामी बिर्तामोडमा ओर्लियौं । त्यहाँ पुग्नु नै पनि हाम्रो यात्राको निश्चितताको सानो खुड्किलो थियो । त्यहाँ त पुगियो, अब त्यहाँबाट कुन बाटो जाने भन्ने टुङ्गो गर्नु थियो । हामी नेपालका नेताहरूजस्तो सानो कुरालाई इज्जतको सवाल बनाउन तम्सिएनौं । पशुपतिनगर हुँदै दार्जिलिङ पसौं भन्ने वसन्तजीको एक मतमा मेरो मत सहमत भएपछि हामी पशुपतिनगरतिरबाटै उता पस्ने भयौं । बिहानको खाना खाने समय टरिसकेकाले पाँचथरे साथीको होटेलमा पसेर चिसो पेय पदार्थहरू र चाउमिन फन्डै-फन्डै अघाउँजी खायौं । त्यसै बेला बिर्तामोड-इलाम बाटो सधैं हिँडिराख्नुभएका वसन्तजीले बिर्ता-पशुपतिनगरका लागि जिप बन्दोबस्त गर्नुभएछ । मलाई चार-चार जना केटाकेटीहरूसँग कहाँ गाडी बदलिनुपर्ने होला भन्ने चिन्ता लाग्दै थियो तर सीधै जाने गाडी भएकाले त्यो चिन्ता परेन ।

हामी बिर्ताबाट हिँड्यौं । अब मेरो धुन बाटाका सकेसम्म बेसी कुरा याद गर्ने ठाउँठाउँका विशेषताहरू सम्झनेतिर बढिरह्यो । जब हँडिया बुधबारेबाट उकालो इलामतिर लागियो त्यही इलामकै आकर्षणले समेत हामीलाई मोहित पार्न थाल्यो । मेरो परिवारजनलाई त्यो नौलो यात्रा भएको थियो । इलाम र त्यस उताका ठाउँका नाम सुन्दै मन पराउने म र मेरी पत्नी रुमालाई इलाम चढ्दैको कुटीडाँडा, हर्कटे, कन्याम चिया बगान, त्यसपारिको श्रीअन्तुको दृश्य हेर्दैमा फिक्कल पुगेको पत्तै भएनछ । जब वसन्तजीले 'यो बाटोचाहिँ इलाम जान्छ' भन्नुभयो, तब मात्र पो 'ला ! कति छिटो फिक्कल आइएछ' भन्ने लाग्यो ।

फिक्कल ! यो नाम कसले कसरी राख्यो त्यो मलाई चासोको विषय त्यति भएन । मलाई फिक्कल मन पर्छ कुरा त्यत्ति हो । हजारौं त्यस्ता नामहरू छन्, तिनका पछि लाग्न पनि सम्भव भएन । कति वर्ष लागेर रहेको नामको नालीबेली मलाई बताइदिने फुर्सद पो कसलाई हुन्छ र ! मन पर्दापर्दैको फिक्कल छाडेर अघि बढ्यौं बरबोटेतिर र बरबोटे हुँदै पशुपतिनगरतिर ।

पशुपतिनगर । काठमाडौं पशुपतिनगर चल्ने दार्जिलिङ एक्सप्रेस बस देख्दै पशुपतिनगर कहिले गइन्छ होला भन्ने लाग्थ्यो मलाई । त्यही बजारमा पुग्यौं । बिर्ताबाट अढाई घण्टा जति लाग्यो क्यार । त्यो अढाई घण्टा घडी चलेको पत्तै

भएन । नयाँ ठाउँमा हिँडेको कारण त्यसो भयो र अर्को कुरा हामीसँग वसन्तजीको छोरो प्रभात थियो । उसले पनि त्यसो हुनुमा मद्दत गर्‍यो । प्रभात साँच्चै चकचके केटो छ । तर त्यस दिन उसको चकचकभन्दा पनि अङ्ग्रेजी बोलाइले हँसाएर हुरुक्कै पार्‍यो । तपाईं पनि त्यो पढ्नुभयो भने हाँस्नुहुन्छ होला । उसको अङ्ग्रेजी हेर्नोस् है त– चीAK= चाक, सीEगीAN= सिँगान, EANDA= अन्डा, VUऍC= भैँसी, KUकुER= कुकुर, GAI= गाई, मीUGGA= मोजा आदि । यस्ता थुप्रै-थुप्रै प्रभातेको अनुमाने अङ्ग्रेजी शब्दले हँसायो । हामी सबैले माया गर्‍यौँ, ऊ त फुर्केर झन् अङ्ग्रेजी छाँटचा छाँटचै गर्‍यो । प्रभाते मुलालाई मायाले 'दाखे' भन्थ्यौँ सबैले, ऊ त 'दाखे' भन्दा प्रभात भन्दा पो फुर्किन थाल्यो । हाम्रो यात्रालाई छोटो पार्नेमा प्रभातको भूमिका उल्लेखनीय मान्नुपर्छ । कुरा फेरि जोड्छु म । पशुपतिनगर जहाँ भारतले बारम्बार थिचोमिचो गर्ने गर्छ, त्यो ठाउँ हेर्ने इच्छा हुँदाहुँदै समयाभावले हेर्न सकिएन । तर केही समयअगाडि आगलागीबाट ध्वस्त बजारको अंशचाहिँ हेरियो । ध्वस्त टोल पुनर्निर्माणको क्रममा रहेछ । कति अभावग्रस्त परिवारहरू आगोका कारण ऋणमा डुबे होलान्, कतिका गरगहना र मन परेका लुगाफाटाहरू जले होलान् । तर पनि पशुपतिनगर बजार यता हाम्रो बजारहरूभन्दा राम्रो लाग्यो । राम्रो नहुनु पनि किन र ? पशुपतिनगरभन्दा टाढाको इलाम त राम्रो छ भने, दार्जिलिङनजिकको पशुपतिनगर नराम्रो हुने कुरै भएन । हामी अझै राम्रो ठाउँ र राम्रा मान्छेहरूबीच जाँदै थियौँ । हाम्रो विविध कौतूहलताबीच जब हामी चढेको मारुती भ्यान भारत प्रवेश गर्‍यो तब मात्र मेरी पत्नीलाई दार्जिलिङ हिँडेको विश्वास लागेछ । यस्तो हुनुको पछाडि नेपालको राजनीतिक उतारचढावका कारण निवर्तमान सांसदहरूलाई पनि देशबाहिर जानबाट रोकिन्छ भन्ने घाइँघुइँ हल्ला नै थियो । फुमालाई डर थियो वसन्तजी र मलाई रोकिहाल्ला कि भनेर । तर हामी बिनारोकटोक भारत प्रवेश गर्‍यौँ ।

भारतीय क्षेत्रमा प्रवेशपछि सीमा सुरक्षाकर्मीहरूले हाम्रो भ्यान जाँच गरे । जाँच गर्दा 'आप कहाँ से आए है ?' भनी सोधे । त्यसको जबाफ हामी ठूलाले दिन नपाउँदै मेरी छोरी प्रतिमाले 'काठमाडौँ से' भनी हालिन् । काठमाडौँमा रहँदा बच्चाबच्चा भेला भएको बेला व्यापक हिन्दी भाषा बोल्ने र रमाइलो गर्ने केटाकटीले साँच्चै हिन्दी बोल्ने बेलामा पनि बोल्दिहाले र रमाइलै गरे । शुद्ध हिन्दी त के हुनु नि जथाभावी बोल्थे, भारतीय सुरक्षाकर्मीहरू पनि हाँस्न थाले । त्यसो गर्दागर्दै फेरि प्रभाते मोरो लागिहाल्यो आफ्नो अङ्ग्रेजीतिर र फेरि हँसाउन थाल्यो । यसो मायाले 'ए दाखे गधा' भन्यो कि फुमालाई त छिUछिछि != छुच्ची पो रे । 'बोल्छस् ए दाखे

गुन्डा' भन्यो कि 'तँ गीUNDA= गुन्डा' पो रे मलाई त। उसको अङ्ग्रेजी र चकचक देखेर गुरुजी समेत 'यो भान्जा त खतरा रैछ पुलिस बोलाऊँ' भनेथे मात्र। प्रभाते 'चुप लाग्' भन्दै जङ्गियो।

हामीलाई पशुपतिनगर पुऱ्याउने गुरुजी धेरै राम्रा थिए। उनले त्यहाँबाट दार्जिलिङसम्म देखाइदिएको गाडीको गुरुजी पनि त्यतिकै राम्रा रहेछन्। दुवै धेरै सहयोगी थिए। हामीलाई त्यस्तो सहज र सहृदयी गुरुजीहरूका साथमा परदेश हिँड्न पाउँदा होला कुनै नयाँपन महसुस भएन। हामीले दार्जिलिङ सहर नपुगिन्जेल बाटाघाटाहरूको नाम, ठाउँहरूको नाम एक कन्चो नबिराइ सोधिरह्यौं। कति चोटि त हाम्रा प्रश्नहरू दोहोरिन्थे र म भन्थें, "गुरुजी वाक्क नमान्नोस् है, हामी त धेरैभन्दा धेरै जानकारी राख्न खोज्ने नै भयौं।" साँच्चै ती गुरुजीले हामीलाई सीमाबाट मिरिक छुट्टिने बाटो करिब तीन चोटि जति देखाए, परदेखि बाटामा पर्ने बजारहरू, जोरपोखरी छुट्टिने बाटो, कुनै पनि नछाडी चिनाउँदै, देखाउँदै दार्जिलिङ पुऱ्याए।

भारत पस्तादेखिका लेकमा साँघुरा तर सफा बाटाहरू, रूखपातहरू देख्दा मलाई मेरो आठराई जाँदा काटेर जानुपर्ने देउरालीको धूपीहरूको जङ्गलको याद आयो। उहिले ब्रिटिसको पालामा बनेका सडकहरू र पछिका रूखपात र बस्तीहरू सारै रमाइलो लाग्यो, बुभ्नुभो सारै रमाइलो। हामीले गाडीको भ्यालबाट उत्सुकताले भरिएका आँखाहरू बाहिर मात्र लगाइरह्यौं। लाग्थ्यो, हाम्रा आँखाहरू कहाँ अर्को बाटो देखिए 'यो बाटो कहाँ जाने होला' भनी सोध्न छुट्ला भनी चनाखो रहिरहे। कहाँ बजार देख्नेबित्तिकै 'यो कुन ठाउँ हो ?' भनी सोधी हाल्नुपर्छ भनेर हरदम तयार भएर बसेजस्तो लाग्थ्यो हामीलाई।

सिमाना ! आहा ! कति राम्रो नाम। सिमाना पनि ठाउँको नाम हुन्छ ? यसरी म कति खेल्न थालें थालें आफैंभित्र। सीमाहीन उत्सुकताले गर्दा कुनै सिमाना थिएन मभित्र। मैले अब त ती यात्राका अनुभवहरूलाई 'हामीहरू' भन्ने शब्दले सीमा कोर्न व्यर्थ ठान्न थालें। के हो के हो नि मेरो अनुभूति र यात्रा टोलीका अन्य सदस्यबीच अनुभूतिका सिमाना पो छन् कि ? जे होस्, दार्जिलिङ जाने भन्दैदेखि संस्मरण लेख्ने धुनमा थिएँ। त्यसैले सुकेपोखरीका हाम्रा गुरुजीलाई प्रश्न सोधी-सोधी दिक्क लगाउने मूल अभिभारा मैमा थियो कि जस्तो पनि भयो। अरूद्वारा सोधिएको प्रश्नको उत्तर ध्यान दिएर सुन्थें र बाँकी आफैं सोध्थें। तर अल्छी नमानी गुरुजीले हाम्रा प्रश्नहरूको उत्तर दिँदै-दिँदै दार्जिलिङ पुऱ्याए।

यसरी २५ गते करिब ५ बजेतिर हामी हाम्रो गन्तव्य दार्जिलिङ सहरमा पुग्यौं। उनै गाडीका गुरुजीबाट हामी होटेल 'युमा' मा बस्न पुग्यौं। 'युमा' को अर्थ

'बोजु' हुन्छ लिम्बू भाषामा । त्यस शब्दले हामीलाई तान्यो । नयाँ ठाउँमा लिम्बू भेटियो भने बढी सहयोग मिल्ला कि कतै भन्ने आशाले पनि हामी त्यही होटेलमा बस्न पुग्यौं । केहीबेर थकित शरीरलाई ताजा बनाउनका लागि नुहाइधुवाइमा लाग्यौं र ६ बजेतिर होला दार्जिलिङको नामी चोक चौरस्ता घुम्न लाग्यौं । म पहिले पनि एक चोटि त्यहाँ पुगिसकेको भए पनि मौसमको कारण राम्ररी डुलेको थिइनँ । त्यस कारण म नयाँ पर्यटकसरह नै थिएँ ।

हामी बसेको लाडेन्ला रोडस्थित होटेल 'युमा' बाट चौरस्ता चोकतिर जाँदा देब्रे जनरल पोस्टअफिस, दाहिने स्टेट बैङ्क अफ इन्डिया, देब्रे एएनजी बैङ्क र दाहिने क्यापिटल क्लक टावरलाई छाड्दै जानुपर्छ । हामी त्यसरी नै चौरस्तानजिक पुग्यौं । त्यहाँ बसेको फुटपाथे बजारहरू देखेपछि रुमा र भूमिका त छक्कै परेछन् । उनीहरूको मन बाँधिएनछ र प्वाक्क भनिहाले 'हैन ! के सारो हाम्रै काठमाडौंको हङकङ बजार जस्तै हो ?' म पनि ठीक त्यसै सोचिरहेको थिएँ । पसलको साजसजावट ठ्याक्कै यताका पसलेले उता गएर मिलाइदिएको जस्तो अथवा उताका पसले यता काठमाडौं आएर यताको पसल मिलाइदिएको जस्तो देखिन्थ्यो । झन् सामानको मोलतोल गर्ने तरिकाले त भृकुटीमण्डपको झलझली सम्झना गरायो । ठ्याक्कै नि ! यौटा पसलमा दाम नमिलेपछि पर गइन्जेलसम्म त्यस पसलेले बोलाइरहने यहाँको चलन कहीं नजा । बजार भारत जस्तो पनि लाग्दैन, सबै थोक उस्तै छन् । तर हामीले यौटा भिन्नता देख्यौं है । पसलमा बसिरहनेहरू बुनतुन गर्दै बसेका हुन्थे र तयार भएपछि त्यो सामान त्यहीं राखिएका देखिन्थे । नेपाली मूलका भारतीयहरूको त्यो ठाउँमा तराईका भारतीय आन्तरिक पर्यटकहरूको चाहिँ राम्रै सङ्ख्या देखियो ।

चौरस्ता चोक बजार पुगियो । वाह ! चौरस्ता बजार ! दार्जिलिङ सहरको मुटु । ठूलो आँगन भन्ने कि, सडक भन्ने कि, टुँडिखेल भन्ने कि, चोक भन्ने ? के नाम उपयुक्त हुन्छ अहिलेसम्म पनि यसै भन्न सक्दिनँ म । त्यहाँ डुलेर आएपछि मैले आफूलाई नामको विवादमा फसाउन चाहिनँ । मलाई त्यहाँ मान्छेको भीड देखेपछि बजार भन्न मन लाग्यो । मलाई सबैभन्दा बजार भन्नु नै सजिलो लाग्दै छ । त्यस बजारको पल्लो छेउमा पार्कको अगाडि भानुभक्त आचार्य उभिएर सारा बजारैलाई हेरिरहेका थिए । त्यहाँका नेपालीहरूको भानुप्रतिको न्यानो र प्यारो माया र व्यवहार देखेर म त्यसैत्यसै पुक्किएँ र 'म त भानुकै मुलुकको मान्छे पो हुँ त भानुलाई माया गर्नेले मलाई पनि त माया गर्छन् नि' भनी नभाको जीउमा भुक्किएँ पनि । नेपालमै छु भन्ने परेछ, त्यस क्षण त नेपाललाई नै भुलेछु । दुलहीझैं सिँगारिएको चौरस्ता बजारलाई देखेर त म भुसुक्कै हराएछु । मैले आफैंलाई खोज्ने

सुद्दी नै हराएछु । बच्चाहरू ठूलाठूला गोलो बेलुन पुक्कपुक्क माथितिर उफार्दै खेलिरहेका थिए । मलाई थामिसक्नुभएन, उनीहरूसँग नखेली हुँदै भएन र उफ्रीउफ्री उनीहरूको बेलुनलाई माथिमाथि हान्न थालें । मैले त आफू चवालीसवर्षे बूढो निवर्तमान सांसद हुँ भन्ने त कति बेला बिर्सिसकेछु । कुमाले पो 'हन ! के गर्नुभएको त्यसो गर्नु सुहाउँछ ?' भनिन् । उनी पो विजय सुब्बा भएकी रे । तर म कहाँ टेर्थें र निकै चोटि खेलें बच्चाहरूको बेलुन । बजारको वल्लो छेउ र पल्लो छेउ रमाइलो मानीमानी हिँडचौं । भानुको देब्रेपट्टि यताकै जस्तो चटपटे, चना, केराउ, बदामहरू बेच्न बसेका थिए नेपालकै मान्छे जसरी उही तराईका साथीहरू । हाम्रो आठ जनाको टोलीलाई त्यो सब देखिसकेपछि कसको तागत र खानबाट रोक्न । लागे पसलेछेउ र धमाधम अर्डर गर्न थाले पो । आफ्नो लागि भनिसकेपछि मात्र पो मलाई र वसन्तजीलाई खानुहुन्छ ? भनी सोध्छन् है कुमा र भूमिका त । हामी पनि के कम र । सधैं त्यसरी बजारमा खान त्यति मन नगर्ने मान्छे म, बजारको हाउभाउले के गरूँ के गरूँ भएँ र चटपटे खान तम्सें । 'कस्तो हुँदो रहेछ हगि उल्लासमय वातावरणले छोयो भने' यस्तैं सोच्दै बजारमा आँखा डुलाइरहेको थिएँ । त्यस्तैत्यस्तैमा मैले जान्दै नजानेको चीज पानीपुरी जिन्दगीमा पहिलो चोटि त्यहीं खाएँ । त्यसको स्वाद कस्तो हुन्छ त्यहीं मात्र थाहा पाएँ । पानीपुरी र चौरस्ता बजारलाई जोड्न मैले त्यो खाएको थिइनँ । तर जोडियो । अब त पानीपुरी चौरस्ता बजारको याद गराउने चीज पो भइदियो ।

चौरस्ता जानुअघि हामीलाई दार्जिलिङ पुऱ्याउने गुरुजीले 'अबेरसम्म नबस्नोस् है फटाहाहरू पनि भेटिन सक्छन्' भनेका थिए । मचाहिँ त्यो पनि बेलाबेला विचार गर्दै थिएँ । तर त्यहाँ पुगेपछि सारा कुरा गोलमाल भइहालेछ । खूब विचार गर्दो भाको रे म चटपट र पानीपुरीमै अलमलिएछु । कुमाले पो चटपटे र पानीपुरी खाइरहेकै बेला तीन-चार जना केटाहरूलाई पुलिसले धपाएको देखिछन् । हुन पनि यताबाट जाने हामीलाई कस्ता फटाहा हुन्, कस्ता मात्र सज्जन हुन्छन् भन्ने के थाहा र । हामी त राम्रा, सफा, चिटिक्क र सभ्य अनुहार मात्र देख्थ्यौं । 'भदौमा आँखा फुटेको गोरुले सधैं हरियो मात्र देख्छ' भन्ने उखानजस्तो नेपालमा राम्रा दार्जिलिङेहरू देखेका हामीहरूले सबैलाई राम्रै मात्र देखिरहेका थियौं । चौरस्ता घुमिसकेर अलि तलतिर रहेको रेस्टुराँमा नेपाली खाना खायौं र होटेल फर्कियौं विश्रामका लागि । हाम्रा दार्जिलिङ यात्राको प्रथम दिन यसै गरी सकियो ।

२०५९ असोज २६ गते फूलपातीको दिन । हाम्रो यात्राको महत्त्वपूर्ण दिन थियो त्यो । अघिल्लो दिन बेलुकै बन्दोबस्त गरिएको दार्जिलिङ यातायात संस्थानको

टाटा स्पासियो जिपमा चढेर बिहानै ४ बजे सूर्योदय हेर्ने ठाउँ टाइगर हिलतर्फ लाग्यौँ । संयोग नै भन्नुपर्‍यो, फेरि त्यस दिनको गुरुजी पनि त्यत्तिकै रमाइलो र अनुभवी परेछन् । होटेलबाट हिँड्दा सडक सुनसान थियो । साँघुरो सडक भए पनि हाम्रो गाडी राम्रै गतिमा दौडिरहेको थियो । अरू समयमा दमको बिरामीजस्तै हिँड्नुपरेको त्यो जिप त्यस समयमा अझै धक फुकाएर कुद्न पाइरहेको थिएन । अँ, सडक सुनसान थियो । बेलाबेला सुईंय्यसुईंय्य गाडी कुद्थे, हामी जाँदै गरेको दिशातिर । त्यति बिहानै सडकको ठाउँठाउँमा, सुनसान वातावरणमा फाटफुट गाडी हिँडेजस्तै गरी हाम्रो गाडीलाई रोक्ने सङ्केत गर्दै राम्राराम्रा केटीहरू उभिएका भेटिन्थे । म त झस्कैँ पनि । त्यस्तो बेला र वातावरणमा त किचकन्नी पो भेटिन्छन् रे, त्यही पो हो कि भनेर । तर फुट्ट सोचेँ सिलिगुडी जाने गाडी भनेर रोक्या होलान् । अहँ, न मेरो अघिल्लो अनुमान ठीक भयो न त पछिल्लो नै । हाम्रा गुरुजीलाई सोध्या' त 'यिनीहरू सबै कफी बेच्न जान लागेका हुन्' भने । त्यति भनेपछि पनि म अझै स्पष्ट भइनँ, कसरी हुने र ? टाइगर हिलको चलन थाहा नभएपछि । तर पनि गुरुजीलाई दिक्दार पार्न फेरि सोधिनँ, चुपै लागेर हिँडेँ । हाम्रो गाडी टाइगर हिलको मूल गेटमा प्रवेशटिकट लिनेहरूको गाडीको भीडमा मिसियो । वसन्तजी र म टिकट लिन ओर्लंदा त अझै धेरै दिदीबहिनीहरू एउटा थर्मस र प्लास्टिकको Disposable गिलासको खात बोकेर 'कफी खाऊँ है दाजुहरू' भन्दै उकालो सूर्योदय हेर्ने ठाउँतिर लाग्दै थिए । त्यो देखेपछि पो थाहा भो, अघिका गाडी रोक्न खोज्नेहरू त टाइगर हिलमा पर्यटकहरूलाई कफी बेच्न आउनेहरू रहेछन् । छानिइछानिइ राम्राराम्राहरू, ठीकैको भए पनि सफासुग्घर, बोलीवचनले अत्यन्त सुन्दर लाग्ने ती कफी बेच्नेहरूले त्यसरी एक थर्मस कफी बेचेको देखेर वसन्तजी त नबोली बस्नै सक्नुभएन । आश्चर्यले एकोहोरो सबै गतिविधि हेरिरहेको मलाई झस्काउँदै भन्नुभो, "हेर्नोस् त विजयजी, यत्ति राम्राराम्राहरूले नेपालमा त कामै छुनु हुन्न जैं गर्छन्, यहाँ त कस्तो हगि ? राम्राहरूले मात्र यो काम गर्नुपर्छ भनेजस्तो ।" रुमा र भूमिका पनि आश्चर्य मान्दै तिनीहरूलाई क्वारक्वारती हेर्न थाले । म भने उनीहरूको श्रमप्रतिको सम्मान, लगावबाट मुग्ध भएर रुमा र भूमिकालाई बारम्बार सुनाउन थालेँ, "हेर हामीले यिनीहरूबाट सिक्ने भनेको उनीहरूको जीवनशैली हो, श्रमप्रतिको आस्था हो । नत्र त्यति एक थर्मस कफी बोकेर दुनियाँको अगाडि मीठो कफीभन्दा मीठो भएर बेच्दा कति नै नाफा हुन्छ होला हेर त । विघ्न भए ५०–६० रुपियाँ त बस्छ होला नि ।"

हामी सूर्योदय हेर्ने ठाउँमा पुग्यौं । बाफरे ! पर्यटकहरू त अघि नै कत्रो हूलै

पुगिसकेछन् । बल्ल बुझें किन चार बजे नै टाइगर हिलतिर कुद्नुपर्छ भन्ने । ओहो ! उभिने ठाउँसम्म रोकेर बस्नुपर्ने भइसकेछ । त्यस्तो भीडमा कफी बेच्नेहरू त सयौंको सङ्ख्यामा पो रहेछन् । उनीहरूको कफी खाइदिने आकर्षक अनुरोधका वाणी सुन्दासुन्दै तीन-तीनपल्ट थप्दै कफी खान चुकेनौं बसन्तजी र मचाहिं । उनीहरूको त्यो बोलीवचन सुन्दा पुतलीसडकमा सानी बच्चीले 'अङ्कल, पत्रिका किनिदिनोस् न' भनेर मसँग जिद्दी गरेको अचानक याद आयो । त्यस दिन त्यो बच्चीले अङ्कल भनेकाले कतै चिनेको पो हो कि भनेर राम्रो हेरें र हाँस्दै एउटा पत्रिका किनेको थिएँ । त्यस्तै उपत्यकाबाट निस्कने बेला नागढुङ्गामा सानीसानी कपाल राम्रो नकोरेका बच्चीहरूले भुटेका मकैका फुलका प्याकेटहरू पोलेका मकैका घोगाहरू लिएर बसमा 'अङ्कल, मेरो चाहिं किनिदिनोस् न' भन्दै कर गरेको झलझली सम्झिएँ । त्यो 'किनिदिनोस् न' र 'कफी खानोस् न' भन्ने आग्रहमा जीवन गुजाराको सवाल गाँसिएको हुन्थ्यो । दार्जिलिङ सहरको चेपचापमा अड्याइएका सानासाना काठका घरबाट निस्केका दिदीबहिनीहरू, मसिना पक्की घरबाट चिटिक्क परेर आएका सामान्य आर्थिक अवस्था भएका कफीव्यापारीहरूका हातबाट सके र रुचे त थर्मसका थर्मसै कफी खाइदिऊँ जस्तो लाग्थ्यो । 'आज त छिट्टै कफी बेचिसकें बुझिस्' भनेर आफ्ना साथीहरूसँग गफ गर्ने मौका मिलाइदिने मन हुन्थ्यो । तर त्यसो पनि गर्न सकिएन । हामी सबै उनीहरूको दिनहुँको त्यो यौटा काम देखेर गम्भीर बन्थ्यौं । उनीहरूको त्यो जाँगरलाई मनमनै र हामीबीचको छलफलमा सहस्र प्रशंसा गर्थ्यौं । उनीहरूका बारेमा अति प्रशंसा र चर्चा सुनेर झुमा र भूमिका त 'लानू नि त है यौटायौटा कफी बेच्नेलाई' भनेर हामीलाई जिस्काउनसमेत थाले पो । मलाई त सूर्योदयको दृश्यभन्दा यिनै कुरा कहाँ हो कहाँ आनन्दमयी र प्रेरणामयी लागेर आयो ।

सूर्योदय भयो । हुनुअगाडि सूर्यको किरणद्वारा रङ्गीन बादलका सुनौला थुँगाहरू, हिमालका पहेंलपुर थुम्काहरू, तुवाँलोमाथि तेर्सेतेर्सो कुदेका छिर्काछिर्का घामका रेसाहरू देखेर पर्यटकहरू 'सूर्य उः त्यहाँबाट उदाउँछ है' भन्दै अड्कल गर्दै थिए । अर्कोतिर म पनि त्यही सोच्दै थिएँ । मैले पहिले पोखराको सराङकोटबाट सूर्योदय हेर्दा झुक्किएको जस्तो यसपालि त झुक्किन्नँ, ढुक्कले पूर्वतिर एकोहोरो हेरिरहेको थिएँ । ला ला ! फेरि पनि म झुक्किएँ, बुझ्नुभो ? सूर्य त झुमाले भनेजस्तो रातो कमलो खास्टो ओढेर अर्कैतिर पो डाँडामाथि टुप्लुक्क देखिन पुग्यो । मेरो अनुमान मिलेन र म फेरि झुक्किएँ । आहा ! तर फेरि झुक्किनुको आनन्दै कस्तो । मान्छेहरू यत्तिकै लागि त यहाँसम्म समय र धन खर्च गरीगरी आउँदा रहेछन् ।

धन्य ! त्यो आकस्मिकतालाई, जसले मलाई अनायासै खुसीले ताली पिट्नेहरूको भीडमा धकेल्यो र ताली पिटायो ।

टाइगर हिलको नाम लिन्थे नेपालमा आउने दार्जिलिङेहरू र दार्जिलिङ घुमेर फिर्ने नेपालीहरू । म त्यो सुन्दा 'के चैं छ र त्यहाँ' भन्ने सोच्थें । तर त्यहाँ अरू सबै चीज छैन भने पनि यौटा पहारिलो जीवन छ कफी बेच्ने दिदीबहिनीहरूको जसले मान्छेलाई बाँच्ने सहारा दिन्छ, यौटा नम्र लोग्नेमान्छे छ पोस्टकार्ड बेची हिँड्ने दाजुभाइहरूको जसले मान्छेलाई लोग्नेमान्छे हुने आधार दिन्छ । सूर्योदय त यौटा निहुँ मात्र हो टाइगर हिलबाट सिक्न, टाइगर हिल पुग्नका लागि ।

हामी टाइगर हिलमा केही फोटो खिचेर फर्कन थाल्यौं । अब हामी घुमस्थित यिगा छोलिङ गुम्बातर्फ जाँदै थियौं । बाटोमा तिनै कफी बेच्नेहरू 'बडा ! हामीलाई पनि लानोस् न' भन्दै हामीलाई लिफ्ट माग्थे । अरे ! कति मीठो परिचित स्वाद 'बडा' भन्ने शब्दको । कम्तीमा 'अङ्कल' र बढीमा 'बडे पापा' सुन्नुपर्ने ठाउँमा मेरो चेत आएदेखिको प्यारो 'बडा' शब्दले त्यतिकै बेरेर लग्यो फुमा र मलाई । त्यो बिहानको जाडोजाडो बेलामा 'बडा' ले हामी न्यानो भयौं । हामी अघि बढ्दै थियौं । हाम्रा केटाकेटीहरू गलल्ल हाँस्न थाले । उनीहरूले हाम्रो अगाडिको जिपको पछिल्तिर बाहिरपट्टि नटबोल्टले कसेर राखिएको जगेडा चक्कामाथि उभिएर जीउलाई सिसा र ढोकामा टँसाएर मजाले जाँदै गरेकी यौटी बहिनीलाई देखेछन् । मैले सोचें त्यो त दुनियाँको अगाडि कफीमा गुलियो वचन र रूपौला आकर्षण घोलेर बेच्नुभन्दा कति स्वाभिमानी काम हो नि ! टाइगर हिल पुगेपछि म त उपदेशक बनिसकेकै थिएँ, भाषण दिइहालें– "यो सबै कामप्रतिको लगाव हो, जीवनप्रतिको मोह हो नानीहो ।"

हामी गुम्बा पुग्यौं । त्यसको भव्यता र प्रसिद्धिलाई आत्मसात् गर्दै बतासे लुपतिर हान्नियौं । बतासे लुप र त्यहाँको बगैंचा रमणीय जति छ त्योभन्दा रमणीयता लुपबाट कम्मर मर्काउँदै बगैंचा प्रवेश गर्ने रेलमा चढेर महसुस गर्न पाइन्छ । त्यसैले होला त्यहाँ सानोसानो बोर्डमा लेखिएको छ 'Enjoy Beauty of Batase Loop' ।

Batase Loop को अवलोकनपछि हामी दार्जिलिङको अब फैलन नसक्ने साँघुरो बाटो हुँदै Japanese Temple र Peace Pagoda हेर्न पुग्यौं । जापानका Fuji गुरुजीद्वारा स्थापित त्यो मन्दिर र Peace Pagoda हेर्न जाँदा बाटामा भेटिने धूपीसल्लाका रूखहरू, आली भित्ताहरू, ओरालोउकालो गर्ने गोरेटाहरू, ओहोरदोहोर गरिरहेका मान्छेहरू देख्दा प्रकाश 'कोविद' को उपन्यासमा वर्णित स्थान र पात्रहरू

यिनै हुन् कि जस्ता लाग्दथे हामीलाई । त्यहाँ जाने बाटाहरू सफा थिए, मन्दिर र पगोडास्थल सफा थिए तर तीभन्दा वरपरको शान्त वातावरण र सलक्कसलक्क परेका नाङ्गानाङ्गा राता गोरा मान्छेहरू भिरालोमा उभिएजस्तै देखिने धूपीसल्लाका बोटहरूले कताकता बौद्धिक शान्ति दिन्थ्यो, शीतलता ओढाउँथ्यो ।

हामीलाई त्यहाँ धेरैबेर लागेन, फर्कन थाल्यौं । फर्कंदा भने हाम्रो गाडी जाममा पऱ्यो । एकैछिनमा पुगिने बाटोको सट्टा करिब तीन कि. मि. घुमेर मात्र बजार पस्न पाइयो । अरूलाई के लाग्यो कुन्नि मलाई चाहिँ आनन्द लाग्यो । हिँड्न नपर्ने सडक पनि हिँड्न पाइयो, ब्रिटिसकालीन पानीट्याङ्कीहरूका अवशेषहरू देख्न पाइयो, त्यस बेला गोर्खा सैनिक राखिने, छानिने ठाउँ घुम पहाडको क्याम्प देख्न पाइयो । ती पुराना कुराहरू नै पनि अलिकति आकर्षणका विषय लागे मलाई । यो सहर कुनै बेला ब्रिटिसको हातमा थियो भन्ने जानकारी दिने ऐतिहासिक दस्तावेजहरू पनि हुन् आज ती पुराना कुराहरू । गाडी जाम भइदिएर यति फाइदा भएको थियो मलाई । र त्यो जामको कारण फूलपातीको दिन थियो । कुन्ताको साँघुरो सडक, गाडीको घुइँचोमा फूलपाती बढाइँ मान्ने चैं यहाँभन्दा अजङै फराकिलो मन र भावना रैछ अनि कता सडक खाली हुनु र हाम्रो गाडी सरासर गुड्न पाउनु नि ! बिहानैदेखि स्थानीय टुँडिखेलमा बढाइँका लागि बजारभरि निम्ता सूचना गरिँदो रहेछ । त्यसमा हिन्दू नेपाली मूलकाहरू बडा धूमधामका साथ बजारपरिक्रमा गर्दा रहेछन् त्यसैले गाडी जाममा परेको रहेछ ।

फर्कंदाफर्कंदै बाटोमा पर्ने लालकोठी हेर्ने काम सिद्धियो । हाम्रा गुरुजीका अनुसार पहिलेका राजा बस्ने त्यो कोठीमा अहिले दार्जिलिङ गोर्खा पार्वत्य परिषद्को कार्यालय राखिएको रहेछ । त्यसलाई बाहिरबाटै मात्र हेर्न पाइने भएकाले त्यसै गर्दै हामी अब चिया बगानैबगान, ओरालैओरालो गङ्गामाया पार्क र रक गार्डेन (Rock Garden) तर्फ लाग्यौं । जब मूल सडक छाडेर हाम्रो गाडी ओरालो लाग्यो म आश्चर्यचकित बन्न थालें । सुरुसुरुमा त बस्ती नै थियो, साँघुरो र ओरालो सडक भए पनि बस्तीले आँखा तान्दै थियो । तर जब बस्ती सकियो र बाटो मात्र अगाडि हेर्न थालियो तब पो डर लाग्न थाल्यो । साँघुरो सडक (जिप मात्र ओहोरदोहोर गर्न सक्ने त्यो पनि सबै ठाउँमा हैन) ले छक्कै पाऱ्यो । कथङ्कदाचित् गाडीको ब्रेक फेल भयो भने त्यो गाडी तल रक गार्डेनसम्म आफैं पुग्थ्यो । गङ्गामाया पार्क र रक गार्डेन त के त्योभन्दा मलाई त त्यहाँ जाने सडक नै गजब लाग्यो । तराईका भारतीय पर्यटकहरू त मूल बाटोबाट फर्दाफर्दै 'भैगो बरु गाडीको भाडा पूरै तिर्छौं, गाडी फर्काऊँ' भनेर फर्कन्थे रे । वास्तवमा त्यो डरलाग्दो

आरालो/उकालो विचारकै लागि एक चोटि हेर्नै पर्छ त्यहाँ जाँदा । त्यो बाटोभरि वसन्तजीसँग भन्थें– "कसैले यो बाटोमा एक चोटि मात्र जिप हाँकेर ओहोरदोहोर गर अनि जिप लैजा भन्यो भने पनि मलाई त जिप चाहिएन ।" त्यो बाटो त्यति डरलाग्दो लाग्यो मलाई ।

गङ्गामाया पार्क र त्यहाँको पोखरी । सानो खोला भनौं या खोल्सीको (त्यसको नाम हाम्रा गुरुजीलाई पनि थाहा भएनछ भन्न सकेनन्) शिरदेखि पुछारसम्म नाप्दा करिब एक किलोमिटरजति लामो त्यो फूलैफूलको बगैंचा रहेछ गङ्गामाया पार्क । फूलका विविध जातहरू, जताततै आवश्यकतानुसार बनाइएका बेन्चहरू, बीचबीचमा माछापोखरी र चियापसलहरू, ढुङ्गा र रूखहरूलाई प्रायः छुवाइएका ढुङ्गा छापिएका धेरै गोरेटाहरू, खोल्साको ठाउँठाउँमा आकर्षक पुलहरू, खोल्सा बाँधेर बनाइएको डुङ्गा खेल्ने सानो पोखरी आदि त्यसका मुख्य आकर्षणहरू रहेछन् । तर मलाई ती सबै कुराले त्यति छोएनन् जति त्यो पार्कको नामकरणले छोएको थियो । गोर्खाल्यान्डको आन्दोलनमा कालिम्पोङमा सहिद हुनुभएकी गङ्गामाया लिम्बूको स्मृतिमा सो पार्क बनाइएको रहेछ दार्जिलिङ गोर्खा पार्वत्य परिषद्द्वारा । मलाई त त्यही नै काफी भएको थियो । गोर्खाल्यान्डको आन्दोलन दार्जिलिङका गोर्खालीहरूको सशक्त आन्दोलन थियो । त्यसका सांस्कृतिक कर्मीहरूद्वारा बनाइएका आन्दोलनका गीतहरू हामी नेपालमा बसेर कण्ठैकण्ठै गाउँथ्यौं । त्यति प्रभावकारी गीतका गह्रुङ्गा शब्दहरू, त्यति मिठासले भरिएका सरसर वजनदार सङ्गीतहरू र त्यसमा भरिएका जीवन्त, मार्मिक र विश्वस्त स्वरहरू सुन्दा हामीसमेत गोर्खाल्यान्डको आन्दोलनमा खुकुरी बोकेर जाऔंजाऔं हुन्थ्यौं । हो, त्यही आन्दोलनका सहिदलाई दागोपापले सदा सम्झना गर्ने प्रण गरेछ । त्यही नै त्यो पार्कको अद्वितीय सुन्दरता थियो । म गङ्गामायाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै टोलीसँग रक गार्डेनतर्फ लागें ।

ढुङ्गे बगैंचा अँ, यौटा कुराचाहिँ के हो भने त्यो बगैंचा हामी पहाडमा बस्नेका लागि त्यस्तो आकर्षक नलाग्न सक्छ । त्यस्ता ठाउँहरू नेपालमा कति छन् कति । नामै राख्ने हो भने रक गार्डेन मात्र होइन Rock Country नै राखे पनि हुने गरी चट्टान वा ढुङ्गाहरू पाइन्छन् नेपालमा । तर त्यस ठाउँमा त्यतिका ढुङ्गाहरू एकै ठाउँमा भएको र खोल्साका सानातिना झराइहरू रहेको चीजै हो । चीज मानेको स्वाभाविकै हो । तर त्यस बगैंचाका सजावट र व्यवस्थापन भने सराहनीय छ । ठाउँठाउँमा किरातीहरूको झाँक्रीको मूर्ति, नाकमा फुली र मजेत्रोले टाउको बाँधेर जाँतो पिन्दै गरेकी किराती दिदीको मूर्ति, खरायो र बाँदरजस्ता अनुहारका फोहोर

फाल्ने भाँडाहरू, आवश्यकतानुसार राखिएका बेन्चहरू, रङ्गीबिरङ्गी फूलहरू आदि नै बगैंचाका आकर्षणहरू रहेछन् । जे होस्, हामीलाई त्यो बगैंचा भने मन नपरेको हुन सक्छ, तर लाखौंलाख पर्यटकहरूलाई भने हामीलाई मन नपरेको भन्दा धेरै मन परेको हुन सक्छ ।

ढुङ्गे बगैंचा घुमिसकेर हामी खाना खानलाई पुनः सहर फर्कियौं । चिडियाखानाअगाडिको सानो होटेलमा पस्यौं र दार्जिलिङ हैन नेपालकै हावा लागेको सानो होटेलमा जैं भातमासु थपीथपी खायौं । 'हातमुख चुठ्ने ठाउँ त नेपालकै जस्तो रहेछ' भूमिकाले मैले बोल्नुभन्दा अगाडि प्वाक्कै बोलिहालिन् । नेपालको बसयात्राहरूले सधैं बेहोरिआएको खाना खाने ठाउँहरू जस्तै फोहोर फोहोर, केही अव्यवस्थित एउटा सानो होटेल थियो त्यो, तर खानाचाहिँ स्वादिलो थियो है । बाहिर निस्केपछि वसन्तजी 'मजाले खाइयो हौ' भन्दै हुनुहुन्थ्यो ।

खाना खाइसकेपछि उकालो चिडियाखानातिर लाग्यौं । प्रवेश टिकट चिडियाखाना र हिमालयन माउन्टेनियरिङ इन्स्टिचुट (HMI) दुवै हेर्नका लागि एकैचोटि दिइँदो रहेछ । हामीले पहिले बाटैमा पर्ने चिडियाखाना हेर्‍यौं । त्यस चिडियाखानाको विशेषता भनेकै जनावरहरू जेजे छन्, तिनीहरूलाई त्यहीत्यही खालको प्राकृतिक आश्रय दिइनु नै रहेछ । हामीलाई अरूले भन्दा साइबेरियन बाघ र चिनियाँ रातो पान्डाले मात्र मन जित्यो । बाघलाई देखेपछि त वसन्तजीको बोली फुटिहाल्यो 'विजयजी ! यत्रो बाघलाई जङ्गलमा एक्लै भेटियो भने त भ्वाक्कै ढलिन्छ होला हगि ? साँच्चै भन्या' मैले पनि त्यति ठूलो बाघ त्यति नजिकबाट कहिल्यै देखेकै थिइनँ । अनि चिनियाँ रातो पान्डाबारेमा लेखिनँ भने त रुमा र छोरीहरूले मार्छन् मलाई किचकिच गरेर । साहित्यमा रुचि राख्ने मेरा केटाकेटीहरूले चित्त दुखाउँछन् र 'खै त तपाईंले पान्डाका बारेमा लेख्नुभएको ?' रुमाको प्रश्न यस्तो हुन्थ्यो भने, 'बाबा खै त रातो पान्डाको विषयमा केही छैन त, छ्या ! यस्तो संस्मरण त' प्रतिभा र गरिमाको प्रतिक्रिया यस्तो हुन्थ्यो । त्यसैले पनि पान्डाको सानो पना, कुचुरकुचुर बाँसको पात खाँदै गरेको दृश्य, चिल्लो र पुक्लुक्क परेको जीउलाई मैले थोरै शब्द खर्चनै पर्दथ्यो । यो संस्मरण राम्रो पार्नलाई त्यो पान्डालाई देखेर मलाई भन्नै आएन, मलाई पान्डा किन मन पर्‍यो भनेर । त्यसैले फेरि दोहोर्‍याएर फोटो खिच्न लाग्दा रुमाले नरोकेको भए त्यही फुच्चे प्यारो पान्डाकै दुइटा फोटो हुन्थ्यो । बिघ्न भए अर्को तरिकाले बसेको त खिच्थें होला नि । त्यसै सानो देख्नेबित्तिकै मान्छेलाई किन मन पर्‍या' होला । ती दुई जनावरले बाहेक अरूले हामीलाई आकर्षित गरेनन् । त्यसपछि हामी HMI नहेरी रोपवेतिर लाग्यौं ।

रोपवे स्टेसन। रात पर्न केही समय बाँकी नै थियो। तर पानी पर्ने बेला चैं भइसकेको थियो। बादलले घाम छेकिसकेको थियो, अँध्यारो भयो पानी पर्लापर्ला जैं। त्यसपछि रोपवे हाम्रो लागि नयाँ कुरा पनि भएन। वसन्तजीको छोरा प्रभात त निकै जिद्दी गर्दै थियो तर त्यो बजियालाई कसले महत्त्व दिने र पाए त एक पाथी चकलेट खान तम्सने केटाकेटीलाई वास्तै गरेनौं। हामी गाडी पार्क गरेको ठाउँ सेन्ट जोसेफ कलेजको पुरानो भवनअगाडि फर्कियौं। मलाई रोपवेको आकर्षणको सोधभर्ना त्यही कलेजले गरेजस्तो लाग्यो। म राजा वीरेन्द्रलाई सम्झिरहेको थिएँ। राजा वीरेन्द्र तत्कालीन युवराजको रूपमा यही कलेजमा पढ्थे भन्ने सुनेको थिएँ। हो त्यही कलेजअगाडि उभिएर मैले कल्पना गरें– हाम्रा युवराज यही बेलायती शैलीको कलेजअगाडिको प्राङ्गणमा ओहोरदोहोर गर्थे होलान्, आफ्ना साथीहरूसँग आँगनको कहिले यो कुना कहिले त्यो कुना गर्थे होलान्। उनी कलाकार पनि थिए– त्यसैले कलेज आसपासको शान्त मनोरम वातावरणले उनलाई छोएको बेला उनी अलि बढी भावुक बन्थे होलान्। उनले साथीभाइहरूले 'के हो युवराज निकै भावुक छौ नि आज' भनी जिस्काउँथे पनि होलान्। अर्कोतिर कुमा पनि यस्तै-यस्तै सम्झँदै सोच्दै नमीठो मान्दै त्यो कलेजको सम्झनाका लागि फोटो खिच्न कर गर्न लागिन्। मैले पालेलाई सोधें अनुमति छ छैन भनेर, अनुमति छैन भनेपछि कुमाको मुखमा बुजो लाग्यो, म पनि चुप लागें। राजा वीरेन्द्रको वंशहत्याले नेपाली जनतामा उनीप्रतिको सहानुभूति झन् बढाएको थियो। कुनै पनि परिवारको त्यस प्रकारको हत्या कसैलाई सजिलै पच्दैन। त्यसमाथि त्यत्रो सुरक्षाबीच पत्याउनै नसकिने ढङ्गले राजपरिवारकै नाशले कसको मन छोएन र! कुमालाई यही यस्तै कुराले निकै छोएकाले त्यो कलेजप्रति भावनात्मक आकर्षण बढेको रहेछ।

हामी त्यहाँबाट तेन्जिङ ढुङ्गा हेर्दै ब्लुमफिल्ड र फुवछिरिङ चियाबगानको सिरानैसिरान तल लेबोङ हेर्न गयौं। चियाकमानको सिरानमा पुग्दै मात्र थियौं, त्यहाँ भएका चियापसलहरूबाट उही टाइगर हिलमा कफी बेच्ने दिदीबहिनीहरूजस्तै 'चिया खान आउनोस् दाजुहरू' भन्दै आवाज आउन थाल्यो। हामी त त्यस्तो चलनमा नपरेकाले हो न हो ठानेर गाडीको अघिल्लो सिटमा मै थिएँ इसाराले 'फर्किएर आउँदा' भनेर उत्तर दिएँ। पानी मज्जाले पर्न थालेको थियो गाडीभित्रबाट इसारामै मात्र कुरा गर्न सकिन्थ्यो, झ्याल खोलेमा भिजिहालिन्थ्यो। मुग्लिनमा खाना खान होटेलका चेलीहरूले कर गर्दै बोलाएजस्तै गर्दा रहेछन्– यस्तै सोच्दै हामी लेबोङ रेस कोर्समा पुग्यौं। आजभोलि रेस खेल्ने चलन बन्द भएको कारण त्यहाँ

सैनिक राख्न थालिएछ । तैपनि पानी पर्दापर्दै भए पनि म र वसन्तजीचाहिँ कुद्दै गएर एकछिन ओतमा उभिँदै मैदान र रेसका दर्शक बस्ने ठाउँहरू टाढैबाट हेर्न थाल्यौं । त्यही बेला हाम्रो ताल देखेर सैनिकहरूले सोध्न थाले । हामीले 'मैदान हेर्न आएका' भन्यौं । उनीहरूले 'आजकल Race बन्द भयो, सेना बस्छ यहाँ' भने । हामी फर्किहाल्यौं पनि ।

त्यहाँबाट फर्कंदा केही माथि रहेको सानो बजारमुनिको विशाल दार्जिलिङ गोर्खा रङ्गशाला (Darjeeling Gurkha Stadium) हेर्‍यौं । विशेष गरी गोर्खाल्यान्डको आन्दोलनअघिसम्म नेपालबाट पनि फुटबल टिम खेल्न जाने त्यो भव्य रङ्गशाला निकै आकर्षक रहेछ ।

हामी फेरि उकालो लाग्यौं सहरतिर । त्यहाँबाट उकालो लाग्नेबित्तिकै भेटिने सानो बस्तीले मलाई नेपाल सम्झायो । नेपालमा जस्तै त्यहाँ पनि सडकको किनारामा टिन, जस्तापाता, अलकत्राका पुराना ड्रमका पाताहरू र काठका टुक्राहरू जोडजाड गरी बनाइएका झुप्राहरू अथवा छाप्राहरू रहेछन् । उनीहरूका चर्पीहरू सडकको नालीमाथि बनेका थिए, अनि फोहोर खुला नालीमा थुप्रिएका छन्, बगेका छन् । यस्तै कुरा देख्दै हामी चियाबगानको दृश्य हेर्ने ठाउँमा आइपुग्यौं फर्केर । अघि चिया खान बोलाउने बहिनीको पसलभन्दा आठ-दस पसल तलै दुई जना भाइहरूको पसलमा हामी अडियौं । पानी परिरहेकै थियो । तैपनि गाडीबाट ओर्लेर कुद्दै चियापसलमा ओत लाग्यौं । गैरनेपाली मूलका पर्यटकहरू भने नेपाली पोसाकहरू लगाएर पानी पर्दापर्दै भए पनि फोटो खिच्न तम्सिरहेका थिए । चियापत्ती टिप्दै गरिरहेको जस्तै डोको बोकेर फोटो खिचिरहेका थिए । हामीले त्यति चैं गरेनौं तर चिया भने दुई-दुई कप खायौं । आहा ! कति मीठो चिया थियो भने । हामीलाई त्यो स्वादले साँच्चै मोहनी लगायो । पसले भाइहरू भन्दै थिए– "यसमा केही CTC चिया पनि मिसाउँदा झनै स्वादिलो हुन्छ ।"

पानी मजाले परिरहेकै थियो, मेरो लागि राम्रै भयो । कुनै डाँडामा अवस्थित बाक्लो बजारको फोहोर नाली बेहोरिरहेको बजारमुनिको गाउँजस्तो लाग्यो दार्जिलिङको मुख्य बसपार्क, त्यस आसपासका टोलहरू र लाडेन्ला रोड छुट्टिने चोकतिर । त्यो वर्षाले दार्जिलिङको असली रूप देखाइदियो । साँच्चै टेक्न पनि घिन लाग्ने फोहोर सडकहरू पनि त्यहाँ रहेछन् त्यो पानी नपरेको भए मैले दार्जिलिङप्रति राखेको असल धारणा नेपाली राजनेताहरूप्रति जनताको सम्मान भत्केजस्तो भत्किने थिएन होला । धन्य ! म दार्जिलिङको वास्तविक अनुहार देख्नबाट वञ्चित भइनँ । यदि त्यसो नभएको भए म पनि नेपाली राजनीतिक

पार्टीहरूका भाट, चाटुकार र दास कार्यकर्ताहरूले उनीहरूका जस्तै खराब नेताहरूलाई पनि प्रशंसै गरेर अझै खराब बनाउन लागि परेजस्तै दार्जिलिङ सहरलाई झनै बिगार्थें होला प्रशंसा मात्र गरेर। म नराम्रो पनि रहेछु भन्ने दार्जिलिङले थाहै पाउँदैनथ्यो होला।

यसरी हाम्रो दार्जिलिङ सहरवरिपरि रहेका रमणीय ठाउँहरू हेर्ने काम सकियो। हामी भोलिपल्ट सिलिगुडी हुँदै फर्कने योजना बनाएर विश्राम गर्न लाग्यौं।

आश्विन २७ गते बिहान। हाम्रो सल्लाह रेलबाटै यात्रा गर्ने भयो। त्यो सल्लाह हुनुमा मुख्य भूमिका नानीहरू, भूमिका र ऊमाको रह्यो। मबाहेक रेलयात्रा कत्तिको कष्टप्रद र दिक्दारलाग्दो हुन्छ भन्ने अरूलाई थाहा थिएन। समय धेरै लाग्छ, रेलमा नजाऊँ भन्ने म मात्र भएँ। तर जब दुई-अढाई घण्टाको जिप यात्राको बाटोलाई ७ घण्टा लगाइसक्यो तब मात्र रहर गर्नेको आँखा खुल्यो। मचाहिँ रिसले आगो भएको थिएँ, तर के गर्नु आफ्नैहरूको रहर भएकाले केही भन्ने कुरै भएन। त्यो ७ घण्टा लगाएर पनि पुगिएको कहाँ हो र त्यसबारेमा बिस्तारै जान्छु, किनभने त्योभन्दा अगाडि धेरै लामो बाटो पार गरेका थियौं।

हामी चढेको रेल बिहानको पौने दस बजे दार्जिलिङबाट हिँड्यो। दार्जिलिङ सहरको साँघुरो सडक छेउ, भित्ता र कुनैकुनै ठाउँमा बीचमै जडान गरिएको लिकमा रेल अरे तर मान्छेको गतिमा हिँड्न थाल्यो। कति ठाउँमा त रेलले आफ्नो बाटो भन्नै पाउँदैनथ्यो, अरू गाडी र मान्छेलाई समेत बाटो दिन रोकिनुपर्दथ्यो। त्यसैले रेलमा चढ्नेलाई जिस्क्याउँथे 'बरु हिँडेर जानु नि' भनेर। हुन पनि चलिरहेको रेलमा बल भएकाहरू त वास्तैबेगर चढ्थे र ओर्लन्थे। जे भए पनि त्यो रेलयात्रा सिङ्गै दार्जिलिङ यात्राको सबैभन्दा रोचक र स्मरणयोग्य क्षण भयो। हामीले दार्जिलिङ सहर छाड्दै गयौं तर टाढा हुँदै गएको अनुभव गर्न पाइएन र त्यसैत्यसै सुन्दै प्यारो लाग्ने त्यहाँका ठाउँका नामहरू पढ्दै अघि बढ्यौं। म दार्जिलिङ जाने योजना बनेदेखि नै संस्मरण लेख्ने योजना पनि बनाइरहेको थिएँ। मेरो त्यो योजनालाई रेलको धीमा गतिले झन् मद्दत गऱ्यो भने त्योभन्दा मजस्तै यात्रानुभूत गरिरहेकी ऊमाले त झन् नाम टिप्नमा अथक सहयोग गरिरहिन्। म बाटोमा पर्ने प्यारोलाग्दो नामहरू हिलकार्ट रोड, रङबुल, सोनादा, गोरखवारी, गैरीगाउँ, टुङ्ग आदि टिप्दै गर्दा आउँदै जाने मार्गरेट होप, दिलासाम चियाकमानहरूको नाम पनि सम्झँदै अघि बढ्दै थिएँ। अघाउँनी अघाउँनी बाटाका दृश्यहरू, गाउँहरू, चियाकमानभित्रका बस्तीहरू हेर्दै आइयो। हाम्रैतिरको त्रिभुवन राजपथको जस्तो भौगोलिक अवस्थिति भएको ठाउँमा पनि रेल चलाइएको देख्दा

'इमानदार भएर देश चलाउँदा के नहुँदो रहेछ र' भन्दै म नेपाली नेताहरूलाई गाली गर्दै थिएँ त्यस दिनको रेलयात्राभरि ।

गैरीगाउँपछि बिस्तारै करसियाङ बजार आयो । आहा ! कति प्यारो नाम कसले राखेको होला त्यो नाम कुन्नि । यो लेख्दै गर्दा समेत म द्रवीभूत भएको छु करसियाङ नामको प्रेमले । नेपाली गीत-सङ्गीतको विकासमा अमूल्य भूमिका निभाउने अग्रज दस्तालाई नेपालसम्म परिचित गराउने मूल जिम्मा बोकेको रेडियो करसियाङ त्यहीं छ भन्ने कुरैले म झनै पुलकित हुन्थें । गोपाल योन्जन, कर्म योन्जन, दिलमाया खाती, अरुणा लामा, कुमार सुब्बा, शरण प्रधान, दावा ग्याल्मो, डेजी बराइली आदि नामहरूलाई त्यही रेडियो करसियाङले नै हो नेपाली भूमिमा समेत छरिदिएको । समय भए त म त्यो रेडियो स्टेसनमा पुग्थें होला तर सकिनँ । तर पनि त्यहाँको सुन्दर बजार, सफासुग्घर मान्छेहरू, करसियाङ बजारदेखि तल चियाकमानका सुन्दर फाँटहरूको दृश्य कत्ति सुन्दर भन्या ! प्रकृतिमा यत्ति मन पर्ने ठाउँ पनि हुँदो रहेछ ? करसियाङलाई सोधी हेर्छु । तर खै त करसियाङ त बोल्दैन पो झन् । ऊ तिनै चक्लाचक्ला परेका बगानका फाँटहरू लिएर, बगानभित्रको कुरुप्पकुरुप्प बनाइएको मन पर्दो मन नपर्दो बस्तीहरू हेर्न दिएर, हेर्दा...... हेर्दा पनि नअघाइने देखिने नशा पिएर झन् पो मसंग जोरी खोज्न आउँछ है 'हेरौं त यो विजय अब के गर्छ सम्पूर्ण करसियाङ देखें' भन्दै । पहिले २०५२ सालमा जाँदाको सानो करसियाङे सम्झनालाई फरासिलो बनाउन पाएकोमा म सायद सबैभन्दा खुसी थिएँ होला त्यस यात्रामा ।

तर हाम्रो पेट ? हाम्रो पेट खाली थियो । हामी बिहानको नास्ता खान नपाएर भोकै थियौं । हामी बसेको होटेलमा भारतीय पैसा नभएको कारणले खान दिएनन् । नेपाली साट्नोस् र चलाउनोस् न हामी नियमानुसार कमिसन पनि तिर्छौं भन्दा पनि दिइएन खान र भोकै पर्‍यौं । मलाई त्यस बेला भने दार्जिलिङ चिसो पनि रहेछ भन्ने महसुस भयो । म भने यता काठमाडौंमा समेत भारतीय मान्छे नभए पनि भारतीय रुपियाँ स्विकार्छु, चलाउँछु तर उता त्यो दार्जिलिङ नेपाली मान्छे भए पनि, नेपाल नजिकै भए पनि, चलनअनुसार पूरै कमिसन तिर्छु भन्दा पनि, दिनदिनै नेपालीहरूसँग आवतजावत भए पनि हाम्रो रुपियाँ लिन मान्दैन । हो त्यही बेला हामी दुई दिन बसेको होटेल 'युमा' को 'बोजू' अर्थ लागेन । हाम्रो पैसा चलेन दार्जिलिङे नेपालीको होटेलमा, नेपालीपन चलेन, दार्जिलिङप्रतिको हाम्रो श्रद्धा चलेन, दार्जिलिङेलाई नेपालमा गरेको माया र सम्मान चलेन, सारासारा आफन्तपनको भावना चलेन र त्यही हिँड्ने दिनमा दार्जिलिङप्रतिको नमीठो हिसाब लिएर नानीहरूसँग भोकै नेपाल फर्कियौं ।

म फेरि यात्रालाई जोडूँ । म करसियाङमा छु अहिले । हाम्रो रेल करसियाङमा केहीछिन रोकियो । त्यही मौका पारेर वसन्तजी र म हतारहतार नजिकैको पसलमा गएर धमाधम बिस्कुट, दालमोठ र बदाम छान्न थाल्यौं । बढी समय लगाउने बेलै थिएन । जब सामान ठीक पारिसक्यौं र मोल सोध्यौं जम्मा ५३।– (त्रिपन्न रुपियाँ) भएछ । मैले हातमा भएको पैसा यसो गर्नें जम्मा ५०।– (पचास रुपियाँ) मात्र पुग्यो । यसो गोजी छामछुम गर्दै पसलेसँग 'हामीसँग तीन रुपियाँ पुगेन' भन्दै पनि थिएँ । पसले दाइ पनि त्यो नपुगलाई छाड्ने सुरमै थिए । तर गोजीमा अघि दार्जिलिङमा पत्रिका किन्दा उब्रेको ठिक्क तीन रुपियाँ भेटियो । मैले 'ए ए दाइ ! तीन रुपियाँ पनि रहेछ' भनेर त्यो पनि थमाएर हतारहतार रेलमा चढ्यौं । मैले जिन्दगीमा त्यति धेरै बिस्कुट कहिले खाएको थिइनँ । त्यो रेलयात्रा र होटेल युमालाई मैले धन्यवाद दिनैपर्छ किनकि यो नियात्राका लागि तिनीहरूले यी विषयहरू थपिदिएका छन् ।

हाम्रो धीमा गतिको रेल अब सुन्दर करसियाङ बजारको मुटुलाई छाड्दै बिस्तारै गिद्धे पहार, महानदी बजार, धैयाबारी बजार हुँदै तीनधारे पुग्यो । बाटोमा सानासाना नानीहरू हात हल्लाउँदै 'बाई बाई' गर्थे रेलयात्रीहरूलाई । कहीँ भने अझै 'बाई बाई' गर्न नजान्ने नानीहरूलाई बाई बाई गर्न सिकाउँदै गरेका देखिन्थे ठूलाहरू । त्यो देख्दा झुमालाई कस्तो राम्रो चलन लागेछ । म सोच्दै थिएँ यसै गरी होला यतातिरका मान्छेहरूको बानीव्यहोरा सभ्य देखिएको । बिस्तारै रेल तीनधारे स्टेसनमा पुग्यो । तर म भने अलि माथि सानो डाँडाडाँडा परेको ठाउँ भानुग्राममै रोकिएँ लेख्दालेख्दै । भानुग्रामको ठूलो चउरमा नेपाली साडीचोलो लगाएका दिदीबहिनीहरू लहरै बसेर केके खाँदै थिए । चउरको एक छेउमा 'साहित्यिक सांस्कृतिक कार्यक्रम' लेखिएको ब्यानर टाँगिएको थियो । मान्छे फाटफुट जम्मा हुँदै गरेका देखिन्थे । कार्यक्रम सुरु हुन बाँकी नै थियो जस्तो देखिन्थ्यो । नेपाली भाषा-साहित्यका लागि दार्जिलिङको सक्रियता र लगनशीलतालाई साहित्यिक सलाम गर्दै रेलसँगसँगै तीनधारेबाट हिँडें । यसरी रमिता हेर्दैहेर्दै हाम्रो रेलयात्रा रङटङ र सुकनाबीचमा आएर टुङ्गियो । त्यहाँ आइपुग्दा रेलको बीचको एउटा चक्का लिकबाट भुइँमा झरेछ । रेलका कर्मचारीलाई सोध्दा 'अब डेढ दुई घण्टा त लागिहाल्छ बनाउन' भन्न थाले । अब भने रेलयात्राको दिक्दारीको पक्ष सुरु भयो । चार जना केटाकेटीहरूसँग झोलाझोली बोक्दै बसमा चढेर सिलिगुडीतिर लाग्यौं । त्यही बसले पनि हामीलाई सिलिगुडीभित्रै हैन दार्जिलिङ मोडसम्म मात्र पुऱ्यायो । वसन्तजी र म दुवै सिलिगुडीका बारेमा अनभिज्ञ नै थियौं । जे जसो हुन्छ भाडामा दलाली गर्दै भरसक कममा लान मान्ने

गाडी खोज्न थाल्यौं । अब भने पहाडिया र नेपालीपन आधाउधी धमिलो भइसकेको थियो । नेपाली भाषा कम बुझ्ने भीडमा झन्झन् पस्दै जाँदै थियौं । तर पनि त्यति समस्याचैं परेन । हामीलाई सिलिगुडीबाट काँकडभिटा आउने गाडीका लागि निकैबेर भाडा दलाली त्यहाँकै दार्जिलिङ्ले नेपालीसँगै गर्नुपऱ्यो । 'ए भाइ ! हामी पनि नेपाली नै त हौं, सारो भाउ नकस न' भन्दा पनि कुराले छोएन । त्यसै बेला सम्झें 'यही रहेछ आफ्ना स्वार्थहरू जुध्नु भनेको ।' बल्लबल्ल भा. रु. ६ सयबाट घटेर तीन सयमा काँकरभिटा आउन तयार भयो एउटा एम्ब्यासेडर ट्याक्सी । नानीहरू र झोलाझोलीहरू ट्याक्सीमा हालिसकेपछि जब चढियो गाडीमा तब मात्र लौ अब चाहिँ नेपाल पुगियो भन्ने मनमा लाग्यो । हामी बागडोगरा, पानीटयाङ्की हुँदै मेची पुल तरेर नेपाल पस्दा अँध्यारो भइसकेको थियो । तर पनि हामी भने उज्यालो हुँदै गइरहेका थियौं ।

यसरी वसन्तजी र मेरो परिवार जम्मा तीन दिनमा दार्जिलिङ सहर घुमेर नेपाल फर्कियो । दार्जिलिङ्लाई मैले अब बुझ्दा अलिकति फरक बुझेको छु । पहिले बुझ्दा त्यसलाई राम्रै मात्र बुझेको थिएँ । अहिले भन्दा पनि त्यो साँच्चै सुन्दर छ, जसको वर्णन मबाट सम्भव छैन । किनभने ममा शब्दभण्डारको प्रशस्त अभाव छ । म त्यसको रात्रि सुन्दरता हेर्न ब्युँझिएपिच्छे झ्याल खोलेर निकैबेर बाहिर देखेजति हेर्थें र कस्तो छ कण्ठ गर्ने प्रयत्न गर्थें । तर म दार्जिलिङको रात्रि सुन्दरताको वर्णन गर्न सकिरहेको छैन । म अपराधबोधको छालले छेकिसकेको छु । अघि भनें नि, मसँग सुन्दरता पिउने क्षमता मात्र रहेछ, बरु सुन्दरताको मातले बेहोस हुन सक्दो रहेछु । मैले आजै मात्र आफ्नो असक्षमता चाल पाएँ । यो लेख्ने बेलामा । यसो घोरिन्छु, त्यो दार्जिलिङको रात त्यो गहिरो आकाश हो, त्यो आकाशमा असङ्ख्य ताराहरूको गाउँ, वारिपारि झिलिमिली एकान्त सुन्दर टापुहरू आकाशमा । म केलाई मात्र सम्झूँ र लेखूँ ।

ओहो ! तर दार्जिलिङको असुन्दर र नालायक पक्ष पनि छ । साँघुरो, फोहोर, सुनसान र वैरागलाग्दा टोलहरू, टेक्नै नसकिने गरी फोहोर काठमाडौंकै जस्ता सार्वजनिक शौचालयहरू, भत्केका बाटाहरू, सास थुन्दा असनको जस्तै बसपार्क र त्यस आसपासको भीड, बाहिर निक्लँदा सडकको गाडीमा ठोक्किने पेटीविहीन घरहरू, फरासिलो हुनै नसक्ने सम्पूर्ण सडकहरू आदि यसले बोकिरहने हो भने कुनै दिन त्यसको चर्चा बढ्न थाल्छ जसले भयानक सुन्दरी दार्जिलिङको अनुहारमा गाजल लतपतिएझैं हुन जान्छ । त्यस बेला दार्जिलिङेहरू आलोचना सहन अप्ठेरो मान्दै यसो भन्न थाल्लान्–

"आम्मामामा हाम्रो DJ हो ...... क्या ...... हरामी ...... राम्रो छ नि हो ! तर हो ...... क्या ...... ठाउँ नै त छैन हो फराक हुने। तर ओ... दाजुदीजुहरू ... रड्डी हुन्छ हो ...... नराम्रो छ चैं नभन्नू ल ... ।

जे होस्, दार्जिलिङ अहिले अत्यन्तै सुन्दर ठाउँ हो । नहेरेका र नदेखेकाहरूलाई यसले बेसरी मोहनी लगाउँछ । म यति मात्र भनूँ, एक चोटि तपाईं पनि हेरि त हेर्नुहोस् अनि फेरि कुरा गरौंला ।

# दोधारदोधारमै अमेरिका पुगियो

आखिर जाने कि नजाने भन्ने दोधार हुँदाहुँदै ७ तारिख जनवरी १९९४ का दिन काठमाडौंबाट अमेरिकाका लागि उड्यौं । सबै साथीहरू त सायद जानका लागि पहिले नै हरेक हिसाबले तयार थिए होलान् तर म भने जाने र नजाने बीचमा अल्झेर सानातिना उपहारसमेत किनमेल नगरी बसेको थिएँ । त्यही अल्झाइ-अल्झाइमै उड्ने अघिल्लो दिन बेलुकी डेरामै भएको र सोही घरमा बस्ने साथीहरूकोबाट उपहार दिनयोग्य वस्तुहरू बटुलबाटुल गरेर तयार पारें । हिउँदको जाडो भए पनि मन नलागी-नलागी बाहिर सडकमा निस्किएँ, संसद् सचिबालयको गाडी आइपुग्यो, चढेर त्रिभुवन विमानस्थल बिहान समयमै पुगें । त्यतिकै साथीहरूको हूलमा मिसिएर म पनि उडेको थिएँ । म आफैंलाई अमेरिका जाँदै छु भन्ने विश्वास जहाजमा सामान चढाइसकेपछि मात्र लाग्न-लाग्न थाल्यो । त्यस बेला मात्र अब म चाहेर पनि काठमाडौं रहन सक्ने अवस्थामा भइनँ । मेरो दोधार मनस्थिति यात्राभर मात्र होइन अमेरिका रहुन्जेल पनि भइरह्यो । त्यसैले गर्दा कहिलेकाहीं साथीहरूबाट खप्की पनि खानुपऱ्यो । उनीहरू मेरो त्यो ताल देखेर अर्थात् बेकार अमेरिका आएँ भन्ने भावना बुझेर 'के सोचिरहन्छौ, जिन्दगीमा अमेरिका आइया छ यही नै उपलब्धि मान्नू नि !' भन्थे मलाई ।

हाम्रो भ्रमणटोलीमा नेपाली काङ्ग्रेसका दीपकुमार उपाध्याय (कपिलवस्तु), बलबहादुर कुँवर र गोविन्दबहादुर शाह (अछाम), गोपालजीजङ्ग शाह (रुकुम), चेतकुमारी दाहाल (झापा– राष्ट्रिय सभा) र नेकपा (एमाले) का गणेश पण्डित (नुवाकोट), कृष्णप्रसाद भट्टराई (पर्वत) र मसमेत जम्मा आठ जना सांसदहरू थियौं । काठमाडौंबाट उडेको दिन बैङ्ककमा बास बस्यौं । अरू साथीहरूलाई जस्तै मलाई पनि नयाँ ठाउँ कस्तो होला भन्ने उत्सुकता थियो नै फेरि बैङ्ककलाई वेश्यावृत्तिका लागि संसारकै एउटा प्रमुख केन्द्र मानिने गरिएको पनि छ । अर्को कुरा व्यापारिक केन्द्र त हुँदै हो । बैङ्ककप्रतिको यिनै धारणा बोकेर म पनि

त्यही जहाजमा थिएँ, जुन जहाजमा मजस्ताहरू पर्यटकहरू, व्यापारी, तस्कर, राजनीतिज्ञ, कर्मचारी अनि मोजमस्तीकै लागि बैङ्कक जाने मान्छेहरू चढेका थिए होलान् ।

म जहाजमुनि हेर्न थालें । केहीबेर त जमिन देखिँदै थियो तर जहाजले जब उचाइ लिन थालेपछि त के देखिनु र केही-केही देखिन्नथ्यो । त्यो वरपर हेर्ने रहर पनि त्यतिकै भइहाल्यो । विमानका कर्मचारीहरूको व्यस्तता र नयाँ परिवेशको कारणले करिब अढाई घण्टाजतिको समय त्यतिकै बितेको थाहा नै भएनछ । 'हामी केहीबेरमै बैङ्कक विमानस्थलमा ओर्लंदै छौं' भन्ने विमान कर्मचारीको आवाजले पो झसङ्ग पाऱ्यो । म हतार-हतार झ्यालबाट तल हेर्न थालें । मेरा आँखाले बिस्तारै-बिस्तारै हरिया फाँटहरू देख्न थाले । हाम्रै तराईजस्तो लाग्ने समथर मलिला फाँटहरूमा आकर्षक खेतका चक्लाहरू देखिन थाले । ठ्याक्कै विराटनगर, भद्रपुर आदि ठाउँहरूमा विमान ओर्लंदै गर्दा देखिने खालका दृश्यहरू थिए ती । कुनै गरामा माटो मात्र तयार पारिएको, कुनै गरामा हरियो लहलह बाली लगाइएको थियो । सायद त्यो अलि गाउँगाउँ पर्थ्यो होला । ठाउँठाउँमा बस्तीहरू जो ठ्याक्कै हाम्रो नेपालजस्तो झुरुम्मैचाहिँ हैन मिलाएर बनाइएका देखिन्थे । हेर्दाहेर्दै ती दृश्यहरू माथि हामी उड्ने अवधि सकिएछ, जहाज सहरमाथि उड्न थालिसकेको थियो । एकछिनअगाडिको हाम्रो एउटा चाहना र रहर, जुन उडिरहेको थियो आआफ्नो दिशातिर, त्यसको अचानक हत्या भयो । हामीले सहरको कृत्रिमतामाथि जबरजस्ती मन गाड्नुपर्ने भयो अर्थात् मैले पनि बैङ्कक सहरलाई मन पराइदिनुपऱ्यो या त्यस्तै केही गर्नुपर्ने भयो । नगर्नुपर्ने पनि किन र म अर्काकै गतिमा न थिएँ । आफ्नो इच्छामा चल्न सक्ने भएँ म ? म जहाजको गतिमा हैन एकछिन त्यतै कतै समथर फाँटमाथि डुलिरहन्थें, उडिरहन्थें, कहिले एकै ठाउँ अडिइरहन्थें अनि जति बेला रहरले मन भरिन्थ्यो सरासर लाग्थें बैङ्कक सहरतिर ।

हामी बैङ्कक विमानस्थलमा ओर्लियौं । हामीलाई सहयोग गर्न शाही नेपाली राजदूतावासका साथीहरू आइसक्नुभएको रहेछ । भेट भयो, परिचय भयो । उहाँहरूले हाम्रो लागि बुकिङ गरिएको नजिकैको अमराह एयरपोर्ट होटेलमा हामीलाई लानुभयो । सबै चाँजो मिलाइसकेपछि, दूतावास टाढा पर्दो रहेछ 'आवश्यक परे फोन गर्नोस् है' भनी बिदा हुनुभयो उहाँहरू । बैङ्कक निकै गर्मी रहेछ । हामी केही समयमा नुहाइ-धुवाइ गरेर तयार भयौं । त्यसै बेला दीपकुमारजीले बोलाउनुभएको उहाँको साथी मीनप्रसाद कँडेलजी पनि आइपुग्नुभयो । नास्तासास्ता गऱ्यौं, कँडेलजीकै

गाडी र अर्को एउटा ट्याक्सी लिएर एक-दुई घण्टा भए पनि डुल्न निस्कियौँ । डुल्न भनेर के ढाँट्नु गाउँले मान्छेले काठमाडौं हेर्नुपरेजस्तै हामीलाई बैङ्कक हेर्नु थियो नि ! त्यसैले हेर्न निस्कियौँ ।

मैले पत्रपत्रिकामा पढेको बैङ्कक सहर निकै रमणीय रहेछ । कृत्रिम भने कृत्रिम नै सही मैले अलिकति मन पराइदिएँ बैङ्कक सहरलाई । नेपालीलाई त के सारा संसारकालाई विभिन्न कारणले बैङ्कक मन पर्छ भने मलाई मात्र मन नपर्नु भन्ने कुनै कारण छ र ? तर एउटा कुरा बैङ्कक हाम्रो काठमाडौंजस्तै फुटपाथे पसलहरूले पनि सजिएको रहेछ । सामान किन्दा दलाली पनि उस्तै चल्दो रहेछ । हाम्रो हङकङ बजार त बैङ्ककमा पनि रहेछ । सरसफाइको मामलामा पनि मूल सडकहरू र सहायक सडकहरू त सफा नै रहेछन् । तर त्योभन्दा सडकको स्तर झर्नेबित्तिकै सरसफाइमा पनि स्तर खस्केकै देखियो । फुटपाथतिर साना चिटिक्क परेका चिया-कफीपसलहरूमा खानेकुराहरू बेचिँदा रहेछन् । तर बेलुका भने चाटचुटै सफा गरेर पसल उठाइँदो रहेछ ।

बैङ्ककको एउटा सम्झन लायक विषय ट्राफिक जाम हो । कुनै विदेशी बैङ्ककमा छ भने उसले त्यहाँको ट्राफिक जामलाई निहुँ पारेर बैङ्ककलाई पक्कै धिक्कारेकै हुनुपर्छ । पुग्नुपर्ने समयभन्दा कहिलेकहीँ त १–२ घण्टाअगाडि निस्कनुपर्ने हुन्छ । यदि त्यसो गरिएन भने समयमा पुग्नै सकिन्न ।

बैङ्कक सहर सुन्दर छ, सम्पन्न छ । फ्रसवे र फराकिला सडकहरूको कुरै नगरे भयो । तर कुरै नगरे पनि अलि खाली देख्नेबित्तिकै काठमाडौंका सवारीचालकहरूजस्तो फनक्कै गाडी भने घुमाउन नपाइने नियम रैछ । एक त आफैं दुर्घटनामा पर्ने सम्भावना भयो भयो । दोस्रो, त्यही कारणले बनाइएको नियम उल्लङ्घन पनि त गर्न भएन ।

खै, जहाँ जाँदा पनि मेरो तुलना गरी हेर्ने बानी परेछ । बैङ्कक सहरको पनि सम्पन्नतासँग विपन्नता छ छैन कति बेला कति बेला दाँज्न थालिसकेछु, बैङ्कक सहरभित्रकै फ्रसवे र फ्रसब्रिजमुनि मात्र हैन सडककिनारातिर यत्रायत्रा कुम्लो बोकेका मागिखानेहरू सुतिरहेका देखिन्थे अनि बैङ्ककको लवाइ-खवाइ गजबको त नभनौं, निकैको रहेछ । त्यहाँका युवकहरूलाई समेत आकर्षण गर्ने युवतीहरूका छोटा निकै छोटा कसिला मिनिस्कर्टहरूलाई मान्नैपर्ने रहेछ । नत्र त्यस्तै समाजमा हुर्केका युवाहरूलाई त्यतिको चासो नहुनुपर्ने हो । कहाँ त्यति मात्र हो र अलि भीडभाड हुने ठाउँहरूमा यताउता युवतीहरूमाथि आँखा लगाउने युवा आँखाहरू प्रशस्तै पो भेटिँदा रहेछन् ।

बैङ्ककका मात्र होइनन्, सायद सिङ्गै थाइल्यान्डकै जनता अङ्ग्रेजी भाषाप्रति आकर्षित छैनन् कि क्या हो । राजधानी सहरका पसले र जनताको अगाडि भाषा-कठिनाइले गर्दा हाम्रो कुनै उपाय लागेन । यदि कँडेलजीको बर्मेली नेपाली ड्राइभर र उहाँ आफैं नभएको भए लाटा भएरै बैङ्कक डुलिसक्नुपर्थ्यो हामीले । त्यहाँको दशा बेहोर्दा मलाई त त्यति दु:खचाहिँ लागेको होइन किनभने अङ्ग्रेजी नजाने पनि थाइल्यान्ड हामीजस्तो गरिब छैन । खै, नेपालीलाई मात्र अङ्ग्रेजी भाषाप्रति किन यति मोह भएको कुन्नि ? जर्मनी, फ्रान्स, चीन, जापान, कोरिया, रूसजस्ता मुलुकहरूलाई त त्यस्तो चासो छैन, र पनि त ती देशहरूलाई भएकै छ । उनीहरूसँग दाँजिन को सक्ने नि ? नेपाली भने अङ्ग्रेजी जान्यो कि ऊभन्दा ठूलो कोही हुनु हुँदैन । कस्तो हो कस्तो नहुनेको बानीचाहिँ ।

बैङ्कक सहर घुम्यौं रहर पुगुन्जेल । तर मैले सोचेजस्तो बैङ्कक कतै पाइनँ । मैले सोचेको थिएँ, बैङ्ककमा प्रशस्त वेश्याहरू हुन्छन्, उनीहरू सडकसडकमै ग्राहक खोज्दा हुन्, भरसक युवतीहरू अर्धनग्न मात्रै भेटिएलान्, समाजै पो विकृत होला । तर त्यस्तो हैन रहेछ । मेरो बैङ्ककप्रतिको त्यो तुच्छ धारणा बदलियो । मलाई के अनुभव भयो भने पढेर र देखेर धारणा बनाउनुमा निकै ठूलो अन्तर पर्छ । कहिलेकहीं त ठीक उल्टो पनि पो हुन्छ । हो त नि वेश्यावृत्ति र रन्डीबाजी गर्ने व्यक्तिहरूलाई काठमाडौं, विराटनगर, पोखरा, नेपालगन्ज, धरान जहीं पनि बैङ्कक नै छैन होला र ? यस्तैयस्तै देखेर बैङ्ककको त्यो एक सर्को घुमाइ सकियो, त्यो दिन पनि त्यतिकैमा ढल्यो ।

भोलिपल्ट ८ तारिख बिहानै हामी बैङ्ककबाट अमेरिकाका लागि अगाडि बढ्यौं । हामी त्यहाँबाट टोकियो हुँदै जानुपर्थ्यो । जापान बस्ने त समय थिएन । तर पनि जापानको भूमिसम्म टेक्न पाइने कुराले म निकै रोमाञ्चित थिएँ । जापान भन्नेबित्तिकै मेरो भूगोलको निप्पन (NIPPON) अनि हिरोसिमा र नागासाकीको घाउ बोकेको असीम राष्ट्रभक्तहरूको भूमि भनेर मेरो मनमा आइरहन्थ्यो । नढाँटी भन्दा मलाई किन हो किन जापानका परिश्रमी जनता देख्दा त्यसैत्यसै मन पर्थ्यो । हो, त्यही असाध्य मन पर्ने देशलाई टेक्न पाइने भइयो भनेर नै म ठूलो न ठूलो भएको थिएँ । जहाज उड्यो, जहाजबाट देखुन्जेल बैङ्ककलाई हेरिरहें । जहाजले उचाइ लिइसकेपछि कि मैले सुत्नुपर्थ्यो, कि विमानभित्रको क्रियाकलापभित्र रुमल्लिनुपर्थ्यो या नेपाल सम्झिनुपर्दथ्यो । मैले त्यसै गरें । बेलाबेला निद्रा लाग्थ्यो सुत्थें, खाना दिन्थे खान्थें, अनि केही नहुँदा उही त हो नेपाल सम्झिरहन्थें । मेरो अमेरिका हिँडाइबारेमा मनमनै तर्क-वितर्क गर्थें । मलाई थाहा थियो त्यो गरेर कुनै फाइदा थिएन । मेरो जहाजचढाइले नै त्यो कुराको मुद्दा छिनाइसकेको थियो ।

हाम्रो जहाज समुद्री किनारछेउ टोकियोस्थित नारिता विमानस्थलमा ओर्लन लाग्दै थियो । वरिपरि त्यस्ता बाक्ला घरहरू देखिएन । मलाई सहरभन्दा पनि समुद्र हेर्ने उत्कट इच्छा थियो तर देख्न पाइरहेको थिइनँ । जहाज निकै तलतल हुँदै गयो । झ्यालबाट बाहिर हेरेको त एकनासको हरिया-नीलो खालको गरैगरा देखिन थाल्यो । ठाउँठाउँमा घरहरू देखिन थाले । त्यो देख्दा मलाई त्यति वास्ता पनि भएन र सोच्न थालेँ हैन टोकियो त समुद्रछेउ पो पर्छ भन्थे खै समुद्र नै देखिन्न भन्दै आँखाचाहिँ बाहिरै थियो । जहाज जतिजति तल झर्दै गयो त्यतित्यति अघि देखिएको नीला-हरिया गराहरू हल्लन थाले र घरहरू चल्न थाले । हेर्दै गएको, ती नीला-हरिया गराहरू त फेरिँदै पो गए । झन् गढेर हेर्न थालेँ । आहा ! म झन्नै उफ्रेको । मैले हेर्न चाहेको समुद्र त्यही नीला गराहरू पो रहेछन्– समुद्रका ससाना छालहरू र घरजस्ता देखिनेचाहिँ पानीजहाजहरू रहेछन् । समुद्र उः त्यो हो भनेर कसैले देखाएर देखेको भए यति सारो समुद्रको गहिराइ मेरो मनले आँक्दैनथ्यो होला । तर त्यति बेला त तरिकै अर्कै भयो, कुरै अर्कै पर्‍यो । पछाडिबाट कसैले आँखा छोपेर मन पर्ने कुरा अगाडि राखिसकेपछि आँखा खोल्दा मन पर्ने कुरा पाएजस्तो पनि भएन । अर्कै भयो, बुझ्नुभो ? बिलकुल अर्कै भयो । त्यो तपाईंहरूलाई मलाई जस्तै नभएसम्म पटक्कै थाहा हुन्न । त्यो क्षणले मैले समुद्र पहिलो चोटि देखेको कुरा ढुङ्गामा अक्षर लेखिएजस्तै लेखिदिएको छ मेरो मनभित्र ।

हामी करिब १ घण्टापछि नारिता विमानस्थलबाट अमेरिकाका लागि Post of Entry सियाटलतर्फ लाग्यौँ । एक घण्टाको मात्र बसाइ भए पनि नारिता विमानस्थलमा परेको हिउँले चाहिँ मेरो मन तानिरहेकै थियो । नेपालमा नजिकबाट कहिले हिउँ देख्न नपाएको हिमालको छोरो अरे म, अझ मेरो देशको परिचय एउटै सगरमाथा नै काफी छ भनेर घमन्ड गर्ने घमन्डी मलाई भन्नु त लाज मर्नु नै थियो । तै भनिहालूँ, त्यो के भने नारितामा पहिलो चोटि नजिकबाट हिउँ देख्न पाउँदा के-के न देखेजस्तो भएको थियो ।

सियाटल पुग्यौँ । त्यहाँचाहिँ अलि राम्ररी जाँच गर्दा रहेछन् विदेशीहरूलाई । नयाँ ठाउँ, नयाँ नियमहरू भए हाम्रा लागि, निकैबेर अलमलिनुपर्‍यो कामकुराहरू मिलाउँदा । सबै कुराहरू मिलाइसकेपछि त्यहाँबाट मिनियापोलिसतर्फ उड्यौँ । बैङ्ककदेखिको अत्यन्त लामो यात्राले दिक्क मन केही हलुका अनुभव हुन थाल्यो किनभने हामी मिनियापोलिसबाट पनि वासिङटन डिसीतर्फ लाग्ने बेला आउन लागेको थियो ।

हामी चढेको जहाज मिनियापोलिसबाट पनि उड्यो वासिङटन डिसीतर्फ । अघिसम्म जहाजमा विभिन्न जातिका मान्छे पनि देखिन्थे । अब भने थोरै विदेशी र

अधिकांश श्वेतहरू मात्र देखिन्थे । त्यसले मलाई अब भने अमेरिकाभित्रै रहेछौं भन्ने महसुस गरायो । हाम्रो विमान वासिङटन नेसनल एयरपोर्टमा ओर्लन लाग्दै थियो । पहिले त त्यत्रो ठूलो छ जस्तो लागेन एक्छेउबाट हेर्दा । तर जब जहाज उत्रन घुम्दै गयो वासिङटनमाथि म त छक्कै परें । साँच्चै अत्यासै पो लाग्यो त । आफैं भन्नोस् त पाठकहरू ! एकछिनअगाडि खास ठूलो छैन रहेछ भनेर नियाँल्दिरहेको थिएँ तर केही सेकेन्डभित्रै ठूलो न ठूलो सहर देख्दा मन अतासिन्न र ?

जहाज विमानस्थलमा अडियो । हामी ओर्लियौं । अमेरिका रहुन्जेलको कार्यक्रम सहयोगी एजुकेसन डेभलपमेन्ट सेन्टरका तर्फबाट इस्कोर्टहरू डा. विष्णु पौडयाल 'परिमल' र श्रीमती पुष्पा सुवेदी साथै का. वा. नेपाली राजदूत प्रदीप खतिवडा पनि लिन भनेर आउनुभएको रहेछ । हामी सबैबीच परिचय भयो । जब विमानस्थलको आगन्तुक कक्षाबाट निस्कन लाग्दै थियौं त्यति नै बेला गम्म ओभरकोट लगाएकी एक जना श्वेत महिला केके भन्दै हात पसार्दै आइपुगिन् । म त छक्क परें । यो के हो ? के गरेको ? भनेर डा. पौडयालसँग सोध्दा पो थाहा भो तिनी माग्ने रहिछन् । त्यस्तो राम्रो वेशभूषामा मागिखाने कहिले देखेको भए पो हुन्थ्यो । अनि अमेरिकामा त्यो पनि श्वेत जातिका मागिखाने हुन्छन् यो त मैले कहिल्यै सोचेकै थिइनँ । हामी अमेरिकाको राजधानीमा पसेकै थिएनौं । पस्न नपाउँदै चिसो न चिसो सिरेटोले त हान्यो हान्यो । त्यो दृश्यले पनि मैले बिर्सिसकेका कुरा सम्झाइदियो– पढेको कुरा अमेरिकामा पनि माग्ने हुन्छन् भनेर । जुन वासिङटन डिसीमा आर्लंदाओर्लंदै भेट्टाएँ ।

मेरो मनमा यस्तैयस्तै कुरा खेल्दै थियो । त्यही सोच्दासोच्दै हाम्रो लागि बन्दोबस्त भएको होटेलमा पुऱ्याइयौं । हाम्रो घडीको सुईले काम दिइरहेको थिएन । समय बितेअनुसार त त्यहाँ ९ तारिख हुनुपर्ने तर उही भूगोलको कुरो न पऱ्यो । त्यहाँ त ८ तारिख मात्रै भएको थियो । त्यसरी नै समय, बार मिलायौं । त्यो दिन त्यतिकै बित्यो अर्थात् काठमाडौंबाट जाँदाजाँदा दुई दिनमै वासिङटन डिसीमा पुगेको त्यो दिन त्यतिकै बित्यो । हामी यसरी अमेरिकामा पुग्यौं ।

# वासिङटन डिसीका केही छाप

मान्छेले पृथ्वीको स्वर्ग भन्ने गरेको र मलाई पनि कस्तो चाहिँ होला त भन्ने लागेको मुलुक अमेरिकामा अन्ततः दौधारदोधारमै पुगेको थिएँ जनवरी ८, १९९४ मा । मेरो अमेरिका यात्रालाई 'अमेरिकन सी. आई. डी.' भनी पार्टीले कारबाहीको विषय बनाइरहेको बेला र मेरो खुट्टा तानेर कसरी आफू सांसद भइन्छ भन्ने दाउ हेरिरहेका साथीहरूले निहुँ खोजिरहेको बेला अमेरिकाको बसाइबारे पढेपछि भन्सारो आँखाको तारो भइएला भन्ठानेरै त्यो यात्रानुभवको टिपोटसम्म बनाएर राखेँ, लेखेर छपाउन सकेको थिइनँ । अब त्यस बेलाको प्रसङ्ग पुरानो भइसकेकाले सम्झी-सम्झी यो नियात्रा लेखिरहेको छु । अहिले सम्झन्छु जाने नहुने जस्तो गरेको त्यो मुलुकमा पार्टी नेताहरूको तँछाडमछाडको यात्रा र मेरो यात्रामा केही फरक थिएन । फरक भन्न नमिल्ने तर फरक भनिएको कुराचाहिँ के थियो भने पार्टीकै विधान, नियमअनुसार पाँचौं राष्ट्रिय महाधिवेशनमा आफ्ना मत राख्दा म अल्पमतमा परेको थिएँ । कुरा त्यति थियो, त्यही कारण ममाथि त्यसो हुन पुगेको थियो । त्यस बेला बहुमतका सांसदहरू पठाउन कोसिस भएकै थियो । उनीहरू जान मिलेको भए जान्थे र अमेरिकन सी. आई. डी. हुने थिएनन् । किनभने म अघि र पछि गएका नेता कार्यकर्ताहरू कोही सी. आई. डी. भएनन् । जे होस्, जाने कि नजाने भन्दाभन्दै म अमेरिका पुगेको थिएँ । त्यस बेला पार्टी अध्यक्ष मनमोहन अधिकारीले 'तिमी जाऊ एउटा लिम्बू केटो जाँदा के हुन्छ, फेरि एक जनाको पालै सकिन्छ, म पार्टीमा मिलाउँछु' भन्नुभएको थियो । त्यसैले पनि म गएको थिएँ । तर पछि पार्टीमा हुँडलो मच्चिएकाले अध्यक्षले यसो भन्नुभएको थियो भनेर मैले आफ्नो पक्षमा तर्क भने गरिनँ । किनकि त्यसो गर्नु भनेको 'पीँध बेगरको लोहोटा' मनमोहनमाथि अरिङ्गालको गोलो खन्याउनुजस्तै हुने थियो । श्रद्धेय मनमोहन अधिकारीमाथि म त्यसो गर्न सक्दिनथेँ ।

हाम्रो समूहमा पूर्वमन्त्री दीपकुमार उपाध्याय, श्रीलङ्काका लागि शाही नेपाली राजदूत बलबहादुर कुँवर, पूर्वराज्यमन्त्री गोविन्दबहादुर शाह, पूर्वसहायक

मन्त्री गोपालजीजङ्ग शाह, पूर्वसांसद चेतकुमारी दाहाल, गणेश पण्डित, कृष्णप्रसाद भट्टराई (पर्वत) र म गरी जम्मा आठ जना थियौं । त्यस भ्रमणमा नेपाली काङ्ग्रेसका चेतकुमारी दाहालबाहेक सबै कृष्णप्रसाद भट्टराई समर्थक सांसद थिए र हामी पनि सबै अल्पमतमा थियौं । तर कारबाही भने एमालेका हामी अल्पमतले मात्र भोग्नुपऱ्यो, नेपाली काङ्ग्रेसले त्यसको अल्पमतलाई केही गरेन । त्यसै बेला थाहा भयो नेपाली काङ्ग्रेसभन्दा हामी कति अप्रजातान्त्रिक हुन सक्दा रहेछौं भनेर ।

हामी चढेको हवाईजहाज जनवरी ८, १९९४ शनिबारको बिहान १०–११ बजेतिर होला सियाटल, अमेरिकी भूमिमा ओर्लियो । त्यो ठाउँ अमेरिका प्रवेश गर्ने एउटा मार्ग थियो । करिब १ घण्टाको एयरपोर्ट अध्यागमनको त्यो झन्झट मलाई भने सम्झना भइरहन्छ । अरूभन्दा पनि हामीभन्दा विदेश यात्राको अनुभववाला बलबहादुर कुँवरसमेत अध्यागमनद्वारा भर्न दिइएको फारम बिगार्दै माग्दै गर्नुहुन्थ्यो । हामीलाई पनि सिकाउनुपर्ने र आफूले पनि गर्नुपर्ने भएकाले उहाँ निकै आत्तिनुभएको थियो । जहाज उड्ने बेला भइसकेको थियो धन्न समयमै काम सक्यौं र त्यहाँबाट मिनियापोलिस हुँदै 'नर्थवेस्ट ३५२ जहाज' बाट वासिङटन नेसनल एयरपोर्टमा उत्रियौं हामी । अमेरिका रहुन्जेल कार्यक्रमको व्यवस्थापन गर्ने जिम्मा पाएको संस्था एजुकेसन डेभलपमेन्ट सेन्टरका तर्फबाट कर्मचारीहरू, दोभासेद्वय डा. विष्णु पौड्याल 'परिमल' र पुष्पा सुवेदीसाथै तत्कालीन कार्यवाहक नेपाली राजदूत प्रदीप खतिवडा पनि हामीलाई लिन आउनुभएको थियो । उहाँहरूले हामीलाई वासिङटन डिसीमा बसुन्जेलका लागि व्यवस्थित होटेल वार्सेलोमा पुऱ्याउनुभयो । आवश्यकीय कामकुरा भएपछि राजदूत खतिवडा दूतावासतिर लाग्नुभयो र अन्य दुई जना दोभासे सहयोगी भने हामीसँगै रहनुभयो । अमेरिकामा भाषिक कठिनाइ त थियो नै तर त्यही कारण व्यवस्था भएको दुई जना अत्यन्त सहृदयी र अनुभवी नेपाली नै सहयोगी साथी पाएपछि हामीले कुनै कठिनाइ महसुस गर्नु परेन । मलाई लागेको थियो अमेरिका बसिरहेका यी दुई नेपाली सहयोगीहरूसँग तीन हप्ताको बसाइमा स्वभावगत भिन्नताका कति ठाउँ तीतोपीरो पर्ला भनेर । केही साथीको त पऱ्यो पनि । तर मलगायत केहीको भने त्यस्तो केही परेन भन्ठान्छु । डा. विष्णुप्रसाद पौड्याल 'परिमल' साहित्यकार पनि हुनुहुँदो रहेछ । उहाँसँग त मेरो थप साहित्यिक निकटता पनि थपिएको थियो । उहाँले मलाई आफ्नो सानो कवितासङ्ग्रह **'मेरो वसन्त–२०१३'** पनि उपहार दिनुभएको थियो । म नजन्मँदै प्रकाशित त्यस पुस्तकका उल्लेख यहाँ किन महत्त्वका साथ गरेको हुँ भने त्यसमा युगकवि सिद्धिचरण श्रेष्ठले काठमाडौं, पुरानो दफ्तरको ठेगानामा २५–१२–१२ मा महाकवि लक्ष्मीप्रसाद

देवकोटा (स्थान, मिति उल्लेख छैन), कविशिरोमणि लेखनाथ पौड्यालले ०१२–१२–१९ गते बिहान पुस्तक प्राप्त गरी लेखेको, भीमनिधि तिवारीले तिवारी आश्रम, डिल्लीबजारको ठेगानामा ०१२–१२–२९ बुधबारमा लेखेका भूमिकाहरू समाविष्ट छन्। त्यस बेलाका र आजका समेत शीर्षस्थ साहित्यकारहरूसँग डा. विष्णु पौड्याल 'परिमल' को कम्तीमा भूमिका लेखाउन सक्ने हैसियतको निकटता रहेछ भन्ने कुरा त्यो कवितासङ्ग्रहको भूमिका हेर्दा थाहा हुन्छ। त्यो पुस्तक अब आफैँमा ऐतिहासिक बन्न पुगेको छ।

अमेरिकायात्राको सुरुमै हामीलाई एयरपोर्टमा लिन आएका फर्स्याइला भ्यान चालक ड्यानी हार्फोसलाई बिर्सन खोज्दा पनि सक्दिनँ म। अमेरिकामा गाडीचालकहरू कस्ताकस्ता हुन्छन् भनेर जान्नलाई उनी एउटा नमुना थिए। जीउडालले नै बलिया र फुर्तिला उनी साँच्चै व्यवहारमा असल थिए। तिनलाई र यहाँका चालकहरूलाई तुलना गरेर बोल्यो भने त कुटाइ मात्र खाइन्छ। अर्थात् यहाँकाहरूलाई अरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने थाहै छैन जस्तो भान हुन्छ ड्यानीलाई देखेपछि। मनमा जे लागे पनि हाँसीखुसी देखिने उनको अभ्यास नै भएर पनि उनी त्यस्ता भएका होलान्। उनैले वासिङ्टन नेसनल एयरपोर्टबाट होटेलमा ल्याएका थिए। ८ तारिखको दिन यसरी सकिएको थियो।

९ तारिखका दिन हामी खाली नै थियौँ। बिहानै उठ्नुपर्ने थियो मलाई त समस्यै परेको थियो। सधैँ त यस्तो गाह्रो पर्दैनथ्यो किन यस्तो भाको आज भनेर सोच्दो भएँ म। अनि राम्रो सम्झेको त उताको बिहान त यताको सुत्ने बेला, उताको सुत्ने बेलाचाहिँ यताको उठ्ने बेला पो हो त। दुई-चार दिन त अमेरिकामा निद्रै लागेन, दिउँसो-दिउँसोचाहिँ निद्राले धुरुक्कै रुवाएको थियो। हुन पनि जन्मदेखि ३५ वर्षसम्मको एउटा समयको अभ्यास गरेको नेपाली शरीरले दुई-तीन दिनमै उताको बानी लिन कसरी सक्थ्यो र! त्यो कार्यक्रमको बेला मेरो उँगाइ र निद्रा फाल्नु बेलाबेला कफी खाने तम्स्याइ सम्झना आको बेला मनमनै हाँसो पनि उठ्छ। अँ, ९ तारिखको बिहान उठ्नै थियो, उठ्यौँ। ८ बजेतिर होला एजुकेसन डेभलपमेन्ट सेन्टरका परियोजनानिर्देशक डा. एडवार्ड जे अलानले हामीलाई हाम्रो भ्रमणको सम्पूर्ण कार्यक्रमको बेहोराका कागजात एउटा पातलो चेन भएको प्लास्टिक ब्यागमा राखेर दिए। मलाई त्यो देख्नेबित्तिकै अपमान महसुस भयो। नेपालबाट आमन्त्रित नेपालका संसद् सदस्यहरू (यहाँ जेजति बेइज्जती कमाएका भए पनि) लाई त्यतिका सामग्री राखेर त्यस्तो पारदर्शी झोला दिन सरम पनि लाग्नुपर्ने हो। मैले त त्यो घामलाग्दा लल्याकलुलुक भएर किताबहरू एकातिर थुप्रिने अनि जाडोमा कडा न

कडा भएर चलाउनै अप्ठेरो हुने झोला बोक्दा पनि बोकिनँ लाज र अपमानले । जे होस्, लिन त लियौं नै लिन्नौं भन्न मिलेन पनि । त्यस दिन हाम्रो कुनै योजना थिएन र हामी घुम्न निस्कियौं । हामीले वासिङटन स्मारकलाई टाढैबाट हेर्‍यौं । चढेर हेर्ने इच्छा त थियो तर आफ्नो गोजी सम्झियौं, धेरै पैसा लाग्ने भएकाले होला जस्तो लाग्छ चढ्ने इच्छा पूरा गरेनौं । के गर्नु सम्झन पनि लाज लाग्छ भित्रभित्रै पैसा नभएर त्यस्तो भयो भन्दा । अँ, बरु लिङ्कन स्मृति भवनको ठूलो न ठूलो १९ फिट अग्लो अब्राहम लिङ्कनको तर बसेको मूर्तिको छेउमा बसेर फोटोचाहिँ खिचियो उनको प्रजातन्त्र जनताद्वारा, जनताबाट र जनताका लागि भन्ने संसारप्रसिद्ध भनाइ सम्झँदै । छेवैमा रहेको अमेरिका-भियतनाम युद्धमा मारिएका अमेरिकी सैनिकहरूको नामावली खोपिएको ठाउँ हेर्‍यौं र केही नाम त्यतिकै चिन्नु न जान्नु मैले त पढें पनि । मनमा गम्दै पनि वास्तवमा सत्ताधारीको लहडमा धेरै अमेरिकी सेना मरेछन् । न उनीहरूले सत्ता नै पाउँथे न त्यो युद्ध देशकै लागि थियो । भियतनामी कम्युनिस्टहरूलाई सखाप पार्ने मनसायले उम्लिएको अमेरिका त्यस बेला आफै हार्नुपरेको थियो । आफ्नो के जान्थ्यो र हो चि मिन्हको भियतनाममाथि त्यसो गर्नु पर्‍या हो कुन्नि ? तर जे भए पनि अमेरिकी सरकारले सबै आफ्ना मृत योद्धाहरूलाई सार्वजनिक स्थलमा राखेर राम्रो गरेको छ । त्यसो भएपछि जनताले इतिहास खोजिरहनु परेन । नेपालमा जस्तो कहाँ हो ? को कहाँ केका लागि मरे ? कसको नाममा मरे ? कति मरे ? भन्ने कुरा मरिहत्ते गरेर खोज्दा पनि नभेटिने । अमेरिकाले त्यसो गर्नु सायद त्यो युद्धका पक्षमा सहानुभूति आर्जन गर्नु पनि होला ।

वासिङटन डिसीमा सडक, सहायक सडक र टोलहरूलाई अनिवार्य रूपमा नाम दिइएका छन् । त्यहाँको जस्तो नामकरण त यहाँ पनि गरिएकै छ तर त्यहाँकै पारामा त्यत्ति व्यवस्थित छैन । हुन त त्यस्तो आशा गर्नु पनि अस्वाभाविक नै हुन्छ । भन्नु यत्ति हो कि जति गर्न सकिन्थ्यो त्यति भएको छैन । तपाईं एक चोटि अमेरिका पुग्नुभो भने डिसीमा जानोस्, पहिलो चोटि नै किन नहोस् नक्सा हातमा लिएर हिँड्नोस् तपाईं हराउनुहुन्न । विभिन्न राज्यहरूको नाममा 'एभेन्यु' हरू तोकिएको छ, त्यो हेर्दा मलाई अमेरिकाका विभिन्न जातजातिहरू एकै ठाउँमा बसिरहेजस्तो अनुभव भएको थियो । अर्को कुरा, त्यहाँ भएका विशाल सडकको छेउछाउका विशाल एवं भव्य घरहरू हेर्दा मैले सोचें सरकारद्वारा निर्मित घरहरू होलान् । संसारको सबैभन्दा शक्तिशाली राष्ट्रको राजधानीमा त्यत्रा घरहरू व्यक्तिका होलान् भन्ने कल्पनै गरिनँ । तर जब मैले हाम्रा सहयोगी डा. पौड्याललाई सोधें, ती घरहरू त व्यक्तिका पो रहेछन् । मलाई अचम्म लाग्यो र मनमनै भनें– सम्पत्ति हुनु

त हुनु यत्ति राम्रो त नहुनु नि । हाम्रा गाउँघरका मान्छेहरूले काठमाडौंका ठूलाठूला घर देख्दा 'यी त सरकारी घर हुन्' भन्ने ठानेजस्तै म ठान्दो भएँ अमेरिकामा । मैले पनि त्यत्तिका सम्पत्ति कुनै व्यक्तिसँग हुन सक्छ भन्ने कुरा अनुमानै गर्न सकिनछु त्यस बेला । मेरो यस्तो मनस्थितिलाई धेरैबेर कायम राख्न सकिनँ र डा. पौडचाललाई सोधिहालें । उहाँको उत्तर थियो, 'सुब्बाजी, यहाँ अरबपतिदेखि लिएर घरबारविहीनसम्म पनि छन् ।' हो साँच्चै डिसीभित्रै बेलुकी हिँड्न पनि डरलाग्दा ठाउँहरू छन् अरे । त्यसको एक-डेढ किलोमिटरभित्रै अत्यन्त गरिब काला बस्तीहरू छन् जो नेपालको बिग्रेको गाउँजस्तो विकृति र विसङ्गतियुक्त पनि छन् रे भन्दछन् त्यहाँ बस्ने पुराना नेपाली । डिसीका सडक, चोक, बस स्टैन्ड, क्रस ब्रिज, रेलस्टेसन आदि स्थानहरूमा विशेष गरी काला जातिका मागी खानेहरू भेटिन्छन् । उनीहरूका हातमा कागजका वा प्लास्टिकका एक पटक प्रयोग गरेपछि फालिने गिलासहरू हुन्छन् र 'प्लिज वान पेनी' भन्दै मागिरहेका हुन्छन् । जब बेलुका हुन्छ, त्यस्ता माग्नेहरूबाट तर्किनु राम्रो हुन्छ रे, त्यसो नगरी गोजीबाट निकालेर चानचुने हेर्न थालियो भने झ्याप्पै पर्स नै खोस्न सक्छन् रे भन्नुहुन्थ्यो पुष्पाजी । त्यसै हुनाले मलाई डर लाग्ने नै भयो । हामी साना कदका नेपालीहरू त्यस्ता अग्ला न अग्ला, बलिया बाङ्गा, हरिमुरले कालाहरूले च्याप्प पारे भने सिद्धेन ? बाजले परेवा झम्टेजस्तै हुन्थेन ?

एक बेलुकी हामी बस्दै आएको होटेलअगाडि रेस्टुराँमा थियौं । रेस्टुराँको बाहिरपट्टि बसेर खाने ठूलो कोठा र त्यसको भित्र खाने कुरा बनाउने, पैसा तिर्ने आदि ठाउँ थिए । भित्र 'काउन्टर' मा मैले केही हल्ला सुनें । मेरा कान निकै ठाडा भए । पहिले त के रहेछ त्यस्तो हल्ला भनेर सोचें मात्र । तर जब हल्लाको पारो बढ्यो यहाँ पनि यस्तो रहेछ भन्दै बसें । कतै तोडफोडले नेपाली पारा पक्डयो भने त हामीलाई पनि छुन्छ कि भन्ने डर पनि उब्जेकै थियो । भित्र पसेर हेरें । त्यो हल्ला गर्ने काला जातिका मागी खाने रहेछन् । खै किन हो खूब रिसाउँदै थियो । रेस्टुराँका मालिक अत्यन्त संयमित हुँदै सम्झाउँदै थिए । एकछिनमा त्यो झगडा गर्ने मान्छे झन्केर बाहिर गएपछि मात्र शान्त भयो । सडकका देखिने अधिकांश काला मागी खानेहरूलाई यसरी देख्दा अमेरिकाको नाक थाम्ने काला खेलाडीहरूप्रति झन् सम्मान बढ्यो मेरो मनमा । वास्तवमा सङ्गीत र खेलजगत्मा कालाहरूले नलाग्ने, नखेल्ने हो भने अमेरिकालाई त्यस माध्यममार्फत चिन्न गाह्रो पर्छ संसारलाई । तर तिनै कालाकालीहरूको अमेरिकामा त्यो हालत देख्दा अलिकति मन कुँडिएर आयो मेरो । अमेरिकाले आफ्नो इज्जतलाई पोल्टामा राख्नुपर्नेमा बाहिरी गोजीमा पनि हाल्दैन रहेछ । त्यस्तो देख्दा यता नेपालमा राज्यद्वारा हेपिएका नेपालका आदिवासी, जनजाति र दलितहरूको खुबै सम्झना भयो ।

अमेरिकामा पुराना तथा ऐतिहासिक महत्त्वका कुनै पनि कुराको संरक्षण सरकारद्वारै गरिंदो रहेछ । त्यहाँ यो फलानाको, त्यो तिलानाको भन्ने भन्दा पनि यो अमेरिकाका भन्ने भावना पर्याप्त छ, त्यही भावनाले ती सब राम्रा काम हुने गर्दा रहेछन् । यौटा सानो डकर्मीको घर किन नहोस् त्यो अनौठो र संरक्षण गर्न लायक छ भने सरकारको ध्यान पुगिहाल्छ । हाम्रोमा जस्तो सरकारी संरक्षणका लागि पहुँचको आवश्यकतै नपर्ने ।

घुम्ने क्रममा हामी कनेडी सेन्टरमा पुग्यौं । विभिन्न राष्ट्रका झन्डाहरू मजाले सजाएर राखिएका छन् त्यहाँ । राख्ने क्रम कस्तो थियो कुन्नि म भने आफ्नो देशको झन्डा देख्न निकै हतारिएँ । निकैबेर नदेख्दा त यो सबै राष्ट्रको झन्डा राखिएको ठाउँ हैन रहेछ, के सन्दर्भमा जोडिएका राष्ट्रहरूको झन्डाहरू मात्र राखिएका रहेछन् भन्ने ठान्न पुगें । तैपनि खोज्दै गएँ, भरे भरे पो सानोसानो (अरू राष्ट्रको तुलनामा) नचम्किएको सूर्य-चन्द्रअङ्कित कोणधारी झन्डा देखा पऱ्यो । नढाँटी भन्नुपर्दा मलाई हाम्रो झन्डा आकर्षक लागेन । हाम्रो झन्डा मलाई सम्पन्न सांसदहरूको भीडमा विपन्नताको कारण 'यही गर्छु' भन्ने सरासर आँट गर्न नसक्ने मजस्तै लाग्यो । अत्यन्त चहकदार, रोबिलो, शक्तिशाली झन्डाहरूको माझमा मेरो देशको झन्डा पूर्णतया नयाँपन सकिएको मधुरो दौरासुरुवालमा उभिएको थियो । मरीमरी खोज्दा भेटिएपछि ढक्क फुलेको छाती बिस्तारै यसरी सेलाएको थियो । त्यस्तै मन लिएर म साथीहरूसँगसँगैको 'क्याफ्टेरिया' मा खाना खान गएँ । पुष्पाजी भन्नुहुन्थ्यो माछाको परिकार त्यस 'क्याफ्टेरिया' मा चर्चित खाना हो । लौन त रमाइलै हुन्छ, नेपालमा गएर गफ गर्न पाइन्छ भनेर उत्साहित भएर म पनि सँगै थिएँ । साँच्चै रहेछ हामीजस्तै अरूले पनि प्लेट भरिने गरिएको १/२–१/२ वटा माछाका टुक्रा लिएर बसेको देखिन्थ्यो । मजाले खाइयो माछासँग अरू खानेकुरा । मलाई त माछा र भात अघाउँजी खाएर थोरै पैसा तिनुपर्ने सिलिगुडीको होटेलको पो त्यस बेला सम्झना आयो ।

हामीले यहाँ बसेर अमेरिकाको सडकको कल्पना गऱ्यौं भने त्यो एक्छेउ पनि नमिल्न सक्छ । अरूको कल्पना मिलि नै हाल्यो भने पनि मेरो चाहिँ मिल्दैन रहेछ । मैले अमेरिकाको राजधानीको सडकछेउछाउमा त्यसरी फुटपाथे पसल (त्यो पनि यताको जस्तो यताउता लान सकिने घुम्ती शैलीको) हुन्छ भन्ने कल्पनै गरेको थिइनँ । एक दिन हामी डुपन्ट सर्कलछेउको 'मेट्रो स्टेसन' बाट निस्केर सडकमा हिँड्दै थियौं, बाटैमा एक जना पाकिस्तानी नागरिकको त्यस्तो पसल भेटयौं । जाडोको बेला थियो त्यसैले मोजा, पन्जा, टोपी आदि ऊनीका लगाउने तयारी

सामानहरू तन्द्राङतुन्द्रुङ यतैको जस्तो पटयाएर, झुन्ड्याएर राखिएको थियो त्यो गुडाएर सार्न मिल्ने पसलमा । हामीमध्येको एक जनाले पन्जाको मोल पनि सोध्दै थिए तर किने कि किनेनन् । यसरी यताको जस्तो प्रशस्त फुटपाथे पसल नभए पनि त्यसरी अलिअलि हुनु नै मेरा लागि निकै अचम्म भइसकेको थियो । त्यो पसल भेटिनु पनि यतिकै लागि त रहेछ । त्यो पाकिस्तानी पसलेलाई के थाहा ऊसँग भेट्ने कुनै यौटा मान्छेले उसका बारेमा लेख्नेछ भन्ने, होइन त ?

अँ अर्को कुरा, पूरै अमेरिकामा हो कि हामीले डुलेको ठाउँमा मात्र हो कानुन गजबले लाग्दो रहेछ । हाम्रोमा जस्तो अदालतले फैसला गरिसकेपछि पनि जेल हाल्न नसकिने अवस्था त्यहाँ रहेनछ । एक दिन डा. विष्णु पौड्यालले हामी एक-दुई जनालाई केही टाढाको 'डिपार्टमेन्ट स्टोर' मा लानुभयो । बाहिर गाडी पार्क गरेर हामी स्टोरमा पस्यौं । हामी विभिन्न सामान हेर्न थाल्यौं । साथीहरूले घडी किने, त्यस्तै अरू के-के किने तर मैले चाहिँ केही पनि किनिनं । मलाई यौटै पीर थियो नेपाल फर्केर मैले पार्टीको लेवी तिर्ने पैसा उबार्नुपर्छ । त्यसैले म अरू साथीजस्तो खर्च गर्दिनथें । निकैबेरपछि हामी होटेलमा फर्कियौं । जब होटेलपरिसरमा गाडी रोकियो त्यहाँका सुरक्षागार्डले गाडीको सिसाबाट एउटा स्टिकर उप्काएर दिए पौड्याललाई । म हेर्दै छु त्यो उप्काएको स्टिकरलाई । पौड्यालले के प्रयोजनका लागि टाँसेको कुरा किन उप्काएको होला सोच्दासोच्दै पौड्यालको हातमा पुगेको थियो त्यो । उनले हेरे त्यो त जरिबाना तिर्नुपर्ने सूचना पो रहेछ । किन के भो र डाक्टरसाब यो सूचना ? भनेर सोधें पनि । डाक्टरले भनेपछि पो थाहा पाएँ । त्यो त अरू बेला गाडी राख्न पाइने तर रस आवरमा राख्न नपाइने ठाउँ रहेछ, हामीले गाडी राख्दाको समय रस आवर परेकाले ५० डलर फाइन तिर्नुपर्ने भएछ । त्यस दिन डाक्टर पौड्याल झुक्किनुभएछ । मैले डाक्टरलाई सोधें, "त्यो नतिर्दा के हुन्छ, नतिर्नु नि ?" डाक्टरसाबले छक्क पर्दै भन्नुभयो, "अबुई ! यो नतिर्ने हो भने मेरो सब चीज बन्द हुन्छ ।" मलाई उहाँको भनाइ र हाउभाउले नै नतिर्ने कुरा त सोच्नै नसकिने विषय रहेछ भन्ने लाग्यो । र, थियो पनि यस्तै । त्यो नतिर्नेबित्तिकै उहाँको नाम कालो सूचीमा पर्ने, त्यसबापत कसैले विश्वास नगर्ने अनि सिद्धिने हुँदो रहेछ । अनि त को गर्छन् नि नतिर्ने साहस । मलाई चाहिँ यहाँ नेपालमा ट्राफिकले सिटी फुक्दाफुक्दै नम्बर टिप्छ भनेर गाडी हुइँक्याउने अनि जरिबाना टाँसेर हिँड्ने हैन लाग्ने जरिबाना पनि पैसा खाएपछि नउठाउने ट्राफिक र अन्य पुलिसहरूको कर्तुतको झलझली याद आयो । आफैं सोचौं न त्यति सूचना टाँसेर गएपछि तिर्छ तिर्दैनको अमेरिकामा कुनै चिन्तै गर्नु पर्दैन रहेछ ।

मैले अर्कै नियात्रामा लेखिसकेको छु कि म अमेरिकामा भइन्जेल कम बोल्ने र धेरै कुरा सम्झनामा राख्न मात्र प्रयत्न गर्थें । सानोभन्दा सानो कुरामा बारम्बार ध्यान दिनै पर्ने हुन्थ्यो मलाई । त्यही सिलसिलामा सडक कति बेला, कसरी केले सफा गर्दा रहेछन् भन्ने जान्नुपर्ने भयो मलाई । राति उठ्ने बित्तिकै झ्यालको पर्दा तानेर बाहिर सडकमा हेर्थें तर मैले सडक सफा गर्दै गरेको देखिनँ । सडक सफै नगर्ने त हैनन् नै तर फोहोर फाल्ने व्यवस्थित बानीबेहोराले गर्दा हत्तपत्त सडक फोहोर नै नहुने रहेछ । यहाँको जस्तो 'यहाँ दिसापिसाब नगर्नुहोला' भन्ने सूचना बोर्डकै अनुहारभरि दिसापिसाब गर्ने चलन नभएपछि सफाइ पनि कमै गरिरहनुपर्ने भइ नै हाल्यो । सडकै सफा भएपछि जुत्ता फोहोर नहुने अनि त यहाँबाट जाने बेलामा मजाले पालिस लगाएर लगेको जुत्ता फर्कुन्जेल पालिस गर्नै परेन । यस्तै अर्को पनि कुरा छ है । 'डिसी' का त्यति अग्लाअग्ला घरका सिसैसिसाका झ्यालहरू छन् । सिरान तलाबाट तल हेऱ्यो सातो जान्छ हाम्रो । यस्तो घर कसरी सफा गर्दा होलान्, एक दिन न एक दिन पक्कै सोध्न गर्नुपर्छ,, सोच्दै थिएँ एक दिन 'लाइब्रेरी अफ कङ्ग्रेस' मा हेर्न गएको बेला । हामी भित्र बसेर कुराकानीमा व्यस्त थियौं । सिसाबाहिर यसो के हल्लेको जस्तो लाग्यो वरपर पिङमा झुलेझैं । मेरो ध्यान त्यतै गयो । झुल्नु अडिएपछि पो त्यो झुल्ने त हातमा बाल्टिनमा सफा गर्ने पानी हो कि के र ब्रुस लिएको मान्छे रहेछ । हामी त्यहाँको कामकुरो सकेर बाहिर निस्कियौं सडकमा । मेरो अघिदेखिको ध्याउन्न छँदै थियो हेरें अघिकै झ्यालतिर । आम्मै ! त्यति अग्लो घरको कतै समाउने अल्झिने ठाउँ नभएको बाहिरी भित्तामा छतबाट झारिएको लट्ठामा बाँधिएर आरामसाथ पो त्यो मान्छे त कतै यादै नगरी पुछिरहन्छ है । मलाई तल सडकबाट माथि हेर्दै आकाश लाग्ने त्यो उचाइमा जति सुरक्षित छु भने पनि कस्तो डर त अलिअलि लाग्नुपर्ने नि भन्छु चित्तै बुझ्दैन । दोहोऱ्याईतेहऱ्याई हेरें अनि मात्र बाटो लागें ।

मलाई चाहिँ यस्तै उल्काउल्का मात्रै हेर्न मन लाग्दो रहेछ । यस्तैयस्तै केकेहरू देख्न पाइन्छ कि भन्दै हिँड्दो रहेछु क्या हो । एक दिन म एक्लै थिएँ खाना खाने बेला भएको थियो । होटेलबाट निस्केर नजिकैको चोकतिर लागें । जाँदा बाटैमा देब्रेपट्टि निर्माण कार्य हुँदै रहेछ । ओहो ! यहाँ त काम पो हुँदै रहेछ भन्दै अघि बढे सानो रेस्टुराँतिर । रेस्टुराँमा पसें । फलफूल, जुस र चिकेन रोस्ट लिएर एउटा टुलमा बसें खानलाई । एकैछिनपछि मेरै छेउमा एउटा मान्छे उही मेरै जस्तो जस्तो खाना लिएर आयो । त्यत्तिकै खाँदै बस्नुभन्दा बरु गफ गर्नुपऱ्यो भनेर परिचय मागें र दिएँ पनि । ऊ क्यानडाको नागरिक रहेछ । अमेरिकामा काम गरिखान

आएको हुँ भन्थ्यो । ऊ त्यही अघि मैले देखेको काम हुँदै गरेको ठाउँमा काम गर्ने मजदुर रहेछ । क्यानडा आफैं पनि सम्पन्न मुलुक हो त्यहाँबाट यहाँ किन आउनुपर्‍या होला भन्ने लाग्यो । एकछिनपछि खाइसकेर ऊ मसँग हात मिलाएर गयो र काम थाल्यो । उसले काम गर्ने ठाउँमा गएँ । लोडर धमाधम ट्रकमा माटो हाल्दै थियो । एक्स्क्याभेटरचाहिँ माटो खनिरहेको थियो । तीन जना बलवान् मान्छेहरू धमाधम काम गरिरहेको जस्ता देखिन्थे । यता नेपालमा त्यस्तो मेसिनले काम गरेको हैन, हूलमा मिसिएर हेर्ने यो लिम्बू त त्यहाँ पनि पो वाल्ल परेर हेर्‍या हेर्‍यै भएछ । एकछिनपछि पो हेर्छु वरिपरि कोही छैनन् । ऊसङ्ग भएर धत् म पनि कस्तो उल्लू रहेछु, कसैले मलाई अचम्म मानेर त हेर्दै छैन ? भन्दै त्यहाँबाट लुसुक्क चिप्लिहालें ।

यसरी मेरो अमेरिकी यात्राको दुई हप्ताचाहिँ वासिङटन डिसीमा बितेको थियो । साना-ठूला कुराले नै किन नहुन् त्यहाँको बसाइको क्षण सम्झाइरहन्छ । आज दश वर्षपछि त्यो यात्रा सम्झिनुपर्दा मेरो विगतप्रति भने बारम्बार अन्याय भएको महसुस हुन्छ । यदि अन्याय नहुँदो हो त म अझै धेरै यात्राका केस्राकेस्रा खोलाएर त्यसै बेला स्वाद लिन्थें होला । त्यसैले अहिले म टिपोटलाई पूर्ण रूप दिनुपर्दा परीक्षा दिइरहेको विद्यार्थीसरह पास हुन्छु कि फेल हुन्छु भन्ने डरले समातिएको अनुभव गरिरहेछु ।

# मेरो न्युयोर्कका मुत्तक बसाइ

वासिङटन डिसीको हाम्रो पहिलो हप्ते कार्यक्रम जनवरी १४, १९९४ को बेलुकी ३ बजे सकियो । त्यस दिनको केही घण्टा खाली हुने, भोलिपल्ट १५ तारिख पनि खाली र १६ तारिखमा पनि हाम्रो कार्यक्रम कनेक्टिकटको हार्टफोर्ड पुग्नु मात्र भएकाले त्यो करिब अढाई दिनको खाली समयलाई सदुपयोग गर्ने विचार गरी न्युयोर्क हुँदै कनेक्टिकट जाने भयौं । डिसीबाट चिनजानका साथीहरूलाई न्युयोर्क आउने खबर गर्दाओर्दा केही समय बित्यो । यसरी कार्यक्रम सकिएकै दिन साढे चार बजेतिर युनियन स्टेसनबाट छुट्ने रेलबाट न्युयोर्क प्रस्थान गऱ्यौं । मेरो मनमा उत्सुकताबाहेक कतै केही थिएन । नोटबुक र कलम तयार त गरेको थिइनँ कुन्ताको लेखक भइस् भन्ठाछन् भनेर । तर सकभर बढीभन्दा बढी नयाँ कुरा हेर्ने र कण्ठ गर्ने धुनमा चाहिँ थिएँ म । मलाई त्यसैत्यसै रमाइलो लागिरहेको थियो । युनियन स्टेसनमै यत्ति अग्ला न अग्ला काला मान्छेहरू आरामकुर्सीमा ऊन्डैऊन्डै लम्पसार परेजस्तो स्थितिमा लहरै आठ-दश जना मान्छे देखिए । यसो टाउकोबाट जीउ हेर्दै मान्छेको लम्बाइ नाप्दै गएँ । खुट्टामा आँखा पुग्दा पो थाहा भयो तिनीहरू त मज्जाले जुत्तामा पालिस गराउँदै रहेछन् । लगाउने र लगाइमाग्ने दुवै काला जातिका देखिन्थे । पालिस गर्ने मान्छेचाहिँ अलिक केटै उमेरको देखिन्थ्यो । मेरो यात्राको रोचकता र नौलोपनको सुरुआत त्यहींबाट भइसकेको थियो । रेल चढ्यौं हामीले । म नेपालमा रेल नचढेको नाथे केटो त्यहाँको रेल चढ्न पाउँदा हवाईजहाजजस्तै ठान्न पुगेछु । बस्दा झ्यालपट्टि बस्ने हतार पनि पूरा गरेको थिएँ । मलाई बाहिर हेर्न नपाउँला भन्ने पीर थियो त्यस कारण ।

एउटा कुराले मलाई आकर्षित गरेको थियो । बाटोको साना बस्तीछेउछाउमा र जङ्गलमा जति हिउँले छोपिँदाछोपिँदै पनि फोहोर थुपारिएको देखिन्थ्यो, अव्यवस्थित ढङ्गले फालिएको देखिन्थ्यो । कसरी यस्तो हुँदो रहेछ सोच्दै म अगाडि हेर्दै गएँ । कहीं भने पुराना गाडीहरू मात्र थुपारिएको देखियो, डम्प गरिएको रहेछ । काम

लाग्ने पुर्जाहरू बेच्ने र अरू त्यसरी फालिने रहेछ । बाटोमाथि बाटोको खात त कति ठाउँमा भेटिन्छ भेटिन्छ अमेरिकाजस्तो विकसित मुलुकमा । मलाई हामी चढेको रेल चाँडै न्युयोर्क नपुगे हुन्थ्यो जस्तो लागिरह्यो । किनभने मलाई धेरैभन्दा धेरै नयाँ कुरा मनमा बोकेर नेपाल फर्कनुपर्ने थियो । बेलाबेला बाटामा देखिने हजारौं चिहानहरूले मलाई मेरो गाउँको चिहानडाँडा र तीतेपातीघारीहरू सम्झना नगराएको पनि हैन । हिउँले त्यहाँको जमिन नढोपिदिएको भए मैले त्यहाँको ढुङ्गा, माटो, कान्ला र त्यहाँको झारझाडीहरू यताको जस्तो छ कि छैन भनी हेर्थें होला ।

जति जे भने पनि हाम्रो रेल साढे तीन घण्टापछि न्युयोर्कको पेन स्टेसनमा अडियो । समय बेलुकीको साढे सात जति भएको थियो होला । हामी रेलबाट निक्लियौं । तर निक्लनेबित्तिकै मेरा आँखा स्टेसन आसपासमा सऱ्याकसऱ्याक हावाले उडाउँदै गरेको बिस्कुट हो कि चाउचाउको खोलहरूतिर पुगे । यसो भुइँतिर हेरें सफा त सफै थियो तर फुटेको हत्केला अथवा चिराचिरा कुर्कुच्चामा गाडिएको मैलोजस्तै थियो । झट्ट मनमा लागिहाल्यो डिसीभन्दा न्युयोर्क अलि फोहोर रहेछ । हामीलाई लिन विनोद विष्ट, वलराम थापा र निरञ्जनमानसिंह बस्न्यात आउनुभएको थियो । उहाँहरू हाम्रो फोनअनुसार कोको कहाँकहाँ बस्ने भन्ने सबै मिलाएर तीनै जना एकैचोटि आउनुभएको रहेछ । न्युयोर्कमा नेपालीहरूको बसाइ भनेको काठमाडौंमा डेरा बसेझैं त थियो । त्यस कारण हामीलाई चारतिर बाँडिएको थियो । म र गोविन्दबहादुर शाह निरञ्जनमानसिंह बस्न्यातकोमा पऱ्यौं भने डा. जयराज आचार्यकोमा चेतकुमारी दाहाल, कृष्णप्रसाद भट्टराई (पर्वत) र गोपालजीजङ्ग शाह पर्नुभयो । त्यसै गरी दीपकुमार उपाध्याय र गणेश पण्डित विनोद विष्टकोमा र बलबहादुर कुँवरलाई बलराम थापाकोमा पारिएको थियो ।

मैले भूगोलमा आकाश छुने घरहरू न्युयोर्कमा छन् भन्ने पढेको मात्र थिएं । तर यो भ्रमणमा देख्न पनि पाएको थिएँ । ओहो ! साँच्चै प्रत्यक्ष अनुभव गर्नु र पढ्नु मात्रैमा यत्ति धेरै अन्तर हुँदो रहेछ । पढ्दा कत्ति अग्ला होलान् घरहरू भनेर सिङ्गो यौटा घरको फेदमा बसेको कल्पना गर्थें म । तर त्यस्तो अग्लैअग्ला घरहरू सडकको दुई किनारामा लहरै उभिएपछि हुने र सुरुङजस्तो लाग्ने ठाउँमा पुग्दा त पक्क पर्नुबाहेक मेरो उपाय थिएन । पहिले त फुटपाथबाट वरपर पसलहरू, कार्यालयहरू, सडकका ढलहरू, हुइँकिरहेका गाडीहरू आदि मात्र हेर्दै हिंड्दै थिएं त्यस्तो केही भएन । तर जब यसो आँखा उठाएँ जमिनमाथि ओहो ! अनि पो माथिमाथि हेर्दै गयो घरको तला मात्र देखिन्छ घर सकिँदैन । त्यसमाथि देखिने आकाश देख्नुभन्दा अगाडि मलाई म उभिएको सडक सुरुङजस्तो लागिसकेको

थियो । न्युयोर्क सम्झँदा सम्झनुपर्ने त्यो क्षण पहिलो दर्जामा परेको छ । हाम्रो धरहराजस्तो थुप्रैवटा धरहरा जोड्नुपर्थ्यो न्युयोर्कका घरहरूको उचाइ नियाल्दा । मलाई लाग्यो भुइँतलामा बसेर बनाइएको 'धरहरा हेर्दा टोपी खस्छ' भन्ने भनाइलाई अब छाड्नुपर्छ, दोहोऱ्याउनु हुन्न ।

न्युयोर्कमा अर्को एउटा सम्झना आइरहने कुरा सुरुमै पर्न गयो । हामी पेन स्टेसनबाट ट्याक्सीमा बस्न्यातजीको डेरातिर लाग्यौं । ट्याक्सीचालक पाकिस्तानी परेछन् । हामीलाई देखेर उसले 'तपाईंहरू युएनमा आउनुभएको हो ?' भनेर सोध्यो । सायद हाम्रो नेपाली भाषा सुनेपछि यिनीहरू नेपालका रहेछन् पक्कै पनि हिन्दी बुझ्छन् भनेरै होला उसले हिन्दीमा सोधेको थियो । मलाई किन सोधेको होला भन्ने लागिहाल्यो र हतार पनि मैलाई परेछ 'होइन, किन र ?' प्रतिप्रश्न गरिहालें । त्यसपछि उसले भन्यो, "संसारभरका मान्छे न्युयोर्कमा छन् । प्राय: बाहिरका मान्छेहरूले युएनलाई घृणा गर्छन् । मुसलमानहरूले रुन् हेर्न सक्दैनन् । युएन भनेको अमेरिकाको स्वार्थसिद्ध गर्ने हतियार मात्र हो ।" उसले फेरि थप्यो, "बोस्निया हर्जगोभिनाको अपराधी त अमेरिका नै हो ।" मैले पनि युएनबारे उसको धारणामा सहमति जनाएपछि ऊ निकै खुसी देखियो । सहमति जनाइरहँदा युएनले अमेरिकाको अन्य राष्ट्रमाथिको अत्याचार नियन्त्रणमा लाग्दै नलागेको थुप्रै घटनाहरू सम्झिरहेको थिएँ । त्यत्तिकैमा हाम्रो ट्याक्सी एउटा घरको फेदमा रोकियो । फेद यस अर्थमा कि घर रूखभन्दा पनि अग्लो थियो । सगरमाथाको त फेद हुन्छ भने यहाँ फेद शब्द नै उपयुक्त लाग्थ्यो । त्यो घर जम्मा कति तलाको थियो कुन्नि तर हामीचाहिँ २२ औं तलामा चढेका थियौं । यसो झ्यालबाट तल हेरेर गोविन्दजी त आत्तिनु पो भयो । कहाँकहाँ के के भइआएछ र 'विजय जी हेर्नोस् त लौ कस्तो देखिन्छ' भन्दै हेर्न लाउनुभो मलाई । मलाई हेर्न भनेर झ्याल छाडेपछि उहाँचाहिँ अरू साथीहरूलाई त्यो नौलो अनुभव फोनमा गर्न थाल्नुभयो, "लौ हामी त २२ औं तलामा छौं तपाईंहरू कस्तोमा हुनुहुन्छ ?" मलाई गोविन्दजीको त्यो आत्तेसपना र खुसीपना त्यत्तिकै रमाइलो लाग्यो । मैले पनि यसो झ्यालबाट तल हेरें सानो चोक परेको ठाउँ थियो । त्यो चोक मलाई असनभित्रको ढुङ्गेढुङ्गा छापेको ठिकै सफा राखिएको चोकजस्तो लाग्यो । माथि हेरेको त मैले त्यो घरको टुप्पा देख्न पाइनँ । अरू घरको पनि मुस्किलले आकाश छुने टुप्पाहरू देखिन्थे । बस्न्यातजीकोमा भएको हाम्रो दुई दिनको बसाइ कतै कुनै अप्ठेरोबेगर बित्यो । बरु उहाँकोमा त्यो बिहानबिहानको खाजासँग सिसाको लामो गिलासभरि चिसो दूध खानुपर्दा चाहिँ मलाई गाह्रो परेकै हो । उता त्यस्तो चिसो दूध खाने चलन रहेछ । यहाँ भने चिसो त के तातो पनि

सानो चिया गिलासमा समेत नियमित रूपमा खान पाइन्नथ्यो । अनि त गाह्रो नपरेर के हुनु नि । मलाई कतै त्यसरी चिसो दूध खानुपऱ्यो भने त्यही निरञ्जनजीको न्युर्याकको डेरा सम्झना आइहाल्छ । उहाँहरूको त्यस बेलाको हार्दिकताले मलाई भने झनै अप्ठेरो परेको थियो । त्यसै पनि अप्ठेरो मान्ने मान्छे म, त्यसमाथि दुःख दिइयो भन्ने लागेर झनै गाडिन्थें म ।

भोलिपल्ट १५ तारिखमा पूरै फुर्सद भएकाले हामी ग्रेलाइनको पर्यटक बसमा दृश्यावलोकनमा निस्क्यौं । हामी पनि अमेरिकाका लागि पर्यटक भयौं लौ जा । मनमा यस्तै लाग्दै थियो पर्यटक बस चढ्दै गर्दा । हामीले हड्सन वे र त्यसमा रहेको स्वतन्त्रताको मूर्तिलाई हेर्ने विचार गऱ्यौं र गयौं । तर हड्सन किनारमा यति चिसो चल्यो कि अमेरिकाको तीनहप्ते बसाइभरि त्यस्तो कतै महसुस गरेनौं । हामीले उदारताको मूर्तिलाई टाढैबाट हेरेर चित्त बुझाउनुपऱ्यो चिसोको कारण । त्यसै हिउँ नै हिउँ परेको याम त्यसमाथि नदीकिनारको डाम्ने चिसो सिरेटो खपिसक्नै भएन । दुई-चार फोटो खिच्यौं मुस्किलले र हतारहतार गाडीतिर कुदिहाल्यौं । हाम्रा सहयोगीहरूले ओभरकोट किन्न जोड नगरेको भए त्यस बेला हाम्रो कान र अनुहार मात्रै हैन जीउसमेत चिसोले सोत्र्याउँथ्यो होला ।

त्यस दिन अपराह्न २ बजे मीनेन्द्र रिजाल (हाल डा. मीनेन्द्र रिजाल, ने. का. प्रजातान्त्रिकका केन्द्रीय सदस्य) जीको डेरामा हाम्रो टोलीलाई भेटघाटका लागि आमन्त्रण थियो । हामी समयमै पुग्यौं । त्यहाँ उपस्थित अधिकांश साथीहरू एलायन्स फर डेमोक्रेसीका हुनुहुँदो रहेछ । जसले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सहयोग पनि गरेको थियो । भेटघाटको कार्यक्रम परिचयको क्रमबाट सुरु भयो । परिचयपछि नेपालको राजनीतिक परिस्थितिका बारेमा छलफल सुरु भयो । म जे सोचेर खुल्ला दिमागका साथ त्यहाँका साथीहरूसँग छलफलमा उत्रिएँ त्यसको ठीक उल्टो नेपाली काङ्ग्रेसका साथीहरू दीपकुमार उपाध्यायबाहेक अरूचाहिँ उही सत्तापक्ष र विपक्ष भएजस्तै गरेर कुरा गर्न थाल्नुभयो । मलाई अमेरिकायात्रामा ठाउँठाउँमा उहाँहरूबाट यस्तै खालका अभिव्यक्ति सुन्नुपर्दा असाध्य दिक्क लाग्दै आएको थियो । त्यहाँ, त्यो पनि नेपाली राजनेताहरूका बारेमा पितृ बुझाउने देशप्रति चिन्तित नेपाली लोकतन्त्रप्रेमीहरूमाझ यताका देश बनाउने जिम्मा पाएका सांसदहरूको त्यो ताल देख्दा देशचाहिँ नसप्रने भयो भन्ने पीरले सताइरहन्थ्यो मलाई ।

जे होस्, त्यस भेटघाटमा मैले चाहिँ आफ्नो पार्टीको कमजोरी र सत्तापक्षको कमजोरीका बारे खुलेरै कुरा राखेको थिएँ । त्यसैमा मलाई सन्तुष्टि मिलेको थियो ।

कम्तीमा मैले झूट बोलिनँ मात्र हैन अरूलाई गलत कुरा पनि सुनाएको छुइनँ भनेर पनि ढुक्क थिएँ । त्यो भेटघाटमा गजब के थियो भने उताका साथीहरू प्राय: भट्टराई समर्थक नै रहेछन्, त्यस्तै यताबाट जाने नेका सांसदहरू पनि एक जना चेतकुमारी दाहालबाहेक सबै भट्टराई समर्थक नै थिए । तर उताका भन्दा यताकाहरू भने आवश्यक मात्रामा समेत देशप्रति चिन्तित नभई उही लिँडे ढिपी गरिरहेका थिए । छि: मान्छे कति सारो स्वार्थी हुँदो रहेछ पार्टीको खोक्रो आडम्बर र प्रतिष्ठाको नाममा देश र जनतालाई ढाँट्ने र बेवास्ता गर्ने !

त्यही बेलुकी हाम्रो टोलीलाई बेलुकीका खानाका लागि राजदूत डा. जयराज आचार्यकोमा बोलाइएको थियो । हामी त्यहाँ बेलुकी साढे ६ बजेतिर पुग्यौं । त्यहाँ पनि मूलत: राजनीतिक कुराकानी नै भयो । तर कर्मचारीहरू पनि थपिएकाले मीनेन्द्र रिजालकोमा जस्तो राजनीतिक बहस भने त्यति चलेन ।

न्युयोर्कमा हेरेमध्येको अर्को सम्झनलायक ठाउँ विश्वको नै होला दोस्रो ठूलो चर्च रोज म्यारी पनि लाग्यो । सो चर्च १०० वर्षअगाडि बनाउनु सुरु गरिएको र पूरा गर्न अझै १०० वर्षजति लाग्ने कुरा त्यहाँका कर्मचारीले हामीलाई बताएका थिए । अचम्मै लाग्यो । ढुङ्गैढुङ्गाले निर्मित त्यो शान्त चर्च साँच्चै भव्य देखिन्थ्यो । भित्र पस्ता ढुङ्गा मात्रको बाक्लो दरबार लाग्छ मान्छेलाई । मलाई चाहिँ पहाडको मेरो घरमाथिको खन्यूको लहरे जरा भुइँसम्म बाक्लै झरेको भित्र पसेर पिङ खेलेजस्तो लाग्यो । बिलकुल उही बच्चा आनन्द मिल्यो । तर मैले सोचेकै थिइनँ सो चर्चवरिपरि र सहरमा पनि काला र सेता जातिका मागिखाने पनि त्यतिका भेटिन्छन् भनेर । त्यो देख्दा मलाई हाम्रो पशुपतिनाथको मन्दिरवरिपरिको भीडको सम्झना भएको थियो ।

यो नियात्रा लेखिरहँदा बेलाबेला आफैंलाई प्रश्न गर्न थाल्छु के तँ अमेरिकामा के के नराम्रा कुराहरू हुन्छन् र देखिन्छन् त्यही मात्र खोज्न गएको थिइस् ? तर म आफैं उत्तर पनि दिइरहेको हुन्छु राम्रो कुरा त राम्रै छँदै छन् नि किन लेखिरहनुपर्‍यो र ? हुन पनि नराम्रै कुरा मात्र खोज्न गएजस्तो हामी न्युयोर्कका केही गरिब टोलहरूमा पुगेछौं फेरि । ती ठाउँ देख्दा मलाई भारतको कलकत्ताको पुरानाभन्दा सारै पुरानो पनि हैनन् नयाँभन्दा सारै नयाँ पनि हैनन् जस्ता ठाउँहरूको सम्झना भयो । त्यहाँका भुइँ त अझ हिउँले ढाकेर छोपिएकै थियो । तर पुराना ईंटाले बनेको घरहरू, बिनासम्भारका पार्कहरू, प्रशस्त झ्यालढोका नभएका घरहरू, त्यसमा बाहिरैबाट खिया परेका ठाडो र घुमाउने फलामे लिस्नुहरू आदिलाई भने हिउँले छोपेको थिएन । यसो बस्ने ठाउँ हेर्दा हात र अडेसा भाँचिएर बिजोग पार्कको एउटा

फलामे बेन्चछेउमा उभिएर म त्यो देख्दै दरिद्र लाग्ने टोललाई नियालिरहेको थिएँ। मेरो एउटै मात्र अमेरिका नामसँग प्रश्न सोध्नु थियो त्यस बेला 'के त न्युयोर्क सहरभित्र यस्तो गरिब अङ्ग रहनु स्वाभाविक उत्तर थियो मजस्तो गरिब राष्ट्रको मान्छेलाई ?' मलाई यस्तै लागेको थियो 'वासिङटन डिसीको ह्वाइट हाउसको एक डेढ किलोमिटर भित्रै पनि अत्यन्त गरिब काला जातिको बस्ती छ जहाँ गरिब मुलुकमा जस्तो विकृतिहरू र पिछडियापन हुन्छ। त्यस्तै त्यस्तै चरित्रहरू पाइन्छन्' भन्ने सुन्दा। यिनै कुराहरू सुन्न र देख्न पाएपछि 'सम्पन्न मुलुकमा आर्थिक असमानता नहुने भन्ने कुरा असत्य रहेछ' भन्ने निष्कर्षमा मैले जबरजस्ती पुग्नुपरेको थियो। सडकहरूमा विभिन्न विज्ञापनका पोस्टरहरूका साथमा यौनसम्बन्धी विज्ञापनहरू पनि देख्न पाउँदा त पत्रपत्रिकाहरूमा सम्पर्कसूत्रसहितको यौनविज्ञापन देखेपछिको छक्क पराइ नराम्ररी हाऱ्यो। त्यसरी खुलेआम यौनविज्ञापन देखिनु-भेटिनु नेपालजस्तो मुलुकको त्यही पनि कम्युनिस्ट पार्टीको सांसदलाई हुनसम्मको अचम्म लाग्न पुग्यो। पुँजीवादी खुला समाजको त्यस्तो भयङ्कर विकृतिको त्यो पाटोलाई मैले कसरी स्विकार्न सक्थें र। अर्को कुरा अत्यन्त औपचारिकतामा अडिएको परिवार व्यवस्था र बाबुआमा र केटाकेटीबीचको छिमेकी व्यवहारले मेरो मन कतै पनि जितेन। ठीकै छ बाबुआमाको खुट्टामा छोराछोरीले उमेर पुगेपछि पनि उभिन खोज्नु राम्रो हैन उनीहरूलाई स्वावलम्बी बनाउनुपर्छ। तर स्वावलम्बी बन्ने बनाउने नाममा त्यति धेरै औपचारिकता, संवेदनहीनता, आत्मीयताबेगरको सम्बन्ध र यौन स्वतन्त्रता हुनु कम्तीमा मलाई सारै मन परेन। अमेरिकाबाट नेपाल फर्कंदा 'यौटा मनै नपर्ने प्रभाव के लिएर आइस् ?' भनेर कसैले मलाई सोध्यो भने मेरो पहिलो उत्तर हुनेछ 'त्यहाँको परिवार व्यवस्था ठीक छैन।'

हामीले न्युयोर्कको त्यो मुक्तक बसाइमा प्रसिद्ध गायक (कलाकार) जोन लेनोनलाई मारेको घर, हिउँ नै हिउँले ढाकेको केन्द्रीय पार्क, रक फेलर सेन्टर, म्यान ह्याटन भवन, ट्विन टावर, चाइना टाउन आदि ठाउँहरू हेर्न भ्यायौं। कुनै ठाउँमा छिचोलेरै पुग्यौं, कुनैलाई टाढैबाट हेरिदियौं र कुनैलाई हिउँले छोपिए पनि 'सुन्दर छ' ठानेर नजिकबाट हिँड्यौं। यति भएपछि करिबकरिब हाम्रो न्युयोर्क डुलाइ सकिएको थियो। अझ धेरैधेरै थिए होलान् हामीले हेर्नुपर्ने र बुझ्नुपर्ने कुराहरू तर समय र सम्पत्तिले साथ नदिएका नेपाली सांसदहरूलाई त्यति नै 'इ यसरी काफी' भएजस्तो पनि भएको थियो। हामीले यत्तिमै सिङ्गो न्युयोर्कलाई हेरेको ठान्यौं।

# कनेक्टिकटमा तीन दिन

न्युयोर्कमा भेटिनुभएका नेपालको राजनीतिबारे अत्यन्त चासो राख्ने नेपाली साथीहरू मीनेन्द्र रिजाल, निरञ्जनमानसिंह बस्न्यात, बलराम थापा, विनोदप्रसाद विष्ट र डा. जयराज आचार्यहरूको हार्दिक र न्यानो स्वागतसत्कारको भारी बोकेर हाम्रो टोली १६ तारिख १९९४ का दिन आआफ्नो बस्ने ठाउँबाट बिहान साढे आठ बजेतिर Pen Station मा जम्मा भयो । सहयोगीहरूको सहायताबाट बसको टिकट लियौँ र हार्टफोर्ड कनेक्टिकटका लागि गुड्यौँ । हामीले जानीजानी रहरले बस चढेका थियौँ । मलाई अहिले पनि याद आइरहेको छ । न्युयोर्कदेखि हार्टफोर्डसम्मको यात्रा कताकता स्वप्नदेशमा मधुरमधुर सुस्त-सुरम्य भावका साथ हिँडेजस्तो लागेको थियो । अत्यन्तै फराकिला सडकका खातहरू, तिनको दायाँबायाँ परेको हिउँ नै हिउँ, कतै ट्राफिक प्रहरी नदेखिने विशाल चोक र मोडहरू, सडकैसडकको भीड अनि ती सब बीचबाट उत्सुकता र रहरले घिस्याइएको म भने बढीभन्दा बढी दृश्यहरू सम्झन सक्ने गरी कण्ठ गरिरहेको थिएँ ता कि पछि सम्झन खोज्दा मनमा सरासर आउन सकोस् । त्यो पनि साथीहरूले हो कि कसले हो 'सामान कहाँ राखेको छ त्यो नबिर्सनका लागि राखिसकेपछि यहाँ राखेको छु भनी मनमा दोहोऱ्याउनुपर्छ' भनेका थिए र मैले त्यस यात्राका दृश्यहरू दोहोऱ्याईतेहऱ्याई कण्ठस्थ पार्ने प्रयत्न गरिरहेको थिएँ । त्यही यात्रामा मैले एउटा सानो कविता पनि लेखेको थिएँ तर राम्रो नलागेर सार्वजनिक गर्न आँट गरेको छैन । म बाटामा पर्ने विभिन्न ठाउँहरूको नामलाई सकभर पढ्ने कोसिस गर्थें । हुन त सगरमाथाको देशमा जन्मेको मैले यसो भन्नु त नसुहाउने हो तर अरूभन्दा पनि सायद हिउँले नै होला जस्तो लाग्छ अमेरिकाका ती ठूलादेखि साना सहरबजार र गाउँहरू मलाई सारैसारै मन परेका थिए ।

हामी हार्टफोर्ड पुग्यौं । हामीलाई बस्नका लागि हार्टफोर्ड सेराटन होटेलमा व्यवस्था मिलाइएको रहेछ । आआफ्नो कोठामा सामानहरूको थान्कोमुन्को गऱ्यौं ।

त्यस बेलुकी त्यत्तिकै बित्यो । त्यहाँ राम र प्रतिमा उपाध्यायबाट सुरुमै हामीलाई सहृदयी व्यवहारबाट लछप्पै भिजाइयो । कति आफन्त लाग्ने भेटघाट होला त्यो, म बेलाबेला सम्झिरहन्छु । त्यसैले नै होला कनेक्टिकटको प्रसङ्ग कतै आइहाल्यो भने त्यही होटेलको लबीमा भेटिएका उपाध्यायदम्पतीको सम्झना भइहाल्छ । अहिले उहाँहरू उतै हुनुहुन्छ कि नेपाल फर्किनुभयो होला ? भन्ने लागिरहन्छ । खै, अरूलाई पनि यस्तो लाग्छ कि मलाई मात्र लाग्या हो कुन्नि ! रामजी Institute for Public Service International, University of Connectiact मा पढाउनुहुँदो रहेछ जुन संस्थाले धेरै नेपाली सरकारी अधिकृतहरूलाई तालिम दिइसकेको रहेछ । प्रतिमाजी भने हाम्रो सहयोगी पुष्पा सुवेदीका सम्बन्धी रहिछिन् । कनक्टिकटमा रहन्जेल हाम्रो कार्यक्रमको व्यवस्थापन World Affairs Council ले गरेको थियो ।

१७ तारिखका दिन हार्टफोर्डदेखि गाडीमा एक घण्टा लाग्ने दूरीमा रहेको न्यु ह्याभेनमा हामीलाई खाना खाने निम्तो थियो । निम्तो दिने India Palace Restaurant का मालिक लक्ष्मण शर्मा थिए । हामी त्यस बिहान यताउतामा बिताइसकेपछि न्यु ह्याभेन पुग्यौं । हामीलाई राम उपाध्यायले त्यसतर्फ डोऱ्याउनुभएको थियो । मलाई बडो अचम्म लाग्यो, त्यो के भने त्यो ठाउँमा त्यस्तै थुप्रै रेस्टुराँहरू थिए । जुन हेर्दा सानासाना तर बडा फुर्तिला देखिन्थे । ती फुर्तिला देखिनेमध्येको एउटा फुर्तिलो रेस्टुराँका रुनै फुर्तिला मालिक लक्ष्मण शर्माको न्यानो सत्कार र अत्यन्त सहज व्यवहारले म त हतप्रभ नै भएको थिएँ । उनी भन्दै, बोल्दै पनि गर्थे र अनेक निहुँ बनाएर हामीलाई जबरजस्ती नेपाली पाराले खाना थपेका थप्यै थिए । खाना थपेर हैरान पारेका थिए शर्माले । त्यसरी उनले खुवाएजसरी आफैं पस्किंदै खाएको भए खाएको हैन धिचिएको ठहर्थ्यो । अब आफैं कल्पना गर्नोस् न, उनले कति खुवाएछन् । मलाई शर्माको त्यो ढिपी देख्दा हाम्रो लिम्बूवानमा लिम्बूनीहरूले भात थप्न नमान्ने पाहुनाको हात च्याप्प समातेर हटाईहटाई हातैले भात थपेजस्तो लागिरह्यो । मलाई उनको लल्याकलुलुक परेको हार्दिकता र मीठो खानाको सम्मिश्रण अचम्मै निलिने वस्तु लागिरहेको थियो । उनलाई सायद थाहा थियो होला औपचारिकता र सहज खाइपियाइ एकअर्काका दुस्मन हुन् भनेर । उनले थपेको खाना फाल्न पनि खेर जाने, फेरि के ठान्लान् भनेर पनि जबरजस्ती खाइयो । उताको चलनमा त्यस दिन अगस्तिजैं खाइयो होला । अँ, शर्माजीलाई नेपालीको खानाको मात्रा सम्झना हुन छाडेरै होला त्यसो गरेका– हामीलाई विदेशीले के खान्छन्, कति खान्छन् भन्ने थाहा नभएको जस्तो ।

शर्माजी मालिक भएर पनि बेयरासरि खटिरहेका थिए । मैले सोधें– "हैन, तपाईं आफैं यसरी खट्नुहुन्छ ?" ओहो ! उनको उही हतारको उत्तर थियो–

"हेर्नोस् हजुर ! मैले यहाँ धेरै सङ्घर्ष गरेको छु । मैले सानोभन्दा सानो कामबाट यहाँ यति बनाउन सकेको छु । काम गर्दा कोही सानो हुँदैन, यो मेरो काम हो र मैले यो गर्नुपर्छ ।" यति भन्दै शर्माजी खाना टेबलको वल्लो छेउबाट पल्लो छेउ हुँदै भात पकाउने कोठाको ढोकाछेउ पुगिसकेका हुन्थे । कामप्रतिको मोह र सम्मान गर्ने संस्कारले शर्मालाई जितेछ । उनलाई यताको पिछडिएको 'सानो काम गर्दा सानो भइन्छ' भन्ने सोचले उहिले कहिले छाडिसकेको रहेछ । मेरा अरू साथीलाई त्यस बेला केकस्तो लाग्यो मलाई भने यस्तैयस्तै विभिन्न कुराहरूले छोइरहे । खाना टेबलको ठूलो थालमा यति थाक राखेको पापड कुरुमकुरुम पार्दै म शर्माजीको करामत नियालिरहेको थिएँ । केकेचाहिँ गर्दा रहेछन् विचार गरिरहेँ ।

म हरेक ठाउँमा बढीजसो चुपै लागेर बस्ने गर्दथेँ । तर हरेक सानाठूला कुरालाई गौड गरेर हेर्नमा भने अरूभन्दा अघि हुन कोसिस गर्थें । मैले सुनेको थिएँ 'धेरै सुन्नु थोरै बोल्नु' तर त्यो भनेर त हैन, मेरो अघि सर्ने बानी त्यति नभएको र कुराकानीमा लाग्दा अरू हेर्ने-देख्ने विषय छुट्ला भन्ने ध्येयले नै म त्यसो गर्थें । मेरो त्यो बानीलाई डा. विष्णु पौड्यालचाहिं पटकपटक सह्राउनुहुन्थ्यो । बारम्बार कसो गर्दा त म पनि 'ए गाँठि ! चुप बस्नु त राम्रै पो हो कि क्या हो ?' भनी सोच्न थाल्थें । यता नेपालमा बढी बोल्ने तर कम सुन्नेहरूले मालामाल कमाएको, गरेको बिर्सेर 'बोल्नेको पीठो बिक्ने नबोल्नेको चामल पनि नबिक्ने' भन्ने बूढापाकाको अनुभवी उखान मेरो हकमा उल्टै रहेछ ठानें । जे होस्, मलाई बढीभन्दा बढी अमेरिकाको सम्झना नेपालमा ल्याइपुऱ्याउनुपर्ने थियो, त्यसैले त्यसो गर्दथें । हिउँ नै हिउँबीचको त्यो सानो रेस्टुराँबाट हामी बेलुकी चार बजेतिर हार्टफोर्ड फर्कियौं । New Haven बाट म शर्माजीको बानी अनुकरण गर्ने अठोटका साथ फर्किएँ । म नेपाली नेताहरूजस्तो आफूलाई बनाउन चाहन्नथें– विदेश डुल्योडुल्यो अनि नेपालमा आएर त्यस्तो गर्न-गराउन यादै नगर्नेजस्तो । 'शर्माजी अहिले के गर्दै छन् होला ? रेस्टुराँ चलाउँदै छन् कि छाडे होलान् ? उनले हामीलाई अब त बिर्सिसके होलान् !' बुझ्न मन लाग्छ । तर कसलाई सोध्ने दश वर्षअघिको कुरा । अब त बूढा पनि भए होलान्, म त सतचालीस वर्ष पुगिसकें त्यस बेलाको छत्तीसतिरको मान्छे अनि ।

त्यस दिन बेलुकीचाहिँ मेरो र दीपकुमार उपाध्यायजीको समय खाली नै थियो । अन्य छ जना साथीहरूलाई चाहिँ अमेरिकी जीवनसँग परिचित गराउनका लागि दुई-दुई जनाका हिसाबले तीन परिवारले खाना खाने निम्तो दिएका थिए । कृष्णप्रसाद भट्टराई र चेतकुमारी दाहाललाई Ceila Robbins कोमा, बलबहादुर कुँवर (हाल राजदूत श्रीलङ्का) र गणेश पण्डितलाई Scott र Gladys mac

Donough कोमा र गोविन्दबहादुर शाह (पूर्वराज्यमन्त्री) र पूर्वसहायक मन्त्री गोपालजीजङ्ग शाहलाई Roberta Gordenstein कोमा निम्तो थियो। श्रीमती Gordenstein का नातेदार नेपालमा थिए रे त्यस बेला। त्यो दिन रमाइलैरमाइलोमा बितेको अनुभव भयो मलाई।

१८ तारिख बिहान ८:४० मा Celia Robbins सँग होटेलकै लबीमा योजनाअनुसार हाम्रो भेट भयो। उनी साहित्यकार हुनुका साथै उनले Peace Corps नेपालमार्फत नेपालमा काम गरिसकेकी रहिछिन्। त्यस दिनको हाम्रो सहयोगी उनी नै थिइन्। उनले हामीलाई कार्यक्रमअनुसार बिहान नौ बजे अमेरिकी सिनेटर जोसेफ लिबरम्यान (Joseph Lieberman) को निर्वाचन क्षेत्रीय कार्यालयका निर्देशक Laura ले हामीलाई सिनेटरको आफ्नो क्षेत्रको स्थानीय कार्यालयको काम, भूमिका के हुन्छ ? सिनेटरले आफ्नो कुरा मतदाताहरूसमक्ष कसरी पुऱ्याउँछन् देखि लिएर सबै गतिविधिका बारेमा बताइन्। त्यो देख्दा पहिल्यैदेखि मलाई पनि मनमा लागिरहेको 'प्रत्येक संसद् सदस्यको निर्वाचनक्षेत्रमा एउटा व्यवस्थित कार्यालय हुनुपर्छ' भन्ने कुरा झन् प्रबल भएर आयो। त्यसैले मैले दोस्रोपल्ट २०५६ मा प्रतिनिधिसभा सदस्य भएपछि भने आफ्नो क्षेत्रमा पार्टीका साथीहरूको विमति हुँदाहुँदै पनि भौतिक सुविधासम्पन्न कार्यालय स्थापना गरेको थिएँ। सांसदहरूमार्फत क्षेत्रमा जाने बजेटलाई सम्बन्धित पार्टीको हितमा मात्र प्रयोग गरिनु हुन्न भन्ने कुरालाई स्थापित गर्नका लागि मैले संसद्को बैठकमा समेत प्रस्ताव गरेको थिएँ। तर नेपाल न हो, कति सांसदलाई मैले भन्या जस्तो मन पर्थ्यो र।

फेरि उतै। त्यही बिहान साढे दशमा हामी State Representative Thomas Ritter लाई भेट्न State Capitol को Legislative Office भवनमा गयौँ। उनी कनेक्टिकट प्रतिनिधिसभाका बहुमत पक्षका नेता र Speaker पनि रहेछन्। उनीसँग हामीले State legislature ले आवश्यक सूचनाहरू कसरी प्राप्त गर्छन् ? त्यसको काम, ऐन बन्ने विधि आदिका बारेमा जानकारी लियौँ। उनीसाथै अरूसँग पनि भेट्दा के लाग्यो भने वास्तवमा अमेरिकनहरू आफ्नो पेसा वा कामका बारेमा अत्यन्त इमानदार र जानकारी राख्दा रहेछन्।

त्यसै दिन हामीले बोल्टनबाट निर्वाचित State Representative Pam Sawyer, कनेक्टिकट वातावरण संरक्षण विभागका Legislative Liason Tim Phelan र Larry Williams लाई भेट्यौँ। Larry त्यस इलाकाको मुख्य दैनिक पत्रिका The Hartford Courant मा Legislature तर्फको काम हेर्दा रहेछन्। त्यो पत्रिकाचाहिँ त्यस ठाउँको लगातार छापिँदै आएको सबैभन्दा पुरानो रहेछ।

त्यहीँ हामीलाई State Capitol Press देखाउने एक जना महिला थिइन् । तिनी यति बोल्थिन् कि वाक्क लागेर हामी एकअर्कालाई हेर्दै हाँस्थ्यौँ । वास्तवमा वाक्कचाहिँ Press का बारेमा जान्न उत्सुकता नभएर नै हो । रुचि नभएको विषयमा धाराप्रवाह धेरैभन्दा धेरै जानकारी दिन खोज्नु वास्तवमा ती महिलाको कुनै दोष त थिएन उनी सोध्दै पनि गर्थिन्– 'के तपाईंहरूलाई दिक्दार लागिरहेको त छैन म बोलेर ?' भन्दै । हामीले दिक्क लाग्यो त भन्नै सक्तैनथ्यौँ, त्यसो भन्नु शोभनीय पनि हुँदैनथ्यो । मैले त्यसै बेला सोचेँ यिनलाई आफू धेरै बोल्छु भन्नेचाहिँ परेको रहेछ । हाम्रो टोली तिनीबाट कति बेला छुट्कारा पाइने हो भन्दै छटपट गर्न थाल्यो । तर पनि के र 'अहँ, दिक्दार लागेको छैन' भनेर उनीलाई भनिसकेकै थियौँ । मलाई लाग्यो, नेपालका संसद् सदस्यहरूलाई 'यति जाबो कुराचाहिँ नदेखाए पनि हुन्थ्यो' भनेर । वर्षौंसम्मको उनको अनुभव र जानकारी ती महिलाले बताएर सक्नु सकिन् । धन्न नेपाल र अमेरिकी चालढाल, भाषाभङ्गिमा र हाउभाउको भिन्नताले गर्दा उनीप्रतिको हाम्रो वाक्कपना उनलाई थाहा हुन पाएन । हाम्रो अभद्रतालाई त्यही भिन्नताले ढाकछोप गरेको थियो । तर उनलाई चाहिँ अत्यन्तै सन्तुष्टि मिल्यो होला आफ्नो कामप्रति । उनको जानकारी र अनुभव त प्रशंसनीय नै थियो नि फेरि ।

त्यस दिन बेलुकी भने साथी दीपकुमार उपाध्याय (संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री) र मेरो पालो अमेरिकी परिवारसँग जानु थियो । हामीलाई लिन होटेलमा लबीमा हाम्रा निमन्त्रणकर्ताहरू आउनुभएको थियो । मैले नेपालबाट लगेका ससाना उपहारहरू लिएर गएँ । हामी त्यस बेलुकी Dr. Donald Hight र Susan Hight का पाहुना थियौँ । दीपजी र म Hight दम्पतीसँग उनीहरूको घरतिर लाग्यौँ । हामी हार्टफोर्ड मूल बजारबाट यसो बाहिर गएजस्तो लाग्यो त्यस बेला । ती दम्पती पहिले नै नेपाल घुमिसकेका रहेछन् र हामीलाई के कुरा गर्ने होला भन्ने समस्या भएन । उनीहरूलाई नेपाल आउँदा काठमाडौँमा भेटिएका एक जना मानन्धरको सम्झना आउँदो रहेछ । हामी वरपरका कुरा गर्दै बस्यौँ । उनीहरूलाई नेपालको कुरा गर्नुपर्ने, हामीलाई भने अमेरिकाको कुरा गर्नुपर्ने । तर पनि तँछाडमछाड नगरी मजाले लामो गफ भयो । घरमा छोराछोरी त कति थिए अहिले बिर्सिएँ तर एक जना बिहे नभएकी छोरीमान्छे बच्चा लिएर केहीबेरपछि घरमा पसेकी थिइन् । Susan ले 'उ: मेरी छोरी हो, बिहे भएको छैन, त्यो उसको बच्चा हो, बिहे गरिदिनुपर्नेछ' भनिन् । उनको त्यो स्वाभाविक र सहज परिचय दियाइले भने मलाई मेरो गाउँको मनहर्के तामाङ दाजुकी छोरीको बिहेको सम्झना आयो । ती छोरीको दुई जना कि तीन जना बच्चा भइसकेपछि मात्र बिहेबारी भएको थियो । मलाई

बच्चाहरू खेलाउन मन पर्छ, बच्चा गनाएको पनि घिन लाग्दैन । त्यसैले मैले मन थाम्न सकिनँ र त्यो सानो नानीलाई बोलाउन थालें । देब्रे हातका औंलाहरू यसो चलाएर बच्चाको ध्यानाकर्षण गराउन खाजेको त बच्चाले बाईबाईमा पो हात हल्लायो । पछि पो थाहा भयो अलिक दिनपछि, मैले गरेको पारा त बाईबाई गर्ने उताको पारा पो परेछ । त्यो बच्चा मतर्फ ध्यान दिनुको साटो मलाई हेर्दै झन् बेसरी आमाको छातीमा पो टाँसियो । कुनै डरलाग्दो कुरा हठात् देख्दा आफ्नो भरलाग्दो मान्छेसँग टाँसिएजस्तै गरेको देख्दा मैले सोधें बच्चाकी आमालाई किन यसो गरेको भनेर । आमाको उत्तर सुनेर अब म तीनछक्क परें । त्यो बच्चा त मलाई चाइनिज भनेर पो त्यति डराएको रहेछ । मैले अझै सोधें त्यसबारेमा । Hight दम्पती भन्थे– 'यहाँ त अमेरिकनहरू Mao-Tse-Tung लाई राक्षस भन्ने गर्छन्, Communist लाई घृणा गर्छन् ।' त्यो कुराले म कम्युनिस्ट पार्टीको सदस्यलाई एकैचोटि सोचाइको अर्को कुनातिर एक्कासि थचारिदियो । सबैतिर यस्तै हो कि के हो तर बच्चैदेखि कम्युनिस्टलाई घृणा गर्न सिकाउने त्यो परिवारप्रति म थोरै अमिलिएं ।

हामी कुरा पनि गर्दै थियौं । मचाहिँ आँखा पनि घरको सजावट, राखनधरन आदिमा लगाइरहेको थिएँ । मैले बाँसुरी, मादल, ब्याग पाइप, पियानो आदि सङ्गीतका सामानहरू देखें । Hight दम्पती सङ्गीतप्रेमी रहेछन् भन्ने अनुमान त गरि नै हालें । मैले Donald लाई झन्झट दिऊँ कि नदिऊँ भनी सोच्तासोच्तै 'ब्याग पाइप बजाउनुस् न' भनिहालें । पाठकहरूलाई थाहा भएकै हुनुपर्छ जसलाई जे कुरा मन पर्छ वा जे गर्दै आएको छ त्यो गर्न लगायो भने ऊ तुरुन्तै सो काम गर्न तम्सन्छ । मेरो अनुरोध भुइंमा खस्न नपाउँदै Donald ले ब्याग पाइपको सुरसार गरिहाले । निकैबेर लाग्यो त्यो मिलाउन । त्यस बेलाचाहिँ बेकार भनेछु, सोचें । उनले बाजा मिलाएर धेरै रोइने गरी बजाए, घरको कुनाकुना ताजा भयो होला । मेरो सङ्गीतले जुरुक्क पारेको मनस्थितिले यस्तो ठान्यो त्यस बेला । झन्डैझन्डै हाम्रो सहनाईको जस्तो आवाजमा सुनिने त्यो बाजाको धुनले एकछिन त त्यो घरलाई खर्लप्पै निलेको थियो । त्यत्तिकैमा खाना तयार भयो र खान थाल्यौं । हामी त पाहुना डाइनुपर्‍यो पनि यताको जस्तो सजिलो चलाउन नमिल्ने । तैपनि नेपाली तरिकाको खाना थियो– दालभात, तरकारी, अचार । मजैले खाइयो । अहिले मैले बिर्से धेरै कुरा । त्यो घरमा अर्को एक जोडी बूढाबूढी पनि थिए । त्यही घरकै चाहिँ हैनन् छिमेकी अवकाशप्राप्त अफिसर हुन् कि जस्तो सम्झन्छु अहिले ती बूढा मान्छे । उनी रातापिरा र खाइलाग्दा देखिन्थे यताका बूढा लाहुरेहरूजस्ता । उनले नेपालीजस्तै जमेर थर्पाथर्पी खाना खाएका थिए । म आफैं नेपाली, मलाई समेत स्वाद लाग्ने गरी खाएको देख्दा नढाँटी

भनूँ मलाई उनीप्रति माया जागेर आयो। घरमा कहिले त्यति मीठो र त्यसरी अघाउँजी खान पाएका थिएनन् होला भन्ने कल्पना गरें। खाना थप्ताको, अघाएको सन्तुष्टि र तृप्त असिनपसिन उनको अनुहार बारबार सम्झना भइरहन्छ अचेल पनि। साँच्चै कोहीकोहीले खाएको देख्दै मन पर्छ, कोहीले खाएको देख्दा भने कसरी खाएको होला भनेर घिनै लाग्छ।

हामीले खाना खाइसक्यौं। खाइसक्तासम्ममा टुक्राटुक्री कुराहरू हुने नै भए। हात पुछपाछ गरें र अघिदेखि कति बेला छोऊँछोऊँ गरिरहेको म पियानो (बजाउन त जान्दिनथें) बजाउन थालें हारमोनियमको तालमा। त्यो देखेपछि त्यति बेरमा हातमुख चुठिसकेकी Susan छेउमा आइन्। पियानोको आवाज सुनेपछि उनले सोधिन्– 'तपाईं पियानो बजाउनुहुन्छ ?' 'अहँ, म जान्दिनँ तर हारमोनियम यस्तै हुन्छ त्यो मात्र जान्दछु।' मेरो उत्तर थियो। पियानोको पर्दाउतापट्टि ठड्याएर राखिएको नोटेसन कागज देखेपछि मैले पनि सोधें– 'यो कसले बजाउँछ ? तपाईंले ? सुनाउनोस्।' कति आतुरीका साथ छुट्टाछुट्टै अस्तित्वका प्रश्नहरूलाई एकैचोटि गुजुल्टयाएर सोधेछु। Susan ले 'म सिक्दै छु भनिन्।' मैले 'बजाउनोस् त' भनेर कुर्सी छाडेर उभिएँ र उनी बसेर बजाउन थालिन्। तर उनले राम्रो बजाउन जानिनन् र लजाउँदै बजाउन छाडेर मेरो मुखमा हेर्न थालिन्। मलाई थाहा थिएन अमेरिकी महिला त्यसरी लजाएको। उनको त्यो लजाइले अचानक नेपालमै ल्याएर थचारेको थियो मलाई। त्यस्तै लजाइले नेपाली महिलाहरूलाई धेरै ठाउँमा पछि पारेको छ भन्ने बनिबनाउ निष्कर्ष सम्झायो मलाई। अँ, फेरि पियानोकै कुरा, Susan को 'पियानो सिक्दै छु' भन्ने कुरा र त्यो नोटेसन कापीले मलाई फेरि सोचमा पाऱ्यो। वास्तवमा नेपाली र अमेरिकी सिकाइमा कति फरक हुँदो रहेछ। यहाँ हामी सङ्गीत सिक्ता सुरुमा नोटेसनमा त्यति पर्दैनौं पहिले सुर, ताल सिक्छौं र गीत बजाउनतिर लाग्छौं। तर उता त सुरुमै टुकुटुकु मात्र हैन बामे सर्न थाल्दा नै पो नोटेसन चलाउन थाल्दा रहेछन्। अनि उनीहरू हिँड्न थाल्दा नै नोटसनको सहारामा हिँड्दा रहेछन्। हामी त्यो परिवारसँग करिब तीन घण्टाको भलाकुसारीपछि बिदा मागेर होटेलतर्फ लाग्यौं। मलाई त्यहाँ बसुन्जेल साना बच्चाबच्चीलाई केही नलगी गएकोमा लाज लागिरहेको थियो।

१९ तारिखको बिहान साढे आठमा हामीलाई कनेक्टिकट युनिभर्सिटीको Institute for Public International (IPSI) मा जानु थियो, गयौं। त्यहाँ पनि केही नेपालीसाथै अन्य विदेशीहरूसँग भेट गरेका थियौं। सानो परिचय कार्यक्रम पनि राखिएको थियो। सम्झँदा पनि लाज लाग्छ। त्यो परिचय कार्यक्रममा कसले

परिचय गराउने भन्नेबारेमै हाम्रो टोलीका दुई जना साथीबीच विवाद भयो। अन्त्यमा दुवैले बोलेरै छाडे। अमेरिकामा पुगेर पनि त्यति सानो कुरामा नेपाली बेहोरा प्रकट हुन पुग्दा मलाई निक्कै लाज र दिक्दार पनि लागेको थियो। हाम्रा सहयोगीहरू त झन् कति अचम्ममा पर्नुभयो होला! IPSI ले संसारभरिबाट आउने सरकारी कर्मचारीहरूलाई कम्प्युटर, जनप्रशासन र वित्तसम्बन्धी तालिम दिने रहेछ। थुप्रै नेपालीहरूले त्यहाँबाट तालिम लिइसकेका पनि रहेछन्। IPSI का डा. अल्बर्टो पेनाले संस्थाका बारेमा हामीलाई पूर्ण जानकारी तथा कागजातहरू पनि दिएका थिए।

IPSI पछि हामी पश्चिम हार्टफोर्डका मेयर Sandara Klebanoff र Town Manager Barry Feldman सँग भेट्न पश्चिम हार्टफोर्ड Town Hall मा गयौं। Sandra लाई देखेपछि त म छक्क परें। उनी यत्ति चुस्त र सामर्थ्यवान् थिइन् कि एकछिनको भेटघाट र कुराकानीमै उनको व्यक्तित्वबाट प्रभावित हुनुपर्‍यो। उनी र उनका Town Manager Barry Feldman बाट सहरी विकास, जनतासँगको दोहोरो सञ्चार आदानप्रदान र स्थानीय सरकारको दायित्व आदिबारे जानकारी प्राप्त भयो। Sandra ले केन्द्रीय सरकारवाला पार्टीको विपक्षी हुनुको पीडा पनि हामीलाई बताइन्। मान्छेको स्वभावै हो आफ्नो घरको कुरा बाहिरकालाई भरसक नसुनाउने। Sandra ले पनि पहिले त भनिनन् तर जब हामी यताका विपक्षी सांसदहरूले अल्पमत हुँदाको पीडा के छ ? भनी छुट्ट्याएरै सोध्यौं अनि मात्र तिनले 'वास्तवमा विपक्षी हुन गाह्रो छ, माथिबाट आवश्यक सहयोगको वातावरण हुन्न' भनिन्। तर पनि Sandra को त्यो 'गाह्रो' लाई यता नेपालको 'गाह्रो' सँग तुलना गर्न मिल्दैनथ्यो। कहाँ भारतजतिको पनि राजनीतिक संस्कार नभएको नेपालको गाह्रो र संसारको सबैभन्दा शक्तिशाली मुलुकको राजनीतिक संस्कारअन्तर्गतको गाह्रो– आकाश र जमिनजस्तो।

एक दिन हामी येल युनिभर्सिटी घुम्न गयौं। त्यो वनविज्ञान अध्ययनसम्बन्धी संसारप्रसिद्ध युनिभर्सिटीको भौतिक संरचनाहरू सबै हेर्‍यौं। अनि एउटा कक्षाकोठामा भेटघाट कार्यक्रम राखियो। त्यसै बेला यसो शौचालयतिर पस्दा कौसीबाट बाहिरतिर हेरेछु। ओहो! सेतो रुवाजस्तो फुरफुर खसिरहेको थियो। नाङ्गा पात झरेको रूखमा आरु, पैयुँको सेतो फूलको झुप्पैझुप्पाजस्तो छ, भुइँभरि सेतै छ, के रैछ यस्तो भन्दाभन्दै हिउँ परेको कुरा हुँदा, कतै आक्कलझुक्कलमा हिउँ परेका दृश्यहरू टिभीमा देख्दा त्यही कनेक्टिकटको यल युनिभर्सिटी सम्झन पुग्छु। भेटघाटको कार्यक्रम सकिएपछि युनिभर्सिटी बाहिर आँगनमा एउटी केटीजस्ती देख्यौं हामीले।

यसो हेरेको उसले हामीलाई बोलायो । स्वर त केटाको जस्तो पो छ । अलिक कुरा गर्दै जाँदा नाम सोध्दा त ! केटा पो रहेछ हाम्रै पाटनको । Forestry पढ्नका लागि त्यहाँ पुगेको रहेछ कपाल लामो सङ्गीतकारहरूले पाल्छन् नि, त्यस्तै लामो र पछाडि मुठो बाँधेको । मलाई त्यस्तो वेशभूषा मन परेन त्यो बेला । आजभोलि त मन नपरे नि के र, केटाचाहिँ केटीजस्तो देखिनु र केटीचाहिँ केटाजस्तो देखिनु मन पराउने जमाना आएपछि ।

त्यही यल युनिभर्सिटी गएकै बेलुकी होला कनेक्टिकटमा रहेका नेपालीहरूबाट हामीलाई सत्कार कार्यक्रम राखिएको थियो । सुरुमा हामीलाई सानो हलको अग्रभागमा राखियो र परिचय कार्यक्रम सुरु भयो । परिचय सकिएपछि हामी सबैलाई नेपालको राजनीतिबारे प्रश्नहरू गर्न थालिए । नेपालबाहिर बसेका नेपालीहरू वास्तवमा नेपालको कुरा सुन्न अत्यन्त हतारिएका थिए । तर उत्तर दिँदै जाँदा हामी भने उही फेरि सत्तापक्ष र विपक्ष भएर पेस हुन थाल्यौं । त्यसले त्यहाँका नेपालीहरूलाई कतिको सन्तुष्ट गरायो कुन्नि मचाहिँ हाम्रो कुहेको पाराले बिलकुल असन्तुष्ट भएँ । म नेपाली काङ्ग्रेसका साथीहरूलाई बारम्बार भन्थें– 'कमसेकम नेपालबाहिर हुँदा त नेपालको पक्षमा बोलौं न ।' तर कहीं त्यसो भएन । अन्ततः हाम्रो त्यही बेवकुफीले गर्दा पनि हाम्रो देशको यस्तो हालत भएको छ अहिले किनभने यो दशा त्यस्तै व्यवहारहरूको कुल योग हो भन्दा अयथार्थ हुँदैन । हामीसँगको प्रश्नोत्तर कार्यक्रम सकिएपछि खानपानमा लाग्यौं । नेपालीहरूको स्वागतसत्कार नेपालीहरूबाटै भएको ठाउँमा टन्न मासु, दालभात खाइयो, अरू किसिमको खानाको त सम्झनै पो भएन त्यो बेला । अँ, त्यहाँ भने मैले वासिङटन डिसी र न्युयोर्कमा जस्तो नेपालको राजनीतिप्रति चिन्ता गर्ने भीड भेटिनँ । हुन त कनेक्टिकटको त्यो भेटघाट कार्यक्रममा युवायुवतीहरू नै बढी थिए, उनीहरूलाई राजनीतिको के मतलब नि ! त्यही भीडभाडमा एक जना पाटनकी सत्र-अठारकी सानी केटी र एउटा केटा गफ गर्दै थिए । केटी भित्तामा अडेसिएकी थिई र झन्डैझन्डै आमनेसामने टाँसिएलाटाँसिएला झैं गरेर केटो उभिएको थियो । उनीहरूको गफ गराइ र उभ्याइ हेर्दाहेर्दै लाजले म फनक्क अर्कोतिर घुमेको थिएँ । त्यही बेला प्रतिक्रिया जनाइहालें– "ए बाबा ! अमेरिकामा बस्यौ, देख्यौ, सिक्यौ र गर्‍यौ, गर ठीकै छ । तर हामी त्यस्तो तरिका मन नपराउने मान्छेहरू आएका बेला त त्यसो नगर्नू नि !" भनेर । तर मुखले बाहिर भनेको हैन मनमनै त्यसरी आफ्नो प्याच्च बोल्ने बेहोरा देखाएको थिएँ । मलाई त निकै दुःख पनि लाग्यो । तर 'अमेरिकी जीवनशैलीको प्रभाव पर्ने नै त भयो नि अमेरिकामा बस्दा' भनेर चित्त बुझाएँ । सबैतिर सुधार्ने र सच्याउने तेरै मात्र

ठेक्का हो ? भनी कोही गाली गर्ने भए पनि मेरो मनोदशा थाहा पाउनेबित्तिकै दिइहाल्थ्यो होला 'डायलग' फिल्मी शैलीमा ।

खानपानपछि हामी आफ्नो वासस्थान फर्कियौं । यसरी त्यो दिन पनि सकियो । कनेक्टिकटमा बसुन्जेलका तीन दिनमा त्यहाँका नेपालीहरूको हार्दिकता र सहयोगी व्यवहारले मलाई धेरै तानेको थियो । कति मन पर्दो र रोचक क्षणहरू त बिर्सि पनि सकेको छु । हुन पनि दस वर्षपछि टिपोटका आधारमा लेख्न कसरी सक्छु र !

तर कनेक्टिकट बसुन्जेल त्यहाँको टिभीमा आउने कार्यक्रमहरू पटक्कै मन नपरेको, एउटा आदिवासीहरूको करिबकरिब जङ्गली जीवन चित्रित र वृत्तचित्र मात्र मन परेका कुराहरूचाहिँ अझै सम्झेकै रहेछु । त्यो मलाई मात्र हैन भोलिपल्ट बिहान कुरा गर्दा पो थाहा भयो अरूलाई पनि खूब मन परेको रहेछ । अर्को कुरा, त्यति तीन हप्ता सँगै बसेका सहयोगी साहित्यकार डा. विष्णु पौडयाल 'परिमल' सँग विशुद्ध साहित्यिक गफ गर्न नपाएको क्षण पनि सम्झिएकै रहेछु । बल्लबल्ल समय मिलाएर एक बेलुकी साहित्यिक कार्यक्रम गरौं भनेको त जति बल्लबल्ल समय मिलेको थियो त्यति सजिलै के कारणले हो कार्यक्रम गर्न भ्याइएन । जेजसो भए पनि कनेक्टिकटका ती हामीलाई सत्कारस्वागतार्थ भेला भएका नेपालीहरूबाट बिदा भएर बाहिर निस्कँदा भने मलाई नरमाइलो लागिरहेको थियो । किन होला आफन्तबाट छुटेजस्तो लागिरहेको थियो । आफ्नै परिवारबाट टाढा जान लागिरहेको जस्तो मन कटक्क खाइरहेको थियो ।

# भर्मन्ट अमेरिकाको सुन्दर राज्य रे !

हामी कनेक्टिकट (हार्टफोर्ड) बाट हिउँ नै हिउँको बीच बाटो हुँदै जनवरी १९, १९९४ का दिन भर्मन्ट (Vermont) पुग्यौँ । जहाँ गयो त्यहीँ हिउँ नै हिउँ । तर अहँ, हिउँले न मोटरलाई न त मान्छेलाई नै बाधा गरेको थियो । हामीलाई तीन हप्ता अमेरिका रहिन्जेल कतै पनि हिउँले हिँडडुल गर्न र गाडीमा हिँड्न समस्या पारेन । कतैकतै हिउँले छेकि नै हालेको घटना पनि भएन । तर एक-दुई ठाउँचाहिँ डोजरले हिउँ पन्छाउँदै गरेको देख्न पाएँ । मैले हाम्रा सहयोगीहरूलाई सोधेँ पनि– "यत्रो हिउँले पनि बाटो कसरी छेक्तैन ?" उनीहरूबाट थाहा भयो बाटोमा हिउँलाई जम्नै नदिने एक किसिमको रासायनिक पदार्थ हो कि के छरिँदो रहेछ, जसले गर्दा बाटोमा हिउँले समस्या पार्दो रहेनछ । जहाँजहाँ त्यस्तो गर्न भ्याइएको हुन्न अथवा अचानक हिउँ परिहाल्छ त्यहाँत्यहाँ भने राजमार्गआसपासमा गाडी चिप्लिएर पल्टिरहेको पनि देखिन्थ्यो ।

हामी पुग्दा भर्मन्टमा साँझ पर्न लाग्दै मात्र थियो । हामीलाई भर्मन्टको राजधानी मन्टपेलिएर (Montpelier) को मूल सडकमा स्थित Inn at Montpelier मा राखियो । अन्य ठाउँको तुलनामा त्यहाँको होटेल (Inn) भव्य र खुला त थिएन तर ठाउँ भने अत्यन्तै राम्रो रहेछ । भर्मन्टवासीले भर्मन्ट अमेरिकाको सुन्दर पहाडी राज्य हो भन्दा त्यति पत्याइहालेको थिइनँ किनभने सबैले आफ्नो ठाउँलाई विदेशीहरूको अगाडि राम्रै भन्ने गर्दछन् । तर जब त्यस ठाउँमा जनवरी १९ देखि २२ तारिखसम्म बसेर वरपर हेरियो, डुलियो तब लाग्यो भर्मन्टको सुन्दरताको वर्णनमा भर्मन्टवासीले फूलबुट्टा भरेको हैन रहेछ । बरु मैले पो त्यही तीन दिनको बसाइमै बुट्टा भर्न सक्ने सम्भावना बढेको थियो ।

मूलतः पर्यटन र कृषिमा आधारित अर्थतन्त्र रहेको यस राज्यको कुल जनसङ्ख्याको पच्चीस प्रतिशत जनता मात्र सहरी क्षेत्रमा बसोबास गर्दा रहेछन् । अनि आकारमा त्रिचालीसौँ भए पनि जनसङ्ख्याको आधारमा यो राज्य अठचालीसौँ

स्थानमा पर्दो रहेछ । यस राज्यबाट अमेरिकी प्रतिनिधिसभामा एक र सिनेटमा दुई जना सदस्य गएका थिए त्यस बेला । राज्यको साधारण सभा (तल्लो सदन) मा भने जम्मा डेढ सय सदस्य हुँदा रहेछन् । तर सिनेटमा तीस जना मात्र सदस्य हुँदा रहेछन् । भर्मन्ट अमेरिकाको संविधान तयार भएपछि सङ्घमा प्रवेश गर्ने पहिलो राज्य रहेछ । यो राज्य 'हरित पहाडी राज्य' (Green Mountain State) को नामले पनि चिनिँदो रहेछ ।

आठ हजार दुई सय मात्र जनसङ्ख्या रहेको सुन्दर मन्टपेलियरमा हामी पुगेकै बेला साधारण सभा (General Assembly) को बैठक बस्न लागेको रहेछ । त्यहाँको हाम्रो 'ग्रामीण राज्यको सरकार' का बारेमा अध्ययन गर्नु थियो । ती कामका लागि व्यवस्थापनको जिम्मा भने Vermont Council on World Affairs की Ms Inge Schaefer ले लिएकी रहिछन् । उनी भर्मन्ट साधारण सभाकी सदस्य तथा Fish and Wildlife Committee मा रही काम गर्दी रहिछन् ।

अँ, पहाडैपहाडको राज्य भर्मन्टमा जे भने पनि हाम्रो जस्तो अग्लो पहाडचाहिँ थिएन । परपर जति पर हेरे पनि हिउँको तन्ना बिछ्याएजस्तो लाग्थ्यो मलाई । म त सेतो ओछ्यानमा छु कि जस्तो पटकपटक अनुभव गर्दथें । भर्मन्ट ठूलाठूला सहरको भड्किलो र घमन्डी सङ्गतबाट टाढा रहेको सुन्दर, सुशील र शालीन ठाउँ लाग्यो मलाई ।

जनवरी २० को दिन बिहान साढे नौ बजे स्टेट गभर्नरलाई भेट्न हामी State House Building मा गयौं । एकछिन पर्खनुपर्ने भयो र बाहिरै कौसीमा बस्यौं । त्यही बेला एउटा सानो श्वेत केटो एक झोला पत्रिका बेच्दै हामीनेर आइपुग्यो । त्यो श्वेत केटो बाह्र वर्षजतिको थियो होला । यता नेपालमा त्यस्ता पत्रिका बेच्ने केटा जति देखे पनि त्यता भने त्यस्तो देखेको थिइनँ । त्यो केटालाई देख्नेबित्तिकै हामी सबैको ध्यान तानियो उहीतिर । उसलाई हामीले सोध्यौं– "यसबाहेक तिमी के गर्छौ ?" त्यो केटाले अलिअलि हँसिलो बन्दै भन्यो– "म पत्रिका बेच्छु र स्कुलमा पढ्दै पनि छु ।" हामीमध्ये कसले हो कुन्नि एउटा पत्रिका त्यत्तिकै किनिदियौं पनि । यस्तै कुरैकुरामा कुरा निस्कियो एक जना त्यहींका सिनेटरका छोराले पत्रिका बेच्ने र ग्राहककोमा पुऱ्याउने गरेको बारे । ती सिनेटरले आफ्नो छोरो बिरामी भएको बेला आफै पत्रिका पुऱ्याउन जान्थे रे । वाह ! कामप्रतिको त्यो अमेरिकी मोह, कति सम्मानजनक कुरा थियो । त्यसैले नै होला अमेरिकी कामप्रतिको लगावको परिणाम तिनको कार्यदक्षतालाई तत्कालीन सोभियत सङ्घका नेपेता स्टालिनले

पनि सक्तो प्रशंसा गरेका । यता हाम्रो देशमा भने के कुरा गर्नु ! यस्तो आलनालग तुलना गर्ने कतै कुनै ठाउँमा मान्छे भेटिन्न ।

हामीले सिनेटरको त्यस्तो कुरा सुन्यौं मात्र हैन त्यस्तै देख्नलाई टाढा जानु पनि परेन । हामी बसेकै Inn का मालिक William Russell भर्मन्ट साधारण सभाको Legislative Council का प्रमुख रहेछन् । उनी कार्यालय समयबाहेक घरमा हुँदा आफैं भुइँ सफा गर्ने, ग्राहकहरूका सुटकेसहरू बोक्नेदेखि लिएर भ्याएजति काम गर्दथे । एक दिन भुइँ सफा गर्दागर्दै मैले सोधें– "तपाईं आफैं यसरी काम गर्नुहुन्छ ? हाम्रो मुलुकमा त तपाईंजत्तिको पदीय हैसियत भएकाले यसरी काम गर्दैनन् त !" उनले मुस्कुराउँदै भने– "यो काम मेरो हो, मेरो काम कसले गरिदिन्छ ? काम गर्दा सानो हुन्छ र मान्छे ?" ओहो ! एकै चोटि आफ्नो सोचाइको अग्लो चाङबाट भ्यात्तै भुइँमा खसें म । कति सहज ढङ्गले, कति अकाट्य कुरा गरेका थिए Russell ले । मैले मेरो गाउँ सम्झें । गाउँमा कहिलेकाहीं फुर्सदको बेला जब म काम गर्न थाल्थें, गाउँलेले देख्नेबित्तिकै प्रश्न तोडिहाल्थे– "के हो माननीय भएर पनि काम गर्ने ?" गाउँलेहरू त अरू टाढैका भए । आफ्नै श्रीमतीले समेत एक दिन बाखाको खोर बनाउँदै थिएँ, ताना मारेकी थिइन्– "बाखाको खोर बनाउन त माननीय हुनुभा होला नि ?" मैले स्थायी जागिर छाडेर राजनीतिमा पूर्णकालीन भएकोमा उनको पहिलेकै असहमति फेरि व्यक्त गर्ने मौका कहाँ चुकाउँथिन् र उनी ।

अरे ! कुरा त अन्यत्रै पो बहकिएला जस्तो भयो । म फेरि State House Building मा Governor Howard Dean कै कार्यालयबाहिर फर्कन्छु । Dean सँग मिलाइएको समयमा उनलाई भेट्यौं । उनी राष्ट्रपति क्लिन्टनकै पार्टीका रहेछन् । उनले हामीलाई राज्यको कामकाजबारे राम्ररी जानकारी दिए । विदेशी अतिथिहरूलाई दिने चलनअनुसार उनले हामीलाई भर्मन्टको झन्डा, त्यहाँको लोकप्रिय र प्रचलित खाद्यवस्तु Maple Syrup को बट्टा उपहार दिएका थिए । हामीले उनीसँग जमेर कार्यालयभित्रै फोटो खिच्यौं र बिदा लियौं ।

त्यसपछि हामीलाई डेढ सय सदस्यीय तल्लो सदनको बैठकतर्फ लगियो House का क्लर्क Donald Milne ले हामीलाई त्यस काममा सहयोग गरेका थिए । तल्लो सदन हेरिसकेर हामी सिनेट कक्षतर्फ लगियौं । बैठक बसिरहेको थियो । त्यहाँचाहिँ राजनीतिशास्त्रका प्रोफेसर Senator Bill Doyle ले हामीलाई स्वागत र अन्य सहयोग गरेका थिए । यसरी त्यस दिनको बिहान बित्यो र भोक पनि लागिसकेको थियो । खाना खान लागियो ।

खानापछि हामीले Russell र उनका सहयोगीहरूलाई भेटचौं र उनीहरूबाट हामीले Legislative Council ले Legislature लाई कसरी सहयोग गर्दछ भन्नेबारे बुझ्यौं । अमेरिकाको राज्यस्तरसम्म पनि विधायकहरूलाई उनीहरूको काममा बल पुऱ्याउन कतिको ध्यान दिइँदो रहेछ भन्ने बुझियो ।

त्यसपछि भने हामीलाई यताकै हामी संलग्न संसदीय समितिको प्रकृतिअनुसार त्यहाँका विभिन्न समितिहरूका बैठकमा बाँडियो । मलाई यहाँको राज्यव्यवस्था समितिजस्तै त्यहाँको Government Operations Committee मा राखिएको रहेछ । बैठकमा मलाई आसनग्रहण गराइसकेपछि पुन: छलफल सुरु भयो । त्यहाँ सरकारी विधेयकहरूको छलफलमा नागरिकहरूले पनि भाग लिन पाउने रहेछन् । त्यो नियमबाट म औधी प्रभावित भएको थिएँ । त्यस बैठकमा एक जना महिला पनि आएकी थिइन् समितिमा रहेको Skiing सम्बन्धी प्रविष्ट विधेयकको छलफलमा भाग लिन । ती महिलाले अनुमति पाएपछि आफ्नो संशोधन र तर्कहरू राखिन् । त्यसरी आउने नागरिकहरूका तर्कहरू चित्त बुझ्दा भएमा विधेयकमा समावेश पनि गरिँदो रहेछ । वास्तवमा कानुन बन्ने बेलामै सरोकारवालाहरूसँग पनि सुझावसल्लाह लिएपछि कसले त्यो ऐनकानुन उल्लङ्घन गरिरहनुपऱ्यो र । यस्तो प्रचलनको नेपालमा पनि सुरुआत गर्न सके कति राम्रो हुन्थ्यो होला ? यही सोच्दै विधेयकमाथिको छलफल हेरिरहेँ । अँ, त्यहाँ एउटा कुरा पनि देख्न पाएँ, त्योचाहिँ भने बिलकुल नेपालजस्तै थियो । बैठकमा आएकी ती महिलाको आफ्नो कुरा सायद नमिलेर होला अन्य पुरुष विधायकहरूले हाँसिदिएर उल्ल्याए पनि । पुरुषहरूको माझमा पहिले नै धक मानिरहेकी थिइन् ती महिला । उल्टचाउँदा रातोरातो अनुहार पारेर चुप लागिन् । मलाई त्यो व्यवहार पटक्कै मन परेको थिएन । मलाई लाग्यो, पुरुषहरूको महिलाहरूमाथिको हेपाइ जहाँ पनि पाइँदो रहेछ ।

समितिहरूको अवलोकनपछि हामी Lt. Gov. Barbara Snelling लाई भेट्न उनको त्यही State House मा रहेको कार्यालयमा छिऱ्यौं । उनी रिपब्लिकन पार्टीतर्फबाट निर्वाचित एउटी राम्रो व्यापारी महिला रहिछिन् । उनका स्वर्गीय श्रीमान् भर्मन्टका गभर्नर भइसकेका रहेछन् । Barbara सँग हामीले 'ऐननिर्माणको बेला राजनीति' का बारेमा बुझेका थियौं । उनीसँग हामी यताका Minority का एमाले सांसदहरूले 'भर्मन्टको सन्दर्भमा ऐननिर्माण तथा अन्य विषयहरूमा Opposition हुनुको पीडा अनुभव गर्दै हुनुहुन्छ ?' भनेर सोध्यौं । सुरुमै त उनले 'ठीकै छ, त्यस्तो त हुन्छ नै' मात्र भनेर टाल्न खोजिन् । तर जब हामीले छाडेनौं तब मात्र केही खुलेर हाम्रो नेपालको जस्तै विभिन्न अनुभवहरू उनले बताइन् । नजिकै

बसेको मलाई भने लागिहाल्यो, बाहिर जति प्रजातान्त्रिक र देशप्रति जिम्मेवार भनिए पनि अमेरिकामा समेत बहुमत र अल्पमतको अनावश्यक झगडा पर्दो रहेछ।

त्यसपछि भने त्यस दिनका लागि औपचारिक कार्यक्रम सकिएको थियो । र, हामी थुप्रै ठाउँ छाडेर Ski Area हेर्न गयौं । ओहो ! घोर अचम्म नेपालीलाई त्यति अग्लो ठाउँ (डाँडा) बाट स्की खेल्दै झरेको देख्दा किन अचम्म नहुनु नि ! खूब साहसिक खेल लाग्यो मलाई । प्रत्यक्ष हेर्दा हामीलाई यति रमाइलो र डरडर लाग्छ नि, कोही कुनै दिन त्यहाँ पुगे एकपल्ट हेरेरै फर्कनुपर्ने ठाउँ हो त्यो । माथि-माथिबाट चिप्लेटी झर्दाझर्दै अलिअलि मैदान परेकोमा एकछिन हराउने अनि फेरि डिलबाट फुत्त निक्लेर फेरि एकछिन हावामै अनि फेरि चिप्लने क्रम देखिन्छ तलबाट हेर्दा । हामीलाई डरलाग्दो तर खेलाडीलाई भने मजाको त्यो खेल चाख मानीमानी हेरियो । नेपालका गाउँलेहरूले पहिलो चोटि आफ्नो गाउँमा मोटर देख्दा मोटरलाई घेरेर छामीछामी हेरेजस्तै गरें मैले । तर छाम्नचाहिँ बाँकी राखें । कस्तो हुँदो रहेछ त्यो खुट्टामा लाउने भनेर खेलाडी रोकिने ठाउँमा पुगेर हेरें मैले । कसरी रोकिँदो रहेछ भनेर आँखा गाडीगाडी खेलाडीको खुट्टैमा हेरेको हेर्‍यै भएँ । त्यहाँ जानुभन्दा अगाडि लाग्दै थियो माथिबाट झर्न त झर्छन् तर माथिचाहिँ कसरी जान्छन् होला, एकैचोटि मात्र त पक्कै खेल्दैनन् होला, माथि जाँदा गाडीबाट घुमेर त जाँदैनन् होला, त्यसो गर्दा त के मजा हुन्छ होला र भन्ने कुरा मनमा खेलिरहन्थ्यो । तर कहाँ नि, मनकामना केबलकारजस्तो त त्यहीँ कति हो कति । चल्या' छ चल्या' छ । हामीले निकैबेर त्यो खेल (स्की) हेर्‍यौं । बेलुकी रात पर्नपर्न लाग्दाको त्यो क्षण र सेतो हिउँ नेपालीका गालामा टल्किरहेको त्यो क्षणले साँच्चै उतै पुर्‍याउँछ अहिले पनि मलाई । रात पर्न लागेकाले हामी फर्कनलाई लुरुलुरु गाडीतिर लाग्यौं ।

भोलिपल्ट जनवरी २१ तारिख भयो । अघिल्लै तारिखहरू लम्बिदिए हुन्थ्यो भन्ने लाग्दालाग्दै १९ र २० तारिख बिति नै हाल्यो । त्यस दिन बिहान पौने नौ बजेतिर अमेरिकी सिनेटर जेम्स जेफोर्डस् (James Jeffords) को कार्यालयमा पुग्यौं जुन State House जाँदा बाटैमा पर्दथ्यो । हामीले त्यस कार्यालयका कर्मचारीहरूलाई भेट्यौं र कार्यालयले सिनेटरलाई के, कसरी सहयोग गर्दछ भन्ने जानकारी लियौं । त्यो देखेपछि सांसदको कार्यसम्पादनका लागि केके आवश्यक पर्छ भन्ने मेरो मनमा जे लागिरहेको थियो त्यो लगाइ झन् बलियो भएर आयो । नेपालमा फर्केर मैले संसद्मा उसको कार्यालयभरिका लागि सरकारतर्फबाटै गाडी उपलब्ध गराउनुपर्ने र एउटा स्रोतसाधनसम्पन्न कार्यालयको व्यवस्था गर्नुपर्ने भनी आफ्नो कुरा बारम्बार राखें । तर कसले सुन्ने मजस्तो पहाडबाट आएको, नेता नभइसकेको

सांसदले बोलेको कुरा ! एक त नेपाली राजनेताहरू आफूबाहेक अरूले ठीक कुरा उठाउँछन् भन्ने नै ठान्दैनन्, दोस्रो कुरा सांसदहरूलाई स्थापित हुन नदिन कर्मचारीतन्त्रलगायतका अन्य कति हो कति तत्त्वहरू सक्रिय हुन्थे । अरूको त के कुरा नै, अमेरिका डुलेर, देखेर र सिकेर आएका नेताहरूसमेतले यसतर्फ ध्यानै दिँदैनथे त्यस बेला । विदेश जान पाए देश पनि हेरिने मुख पनि फेरिने कुरा त परै जाओस्, मात्र पैसा कमाइने नेताहरूको उद्देश्य भएजस्तो गरेर तँछाडमछाड र चाकरी हुन्थे बरु । जे होस्, जेफोर्डस्को कार्यालय हेरिसकेपछि हामी Montpelier Waste Water Treatment Plant तर्फ लाग्यौं ।

हामी Plant रहेको ठाउँमा पुग्यौं । त्यस Plant का बारे North East South East Consulting Corporation का उपाध्यक्ष रन मर्सियर (Ron Mercier) ले हामीलाई इतिवृत्तान्त सुनाए र देखाए पनि । मेरो भने आफ्नो पढाइका कारणले त्यस Plant प्रति बढी चाख रह्यो र निकै सोधपुछ गरेको थिएँ । उक्त Plant बाट निक्लेर बग्दै गरेको सङ्लो पानीमा आँखा परिहालेछ मेरो । त्यो हाम्रो खोलानालाको पानीजस्तै सङ्लो, सफा देखिन्थ्यो । मलाई मनमा लाग्यो कि यो यति राम्रो छ तर कत्तिको Quality को होला, खान सकिन्छ कि सकिन्न होला ? मेरो खुलदुली मेटाउन Ron लाई सोधिहालें । उनले छोटोमा 'हामी Natural Water को Quality मा ल्याएर छाड्छौं पानीलाई, नत्र त जलजीवहरूलाई असर पर्नेछ' भन्ने उत्तर दिए । Ron को त्यो उत्तरले मलाई पो रुस्कायो आफ्नो नेपाली अपराधीहरू सम्झाएर । उता जलचरको पीर गर्छन् यता भने मान्छेको समेत मरोस् कि बाँचोस् चिन्ता हुँदैन । कति फरक, कति फरक !

त्यस दिनको दिउँसोको खानापछि हामी पूर्वी मन्टपेलिएरस्थित John र Donna Hall को Austin Cleaves Dairy Farm हेर्न गयौं । गाईफाराम भन्नासाथ चउर, जङ्गल, गोठ, बीस-चालीसओटा गाईहरू, फाटेको कपडा लगाएको मैलोधैलो मान्छे होला गोठालो ठान्ने म पनि त्यही फार्म हेर्न जाने हूलमा थिएँ । मैले आफ्नो बारीमा (लेकमा घाँस नपाउने सिजनमा) घाँसपराल खुवाउन ल्याउने गोठाला र त्यसका गाईबस्तु सम्झेर, तेह्रथुमको उत्तरी सीमा मेन्छयायम धापमा देखेको गोठालो र गाईगोठ सम्झेर सोच्तो भएँ । हामी फार्ममा पुगेर जोनसँग परिचय सकेपछि गोठभित्र पस्यौं । आम्मामामा... कति राम्राराम्रा र अग्ला गाईहरू त साढे चार सयओटा जति पो रहेछन् । नेपालमा विकासे गाई भनेर ठाउँठाउँमा मात्र देखेको थिएँ । त्यहाँ त आम्मै ! गोठै घरजस्तो पो ठूलो र अग्लोसमेत । गाईहरूको फाँचो र थुन हेर्छु त डालोमा हात भित्रै राखेर मकै छोडाइरहेका तरुनीहरूका पाखुराहरूजस्तो

पो छ है ! हेर्दाहेर्दै गाईका थुन र फाँचोमा पानीका नरम फोहोराले हिर्काएपछि थुनथुनमा बिर्कोले छोपेजस्तो गरी रबरको टोपीले ढाकियो र दूध दुहुने मेसिन चलाइयो । दूध कहाँ जान्छ होला भनेर थुनमा जोडेको Rubber Cap को पुच्छर हेर्दै गएको त बाफरे ! एकैचोटि ठूलो मूल पानीटयाङ्कीमा झरेजस्तो पो सेता खाऊँखाऊँ लाग्ने दूध टयाङ्कीमा भरिँदै छ है । अर्कोतिर म मनमनै फार्म गनाउँदैन होला अमेरिका पो हो त भन्दै सोच्दै थिएँ । तर कहाँ नि, यताको जत्ति नगनाए पनि गनाउनचाहिँ गनाउँदो नै रहेछ दूध दुहुने र राख्ने ठाउँचाहिँ । त्यस बेलाचाहिँ विजय सुब्बालाई 'इ: मूला ! तेरो कुरा, सबै ठाउँ राम्रो हुन्छ अमेरिकामा भन्छस् नि' भनेर नराम्ररी लोप्याएँ । हुन पनि दूध चाख्न दिएको भए त धरोधर्म मचाहिँ खाने थिइनँ । तर राम्रै गरे जोनले चाख्न लगाएनन् । यताको चलन हो भने गोठमा पुगेकालाई दूध, दही, मोही जे छ त्यही दिनुपर्थ्यो । त्यसो गर्छन् कि, गर्छन् कि भन्दाभन्दै जोनले भने गरेनन् उताकै चलनअनुसार नै होला । अँ, तर गाई राख्ने, घाँस खुवाउने, बाच्छाबाच्छी राख्ने ठाउँहरूचाहिँ गनाएन । हुन पनि गोबर सोहोरेपछि यसो हात धोएर गोबर गनाउँदागनाउँदै भात खाने लिम्बू केटालाई के गनाउनु नि त ! आरामसाथ सास फेर्दै पूरा फार्म डुलियो । अलिअलि अग्लो ठाउँ, भिरालोभिरालो पाखा, त्यहाँबाट तल र पर हेर्दा दाङ उपत्यका हेरेजस्तो लाग्ने त्यो ठाउँ सारै राम्रो लाग्यो मलाई । देखेजस्तोजस्तो ठाउँ आउने गरी हामीले फोटाहरू पनि लिएका थियौं । हामी त्यहाँबाट जोनसँग बिदा लिएर होटेलतिर फर्कियौं ।

त्यस बेलुकी नेपाली छोरी चन्द्रा देवान र रोजर क्रेन्ज (Roger Cranse) कोमा हामीलाई खानाका निम्ति बोलाइएको थियो । सो परिवारको साथमा Diane र Paul Wishinski को जोडी पनि आएको थियो । ती दुवै परिवारको नेपालमा सम्बन्ध पनि रहेछ । हामी गयौं, भोकाएका पनि थियौं जस्तो लाग्छ । निकैबेर केके खाँदै गफ गर्दागर्दै बित्यो । अहिले मैले बिर्सें खाना खानुअघि हो कि पछि हो एमालेका साथीहरूले गीत गाउँछ भन्ने थाहा पाएर होला 'विजयजीलाई गीत गाउन लाऊँ न' भनेर अरूतिर फर्केर मद्दत मागे । अनि त के र, वातावरण त्यस्तै, हाँसो, कुराकानी पनि चलेकै थियो । मैले गीत गाउनैपर्‍यो र गाएँ– **उकालीमा दाहिन बर देब्रे पीपलु, गरिबको आङमा छैन कहिले शीतलु** । चन्द्रालाई आफ्नो माइती देशको सम्झना भयो कि भएन कुन्नि तर त्यस भेटघाटको फोटो हेर्दा मलाई भने उहाँको घर, भलाकुसारीको त्यो क्षण र मित्रवत् व्यवहारको सम्झना आइरहेको छ । मैले गीत सकेपछि दीपकुमार उपाध्यायले त भनिहाले– "ओहो ! तपाईं त गायक पो हुनुहुँदो रहेछ !" मलाई अप्ठेरो लाग्यो र 'यसो रहर मात्र हो' भनेको मात्र के थिएँ

उनले आफ्नो अनुभव थपिहाले– 'कहाँ, सुन्दै थाहा भइहाल्छ नि !' त्यसपछि त्यसतर्फ कुरा बन्द गऱ्यौं हामीले । मान्छेलाई पनि केके सम्झनुपऱ्या होला, आफैं छक्क पर्छु ।

हामीले टन्न खाना खाइसकेर प्लेट Wash Basin मा राख्न जाँदा धुने हो कि आफैं, यता आफ्नो काम आफैं गर्ने चलन होला, कि भाँडाकुँडा सफा गर्ने मेसिन पो छ कि भन्दै मनमा कुरा खेलाउँदै थिएँ चन्द्राले 'भैगो, राख्नोस् न, धुनु पर्दैन' भनेको कुरासम्म अहिले सम्झिराख्या छु भन्या । भर्मन्टको त्यो बेलुकी सारै हार्दिक र घरजस्तै भयो हामीलाई । त्यो हाम्रो भर्मन्ट बसाइको अन्तिम बेलुकी पनि थियो ।

भर्मन्टकै अघिल्लो बेलुकी होला खूब रमाइलो भएको थियो हामीलाई । हामी चिनियाँ खाना खान तम्सियौं र पाँच-सात मिनेट हिँडेपछि एउटा चाइनिज रेस्टुराँमा छिऱ्यौं । दस जना भएकाले टेबल जोडेर पनि बस्यौं । पहिले पनि बाहिरी मुलुक डुल्नेहरूले मेनु (Menu) हेरेर खाना मगाए । बेयराले हाम्रो अर्डर सुनेपछि यसो फेरि सोध्दै पनि थिए । मलाई केके नमिलेजस्तो त लाग्दै थियो बेयराको ताल देखेपछि । तर यही मिलेन भन्ने नजानेपछि चुप लागेर बसें । हाम्रो अर्डर गयो र खानेकुरा आयो । जब खाना टेबलमा लायो हामी त तीनछक पऱ्यौं । जति खाए पनि सकिँदैन । किन यति धेरै हुँदो रहेछ ? भनी चर्चा पनि गऱ्यौं । त्यही चर्चैचर्चामा पो थाहा भयो कि खाना मगाउनै जानिएनछ । हामीले बल गर्दा पनि खाइनसकेको अथवा सिङ्गासिङ्गै प्रतिगोटा मगाएको बटुको त ठूलो हुँदो रहेछ र त्यो त एउटा मगाएर दुई-तीन जनाले झिक्तै खाने पो रहेछ । बाफरे ! लाजले भुतुक्कै भइहालियो नि ! धन्न त्यो लाज थाहा पाउनेहरू त्यस क्षणबाहेक अरू बेला भेट नहुने मान्छे परेर मात्रै बँचियो । हुन पनि खानै नसकेर त्यत्तिकै छाडयौं अनि त्यति मीठा खानेकुरा । नजान्दा त खै विदेशमा पनि अनेकै हुँदो रहेछ ।

यसरी संयुक्त राज्य अमेरिकाको हरित पहाडी राज्य भर्मन्टमा मेरो तीन दिन अविस्मरणीय ढङ्गले बित्यो ।

# अमेरिकाका निरर्थक यात्राहरू

मसमेत जम्मा आठ जना सांसदहरूको टोली एउटा निरर्थक यात्राका लागि तयार भयो र जनवरी १९९४ को पहिलो हप्तामा संयुक्त राज्य अमेरिकाको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट जेट चढेर उड्यो । हाम्रो यात्राको उद्देश्य राम्रो थियो र त्यसको नाम An Exchange Programme to Enhance the Resources of the Parliament थियो । हामी ८ जनवरी १९९४ मा वासिङटन डिसीमा पुग्यौं र १४ सम्म बस्यौं । त्यसपछि २१ तारिखसम्म भर्मन्ट, कनेक्टिकट र न्युयोर्क घुमेर २२ मा फेरि डिसीमै आयौं । र त्यो डिसीको बसाइ १९ सम्म रह्यो । त्यो अमेरिकाको अन्तिम बसाइ पनि थियो । योचाहिँ १४ तारिखसम्मको एकहप्ते गन्थन मात्र हो ।

मैले त्यस यात्रालाई निरर्थक यस अर्थमा भनें कि त्यहाँबाट हेरेर, देखेर र बुझेर जे ल्याए पनि नेपालमा त्यसको कुनै अर्थ हुँदैनथ्यो । अमेरिकाको संसद् र संसदीय परिपाटीको अध्ययन गरेर फर्कने नेपालका धेरै ठूला नेताहरूको ढङ्ग पनि धेरै चोटि देखियो । नेताहरूले नै नेपालप्रति बेवास्ता गरेपछि हामी जस्ता कनिष्ठ सांसदको ज्ञानगुनका कुरा त कसले सुन्थे र त्यस यात्राको अर्थ रह्यो भन्नु । त्यस कारण त्यो यात्रा फेरि पनि निरर्थक भएर गएकाले निरर्थक भन्नै पर्‍यो । त्यस्तै भए पनि त्यहाँ बसुन्जेल मैले जे जे अनुभव गरें त्यसलाई अहिले दस वर्षपछि लेख्न थालेको छु । कति सम्झिएँ, कति बिर्सिएँ भन्न सक्दिनँ । पार्टीभित्रको आन्तरिक अप्रजातन्त्रको कारणले त्यसै बेला नै यो नियात्रा लेख्न सकिनँ । लेखेको भए अझै धेरै ठूलो स्वरमा मेरा नेताहरूले अमेरिकन सी. आई. डी. भन्ने थिए । ममाथि जे जे गर्नु थियो कुनै कसर बाँकी राख्ने थिएनन् । राख्न त त्यस बेला पनि कहाँ राख्या हुन् र !

खैर म जे उद्देश्यले त्यहाँ पुगेको थिएँ त्यो संसदीय उद्देश्य थियो । तर मेरो निम्ति त्यो प्रभाव भइदिएन । मेरो निम्ति त्यस यात्राको साहित्यिक महत्त्व थियो । म त्यसै बेलादेखि नियात्रा लेख्ने धुनमै थिएँ र टिपोटहरू बनाएको थिएँ । यात्राको

जे नाम थियो त्यो काम नभएको पनि मलाई भने साहित्यिक फाइदा नै भएको थियो। त्यसैले मैले राजनीतितर्फका कुराहरू लेख्न त्यति जाँगर पनि देखाएको छुइनँ। यसअघिका अमेरिका यात्राका संस्मरणहरूमा पनि त्यसै गरेको थिएँ।

हामीलाई हाम्रा सहयोगीहरूले अलिकति समय हुनेबित्तिकै सहर घुमाउने गर्दथे। त्यही क्रममा एक दिन हामी Natural history museum हेर्न गयौँ। मूल ढोकाबाट छिर्नेबित्तिकै दाहिनेपट्टि त आ...मामा !! अग्लो न अग्लो र ठूलो न ठूलो हात्तीको अस्थिपञ्जर पो छ है। घुमी घुमी हेरेँ। अलि परतिर जान्छु त बाफरे! लामो न लामो गाँठे! डाइनोसरको पनि अस्थिपञ्जर। उहिले २०३०/३१ सालमा पाठ्यपुस्तकको रूपमा पढेको A father's Letter to his daughter (Nehru Letter) को सम्झना आयो। त्यस अत्यन्त रुचि लाग्दो पुस्तकमा त्यस्तै ठूलठूला म्यामथ र डाइनोसरहरूका बारेमा लेखिएको थियो। मैले कसैलाई सोधिनँ। त्यो साँच्चीकै पुराना हड्डीहरू सङ्कलन गरेर बनाएको हो कि कृत्रिम हो भनेर। मलाई डरै थियो। आफ्नो बालापन खुस्केला कि भनेर। मलाई ती साँच्चैका हड्डीहरू नै हुन् कि भन्ने परिरहोस् भनेर सोधीखोजी गर्न मन लागेन। जवाहरलाल नेहरूले त्यही म्युजियम हेरेरै पो छोरी इन्दिरा गान्धीलाई चिठी लेखेका हुन् कि क्या हो। त्यही किताबमा भएका जस्तै सानाठूला जङ्गली जीवहरूका जीवन इतिहास झल्कने गरी व्यवस्थित त्यो म्युजियम सारैसारै मन पऱ्यो। पहिलो तलामा राखिएको showcase हरूमा सजाइएका साना प्रतिमूर्तिहरू आँखा गाडी-गाडीकन हेऱ्या थिएँ त्यस बेला। किन्न मन त लाग्या हो नि तर इछ्याइएको गर्न सक्ने हैसियत भए पो। पैसा बचाएर यता पार्टीको लेबी तिर्नुपर्ने काम जिउँदै थियो। कहाँ त्यसो गरिहिँड्नु भो र!

त्यही दिन हेरौँ कि नहेरौँ भन्दै Air and space Museum पनि हेर्न पुग्यौँ। आफैँ रकेट चन्द्रमामा पुगेजस्तो, मङ्गलग्रहमा टेकेजस्तो पारेर डकुमेन्ट्री देखाउँदो रहेछ। भित्र पस्नुअगाडि केचाहिँ होला र भन्दै बस्यौँ। जब हेर्न थालियो नि त, विजय सुब्बालाई शिरदेखि पाइतलासम्मै लोपार्नु मन लाग्यो। जान्ने हुन्छ, त्यत्ति मनै फुरुरु पार्ने कुरा नहेरेको भए बर्बादै लाग्ने हैन! यस्तै ठान्दै अचेल म अमेरिका जानेहरूलाई कतै भेटिहालेँ भने त्यो ठाउँमा गएर त्यो डकुमेन्ट्रीचाहिँ नहेरी नफर्कनू है भन्न थालेको छु। चन्द्रमा पुग्ने पहिलो रकेट त सबैले सम्झि नै हाल्छन्, भन्नै पर्दैन।

जनवरी ११ को बिहान क्यापिटल भवनअगाडि हाम्रो सामूहिक फोटो खिच्ने कार्यक्रम थियो। हामी ९ बजे उक्त भवनका पूर्वपट्टिको आँगनमा पुग्यौँ। हरियो चउर, अग्लाअग्ला रूखहरू र त्यसभित्रका फराकिलो पिच सडकहरूले क्यै न क्यै

सिंहदरबारभित्रका बेसम्भार चउर, मन्त्रालय कुनाकाप्चाका फोहोरी ताल र ताल न बेतालमा बूढो भए रूखहरू मात्र सम्झिएर उधुम गऱ्यो । करोडौं भ्रष्टाचार गर्ने नेताहरू र ठूलठूला कर्मचारीहरू नाथे आफू बस्ने मन्त्रालयवरिपरि पनि सफासफाइ गर्न भ्याउँदैनथे । कति फरक कति फरक परदेश र स्वदेशको चउर, सडक र रूखहरूमा पनि । ए, साँच्ची हामी त फोटो पो खिच्न पुगेका थियौं । फोटोग्राफरले मिलाइमिलाइ खिच्दा पनि क्यापिटल भवनको पूरा तस्वीर नआउने छाँट लाग्यो मलाई । तर उसलाई थाहा थियो त्यस्तै हुन्छ भनेर र फोटो सफा पार्ने प्रयत्नमा मात्र लाग्दै थियो । त्यस बेला लाग्न त लाग्दै थियो किन यत्रो महत्त्वका साथ फोटो लिएको होला भनेर । पछि अमेरिका छाड्ने बेलामा एक-एकवटा फ्रेममा राखेर त्यही फोटो दिएपछि पो कुरा छर्लङ्ग भयो । त्यो फोटो त्यस यात्राका सांसदहरूको कोठाकोठामा अहिले पनि सायद झुन्डिरहेको होला । अरूलाई के लाग्छ कुन्नि मलाई भने त्यस फोटोमा आँखा लाग्नेबित्तिकै ती पुरानो दिनको सम्झना आइहाल्छ । मेरो राजनीतिक जीवनमा खप्नुपरेको त्यो अन्यायको दिन सम्झाइरहोस् त्यो फोटोले । सब कुरा विचार नगरी अनुशासन उल्लङ्घन गरिस् त्यस कारण कारबाही ठीक थियो भन्ने दास, अविवेकी र अधकल्चा पार्टीका लठुवाहरू र पद्धतिविहीन खोपडीवाला नेताहरूलाई घृणा गर्न उक्साइरहोस् त्यो फोटोले । जे होस्, त्यो विशाल क्यापिटल भवन देखिएको त्यो सामूहिक फोटोले अमेरिका यात्राको सुखद पक्षको हैन पार्टी जीवनको दु:खद क्षण मात्र फोटो रहिन्जेल सम्झना गराइरहने भयो । अचानक मेरो अमेरिका यात्राले ऐतिहासिकता प्राप्त गर्न पुगेछ ।

त्यसै दिन १०–११ बजेसम्म हाम्रो काम प्रतिनिधिसभाका बारेमा जानकारी लिनु थियो । हामीले सभाका क्लर्क डोनाल्ड के. एन्डर्सनलाई भेट्यौं र उनैबाट प्रतिनिधिसभाको सम्पूर्ण जानकारी पायौं । त्यसपछि हामी त्यही भवनभित्रको क्याफ्टेरियामा खाना खान गयौं । त्यहाँको चलनअनुसार प्लेटमा खाना लिएर टेबलमा पुग्नुअघि बिल तिऱ्यौं र टेबलमा गयौं । तर जब खान लाग्यौं त्यस बेला शाकाहारी गोविन्दबहादुर शाहलाई थाहा भएछ आफ्नो खाना त मासुवाला पो परेछ । ओहो ! खानुभएन अब के गर्नु ? उहाँ प्लेटै बोकेर फेरि काउन्टरमा पुग्नुभयो र आफ्नो समस्या बताउनुभयो । धन्न खाना साटिदियो । पैसा तिरिहाल्नु भो अब फेरि तिराइ मच्चिने भो भन्दै थिएँ मनमनमा म । तर कहाँ साथीले त खाइसकेपछि तिर्ने होला भनेर पैसै तिरेको रहेनछ । त्यस बेला म छक्क परेँ अमेरिकामा छल्न ढाँट्न सकिन्न होला भन्ठान्थें । तर चाह्यो भने त्यसो गर्न सकिने रहेछ । इमानदार हुनुचाहिँ प्रथम कुरो रहेछ अमेरिकामा ।

हामी खानापछि १ बजे माथिल्लो तलामा चढ्यौं सिनेटका सचिव वाल्टर जे स्टेवार्टलाई भेट्न । उनीबाट सिनेटका बारेमा जानकारी लियौं । तर त्यसअगाडि भने हामीले लाज मर्नु व्यवहार देखाएका थियौं । स्टेवार्टलाई केही समय पर्खंदा लिन्डा रोवर्टसनसँग बस्यौं । त्यस बेला नै हो भुइँतलामा खाना खाइसकेर माथिल्लो तलामा मात्र पुगेका हाम्रा माननीयहरूले टेबलमा सजाइएर खानलाई राखिएको कोकाकोला, बदामजस्ता खानेकुराहरूमा धमाधम हात हाल्न थाले । म साथीहरूको त्यो पारा देखेर हाम्रा सहयोगीहरूका अगाडि लाजले भुतुक्कै भएँ । लिन्डालाई त के थाहा र हामीले १०/१२ मिनेटअगाडि मात्र खाना खाएका थियौं भन्ने कुरा । तर डा. विष्णु र पुष्पालाई त थाहा थियो त्यो कुरा । त्यति मात्र कहाँ हो र कोकले आउने डकारमा पनि कुनै रोकटोक भएन । साथीहरूले आरामसाथ ढ्याउ...... गरिदिए । त्यसो हुनेबित्तिकै मैले पुष्पाजीलाई हेरें । पुष्पाले मलाई । डा. पौडेलले चाहिँ ढ्याउवाला साथीहरूलाई हेरे । अनि लिन्डाचाहिँ स्वाभाविक हुने प्रयत्नमा थिइन् । त्यस्तै एक दिन साथीहरूले डा. चित्रकृष्ण तिवारीकोमा त्यसै गरे । हामी एउटा चिनियाँ रेस्टुराँमा खाना खाइसकेर डा. तिवारीकोमा पुगेका मात्र थियौं । कति रुचेको होला । साथीहरूले टेबलको बीचमा काठको बटुकोमा राखिएको बदाम र काजुहरू दिन थालिहाले । हैन हुन पनि हाम्रा कतिपय साथीहरूले हिँड्दा, बोल्दा तथा अन्य व्यवहार गर्दा सभ्यपनालाई ध्यानै दिन सकेनन् उता बसुन्जेल । हामीले यो सब भइसकेपछि मात्र स्टेवार्टलाई भेटेका थियौं । यसरी अमेरिकाको दुवै सभाको कार्यकक्षदेखि सबै ठाउँ हेर्‍यौं पनि र जानकारी बटुल्यौं । त्यहाँका संसदीय समितिहरूको काम गराइ बुझ्यो, मुख मिठ्यायो र फर्क्यौं मात्रै भयो हाम्रो त ।

१२ तारिखको बिहान हाम्रो अमेरिकाको राष्ट्रपति भवन White House हेर्ने योजना थियो । बिहान आठै बजे त्यहाँ पुग्यौं । हामीलाई त्यस काममा मार्क होबरम्यानले सहयोग गरेका थिए । फोटो खिच्ने अनुमति थिएन तर अनुमति लिएर खिच्यौं । पहिलेपहिलेका नेपालका शक्तिशाली प्रधानमन्त्री र राजाहरू जाँदा भेट गरिएका कोठाहरू हेर्‍यौं । संसारका अन्य मुलुकहरूको भाग्य निर्माण र ध्वस्तको निर्णय गर्ने यो घरको खम्बाखम्बा, भुइँभुइँ र भ्याइनभ्याइ झ्यालढोकाहरूलाई नियाल्दै आफ्ना नेताहरूलाई सम्झें । त्यहाँको काम सकेपछि बाहिर निस्कियौं । 'लौ पानी पो छिट्‍याउन थालेछ बाहिर त ! सडक पेटीमा ठूलो चार-पाँच जनालाई ओत्ने रङ्गीचङ्गी हङकङे छाताजस्तो लाहुरे छाताहरू लिएर बसेका थिए एक जना मान्छे । मैले डा. पौड्याललाई सोधें– "त्यो मान्छे किन छाता लिएर यहाँ बसेको ?" मलाई अमेरिकाको राजधानीमा यसरी पनि सामानको बिक्रीबट्टा चल्छ होला

नलागेरै सोध्या थिएँ । उनले भन्दा पो छक्क परेँ, त्यो मान्छे त यतैको फुटपाथे, फुटपाथमा माल बेच्दै हिँड्ने पो रहेछ । किनूँ कि क्या हो लाग्दै नजिकै गएर हेरें । तर यसो सम्झिएँ लगेर कहाँ ओढ्नु फेरि । लाहुरेहरूले ओढ्दा त 'लौ लाहुरे आयो है' भनेर सबैले हेर्छन् । अनि म त नलाहुरे, सबैको आँखा पर्दा लाजैले मरिन्छ होला भनेर त्यो ५-६ डलर पर्ने छाता नकिनी हिँडें । मनचाहिँ परेकै थियो है ।

त्यसपछि हामी ट्याक्सी लिएर तत्कालीन Assistant Secretary of the state for South Asian Affairs Robin L. Raphel लाई भेट्न Department of state मा पुग्यौं । Raphel की सहायक Ms. Susan Shea ले एकछिन पर्खनुपर्ने बताइन् । हामी यताउताका कुरा गर्दै बस्यौं । त्यही बेला एक जना अत्यन्त चुस्त र हँसिलो महिला निस्किन् भित्रबाट । ती Robin L. Raphel थिइन् । उनलाई थाहा थियो हाम्रो टोलीका बारेमा । हामीले आआफ्नो परिचय दियौं तर त्यसको अर्थचाहिँ थिएन । Raphel ले सम्झेर साध्य हुने कुरो पनि थिएन । तैपनि औपचारिकता निभायौं । उनीले 'मलाई माफ गर्नुहोला अति व्यस्त हुँदाहुँदै म तपाईंहरूलाई नमस्ते गर्न मात्र निस्केको हुँ भनिन् । 'हाम्रो फेरि भेट हुन्छ' भन्दै बिदा मागिन् । हामीलाई थाहा थियो उनको व्यस्तता, त्यसैले मात्र भलाकुसारी र प्रजातन्त्रको गन्थनका लागि उनले समय दिने कुरो पनि त भएन । उनी फेरि कार्यालयभित्र छिरिन् । हामीले Statement Department को जानकारी Mr. Susan बाटै पायौं ।

पौषको महिना । वासिङटन डिसीमा जताततै हिउँ नै हिउँ छ । हाम्रा सहयोगी (Escort) हरू ओभरकोट किन्नुपर्छ भन्दै थिए । मचाहिँ गर्मीदेखि बरु आत्तिने तर जाडोबाट डराउँदिनथेँ र किन्नु नपर्ला भन्दै त्यो कुरालाई ध्यान दिइरहेको थिइनँ । तर त्यहाँको वास्तविक कुरा थाहा भएकाहरूबाट त्यसरी भनिएपछि 'बा साँच्चै पो जाडोले पेल्छ कि क्या हो !' भन्ने पनि भयो र नकिन्न पनि लाजै हुने भयो । हामी अब ओभरकोट किन्ने भयौं । नेपालमा कहिल्यै हिउँको नजिक नपुगेको उता भने हिउँ नै हिउँ टेकेर हिँड्नुपर्ने । हाम्रो हितकै लागि किन्नुहोस् भनिएको कुरालाई बल्ल पत्याएका थियौं । पसलमा पुग्यौं । मेरो रहर अमेरिकामा बनेको कोट किन्ने थियो तर गोजी सुहाउँदो भइदिएन । त्यो हामी गएको पसलमा त बङ्गलादेश, पोल्यान्ड, नेपालका कपडाहरू पो भेटिन्छन् है । थुक्क ! अमेरिकैअमेरिका लेबल भएका कपडाहरू पो छन् कि भनेको त मेरो पालो त्यही पोल्यान्डमा बनेको ओभरकोट १०६ डलरमा किनेर भिरें । सबै मान्छे प्राय: ओभरकोटमा हुन्थे अब म पनि भएको थिएँ । तर त्यो नेपालमा आएपछि काम लागेन नि । त्योभन्दा हलुकैले

काम चल्ने नेपालमा त्यसको प्रयोग नै भएको छैन । २०५१ सालमा किनेको त्यो १०–११ वर्ष भइसक्यो जम्मा ३–४ पल्ट मात्र लगाएँ हुँला आजसम्म । करकर जस्तो लागेरै किनेको त्यो कोटले न्युयोर्कचाहिँ कहिले नबिर्साउने भयो मलाई । त्यो नभएको भए न्युयोर्कको Statue of Liberty हेर्न जाँदा म पनि मूर्ति हुन्थें हुँला । हामी त गाडीबाट निस्लेर २–३ वटा फोटो मात्र के खिचेका थियौं फेरि गाडीभित्र छिर्‍यौं । आम्मामामा ! कम चिसो सिरेटो हो र त्यो ! हड्सनको पानीमा स-साना पानीका छालहरू, कान चिर्ने छुरी हावा र हाम्रो उदारताको मूर्ति हेर्ने रहरले कतै भेट खाएनन् । धन्न है धन्न ! पुष्पाजीको बाहिर कर नगरेको जस्तो तर भित्रभित्रै किन्नै पर्छ भन्ने आवश्यकता जनाउने बोलीले Statue of one Nepali कसो बन्नु परेन गैले । बाफरे ! त्यो दिन सम्झँदैमा अहिले पनि कान छाम्न खोजिन्छ !

त्यस दिन बेलुकी का वा राजदूत प्रदीप खतिवडाले हामीलाई खाना खान बोलाउनुभयो । उहाँ कक्षा ९ र १० को गणितको लेखक पनि हुनुहुँदो रहेछ । त्यहाँको बसाइ त्यति भव्य थिएन । उहाँहरू बस्नुभएको घर काठमाडौंको भव्य घरको तुलनामा न्युरोडको पुरानिँदै गएको घरजस्तो लागेको थियो । मिलिटरी एटचाची प्रकाशबहादुर बस्नेत र अरू केही साथीहरू पनि हुनुहुन्थ्यो । रमाइलो गफगाफ र खानपिनपछि हामी होटेलतिर लाग्यौं । अरूभन्दा पनि गणितको लेखक भन्ने थाहा पाएपछि मलाई खतिवडाजीसँग झनै गफ गर्न मन लाग्या थियो । विद्वान्हरूसँग भेट हुँदा लाग्ने खुसी नै फरक लाग्छ मलाई । मैले मेरो मनको कुरा भनें पनि खतिवडालाई ।

एउटा कुरा, अमेरिकामा संसद् सदस्यहरूलाई भेट्नचाहिँ मुस्किलै रहेछ । हामी नेपालबाट गएका तैपनि सांसदहरूलाई त त्यति गाह्रो परेको थियो । हामीले बरु सहायक सचिव रबिन एल. रफिललाई भेट्न भनेका गर्मन्टका सिनेटर जेम्स एम. जेफोर्डस्लाई भेट्न सकेनौं । विभिन्न राज्यका विधायकहरूलाई त सजिलै भेटिने तर सिनेटर र प्रतिनिधिसभा सदस्यहरूलाई भेट्नचाहिँ निकै कसरत गर्नुपर्ने रहेछ । त्यहाँका प्रतिनिधिहरूसँग जनताको प्रत्यक्ष सम्पर्क नभए पनि उनीहरूको कार्यालयमार्फत जीवित सम्पर्क रहँदो रहेछ । त्यहाँका पदहरूको नाम पनि हामीलाई कस्तो सानोसानो लाग्ने खालको रहेछ । प्रतिनिधिसभाको क्लर्क भनेको (यहाँचाहिँ खरदार बहिदार हो कि जस्तो लाग्ने) सभाबाट चुनिने पद रहेछ । उसको जिम्मा पनि विधायिकी, प्रशासनिक र आर्थिक क्षेत्र सम्हाल्ने हुँदो रहेछ । त्यस्तै सिनेटको सचिव पनि त्यस्तै अधिकारसम्पन्न र सिनेट सदस्यहरूबाटै निर्वाचित हुने रहेछ । अमेरिकामा मन्त्री पद नै छैन र मन्त्रालय पनि । हाम्रो मन्त्रालयजस्तो त उनीहरूको

डिपार्टमेन्ट अनि मन्त्रीजस्तो चाहिँ सेक्रेटरी रे । नेपालमा भने ठर्रै बेसी कामभन्दा नाम बेसी । अनि खालो सर्छ त कतै ? अमेरिकाबाट यस्ता धेरै सिक्नुपर्ने कुराहरू छन् । कति सिकिएका पनि हुन् नेताहरूबाट । तर नेपालमा लागू गर्न भने कोही अघि सर्दैनन् ।

१३ तारिख बिहान सदाभन्दा केही ढिलो साढे दस बजे मात्र हाम्रो टोली Library of Congress मा पुग्यो । त्यहाँ हामी समय लिएरै जम्यौं । अमेरिकन नेसनल गभर्नमेन्ट, कङ्ग्रेसनल रिसर्च सर्भिसका विशेषज्ञ Paul Rundquist सँगको त्यो कुराकानीलाई मैले अझै सम्झिरहेको छु । हाम्रा नेपाली काङ्ग्रेसका साथीहरूको कुरा सुन्दै मलाई रिस उठेर आयो । मैले त त्यो कुराकानीलाई छाडेर बाहिर निस्कें । साथीहरू भन्दै थिए 'हाम्रो देशको प्रजातन्त्र कमजोर छ त्यसलाई बलियो बनाउन यहाँहरूको सहयोग चाहिन्छ' आदिआदि । उतैका अमेरिकीहरू यहाँ आएर भ्रष्टाचार, राष्ट्रघात, जनघात, अप्रजातान्त्रिक कामकारबाही रोकिदिन्छन् कै गरेर Paul चाहिँ भन्दै थिए 'देश सपार्ने काम तपाईंहरूकै हो, के सहयोग गर्नुपर्छ हामी गर्न तयार नै छौं ।'

त्यहाँको भेटघाटले लाइब्रेरी अफ कङ्ग्रेसको भूमिकाबारे जानकारी दिएको थियो । त्यो भेटघाट सकेर हामी खाना खान युनियन स्टेसनमा गयौं । आहा ! त्यहाँको रेल स्टेसन पनि हाम्रो विमानस्थलहरू जत्तिकै सफा रहेछ । सफाइ र स्तरीयताले नै ढुक्क भएर खाना निल्न सकिने वातावरण छ । मान्छेहरू आफ्नाआफ्नै धुनमा छन् । कसैले यो यस्तो फोहोर, यो कस्तो बासी रहेछ आदि जस्ता कुनै गुनासो र प्रतिक्रिया त सम्झँदै सम्झँदैन रहेछन् अमेरिकाका त्यस्ता ठाउँहरूमा । त्यसैले पनि होला नसम्झनुपर्ने अभ्यासले अमेरिकीहरू हामीजस्तो प्याच्चै प्रतिक्रिया दिई हाल्दैनन् यस्ता कुराहरूमा । कतै गर्नै पर्दा पनि सकारात्मक शैलीमा गरिदिन्छन् । साँच्चै भन्या सफासुग्घर देखेपछि नै आधाउधी त खाना मीठो भइहाल्ने हगि मान्छेलाई ।

खानापछि हाम्रो टोली साढे एक बजे US Environmental Protection Agency (EPA) मा पुग्यो । त्यो संस्था वातावरणसम्बन्धी सङ्घीय नीतिहरू, अनुसन्धान र नियमकानुनहरू लागू गर्ने नेतृत्वकारी संस्था रहेछ । त्यसबाहेक त्यस संस्थाको उत्तरदायित्वभित्र वायु र जलप्रदूषण, फोहोरमैला व्यवस्थापन, विषाक्त वस्तुहरू र विषादि चीजहरूसम्बन्धी नियम तथा निर्देशनहरू तयार गर्ने कामहरू पनि पर्दो रहेछ । अमेरिकामा कुनै पनि उद्योगधन्दा खोल्न इजाजत दिनुभन्दा अघि अनिवार्य रूपमा त्यसको वातावरणमा पार्न सक्ने असरबारे अध्ययन गर्नुपर्ने रहेछ । त्यही कुरा हामीले त्यहाँ सुनिरहेको बेला मचाहिँ नेपालका ठूलठूला उद्योगहरूबाट

निस्केको विषाक्त पानी खाएर नेपालको राष्ट्रिय जनावर गाईहरू मरेको कुरा सम्झिरहेको थिएँ। उद्योगको स्वीकृति दिँदा मन्त्री र उच्चपदस्थ कर्मचारीहरूको आर्थिक हैसियत उचालिएको सम्झिरहेको थिएँ। के गर्नु नेताहरूसमेत देश लुट्न लागेपछि त्यस काममा अरूले त साथ दिने नै भए नि भन्ने निष्कर्ष पनि निकालिरहेको थिएँ। नेपाली नेता र मन्त्रीहरूको बेहोरा जानेरै होला दातृ राष्ट्रका मान्छेहरूले समेत 'नेपालमा भ्रष्टाचार व्यापक छ' भन्ने निष्कर्ष निकालेका। ओहो! कुरा अन्तैतिर लागिसकेछ। हामी त्यहाँबाट हिँडयौं। तीन बजे US Interior Department मा पुग्यौं। त्यहाँ भने हामी १ घण्टा मात्र बस्यौं। हामीलाई Legislative and Intergovernmental Affairs का डेपुटी डाइरेक्टर डेनियल कन्सेन्स्टिनबाट Department का सम्पूर्ण कामकारबाहीहरूको जानकारी गराउने काम भयो।

यसरी त्यस दिनको हाम्रो काम पनि सकियो। बेलुकी ६ बजे Robin Raphel को सम्मानमा अमेरिकन नेपाली सोसाइटीद्वारा आयोजित रिसेप्सन र डिनरमा निम्तो मान्न गयो हाम्रो टोली। त्यस कार्यक्रममा पनि Raphel सँग लामो कुरा हुन पाएन। जे होस्, त्यस घाटलाई पनि हामीप्रतिको Response कै रूपमा लियौं। त्यो बेलुकी पनि रमाइलै गरी सकियो भनौं। हामी होटेल फर्कियौं। होटेल पुगेपछि भने मेरो बिहानदेखिको झोँक काङ्ग्रेसका साथीहरूमाथि पोख्नु थियो पोखें। मेरो आक्रोश 'आफूले आफूलाई नसुधार्ने तर विदेशीसँग गुहारचाहिँ माग्ने' तरिकामाथि थियो। त्यसै बेला सुरु भएको पार्टीहरूभित्रको सामन्ती संस्कारको विकासका कारण वास्तवमा हाम्रो मुलुक यस्तो हालतमा पुगेरै छाड्यो। खै त मुलुक अमेरिकाले सपारिदिएन त। ती साथीहरूले अब त बुझे हुने थियो। हामीले त्यसै बेलादेखि नै देश, जनता र प्रजातन्त्रलाई भाषण मात्र गर्‍यौं। तर व्यवहारमा भने पछि सरिरह्यौं।

१४ तारिख शुक्रबारको दिन। बिस्तारै काम हल्का हुँदै गएको थियो। त्यस दिन बिहान ११ बजेदेखि मात्र सुरु भयो हाम्रो कार्यक्रम। हामी अमेरिकाको न्यायपद्धतिको अध्ययनको लागि Supreme Court मा पुग्यौं। अदालतमा Judicial Fellow Mark Brown सँग भेट्यौं। उनले आफ्नो जानकारीभित्रको कुराहरू सविस्तार अवगत गराएका थिए। अरूभन्दा पनि हाम्रो टोलीलाई अदालतकक्ष र पुस्तकालय देखाउने एउटी त्यही २०–२२ की केटी थिइन्। उनले चाहिँ चकित नै पारिन्। साथी बलबहादुर कुँवरले त सोधि नै हाले 'तपाईंलाई यति धेरै जानकारी कसरी छ हँ?' भनेर। कुँवरजीको प्रश्नमा हामी सबैको भोट तत्कालै झरेको थियो एकै

चोटि । ती महिलाले पनि मुसुक्क हाँस्दै भनिन् ? It is my job. I must know it ? म त्यस्तै त्यस्तै कुराहरू याद गर्दै हिँडेको मान्छे । उनको उत्तर स्वाद लागि गो नि । हुन पनि नाथे त्यही Courtroom/Library का बारेमा यति धेरै कुरा । त्यो पनि सरासर भन्या छ भन्या क्यासेट बजेजस्तो । उनको आफ्नो जानकारीमाथिको भरोसा अपूर्व नै थियो । ती महिलामाथिको मेरो सम्मान अहिले पनि जाहेर छ । आफ्नो कामप्रतिको लगाव र विशेषज्ञता उनीहरूको विशेषता नै रहेछ । खै हाम्रा दिदीबहिनीहरूचाहिँ सामन्ती संस्कार र संस्कृतिबाट नै कहिले मुक्त हुने हुन् कुन्नि । पुरुषप्रधान सांस्कृतिक सामाजिक थिचोमिचोबाट निक्लनु स्वस्थानी व्रतकथाहरू कहिलेदेखि पढ्न छाड्ने हुन् कुन्नि । ती अमेरिकी महिलाजस्तो निर्धक्क बोल्न सक्ने हुनुको त के आशा गराइ भो र ।

US Supreme Court को हेराइ सकिएपछि हामी २ बजे General Accounting Office मा पुग्यौं । त्यस कार्यालयअन्तर्गत Natural Resources Management Issues का डाइरेक्टर जेम्स डफससँग कार्यालयको भूमिकाबारे जानकारी लियौं । अत्यन्त व्यवस्थित कार्यालयहरू, कामप्रति समर्पित चुस्तता अमेरिकामा हेरौं हेरौं लाग्ने दृश्य हुन् कुनै पनि कार्यालय भनिएका ठाउँहरूमा । त्यही देखेर हुनुपर्छ सर्वहारा वर्गका अन्तर्राष्ट्रिय नेता जे. भी. स्टालिनले अमेरिकी कार्यदक्षताको मुक्तकण्ठले प्रशंसा गरेका र त्यस्तै हुनु आफ्ना रूसी कार्यकर्ताहरूलाई प्रशिक्षण दिन्थे ।

१४ तारिखको हाम्रो भ्रमण कार्यक्रम पनि ३ बजे नै सकियो । भोलिपल्ट १५ तारिख खाली र १६ मा पनि कनेक्टिकट पुग्नु मात्र काम भएकाले हाम्रो पालो त्यही बेला न्युयोर्क घुम्ने योजना बनायौं । र त्यही दिन ४ बजे न्युयोर्कका लागि रमाइलोकै लागि रेलबाट गुड्यौं । रेल भन्नु मात्रै नि मलाई त प्लेनै चढ्या जस्तो लागेको थियो सरर्र......।

# यसरी टुरिन पुगियो

इटालीको टुरिन सहर हुँदै खुलेको मेरो युरोपयात्रा मैले चिताउँदै नचिताएको घटना थियो किनकि हालसम्म म पार्टी र संसद्भित्रबाट पटकपटक आफैं निर्णय गर्दै विदेशभ्रमणमा जाने र निर्णय गर्नेहरूको पार्टीको मान्छे मात्र हुँ, त्यसभन्दा नजिकको होइन । त्यसैले मेरो अनजानमा भएको विदेशभ्रमणलाई पहिले चिताएको भन्नै मिल्दैन ।

यो भ्रमणको साइत यसरी खुलेको थियो–

२०५६ सालको आमनिर्वाचनबाट म फेरि दोस्रो पटक प्रतिनिधिसभामा आइपुगें । २०४६ सालको जनआन्दोलनपछि तुलनात्मक हिसाबले पञ्चायतकालभन्दा जातीय समानताको कुरा गर्न पाइने वातावरण प्राप्त भएकाले म त्यसबारेमा कुरा गर्न थालेको थिएँ । तर २०४८ को पहिलो प्रतिनिधिसभामा त्यही गर्ने भएको त २०५१ सालको सांसदको टिकटै पो खुस्कियो । हुन त अमेरिका भ्रमणकाण्डको आरोप थियो तर खास काण्डचाहिं पार्टीमा अल्पमतमा हुनु र साम्प्रदायिक कुरा गरेको आरोप थियो । जे होस्, मेरो जातीय समानताको आवाजले संसद्मा स्थान पाए पनि पार्टीमा भने परिणाम उल्टो हात लागेको थियो । मैले २०५१ देखि २०५६ सम्मको पाँच वर्षमा निकै कष्टसाथ समय बिताउनुपऱ्यो । अल्पमतमा परेपछि हुने दमन नै चर्को हुँदो रहेछ पार्टीहरूमा । तर पनि खपें, पार्टीकार्यमा निरन्तर लागिरहें र नै २०५६ सालको आमनिर्वाचनमा फेरि प्रतिनिधिसभामा आएको थिएँ । तर मेरो नझुक्ने, चाकडी नगर्ने र निर्णायक नेताहरूको आफ्नो मान्छे हुन नजान्ने पुरानो स्वभाव अझै कायम रहनाले होला, मेरो कृपाले विदेशभ्रमण आजसम्म खुलेको छैन । त्यसैले यो टुरिनभ्रमण चिताउँदै नचिताएको घटना थियो ।

अँ, मैले अझै साइत जुरेको कसरी हो भन्नेतर्फ कुरा लागेकै छैन । पुन: २०५६ मा संसद्मा आइसकेपछि म परराष्ट्रसम्बन्ध तथा मानवअधिकार समितिमा राखिएको थिएँ । त्यही समितिद्वारा आयोजित एउटा कार्यशालागोष्ठीमा मेरै ढिपीका

कारण आदिवासी जनजातिका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूबारे कार्यपत्रप्रस्तोताका रूपमा डा. कृष्णबहादुर भट्टचनलाई बोलाइएको थियो । जातीय सवालमा ठूला पार्टीका केही सांसदहरू पनि हिम्मत र स्पष्टताका साथ बोल्न नसकिरहेको त्यो अवस्थामा मैले समितिकै सदस्यको हैसियतले समेत स्पष्ट र निडरताका साथ बोलेको र काम गरेको देखेपछि डा. भट्टचन खुसी भएका थिए । त्यही कारण होला सांसदहरूमा सबैभन्दा जनजातिका सवालमा बोल्नेमा मेरो नाम डा. भट्टचनको मनमा परेको थियो क्यार ! त्यसैले गर्दा नै उनीबाट म बारम्बार गाली पनि खाँदै आएको थिएँ किनकि त्यस गोष्ठीबाट निकालिएको निष्कर्षलाई नेपाल सरकारले कार्यान्वयनमा ल्याएको थिएन, वास्तै गरेको थिएन । डा. भट्टचनको शब्दै थियो– 'संसद्का यी सास भएका लासहरू हुन् नत्र के गर्दै छन् त त्यो गोष्ठीका निष्कर्षका सवालमा यी सांसदहरू ?' तर गाली गर्दैओर्दै भए पनि उनले मलाई सम्झन्थे र नै २००६ को जुलाइ कि अगस्ततिर दिल्लीस्थित 169 कार्यालयमा कार्यरत Coen Kompier र Sarah Webster ILO Convention 169 का बारेमा नेपालमा केही गर्न सकिन्छ कि भनेर काठमाडौं आएका बेला मलाई भेटाएका थिए ।

त्यस बेला उनीहरूसँग उनले 'अरूले त केही गर्दैनन्, गरे भने विजय सुब्बाले गर्छन्, उनलाई भेट्नू' भनेछन् । त्यसपछि Coen र Sarah ले सिंहदरबारमा मलाई भेटेका थिए । ILO कार्यालय काठमाडौंका कार्यक्रम अधिकृत सलोमन राजवंशीको सहयोगमा हाम्रो लामो कुराकानी भएको थियो । त्यस बेला मैले उनीहरूलाई नेपालका राजनीतिक दलहरू, नेताहरूको जनजातिप्रतिको धारणा, व्यवहार, संसद् र सरकारको साम्प्रदायिक सारा गतिविधिका बारेमा केही बाँकी नराखी बताएको थिएँ । मेरो कुरा सुनेपछि उनीहरू पनि निराश भएजस्तो लागेको थियो । कुराकानीको अन्त्यमा 'तैपनि यस नयाँ परिस्थितिमा फेरि एक पटक कोसिस गर्छु' भनेको थिएँ । बिदा गर्दागर्दा 'सरी, तपाईंहरूलाई पनि मैले निराश बनाएँ' पनि भन्न छाडिनँ । म आफ्नो तयारीमा लाग्न थालेँ । सभामुख र पार्टीका सचेतकहरूलाई कुरा गरिसकेपछि थाहा पाएँ, यस नयाँ परिस्थितिमा कम्तीमा खुला रूपमा आदिवासी जनजातिका विरुद्धमा अब केही बोल्दैनन् भनेर मलाई केही हल्का महसुस भएको थियो ।

मैले नेकाका रोमी गौचन थकाली, नेका (प्र.) का प्रकाशबहादुर गुरुङ र जनमोर्चाका नवराज सुवेदीको समर्थनमा ILO 169 अनुमोदनका लागि सरकारलाई निर्देशन दिने सङ्कल्पप्रस्ताव संसद्मा दर्ता गरेँ । त्यस खबरले नै आदिवासी जनजातिमाऋ

खुसीको लहर छाएको थियो । संसद्बाट पारित भए पनि नभए पनि आफ्नो सवाल संसद्मा उठ्ने भयो भनेर खुसी भएका थिए यी पिछडिएका जातिहरू । पछि संसद्मा प्रस्तुत गरियो र धेरैलाई मन नपर्दानपर्दै सर्वसम्मतिले पारित पनि भयो । हो, यी सब नेतृत्व र पहल देखिसकेपछि होला ILO ले मलाई इटलीको TURIN मा ILO कै अन्तर्राष्ट्रिय तालिम केन्द्रमा पाँचदिने तालिमका लागि पठायो । त्यही नै थियो मेरो युरोपयात्राको ढोका खुल्नाका कारण, जो मैले चिताएकै थिइनँ । जसले मलाई आदिवासी जनजातिसम्बन्धी ज्ञान लिन अत्यन्त ठूलो सहयोग र नयाँ अनुभव दिएको थियो । यसरी अनजानमै युरोप टेकियो । युरोपयात्राको साइत जुर्‍यो ।

राम्रो तयारी पनि नगरी जाने दिन आइसकेको थियो । मलाई स्विजरल्यान्ड घुम्ने सारै ठूलो इच्छा भएकाले त्यसका लागि चार-पाँच दिन र जर्मनीमा साथीहरूसँग डुल्ने भनेर आठ-नौ दिन थपेर जम्मा तीन हप्ताको समय मिलाएर टिकट बनाउन ट्राभल्समा भनियो । सेनजेन भिजाका लागि रातो कूटनैतिक राहदानी भएकाले खासै समस्या भएन तर स्विट्जरल्यान्डको चाहिँ सामान्य सम्झनलायक व्यवहार भएको थियो । मैले सोचेको थिएँ, दर्खास्त हाल्नेबित्तिकै सासदलाई सजिलै दिन्छ भन्ने तर त्यसो भएन । सेनजेन भिजा सजिलै पाएको मैले स्विस कन्सुलर शाखामा रहेकी एक महिलाले भनेको वाक्य सम्झँदा अहिले पनि रिस उठ्छ । तिनले 'कूटनैतिक राहदानी हुनेबित्तिकै भिजा दिनैपर्छ भन्ने छैन' भनिन् र अन्तर्वार्ता नै लिइन् । अन्तर्वार्ताको क्रममा कहाँ, किन, केका लागि सबै सोधिन् । मैले 'आफ्नी साली (फुपूसासूकी छोरी) न्युसाटेलमा छिन् परिवारसँगै, त्यहाँ जान्छु, साढुभाइलाई लिएर घुम्छु' भनें । त्यति भइसकेपछि म फर्किएँ । उता त साली मुना र साढुभाइ रविन्सन प्याट्रिकका बारेमा पूरै सोधीखोजी पो गरेछन् । तर सजिलो के भयो भने उनीहरू दुवै SDC मै काम गरिसकेका, उनीहरूका लागि परिचित व्यक्तिहरू थिए र भिजा लाग्यो नै त्यसपछि भने म ढुक्कसाथ मुना र प्याट्रिकसँग इमेलमार्फत समय निश्चित गरीवरी हिँडें । जर्मनीमा पनि कलाकार खड्ग न्यौपानेसँग समय सबै टुङ्गो गरिसकिएको थियो । म प्रफुल्ल चित्तका साथ इटालीतिर लागें ।

मलाई यसपालिचाहिँ सारै राम्ररी नियात्रा लेख्ने धुन चढेको थियो । रोचक र चित्ताकर्षक नियात्रा लेख्न मन लागेरै टिपोट पनि गर्नका लागि सानो स्पाइरल प्याड र डटपेन गोजीमै थियो, जति बेला चाहियो झिक्न सजिलो हुने गरी बोकेको । तर राम्रो गर्न नसक्ने रहेछु भन्ने आफैंलाई लागिसकेको छ आज । यसरी लेख्न बस्या छु तर शब्दहरूले साथै दिन्नन् । यसै बेला मजाले घुमाईघुमाई आत्मपरकताले मोरेर सानो कुरालाई पनि रोचक बनाएर लेख्ने युवराज नयाँघरेलाई सम्झन्छु ।

गाउँबेसीमा भेटिएका प्रत्येक दु:खीगरिबहरूका शब्द र शैलीलाई लिएर जीवन्त पाराले नियात्रा लेख्ने मञ्जुल र रामेशलाई सम्झन्छु । अरु ध. च. गोतामेको संस्मरणलेखनलाई जति पढेर मन पराए पनि त्यस तरिकाले वाक्यहरूलाई अहँ, लर्काउनै सकिनँ । बेक्कार दुबसु क्षेत्री र रमेश खनाललाई गफ दिएछु– 'तपाईंहरूजति विदेशभ्रमणमा जान पाए त कतिवटा नियात्राको पुस्तक बनाइसक्थैं ।' फिस्टाको बच्चाले आमालाई बाँसको टुप्पामा बसेर 'आमा ! बाँस निहुराएँ' भन्दा 'खुट्टी हेर्दै पत्याएँ' भन्थी रे आमाचाहिँले । त्यस्तै भयो मेरो हकमा पनि किनकि पोहोर भ्रमणमा गएँ तर लेख्न बस्या छु अहिले । अनि गफ दिन्छु दुबसु र रमेशलाई । अँ, तर जय छाङ्छाले यो कुरो सुने भनेचाहिँ खर्लप्पै निल्छन् मलाई गाली गरेर । जय छाङ्छालाई कसैले अल्छी भन्ने हिम्मत गर्न नमिल्ने रहेछ । उनले त उल्टै मलाई पो हप्काएका छन् दिल्लीमा भेट भए बखत । उनी के भन्छन् थाहा छ ? उनी भन्छन्– 'तपाईं किन डायरी लेख्नुहुन्न हँ ?'

ए गाँठे ! कुरा इटालीको गर्न तम्सेको थिएँ तर लागेछु अर्कैतिर । हो, साँच्चै म अब इटालीतिरै लाग्छु । मलाई फुटबलको विश्वकप जित्ने मुलुकमा आफू पुग्ने कुराले थप आनन्दित तुल्याएको थियो । अघि नै भनें नि, नियात्रा लेख्नै भनेर कलम र सानो स्केच प्याड छातीको गोजीमै थियो । नौलो, सम्झनलायक जेजति कुरा देख्छु र भेट्छु सबै तत्काल टिप्ने गर्थें । कहिलेकाहीं त लाज पनि लाग्थ्यो मलाई अरूले पुलुक्कपुलुक्क हेर्ने गरेकाले । तर धत्, साहित्यकार त्यसै भइन्छ र ! भनेर फेरि आफ्नै धुनमा हुन्थें म । धेरै कुरा मसिना भएर पनि लेख्न लायक कुराहरू थिए– बिर्सिसकें पनि । त्यसैले अब त गरिखाइएलाजस्तो पनि लाग्या' छैन ।

जे होस्, म २००६, सेप्टेम्बर २३ को तीन बजे RA को बोइङपासमा उल्लिखित फ्लाइट नं. 9W261 को Jet Airways बाट नयाँ दिल्लीतिर उडें । पहिले १९९४ को जनवरीमा अमेरिका जाँदाको अनुभवले अलिअलि मद्दत पुऱ्याएको महसुस हुँदै थियो । विदेश हेरी त्यसैत्यसै ढिलो काम गर्ने नेपालको अन्तर्राष्ट्रिय विमानस्थल दिक्कलाग्दो पनि थियो । अध्यागमनमा मलाई चिन्ने नेपाली कर्मचारीहरूसँग सामान्य राजनीतिक गफ गर्दै छिरियो । अलि भित्र छिरिसकेपछि त्यहाँ रहेको ड्युटी फ्री पसलमा रहेकी एक महिलाले विदेश काम गर्न जान लागेका सोझा गाउँलेहरूलाई 'कागजपत्र फोटोकपी गर्नुपर्छ, खै दिनोस्' भन्दै थिइन् । ती भाइहरू अलमलिएको देखेर सोधें मैले– "किन, के भयो भाइहरू ! किन अलमलिएको ?" उनीहरूले उल्टै मलाई सोधे– "दाइ ! कागजपत्रहरू फोटोकपी गर्नुपर्छ रे, हो ?" मेरो पालो झन् उल्टै सोधें– "के कसैले तपाईंहरूलाई गर्नुपर्छ भन्या छन् र ?"

उनीहरूले 'अहँ, त्यसो त कसैले भनेका छैनन् !' भनेपछि मात्र मैले सल्लाह दिएँ– 'त्यसो भए गर्नु पर्दैन'। उनीहरूलाई प्रतिपाना पाँच-छ रुपियाँ कि कति लाग्छ भनेकी रहिछन् ती महिलाले तर करिब दुई मिनेटजतिको मेरो र ती भाइहरूको वार्तालापले ती महिलाको अनुहार मायालाग्दो भइसकेको थियो। यसोउसो गरेर पसलभित्र अलप भइन् महिला। करिब पैंतीस वर्षकी सारै सहरिया पनि नदेखिने ती महिलाको कालोनीलो अनुहार म अहिले पनि सम्झन्छु। दया लागेर आउँछ। बेक्कार त्यसो गरेजस्तो लाग्छ। साँच्चै पो चाहिन्थ्यो कि कागजपत्रहरूको फोटोकपी र नै भनेकी थिइन् कि ती महिलाले तर त्यसो हो भने किन अनुहार खस्नु नि ! फेरि त्यत्तिकै लागि ठग बुद्धि त नपलाउनुपर्ने हो। मेरो आफ्नै आधा समर्थन र आधा विरोधको त्यो घटनालाई थप ध्यान दिन आवश्यकचाहिँ ठानिनँ मैले।

त्यसपछि अन्तिम सेक्युरिटी जाँचमा पुगेँ म। पहिले सुनसान थियो, पछि जाउँला भनेर बाहिरै बसियो तर भीड हुन थाल्यो। नसकेर पछि मात्र पुगेको थिएँ म। जाँच्ता पुलिसले त मेरो रातो पासपोर्ट हेरेर पनि पनि याद गरेन। मेरो टुथपेस्ट र क्लोबेन जी नामको औषधी त सरासर निकाल्यो पो। मैले 'म यस्तो मान्छे हुँ, मलाई छाला चिलाउने रोगको कारण औषधी बोकेको हुँ' भन्दा पनि छाडेन। एकछिन अनुरोध गरेपछि मात्र ऊभन्दा अलि ठूलो पुलिसलाई सोध्यो। उसलाई सोधेपछि मात्र सानो प्लास्टिकको झोला दियो र त्यसमा हालेर बेरेर ती सामानहरू मात्र लिएर जान दिएको थियो। मैले यसो विचार गरें, पछि फर्कंदा लानोस् पनि भन्दैन राख्छ मात्रै, के गरेको होला। यस्तै हो भने त त्यही नब्बे, सय रुपियाँको भए पनि आय हुने तरिका पनि रहेछ त्यो त नत्र किन लिइन्छ मात्र सामानहरू। निकै दिन बस्नुपर्ला भनेर ठूलो टुथपेस्ट र औषधी पचास रुपियाँजति पर्ने थियो। झन्नै नमान्या ती प्रहरीले। (यस्तैमा विदेशमा चाहिँ त्यस्तो सामानका लागि केही नभनी प्लास्टिक दिंदा रहेछन्।) त्यो जाँच सकेपछि जहाजको प्रतीक्षामा बस्ने प्रतीक्षालयमा पुगेँ। केही समय पर्खेपछि जहाज उड्यो जेट एयरवेजको। सेवा नराम्रो हुने कुरै भएन। जग्गाजमिन बन्धकी राखेर अथवा बेचेर पैसा कमाउन विदेश जानेहरू पनि निकै जना थिए। उनीहरू जुवा खेल्न हिँडेका खेलाडीजस्ता लागे मलाई किनकि उनीहरूको तलब कति पो हुन्थ्यो र ! कोहीको लास मात्र बाकसमा फर्कन सक्थ्यो, कोहीको हातखुट्टा छिनालेर अपाङ्ग शरीर फर्कन सक्थ्यो, कोही बानीबेहोरा बिगारेर फर्कन सक्थे, कोही त उतै हराउँथे। कमैले मात्र यसो जाँदाको ऋण तिरेर तीन वर्षजतिमा एक-दुई लाख लिएर फर्कन्थे। लहैलहै 'र राम्ररी कुरै नबुझी, त्यहाँ गर्नुपर्ने अपार श्रमको ख्यालै नगरी थपक्क हातमा पर्ने आठ-नौ हजारको आकर्षणमा

परेर ती मान्छे विदेश लाग्दै थिए । त्यस्ता नेपालीको राम्रै हूल म चढेको जहाजमा थियो । फेरि के भर र नयाँ दिल्लीबाट उता लाने दलालले टुङ्गोमा पुऱ्याउने व्यवस्था गर्छ कि गर्दैन नि । उनीहरू काठमाडौंको म्यानपावरको पूर्ण विश्वासमा हिँडिरहेका देखिन्थे । अलपत्र पार्ने पो हो कि दलालले भन्ने क्यै न क्यै मलाई पो चिन्ता लागेर आयो । यसो अनुहार हेर्छु– तराई क्षेत्रका पनि अब त धेरै नै विदेश जान थालेछन् । स्वदेशमा भएको बेरोजगारीको समस्याको प्रस्ट परिणाम थियो त्यो मधेसी भीड ।

म विशेषत: जहाज उड्दा र बस्ने बेलाचाहिँ चनाखो हुने गर्दथें बाहिरको रमिता हेर्न । त्यस जहाजमा पनि बाहिर हेर्न सजिलोका लागि २९F नं. को सिटमा बसेको थिएँ तर जति चनाखो भए पनि उडेको केहीक्षणमै बादलमा पसिगइयो । अनि बाहिरको रमिता त नापिइहाल्यो नि । अनि के गर्नु र चुपचाप निदाउने कोसिस गरें । एकछिनमा जहाजका कर्मचारीहरूले खाजा वितरण गर्न थाले । यात्रुहरूले आफ्नो इच्छानुसार कसैले बियर, कसैले चिसो त कसैले पानी मात्र लिए । बियर लिनेहरूको सङ्ख्या देख्दा भने पहिले अमेरिकामा मैले बडवाइजर बियर त्यसै गरी आन्तरिक उडानको बेला पैसा तिर्नुपर्ने भए किन खानु भनेर फर्काएको घटना सम्झें । मलाई त्यस बेला सँगै बसेका डा. विष्णु पौडयालले 'भरे खाउँला नि, हुन्न ?' भनेका थिए । त्यो घटना सम्झँदा अहिले पनि लाज लाग्छ । किनकिन खान नपर्ने अथवा खाने बानी नभएको म पनि उस्तै नि ! किन हात लम्काएर खान तम्सने होला । डा. विष्णुले यी सांसद त लोभी रहेछन् भने होलान् मलाई । वास्तवमा चाख्ने हिसाबले लिन खोजेको, किन के चाख्नु भनेर छाडचा थिएँ ।

जहाज उड्दै गयो । जहाजमुनि बादलको सागर थियो कहीं । कहीं जमिनबाटै रुवैरुवा थुपारेझैं देखिने कुहिरोको पहाड छ । त्यसमाथि हामी र हामीमाथि फेरि आकाश । आहा ! कति आनन्दको यात्रा सुरु भएको थियो । म यसपालि थुप्रै संस्मरण लेख्छु भन्दै उडेको अवस्थामा थिएँ त्यस बेला । तर अहिले जब लेख्न बसें मेरो लेखनमा बलै पुग्दैन र आफैंलाई घोर अवमूल्यन गर्छु । नियात्रालेखकहरूका अनेक पुस्तकहरू पढेर पनि नसक्ने उल्लू । कम्तीमा प्रतीक ढकालको 'हिमालपारि पुगेपछि' जस्तो त लेख्नु नि ! ल ठीकै छ त्यसो भएन रे, धरावासीजस्तो अथवा निर्मोही व्यासको जस्तो शैली त सिक्नु नि । त्यो पनि छैन, यो पनि छैन । बडो नियात्रालेखक हुनुपर्ने रे फेरि । यसो विचार गर्छु । मसँग न काल्पनिकता छ न भावुकता छ, न लेख्ने क्षमता छ न अनुकरण गर्ने शक्ति नै छ । सबैले गाली गरिआएको बाक्लो बुद्धिवाला निकम्मा आदिवासी जनजाति ।

अहिले म जहाजभित्रै छु। कर्मचारीहरूले खाजा बाँडिरहेकै छन्। म अघि लेखिएको यात्रुहरूले बियर लिँदै गरेको समयमै छु। म ती कर्मचारीहरूको अनुहार एकएक गरी नियाल्छु। अनुहार नेपालीजस्तो लाग्छ। तर मेरो जस्तो न चिम्से आँखा छन् न थेप्चे नाक छन्। सबै सलक्क परेका नाकका धनी र ठूलठूला आँखा भएका गोरागोरी, मोरामोरीहरू मात्र पो छन्। यही बेला कोही मलाई जान्ने आदिवासी जनजाति क्षेत्रमा काम गरिरहेका विदेशीहरूले भेटचा भए उनीहरूलाई देखाउँदै 'हेर विजय! यहाँ पनि कर्मचारी भर्तीमा तिमीहरूका जातलाई बहिष्करणमा पारेछन् बुझ्यौ?' भन्थे होलान्। र म यो सुनेर जोडले हाँस्थेँ होला। हुन पनि जनजातिका लागि काम गर्ने गोराहरू कम ख्यालठट्टा गर्न जान्ने भएका छन् र। नेपालीको रउस बानी ठ्याक्कै सिकिसकेका छन्। अरू कुरा जेजस्तो भए पनि त्यस जहाजमा खानाखाजाचाहिँ कम स्वादिला थिएनन्। विदेशयात्रामा त्यति मीठो खानाखाजा मलाई अहिलेसम्म जुरेकै छैन। कसरी मेरो जिब्रोको स्वाद थाहै पाएजस्तो गरी यति मीठो खाना ल्याएका होलान्। साँच्ची स्वादिलो थियो।

म बसेकै सिटको भित्रपट्टि दुईवटा दुई जना केटा-र केटी थिए– सायद बीस वर्ष आसपासका। सामान्य सोधपुछसम्म गर्न पऱ्यो भन्या निकै व्यस्त छन्। कहिले अगालो हालाहाल, कहिले चुम्बन। किताब त दुवैका हातमा छन् नि तर मरिगए पढ्या भए पो। एकछिन पल्टाउँछन्, पढ्छन् र हेराहेर गर्छन् अनि त कि म्वाइँ गरागर कि त अँगालोको कार्यक्रम सुरु भइहाल्थ्यो। वाक्कै लगाए मोरामोरीले। हाम्रा तिर भने अपाच्य गतिविधि नै हो भनी घोषणा गरिन्छ यस्तो पारालाई, त्यतिको सक्रिय माया गराइलाई। हुन त के नि, बाबुआमाले त्यही सिकाएपछि। सारा समाजकै ताल नै त्यस्तै भएपछि ती बबुराहरूले के सिकून् र। मजस्तो आधा शताब्दी पुग्या नेपाली मानसिकवाको मान्छेका बारेमा तिनलाई के थाहा नि! त्यसमाथिको कम्युनिस्ट अनि मायालाई जालीमा छानीछानी हेर्नुपर्ने फलामे अनुशासनवाला विजय सुब्बाका बारेमा उनीहरूलाई के वास्ता! गरे तिनले बेरोकतोक मायाप्रेम। जोडी नभाका किशोरकिशोरीहरूलाई हेऱ्याहेऱ्यै पारिदिए तिनीहरूले। म पनि पो पाश्चात्य संस्कृतिको दमनमा अक्क न बक्क भएँ। हामी राम्रो कि उनीहरू राम्रो? तर्कमा उत्रन पनि मन लागेन छाडाहरूलाई देखेर।

जहाजमा उद्घोषण गरियो १६:८ तिर– 'हामी केही बेरमै नयाँ दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लंदै छौँ...' भनेर। म ज्यादै चनाखो भएर सुन्दासुन्दै बाहिरतिर हेर्न थालेँ। दिल्ली सहर देखिनँ। सहरबाहिरै रहेछौँ। बिस्तारै ससाना हाम्रै तराईका जस्ता बस्तीहरू देखिन थाले। बीचमा चोक भएका

बाक्ला बस्तीहरू आए डोरी टाँगेजस्ता सडकहरू, नहरहरू देखिन थाले । बिलकुलै नेपालको तराईजस्ता जमिनहरू, गराहरू, बस्तीहरू, जङ्गलहरू, किसानले बाली लगाउन तयार गरेका माटाहरू देखिन्छन् । जोकोही नेपाली पनि त्यस बेला तत्काल हाम्रो तराईको विमानस्थलमाथि वा तराईमाथिमाथि विमानबाट उडिरहेको अनुभव गर्न थाल्ने प्रकारका दृश्य देखिन्छन् । १६:३० बजे हाम्रो जहाजले विमानस्थल छोयो । काठमाडौं नयाँ दिल्लीको जहाजयात्रा यसरी रोचक रह्यो । मसँग जहाजमा रहेका राष्ट्रिय योजना आयोगका सहसचिव रेवतीराज काफ्ले र स्थानीय विकास मन्त्रालयका सहसचिव सूर्यप्रसाद सिलवाललाई भने यो यात्रा कस्तो लाग्यो कुन्नि !

इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा हाम्रो फ्राङ्कफर्टका लागि ट्रान्जिट मात्र थियो । खासै झमेला भएन । ट्रान्जिटको झमेला सम्झनेबित्तिकै मलाई अमेरिकाको सियाटलको सम्झना आउँछ । १९९४ मा अमेरिका जाँदा त्यहाँ अध्यागमनमा निकै झन्झट भएको थियो । ढङ्ग नपुग्नाले आत्तिएर म र बलबहादुर कुँवर असिनपसिन भएका थियौं । त्यस बेला अध्यागमनमा भर्ने फर्म अलि लामै पो थियो कि भन्छु है अहिले । भर्दै जाँदा मिल्दैन, काट्यो फेरि अर्को फर्म माग्यो, भऱ्यो । अलि अङ्ग्रेजीमा दखल भएका कुँवर नै आत्तिएको सम्झन्छु म । त्यस बेला हामीलाई निकै राम्ररी जाँच गरेको चाहिँ पक्कै हो ।

अँ, हामी नयाँ दिल्लीको विमानस्थलको भित्री कक्षमा पुग्यौं । हाम्रो फ्राङ्कफर्टको उडान राति ०२:५५ मा मात्र भएकाले १७:०० बजेदेखि सुरु भयो नौ घण्टा लामो दिक्दारीको यात्रा । कहाँसम्म पुग्नु– यो कुनादेखि त्यो कुना, त्यो पसलदेखि यो पसल । घरमा फोन गरूँ कि भन्यो कुरा केही छैन । हुनुसम्मको बसाइ पऱ्यो । बस्नेलगायतका सुविधा त ठीकै हो तर कुर्सी सरीसरी बस्ता पनि अहँ, समय बितेन । खालखालका मान्छे आउँछन् जान्छन् । म सधैं ध्यान नजाने सानामसिना कुरामा समेत ध्यान दिन्छु सजिलै समय बितोस् भनेर । अहँ, पटक्कै समय गएजस्तो लाग्दैन । भोक त ठूलो कुरै भएन काफ्लेजीको एक झोला फलफूल र बिस्कुटले काम दिइहाल्यो तर सुत्न नपाएपछि कसको के लाग्छ र ! अन्तर्राष्ट्रिय उडानमा छ घण्टाभन्दा बढी ट्रान्जिटमा परियो भने सुत्ने व्यवस्था हवाईजहाजले नै बन्दोबस्त गर्नुपर्छ भन्नेसम्म त सुनेको थिएँ तर पासपोर्ट किताबमा पन्नै खाली नभएका सहसचिव सूर्य सिलवाल नै मजसरी टाक्सिएर बस्नुपरेकाले त्यो नियम नभएरै नखोजिएको होला भन्ने ठानें र चुपचाप बसें म । मैले युवराज नयाँघरेको अनाम पहाडमा फनफनी बोकेको थिएँ, पढ्छु र पनि समय चलेन । चल्न त समय किन चल्दैनथ्यो र तर उड्ने समय आइपुगेन । दिक्क हुनुको साँदी नै भएन । अघि

जहाजमा भएका नेपालीहरू कता गायब भएभए नयाँ दिल्ली पुगेपछि म निरुद्देश्य त नभनौँ जे पायो त्यही हेर्दै हिँड्छु समय बिताउन । वरिपरि हेर्दै गएँ– ट्रान्सफर डेस्कमा आँखा पुग्यो । भारत पनि हामीभन्दा केही फरक रहेनछ भन्ने लाग्यो डेस्क हेरेपछि । डेस्क छ, वरिपरि पर्याप्त खाली ठाउँ पनि छ । डेस्कको भित्तामा सूचना छ– Keep The Area Clean । धूलोधूलो, भोजन सकिएपछिको स्थलजस्तो, भताभुङ्ग पारेको, बीचमा सूचना देख्ता रमाइलो लाग्यो । त्यत्रो विमानस्थल, जहाँ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू पनि आवतजावत गर्छन्, त्यस्तो ठाउँको बीचमा यात्रुहरू आउनेबित्तिकै आँखा पर्ने ठाउँमा त्यो सूचना छ । सूचना देख्नेबित्तिकै मलाई लागिहाल्यो यहाँकालाई पनि 'सफा राख' भनिरहनुपर्ने रहेछ । नेपालीलाई जहीँतहीँ दिसापिसाब नगर भन्नुपरेजस्तै । नेपाली र भारतीयका लागि मात्र त त्यो सूचना होइन होला किनभने त्यस ठाउँमा आइपुग्नेहरू त केही सम्पन्न नेपाली र भारतीय अनि बाहेक त सबै अरू देशका हुन्थे जसलाई सिकाइरहनै पर्दैन । त्यस ठाउँमा सूचना नराखेकै भए भारतको इज्जत हुन्थ्यो होला । फोहोरमैलाभन्दा सूचनाले बेइज्जत भएजस्तो लाग्यो ।

तर अर्कोतिर ठीक उल्टो प्रतीक्षालयभित्र मन्द रूपमा हिन्दी शास्त्रीय र अत्यन्त मर्मस्पर्शी साङ्गीतिक धुनहरू बजिरहनाले मान्छे तत्काल उपर्युक्त गलत प्रभावबाट उकासिहाल्थ्यो । ठूलठूलो सोफामा आरामसाथ ढल्केर ती धुनहरू सुनिरहेँ । केही नलागेपछि त्यही धुनले पनि काम दिएन । पिसाब आएजस्तो लाग्यो कि शौचालय, कोही मान्छे हिँड्यो कि ध्यान उतै, कोही हाँस्यो कि किन हाँस्यो भन्ने चासो, चियाकफी, पसलमा पुग्यो कि कसरी तयार गर्छन् चियाकफी हेर्‍यो । जे गर्दा पनि भएन । कहाँ जानु, त्यही भित्र त हो नि ! यसो नेपालीहरूतिर हेर्‍यो, विदेशीऊँ यिनीहरूसमेत गफै गर्दैनन् अरू नेपालीसँग । बडो सभ्य भइटोपलेका लठुवालठुवीहरू, रिसै उठ्ने गरी । यसरी भित्रभित्रै मुर्मुरिँदै बस्या थिएँ, हतारहतारमा हिँडिरहेका एक जना यात्रुले फ्यात्त भुइँमा कागज खसाए । त्यसकै पछाडि हिँडिरहेका अर्का यात्रुले टप्प टिपे र हेरे अनि जहीँको तहीँ जसरी खसेको थियो त्यसरी नै फ्यात्त खसाए । अलि पर फुर्सदैफुर्सद भएको म ती सबै क्रियाकलाप जस्ताको तस्तै हेर्दै थिएँ । अब फुर्सदमा सोच्न थालेँ । त्यो पछिल्लोले पढेर पनि किन त्यो कागज खसाउनेलाई केही नभनी त्यत्तिकै त्यसरी नै फ्यात्त छाडेर हिँड्या होला ! त्यो खतराजनक त पक्कै थिएन किनकि त्यसपछि केही भएन । अनावश्यक कागजहरू भए किन बोक्या थियो होला खसाउनेले ? मुख्य कुरो त त्यो पछिल्लाले खसाउनेलाई भन्नुपर्छ नि । त्यो खसाउने पनि खोज्दै आउनुपर्ने होइन र ? काम छैन यस्तैयस्तै मनमा कुरा

खेलाउँदै म मूला पनि कुन गतिलो रहेछु र ! मैले नै पनि भन्न सक्थें नि त्यसलाई, भनिनँ । अनि कतिसम्म भने त्यो खसाउने मान्छे कतातिरको गेटमा छिऱ्यो पत्तै भएन मलाई । होइन अहिले पो सम्झन्छु त्यो खसेको जिनिस कता गयो, कसले लग्यो, त्यसको ख्याल त मैले पनि पो गरिनछु । मैले नै यसो टिपेर एक ठाउँमा राखिदिएको भए पनि त हुन्थ्यो नि ! म पनि अरूका बारेमा त्यत्तिसम्म गल्ती खोज्ने तर आफैं भने केही नगर्ने ल्वाँठै त रहेछु नि ।

बल्लबल्ल करिब तीन बजे बिहान लुफ्थान्साको LH761 दिल्लीबाट फ्राङ्कफर्टका लागि उड्यो । पहिल्यैदेखि लुफ्थान्सा चढ्ने, फ्राङ्कफर्ट र लुफ्थान्साका बारेमा कुरा गर्दा बारम्बार बल्झन्थ्यो पनि । ठूलो कुरो जर्मनीजस्तो देश टेकियो भन्ने पार्नु थियो, पारियो । रातको खाना जहाजमै खाइयो तर मलाई त्यति भोक नलागेकाले हल्काहल्का मात्र लिएको थिएँ । अँ, लुफ्थान्सा चढ्ने रहर थियो पुग्यो पनि तर सिट अलि साँघुरो भएकाले त्यो यात्रा त्यति मजाको भएन । जहाज उडेको निकैबेरपछि म शौचालयतिर लागेँ । चारवटै शौचालयहरू व्यस्त भएकाले छेउको कर्मचारीको सिटमा बसेँ । बस्नु हुन्न कि त भन्दै थिएँ जे सोचेँ, भयो पनि त्यस्तै । एउटी महिला कर्मचारी आइन् र रिसाएको मुद्रामा भनिन्– 'यो तपाईंको सिट होइन, उठ्नोस् ।' राम्ररी र नम्र मुद्रामा भने पनि त हुन्थ्यो नि ! झ्याम्म गाला चड्काइदिऊँ जस्तो लाग्यो तर त्यसो गर्नु भएन क्यारे । चुपचाप म पनि रिसाएको थाहा पाओस् नै भनेर 'सरी' पनि नभनी उठेर फटाफट हिँडें आफ्नो सिटतिर । उसको त्यो व्यवहारका बारेमा सिकायत गरूँ कि त भनें तर केही गरिनँ । अन्य सुविधाचाहिँ ठीकै थियो भन्नुपऱ्यो ।

मान्छे जहाजमा र गाडीमा बसिसकेपछि अचम्मै गरी बदलन्छन् । गफ गर्न छाड्छन् । कोही एकअर्कासँग नबोली बस्छन् । मै पनि त्यसरी फेरिँदो रहेछु । एउटै सिटमा घण्टौंसम्म बस्ता पनि कोही बोल्दैनन् । बीचकाहरू शौचालय जानलाई उठ्ता भने अत्यन्त नम्रताका साथ मुस्कुराउँदै बाटो छाडेर सहयोग गर्छन् तर बोलचाल र गफ भने त्यसको ठीक उल्टो हुँदै हुँदैन । अरूलाई बाधा पर्छ भनेर नै त्यसो गरेको हुनुपर्छ । फेरि साझा चासोको विषय पनि त त्यति हुँदैन नि कहिल्यै नभेटिएकाहरूसँग । तर एउटा कुरो नि, त्यसरी नबोल्ने भएपछि मानिस सामाजिक प्राणी हो चाहिँ नभने हुन्थ्यो जस्तो लाग्ने । मेरो अरू केही काम थिएन जहाजभित्रको सम्पूर्ण चित्र कण्ठ पार्नुबाहेक । त्यही सिलसिलामा म जहाजको एउटा पुरुष कर्मचारीको कपाल हेर्न पुगेछु । यसो हेर्छु बेलायतका फुटबल नेता डेबिट बेकह्यामको जस्तो कपाल छ । त्यस्तो व्यस्त जागिरको मान्छेलाई समेत फुटबल खेलाडी हुन मन

लागेछ । यता हाम्रा सडकहरूमा पो फुर्सदैफुर्सद भएका रोनाल्डो र बेकह्यामहरू निकै भेटिन्थे । जहाजमा पनि भेटेपछि अरू त के हुनु र काठमाडौंका सडकहरूको सम्झना भयो, त्यत्ति हो । हुन त के र हौ मेरी कान्छी साली भूमिकाको सात वर्षको बच्चो त 'तँ पछि के हुन्छस् छोरा ?' भनेर सोध्दा 'बेकेम' भन्थ्यो । बजिया दाखे, पछि चोर, डाँका, नेता, डाक्टर, पाइलट आदिमध्ये केही हुन्थ्यो होला नेपालजस्तो देशमा जन्मेर बेकह्याम हुने कुरा गर्छ मुख नलागीनलागीकन ।

नयाँ दिल्लीको विमानस्थलमा दिक्कलाग्दो बसाइकै बेला उही त हो जे पायो त्यही हेरिबसियो । एउटा सानो परिवार थियो चार जनाको । बाबु, आमा र दुई सन्तान-छोराछोरी । मलाई ती छोराछोरीहरू यता नेपाली छोराछोरीजस्तै बाबुआमासँग लहसिएको देखेपछि कसोकसो प्यारो लागेको थियो । नत्र त गोराहरूको बच्चाबच्चीहरू त्यसरी हुर्कन थाल्दा आमाबाबुसँग त्यति लहसिन्नन् नि ! त्यही लहसिने पारा मन परेर खूब याद गऱ्या थिएँ । न शुद्ध गोराजस्ता, न मङ्गोल अनुहारका छन् तर उतैका चाहिँ पक्कै थिए । सायद उतै जन्मीहुर्की गरेकाहरू थिए ती । उनीहरू पनि दिक्क मानेर बसिरहेका देखिन्थे । त्यही परिवार मसँगै लुफ्थान्सामा फ्राङ्कफर्टतिर उड्दै थियो । ठ्याक्कै बाबुआमाअनुहारका ती छोराछोरीहरू रहरलाग्दो पाराले प्लेनमा वरपर सँगै हिँड्थे । अरूभन्दा पनि उहिले सानोमा मजस्तै ती केटाकेटीहरू छोरालाई शौचालय जानुपर्दा छोरीले साथ दिनुपर्ने, छोरीलाई जानुपर्दा छोराले साथ दिने गर्दथे । म पनि सानोमा लाज नपसुन्जेल राति दिसापिसाब जाँदा साथी लिएर जाने गर्थें । यिनीहरूको त्यसो गराइले मलाई निक्कै प्रभावित पाऱ्यो । उनीहरूबीचको त्यो व्यवहार असाध्य प्यारो महसुस भयो । एकअर्कामा कति मुलायम र भुवादार, कति न्यानो बोलीवचन, माया र व्यवहार थियो । थपक्क हत्केलामा उठाएर चिसो छातीमा न्यानो सेकूँसेकूँ लाग्दा छोराछोरीहरू । यस्तै रमिताहरू हेर्दै घडीमा ०८:३० सम्म भइसक्यो तर अहँ, बिहान भने हुनु हुँदैन । दिल्लीबाट राति उडेको, सात घण्टाजति उडिसकियो, उज्यालो हुँदैन । मेरो घडीले कामै दिएन अब । टिकटको भ्रमणसूचीमा लेखिएको समयअनुसार हिसाब गरेर चार-पाँच घण्टाको बाटो होला भन्ठानेको त कहाँ नि, दिल्लीबाट उड्ने समय दिल्लीकै, उता लेखिएको पुग्ने समय पुगिने ठाउँकै हुँदो रहेछ । समय बिग्रेर उधुमै भयो, मेरो घडीले कामै दिएन । दिल्ली र फ्राङ्कफर्टको समयको भिन्नता पनि जोड्दा त थुप्रै घण्टा पो लाग्दो रहेछ पुग्नलाई । जहाजमै समय त दिँदै गर्दथ्यो तर सब हिसाब भताभुङ्ग भयो मेरो । अब कहाँबाट कहाँ पुग्दा कति समय लाग्छ भन्ने हिसाबै छाडिदिएँ मैले । छेउकालाई केही सोधूँ भने रुर्को मान्ने हुन् कि भन्ने डर । त्यसमाथि विदेशकालाई आफ्नो

कामबारे पितृ बुझाउने भए पनि अरूबारे त्यान्द्रो पनि थाहा हुँदैन । सोध्नुको अर्थ पनि नहुन सक्छ । तर मेरो समय र घडीमा गडबडी आए पनि जहाज भने आफ्नो काममा ठीकै थियो । मेरो घडीमा १०:२५ भएको थियो होला फ्राङ्कफर्टको विमानस्थलमा ओर्लंदा, उताको समय भने ०६:५० भएको थियो । अनि मेरो घडीअनुसार उज्यालो खोज्दा भुत्राको उज्यालो हुन्छ त ? यी तमाम अलमलका बारेमा सोध्न आँटे गर्दा यसो नरुकने खालका लाग्नेहरूलाई मात्र म सोध्ने गर्दथें ।

फ्राङ्कफर्टको हाम्रो अडचाइ करिब दुई घण्टाको मात्र थियो टुरिनको जहाज चढ्नका लागि । मेरो पारा उही त हो, यता हेऱ्या छ उता हेऱ्या छ । जहाज पर्खने प्रतीक्षालयहरूमा कम्प्युटर चलाउनेहरू पनि प्रशस्तै देखिन्थे । कतै बसेर ढुक्क खान नभ्याउनेहरू कोही खाँदै हुन्थे, कोही बच्चालाई गुड्ने कुर्सीमा राखेर वरपर गरिरहेका हुन्थे । ख्याल मात्रै गर्नुपर्ने, अनेक थरीकाहरू देखिन्थे त्यहाँ । हामीलाई त्यहाँचाहिँ दिक्क लाग्नै पाएन । सानो झोला थियो, ठूलो झोला टुरिनमै लिने व्यवस्था काठमाडौंमै भएको थियो । विमानस्थलको व्यवस्थापन करिबकरिब उस्तै नै देखिन्थ्यो । ठूलो पर्दामा विभिन्न जहाजहरूको आतेजाते समयहरू लगातार दिएकै हुन्थ्यो । आवश्यक पर्ने प्रायः सम्पूर्ण सूचनाहरू पाइने गरी पर्दामा देखाइने गरिंदो रहेछ । हल्कैं गरी सबै काम सिद्धयाएर हामी लुफ्थान्साकै उडान नं. LH ४०१० बाट २४ सेप्टेम्बरको बिहान ०९:०५ मा टुरिनका लागि उड्यौं । फ्राङ्कफर्टमा झर्दा त थाहा भएन तर उड्दाको बखत भने ध्यान दिएर हेर्न पाएँ । फ्राङ्कफर्टआसपासमा दिल्ली सहरमाथि आइपुग्नुभन्दा अघिजस्तो देख्न पाइन्छ नि, हो त्यस्तै हाम्रै तराईजस्तै देखिँदो रहेछ । फरकचाहिँ फ्राङ्कफर्टआसपासका घरका छानाहरू मात्र छन् । मैले फोटो पनि खिचेको छु तर मिति नभएकाले गर्दा कुन दिल्लीछेउको, कुन फ्राङ्कफर्टछेउको फोटो हो, थाहै भएन ।

हो, साँच्ची मलाई निकै उस्तै लाग्यो आकाश हेऱ्यो आकाश उस्तै, माटो हेऱ्यो माटो उस्तै । रूखपातहरू पनि त्यसै गरी लगाइएको छ अनि केबाट छुट्याउनु । उड्दै गयौं, कसैले मुनि नाइल नदी भन्थे हो कि होइन तर कोसीजस्तो चाहिँ पक्कै थियो । जब जहाज उचाइमा पुग्यो, मुनि रुवैरुवाजस्ता बादलहरू देखिए । सबैभन्दा राम्रो रुवाको ठाडै सम्झना दिलाउने बादलले त मलाई हठात् श्रीमतीको पो याद गरायो । यस्तो गरी रुवा पाए त उनले कति किसिमका ओढ्नेओछ्याउने सामान तयार गर्थिन् होला । यत्तिकै प्रशस्त पाए त पुरानो दुई नम्बरी र तीन नम्बरी रुवाबाट निर्मित चकटी, डसना, सिरक मात्रै हैन मलाई जाडोमा ओढेर पढ्न बस्न मिल्ने दोलाईं पनि बनाइदिन्थिन् होला । रुवा च्यात्नु र फट्कार्नु पनि नपर्ने, सीधै लगाए हुने खालको

रवाले घरै पुऱ्यायो । तर बिचरीले पसलमा गएर कुन रवा सस्तो र राम्रो हुन्छ भनेर रवा छाम्ने स्तरबाट कहिल्यै उक्सिन पाइनन् । सोझो राजनीति गर्ने लोग्ने पाएर दुःख पाइन् । उनलाई बाँचुन्जेल यस्तै गर्नुपर्ने त होला नि । त्यति मात्रै भए पनि ठीकै हो तर राजनेताहरूको देश र जनताप्रतिको गद्दारीले गर्दा लोग्नेले समेत गाली खाएको सुन्दा भने उनलाई दुःख लागेको बारम्बार मैले सुनेको छु ।

ए... ल ल ल, म त आफ्नी बूढीको पो कुरा गर्न थालेको रहेछु । अहिले म उतै फ्राङ्कफर्टमाथि छु र अघि जाँदै छु । अरे ! ठ्याक्कै हाम्रो मधेसजस्तो छ । त्यसो भए के त जर्मनी मैले सोचेजस्तो सहरैसहर त छैन पो ? छैन रहेछ नि ! यी मभित्र चलिरहेका थुप्रै छालहरू हुन् जो प्रश्नमा गहिराइतिर जान्छन् र उत्तरमा किनारकिनार ह्वात्त फर्कन्छन् । म इतिहासमा पढेको जर्मनी सम्झेर कहीँ नभाको कल्पना गर्दो रहेछु । संसारका यस्ता ठूला मुलुकहरू कुनचाहिँ पो रहेछन् र सहरैसहर त । मै हो उल्लू । म कुवाको ब्याङले अझै धेरै पढ्नुपर्ने रहेछ अर्थात् पोखरी, खोला, नदी, सागरहरू खोज्नुपर्ने रहेछ । मैले सोच्या जस्तो त कहाँ रहेछ र गाउँ त जता पनि त रहेछ नि ! उड्दै छु म । हामीमुनिको बादल पनि किसिमकिसिमको देखिने । कहीँ पूरा बाढीले सम्म्याएर छाडेको पुरानो सफा बगरजस्तो छ । जहाँ डल्ला, चिल्ला ससाना ढुङ्गाहरू जताततै जथाभावी कोही आधा, कोही थोरै गाडिएर छाडिएका जस्ता छन् । कहीँ ठूलो कारखानाको चिम्नीबाट निक्लिरहेको बाक्लै धूवाँजस्तो देखिन्छ, त्यही पनि बादलैबादलबीचबाट टुसाएको चिम्नीहरूजस्तो लाग्ने पो । तर आकाश त उही नीलो छ, गहिरो छ, जति उड्दा पनि नठोकिने, बीचबाटोमा बादल मात्र भेटिन्छ । टाढाटाढा, उड्दै गरेका जहाजहरूले छाड्दै गएका जताततै बेढङ्गले मन्दिरमा टाँगिएका सेता धागाहरूजस्तै सेता धर्साहरू आकाशभरि देखिन्छन् । आफ्नै शिरमाथि त्यस्तो जहाजले बनाएको सेतो धर्सा हेर्ने हो भने अथवा धर्सैधर्सा हेर्ने हो भने त्यो धर्सा बनाउने जहाज सीधै आकाश छेडेर गएजस्तो लाग्थ्यो मलाई । त्यस्तो धर्सा मैले कहिलेकहीँ मात्र देखेको छु नेपालमा । हुन त जस्तो विदेशी आकाश हाम्रो पनि त्यस्तै नै छ तर हाम्रो आकाश किन सफाजस्तो लाग्दै लाग्दैन ।

उही आकाशकै छ कुरा । तपाईंहरू जो विदेश उड्नुभएको छ देख्नुभा' को होला नि आफू चढेको जहाज जता उड्दै छ त्यतैतिर उडेको अर्को जहाजलाई हेर्दा कस्तो रमाइलो देखिन्छ, हगि ! त्यो अर्को उड्दै उड्दैन । उसले हेर्दा हामी पनि उड्दैनौं होला, के उड्दैनौं नि । यस्तै अर्थ न बर्थका कुराहरू हेर्दै, विचार गर्दै, कल्पना गर्दै म उड्दो छु फ्राङ्कफर्टबाट इटालीतर्फ टुरिन पुग्नलाई । म बाटैमा छु, सम्झँदै कि अझै केके हेर्नु खोज्नुपर्ने हो मैले ।

बल्ल यो बाटोमा भने यस्तो गफ गर्ने साथी भेटियो। उही एसियाली परिएछ। त्यसपछि त अरूलाई बाधा परोस् कि नपरोस्, हामीले गफ गरिरह्यौं। उनी कलकत्ताका रमेन पाण्डे थिए। हामी नेपालीमा गफ गर्दै थियौं। त्यो सुनेपछि उनले आफै सोधे– 'आप नेपाल से है ?' भनेर। मजदुरहरूको नेतृत्व तहमा रहेका उनी निकै चल्तापुर्जा मान्छे रहेछन्। उनी रहँदाबस्ता भन्दथे– "अरे! मलाई कलकत्तामा आएको बेला सोनियां गान्धीहरूले समेत रमेनजी भनेर बोलाउँछन्।"

मजदुरको केही सङ्गठनहरूको नेता भएको कारण उनी पनि हाम्रो हूलमा आएका रहेछन्। उनीसँग टुरिनमा पनि हाम्रो एउटै गुट बन्यो। हाम्रो बानीबेहोरा एकै खालको भएकाले त्यस्तो भएको होला। हामी जहाजमा गफ गर्दै त गयौं तर खाजा दिएन हामीलाई। मलाई त शङ्का लाग्दै थियो यस छोटो उडानमा खाजा दिँदैन होला भनेर किनकि अमेरिकाको आन्तरिक उडानमा पनि खाजा दिएको थिएन। तर व्यापारिक श्रेणीमा हुनेलाई चाहिं मजाले खाजा दिएर हामी इकोनोमी श्रेणीलाई हेपिएको देख्ता रिसै उठ्यो। भोक लाग्या त थिएन तर त्यो व्यवहारचाहिं मन परेन। रमेन पाण्डे भने भोकाएका रहेछन्, बियर र त्यससित खानेकुरा धमाधम किनेर खान थाल्थे, हामी सबैलाई खान पनि अनुरोध गरिरहन्थे। एसियाका, त्यही पनि भारतीय उपमहाद्वीपीय बेहोरा हट्ने कुरै भएन।

हामी उड्दै थियौं। बाटोमा काठमाडौं उपत्यका छिर्ने बेलामा काभ्रेतिर देखिने ढिस्काजस्ता प्रशस्त राता र रूखा देखिने पाखाहरू देखिन्थे। त्यहीं मधेस छ, अलि पर अग्लो डाँडापाखा छ, उड्दै गयो हिउँ पनि छ। प्रकृतिको खेलो पनि कस्तो नि, माथिबाट हेर्दा होचो देखिने अनेक ढिस्कामा समेत हिउँ नै हिउँ देखेपछि अचम्मै लाग्ने। यत्तिकैमा हाम्रो जहाज टुरिननजिक पुग्यो। मेरो ताल त उही न हो, टुरिन ठूलो सहर होला, माथिबाट हेर्दा ऊकिऊकाउ होला भनेको त मनै खिन्न भयो। मैले सोचेजस्तो भव्य थिएन। छानाहरू सबै ईट रङका छन्। सहर जस्तो र जत्रो छ त्यसलाई बर्थ डे केक काटेजसरी नै सडकहरूले च्याट्ट काटेको जस्तो देखिन्छ। हरेक कुरा व्यवस्थित ढङ्गले गरिएको छ। हाम्रो जहाज टुरिनको विमानस्थलमा ओर्लियो।

नयाँ मान्छेलाई समेत सजिलो हुने तरिकाले कहाँ जाने, के गर्ने सजिलै देखाइएको छ। हामी अध्यागमनको काम सकेर सामानहरू लिने ठाउँमा गयौं। मेरो सामान त आयो तर सूर्य र कापलेजीका सामान आएनन्। मलाई फ्राङ्कफर्टमै अलमल परेजस्तो लाग्दै थियो तर व्यवस्थापनमा विदेश त्यति कमजोर होला भन्ने लाग्या थिएन। साथीहरूले उजुरी दर्ता गराउनुभयो। कम्पनीले तत्काल चाहिने

दाँत माझ्ने ब्रस, पेस्ट, साबुन आदि केके दिएको थियो । उहाँहरूको सामान त हल्यान्ड कि बेल्जियम पुगेर फर्केछ । चार दिनमा सामान आइपुग्यो टुरिनमा । त्यो सामान हामीसँगै फ्राङ्कफर्ट जाने नेपालीहरूको हूलमा गएछ । साथीहरू त्यतिका दिन फेरफारबेगरै बिताउन बाध्य भएका थिए । तर के र हौ जतासुकै सफैसफा ठाउँमा लुगाफाटा मैलोधैलो हुने कुरै थिएन । एक किसिमले ढुक्कै पनि थियो । खालि कुरा के थियो भने नेपालमा एउटै लुगा दुई दिनभन्दा बढी लाउन बाहिरको फोहोरमैलाको अनुमति नहुनाले हाम्रो बानी नुहाइरहने भएको थियो र मात्र । सफाको हिसाबले फेरफारको कुरै थिएन । यी त भए हाम्रा कुरा तर जहाजका कर्मचारीहरूको त्यस्तो असावधानीलाई हामीले खै के भन्ने ! त्यसैले हामी सचेत हुन थालेका थियौं । विदेश हो, सबै कुरो ठीक हुन्छ भनेर सारै ढुक्कचाहिँ हुन छाडेका थियौं ।

विमानस्थलमा तालिमकेन्द्रबाट गाडी लिन आएको थियो । ड्राइभर भने गजबको व्यक्तित्वशाली थियो । त्यसलाई देखेर सूर्यजीले त यो सायद स्रोतव्यक्ति होला भने । मैले चाहिँ हो भन्न सकिनँ । तर ड्राइभर भन्ने कल्पना गर्न नसकिने खालको थियो त्यो मान्छे । थियो चाहिँ ड्राइभर नै । गाडी विमानस्थलबाट निस्कियो र सहरतिर हुइकियो । म भने नयाँनयाँ कुरा हेर्नमै व्यस्त थिएँ । आसपासमा ठीकै सप्रेका मकैबारी छन् । त्यसकै छेउछाउमा सुर्किको लिउन उप्केको, भत्केका पुराना घरहरू पनि छन् । खेतीपाती अरूतिर जस्तै छ । अब सहर पस्यौं है । अघि सुरुमा जहाज बस्न लाग्दाको खिन्नता क्रमशः मेटिँदै गयो । एकै खालका जस्ता घरहरू छन्, छाना प्रायः टायलैटायलको जस्तो देखिन्छ । सफासुग्घर सहर छ । दिउँसो पुगेकाले सहरमा, सडकमा मान्छेको भीड छँदै छैन । हैन, कहाँ जान्छन् हँ यहाँका मान्छेहरू यस बेला, र सडक यति खाली भएको ? मेरो मनमा खैलाबैला नै मच्चियो । तर कसलाई सोध्नु । बिस्तारै थाहा पाइएला नै भनेर चुप लागें ।

यसरी युरोपको यौटा ऐतिहासिक सहर तथा एकताकाको इटालीको राजधानी टुरिनो (Turino) अर्थात् टुरिन (Turin) मा हामी पुगेका थियौं ।

# टुरिनमा पाँच दिन

२४ सेप्टेम्बर २००६

हामी विहान सवा दसतिर टुरिनको विमानस्थलमा ओर्लिएर हामीलाई लिन आएका ड्राइभरसँग ILO को अन्तर्राष्ट्रिय तालिमकेन्द्र पुगियो। मसँग स्थानीय विकास मन्त्रालयका सहसचिव सूर्यप्रसाद सिलवाल, राष्ट्रिय योजना आयोगका सहसचिव रेवतीराज काफ्ले र फ्राङ्कफर्टदेखि साथी बनेका कलकत्ताका रमेन पाण्डे थिए।

त्यो दिन त यताउता कुरा बुझ्दै र कागजपत्र पेस गर्दैमा बित्यो साथै आफूसँग भएको ट्राभल चेक साटेर ढुक्क भइयो। अब केही पऱ्यो भने आफैं खर्च गर्ने भइएको थियो। हामीलाई दिइने दैनिक भत्ताको हिसाबकिताबमा कुनै झन्झटै भएन। हाम्रो जस्तो कम्तीमा दुई तहमा चेक सही गर्न पुग्नुपर्ने व्यवस्था पनि थिएन त्यहाँ। प्राय: सबै कामहरू एकै टेबलबाट समाप्त गरिंदो रहेछ। सबैतिर काम छिटोछरितो छ। गर्मी छैन, मौसम बरु जाडो पो हो कि जस्तो छ। सरसफाइमा अनुशासनका कारण टुरिन त्यसै सफा छ।

उहिले भूगोल पढ्दा सम्झेको नाम Adriatic Sea र Alps Mountain त्यहाँ नजिकै छ भन्दा कताकता आफन्तहरूको गाउँघरछेउ पुगेजस्तो पनि लागेको थियो मलाई।

एकताका इटालीको राजधानी थियो रे टुरिन। त्यसपछि फ्लोरेन्स, अनि मात्र वर्तमान रोम राजधानी भएको रे। ठीकै त भने होलान् नि ! यसो सम्झें, यता हाम्रोमा जिल्ला सदरमुकाम सार्ने कामभन्दा सजिलो पो हुन्छ कि क्या हो त्यहाँ त राजधानी सार्न पनि।

टुरिन त पुगियो तर जानुअघि धेरै सिक्नु, जान्नुपर्छ भन्ने मनमा नलागेको होइन। तर इमेलसम्म गर्न नजान्ने म नाथेले कहाँबाट केके अध्ययन सामग्रीहरू लिने। कुन वेबसाइटबाट के लिने हो, थाहै नहुनेले तयारीको के कुरा गर्नु र। तैपनि

नेपालको संसद्मा आफ्नो राजनीतिक भविष्यलाई जुवा थापेर जातीय समानता र ILO Convention No. 169 लाई नेपालद्वारा अनुमोदन गराउनका लागि सङ्कल्प प्रस्ताव प्रस्तुत गर्ने सांसद पनि चिनेकाले केही न केही त भन्नै, बोल्नै पर्ने थियो । त्यतिसम्मचाहिँ गर्नुपर्ला भन्ने सम्झेको त थिएँ तर उही सांसद न परियो । अध्ययन, चिन्तन र मननमा लाग्न थाल्दा जनताको काम नगर्ने भनेर अयोग्यताको डिग्री भिर्नु परिहाल्थ्यो । अनि कहिले कुन मन्त्रालय, कहिले कुन मान्छेलाई भेटाइदिने, भए पनि नभए पनि कहिले जागिर खोज्न जानुपर्ने त कहिले कहाँ योजना माग्न पुग्नुले केही गर्नै भ्याइएन । म हृदयदेखि भन्छु, कृपया त्यस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा जाँदा मजस्तै बिजोक गरी चाहिँ कोही नपुग्नु है । हुन त म सोचेजस्तो बिजोकको त परिनँ, मेरो प्रशंसा त त्यसै थियो नै तर त्यही नेपालको संसद्मा आफूले गरेको कामसम्म सूत्रबद्ध गरेर लगेको भए पनि अच्छा हुने थियो भन्ने लाग्या मात्र हो ।

हाम्रो तालिमको विषय Indigenous and Tribal Peoples Issues: Rights and Good Practices थियो । मजस्तो अधकल्चो कम्युनिस्ट संस्कारमा हुर्केको मान्छेलाई यस तालिमले निकै फाइदा पुगेको थियो । वास्तवमा हामीलाई हाम्रा कम्युनिस्ट अगुवाहरूले चिनियाँ क्रान्ति र त्यसभित्रका सबै कुराहरू पढाएछन् तर जातीय सवालबारे पटक्कै पढाएनछन् र अहिलेसम्म पढाउनु हुन्न भन्ने ठानिरहेका छन् । त्यसै गरी रूसी क्रान्तिको अनुभवबाट पनि जातीय समस्याबारे अलग्याएर मात्र पढाएछन् ।

तालिममा मैले करिब २८ देशका आदिवासी, जनजाति र गैरआदिवासी जनजातिहरू भेटेँ । अचम्म यस कुरामा लाग्यो कि सबै देशका जनजातिहरूका समस्या एकै प्रकारका रहेछन् । जोजोले त्यस तालिममा बोले, सबैले आफ्नो जल, जङ्गल र जमिन खोसिएको, राज्यद्वारा अपहेलित र अत्यन्त अपमानित भइआएको र आफू आन्दोलित मनस्थितिमा रहेको बताउँथे । म तालिमका सहभागीहरूलाई सकेसम्म नजिकबाट हेर्ने, नियाल्ने र बुझ्ने प्रयत्नमा रहिरहेको हुन्थेँ । यसै क्रममा केन्याकी राष्ट्रिय मानवअधिकार आयोगकी उपाध्यक्ष फटुमा इब्राहिम अलिलाई अहिले सम्झिरहेको छु । कस्ती नराम्ररी मोटी छिन् भने नि ती ! यही कारण सम्झनलायक । अर्को कुरा, एउटा मुलुककै राष्ट्रिय स्तरको सरकारी सङ्गठनको उपाध्यक्ष महिला हुनु गर्वको विषय थियो । अझ अर्को कुराचाहिँ 'यो MP हो र यसले नेपालमा ILO Convention No. 169 का बारेमा नेपालको संसद्मा पारित गराउन नेतृत्व गर्‍यो' भनेर जानेपछिको निकटताले होला, उनले मलाई MP, MP मात्र भन्थिन् । नाम वा थरले टुरिनमा बसिन्जेल बोलाइनन् । पछि २००७ मा

New York मा उनीसँग UNPFII को छैटौं सेसनमा भेट्दा पनि MP नै भन्थिन् मलाई ।

## २५ सेप्टेम्बर : तालिमको पहिलो दिन

प्रशासनिक काम, तालिमको उद्घाटन र सहभागीहरूको तर्फबाट सामान्य प्रस्तुति रह्यो । अरू देशबाट त धेरै जानकार मान्छे आए होलान् । नेपालबाट गएका हामीचाहिँ जनजातिबारेमा गरिबै थियौं होला । कर्मचारी साथीहरू को त के कुरा गर्नु, कामको क्षेत्रै भएन । म जनजाति भइखाएको मान्छेसमेत त्यसबारे जानकार थिइनँ । पार्टी नेताबाटै जातीय समानताको काम भइहाल्छ भनेर यो समस्यामा म केन्द्रित भइनँ पनि । त्यो दिन मेरो पनि प्रस्तुति रहेको भए हरिबिजोकै हुने थियो । तर धन्न जान्ने र अनुभवीहरूको मात्र प्रस्तुति रह्यो । म जोगिएको थिएँ, जान्नु न तान्नु जनजाति हुन चाहने भएर पनि ।

पहिलो दिनको अन्तिम विषय थियो 'आदिवासी जनजातिहरू को हुन् र उनीहरूसँगका सवालहरू केके हुन् ?' ILO प्रधान कार्यालय Geneva की Birgitte Feiring ले लिएको सत्र सारै राम्रो थियो । पाँचदिने यस तालिमका स्रोतव्यक्तिहरूमध्ये सबैभन्दा राम्रोमा उनी पनि पर्थिन् । ढिलो र प्रशिक्षार्थीको मनोभावनालाई च्याप्प समात्न सक्थिन् उनी । मलाई त्यो तालिमले धेरै त होइन, तालिमप्रक्रियाबारे राम्रै ज्ञान दिएको छ । सहभागी, स्रोतव्यक्ति र सहजकर्ता सबै थरी त्यतिकै सक्रियतापूर्वक सहभागी भई सिकाइने तरिका नै बेजोडको थियो । Birgitte Feiring ले एसियाका आदिवासी, जनजाति, अफ्रिकाका जोन्सन ओले काउङ्गार, लेटिन अमेरिकी जनजातिबारे केन्याकी लट्टी कनिङ्घमले स्रोतव्यक्तिको भूमिका निर्वाह गरेका थिए । सबै एकसेएक जानकारहरू थिए, मजस्ता लठुवाहरूको त्यहाँ केही काम छैन जस्तो पनि भयो । तर मेरा लागि मन अडिने एउटै ठाउँ थियो– गैरजनजातिहरूको उपस्थिति । किनकि उनीहरू कति त मजतिको पनि जानकार थिएनन् ।

## २६ सेप्टेम्बर : तालिमको दोस्रो दिन

यताबाट जाँदाको समय र त्यताको समयको हेराफेरिका कारण परेको शारीरिक गडबडी अलि समालिन थालेको थियो । बिहान त त्यस्तै हुन्थ्यो, उठेर नित्य कर्म गरी नास्ता खाएर हलमा पुग्दै ठिक्क । ठिक्क त के हतारहतार नै हुन्थ्यो नि । यहाँको जस्तो भए त ८:३० बजे सुरु हुने कार्यक्रम ९:३० तिर मात्र सुरु हुन्थ्यो होला । तर त्यहाँ त तोकिएको समयमा नास्ता लिन नगए क्यान्टिनै बन्द भइहाल्थ्यो ।

बन्द मात्रैले त के गर्थ्यो नि, १:०० बजेसम्म झोक्रै बस्नुपर्ने । त्यसकारण सबै सहभागीहरूले नास्ता भ्याउन ठीक समयलाई पछ्याउनै पऱ्यो । सुरुआतै ठीक समयमा परेपछि सबै ठीक भइजान्थ्यो भनौं न ।

दोस्रो दिनको बिहानी सत्रमा DVD: Making a Difference हेरियो– जनजातिहरूको बिजोक लाग्दो अवस्थाहरूको जीवन्त प्रस्तुति । त्यसपछि आदिवासी जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय नियम, कानुन र प्रक्रियाहरूका बारेमा भिक्टोरिया टली करपजले कक्षा लिइन । फिलिपिन्सकी टली अत्यन्त चुस्त र क्षमतावान् महिलाको प्रस्तुति उच्चस्तरको मान्नुपर्छ । UNPFII की अध्यक्ष विकीलाई क्षमतामा पुरुषले जित्न समय लाग्नेछ । उनलाई विकी मात्र भन्दा पनि चिन्छन् संसारभरिका जनजातिले । देशदेशावरका जनजातिबारेमा जानकारी राख्ने ती महिला वास्तवमै निपुण छिन् आफ्नो विषयमा । विकीको प्रस्तुति पछि ILO र आदिवासी जनजातिहरूको इतिहासको डिभिडी देखाइयो– अभिसन्धि नं. १०७ देखि १६९ सम्म आउँदाका विषयहरू । त्यसै गरी ILO महासन्धि नं. १०७ र १६९ को मुख्यमुख्य विषयहरूको परिचय व्याख्या पनि प्रस्तुत गरियो । कक्षामा सुनेजति सबै सम्झना गर्न सम्भव थिएन तर मैले ध्यान दिएर बिताएँ । कम्तीमा मैले केके पढ्नुपर्छ र जान्न आवश्यक छ त्योसम्म जानेको हुनुपर्छ नेपाल फर्कंदा भन्ने मात्र मेरो मनमा थियो ।

खानापछि अर्थात् दोस्रो सत्रमा तालिम अवधिभरकै सबैभन्दा राम्रा सहजकर्ता बङ्गलादेशका चकमा राजा देवाशिष रायले कक्षा लिएका थिए । उनले ILO C. १०७ बङ्गलादेशमा कसरी लागू भइरहेको छ भन्नेबारेमा बताए । बङ्गलादेशी सरकारबाट त्यहाँका आदिवासी जनजातिलाई बेवास्ता र दमन गरिएको कुरा आएको थियो । त्यसै गरी लेटिन अमेरिकामा आदिवासी जनजातिहरूको अधिकारहरूको विकास र प्रयोगबारेमा लट्टी कनिङ्घमले बताइन् । Birgitte लगायतकाले ILO C. १०७ र १६१ को व्यवहारमा लागू र प्रवर्द्धनमा प्राविधिक सहयोग र अनुगमनका पद्धतिबारे बताएका थिए । यसरी विभिन्न देशबाट आएका सहभागी र सहजकर्ताहरूले आदिवासी जनजातिका बारेमा कुरा राख्दा मलाई निकै अचम्म लाग्यो । सबैतिरका जनजातिहरू सम्बन्धित राज्यद्वारा उसै गरी पीडित र दमित छन्, जसरी हाम्रो देशमा हुँदै आएको छ । उनीहरूबाट व्यक्त पीडा र हाउभाउले प्रतिरोधमा सशस्त्र युद्ध छेडिएला कि भन्ने अनुमान गर्न सकिन्थ्यो ।

त्यस दिन बेलुकी भने हामीलाई टुरिन सहर घुमाउने योजना रहेछ । गाडीको व्यवस्था थियो, रमाइलै भयो । हामीलाई घुमाउने जिम्मा अलिअलि चाउरी परेकी एउटी मोटी दिदीको थियो तर आफ्नो काममा निपुण । हिँड्नुअगाडि उनले

एउटा टुप्पामा रातो कपडा बाँधेको सानो छडी यसो माथि उठाएर सबैलाई सोधिन्– "यो देख्नुहुन्छ ?"

हँसिली दिदीकै हाउभाउमा सबैले भने "हो हो देख्छौं ।"

"यो तपाईंहरू हराउनुहुन्छ कि भनेर, यो मसँगै हुन्छ मलाई देख्नका लागि, नहराउनुहोला" फेरि भनिन् ।

हिँड्नुअघि उनको हातमा भएको हाम्रो नामको लिस्टअनुसार गाडीभित्रै हाजिरी पनि लिइन् । मलाई त त्यस्तो बेला हाजिर भन्न अलि लाज लाग्छ तर पनि भन्नै पर्‍यो; मैले पनि भनें नि, उहिले सानो हुँदा कक्षामा 'हाजिर सर' भनेजस्तो । त्यो हाम्रो डुल्ने ग्रुपमा एक जोडी केटाकेटीचाहिँ थिएनन् जस्तो लाग्छ । सायद पहिले नै डुलिसकेका थिए होलान् तिनले । तालिममा पनि ध्यान नदिएजस्तो लाग्ने; प्रेम गर्न आएजस्तो तिनको व्यवहार देखी मलाई चाहिँ रिसै उठ्थ्यो । केटो EC मा काम गर्ने रहेछ; मूला हेर्दै प्ले ब्वाइजस्तो । केटीचाहिँ अर्जेन्टिनाकी अलि केटा खालको व्यहोरा भएकी । अरू प्रशिक्षार्थीहरूसँग घुलमिल नै नगर्ने; कक्षामा पनि लहसिएर बस्ने र गफै मात्र गरिरहने । अर्को रमाइलोचाहिँ के थियो भने अरू देशका जनजाति पनि नेपालजस्तै केटाकेटा, केटीकेटी मिली हिँड्दा रहेछन् । हुन पनि कहाँकहाँबाट आएकाहरू केटाकेटी के नारिएर हिँड्नु र ? जे होस्, महिलामहिलाको निकटताले मलाई प्रभावित गरेको थियो; मेरो नेपाली मानसिकतालाई सन्चो अनुभव भएको थियो । तर यो मेरो नेपाली चालचलनप्रतिको मोह त थियो होला नि ।

दृश्यावलोकनको हाम्रो गाडी गुड्यो अथवा हामी हिँड्यौं । तालिमकेन्द्रलाई सट्ट देब्रे पारी छेउको पुल तर्‍यौं; नदीलाई देब्रे नै पारेर दाहिने किनारैकिनार बिस्तारै हाम्रो गाडी गुड्न थाल्यो । अर्थात् हामी केन्द्रको ठीक पारिपट्टिबाट केन्द्रतिर हेर्दै गयौं । केन्द्रकै हारमा नदीकिनारमा रहेका पुराना मन्दिरजस्ता भवनहरूले हाम्रो बागमतीकिनारका घाटहरू सम्झना गराउँथे । हाम्री गाइड दिदी बताउन थालिन्– यो यस्तो, त्यो यस्तो भनेर । होला त्यस्तै पनि तर क्या मजाले यस्तो प्रशंसैप्रशंसा गरेर भन्थिन् भने संसारमा त्यतिको उत्कृष्ट अरू ठाउँ नै छैन जस्तो । विदेशीहरूको एउटा स्वभावचाहिँ त छ है गाठि । उनीहरू आफ्नो ठाउँको विरुद्धमा हत्तपत्त कुरा गर्दैनन् र आफूले जान्दछु, गर्न सक्छु भन्ने किसिमले मात्र कुरा गर्छन् । यसो विचार गर्छु, हुन त हो, हामीचाहिँ बाहिरकालाई आफ्ना नराम्रा कुरा भन्नुहुन्न भन्ने नै नसोच्ने । अनि उनीहरूमा विशेषज्ञता भएकाले आफ्नो तोकिएको काममा पितृ बुझाउने । हामी त्यसो गर्न सक्ने सामर्थ नै राख्दैनौं । त्यति भएपछि त जान्दछु भन्ने नै भए नि । तिनीहरू बरु नजानेको कुरा जान्दछु कहिले भन्दैनन् । हामीभन्दा ठीक उल्टो हैन त ?

हाँसीहाँसी ती दिदीले घुमाउन सुरु गरिन् । निकै पर पुगेपछि फेरि बारि नै तर्‍यौं । आहा ! क्या फराकिलो सडक, चोक पनि । अनि दरबारजस्ता दायाँबायाँका भव्य घरहरू, हेर्दै रमितलाग्दो थियो । मैले कसैलाई केही पनि सोधिनँ किनकि त्यसको अर्थै थिएन । न नाम टिप्न सकिने न लेख्न सकिने । उच्चारण र नामहरू नै धेरै अप्ठेरो । मैले त छेउटुप्पा नै पक्डन सकिनँ । फेरि कसलाई सोध्नु नि ? साथीलाई सोधूँ, थाहै नहुने; गाइडलाई सोधूँ, सोध्ने हामी नै २५–३० जना थियौं । बरु त्यही चनमति दिदीको कुरो एकोहोरो सुन्यो हिँड्यो ।

टुरिन एकताका इटलीको राजधानी थियो रे तर अहिलेको राजधानी रोम हो । रोमका बारेमा मैले सानैमा पढेको थिएँ । अक्षर राम्रो बनाउन स्कुलमा सरहरू 'Rome was not built in a day' लेख्न लगाउँथे । त्यस बेला त त्यति मात्र बुझ्थें । तर अहिले अनुमान गर्छु, रोम सहर अत्यन्त सुन्दर वा भव्य छ; त्यो एक दिनमा बनेको होइन अर्थात् त्यो बन्न धेरै समय लाग्यो भन्न खोज्या होला । रोमजस्तो चर्चामा नभएको टुरिन सहर त यस्तो सुन्दर छ भने रोम झन् कस्तो होला ।

यसपालि म जान सकिनँ रोमतिर । एकोहोरो भाडा टुरिनबाट ६० युरो पर्छ भन्थे; मसँग त्यति रकम थिएन र गइनँ बरु लागें स्विजरल्यान्डतिर । तर रोमका बारेमा मेरो केही भन्नु छैन । त्यो मैले २०२७-२८ सालमा पढ्दादेखि नै भव्य छ । रोम सहर एक दिनमा बनेको होइन भनेर पढेकै थिएँ । संसारमा कतिले पो पढेजति ठाउँहरूमा डुलेका होलान् र । मजस्तो दुईपैसे राजनीति गर्नेले त झन् के डुल्ने भयो र । मेरा लागि त टुरिन सहर नै पनि कता हो कता लागेको थियो । रोम नै लागेको थियो भनौं न् । धत्, फेरि अर्कैतिर हिँडिएछ । हामी त टुरिन पो डुल्न निस्केका छौं त ।

हामी फराकिलो चोक, काठमाडौंको वसन्तपुरजस्तो ठाउँमा पुगेका थियौं । त्यहाँबाट फेरि सानो सडकबाट भित्र छिर्‍यौं । सहरभित्र एक ठाउँमा ठूलो साँढेको मूर्ति थियो, जो रोमन राज्यको प्रतीक रे । टुरिन सहरलाई वासिङटन र न्युयोर्कको तुलनामा कुरा गर्ने हो भने पुराना घरहरूको सहर भन्नुपर्छ । नयाँ भनेकै ६० वर्ष पुराना घर मात्र छन् रे त्यहाँ– काठमाडौंपछि भक्तपुर सहर हेरेजस्तो लाग्ने । सहरभित्र पुरानापुराना किल्लाहरूलाई अझै सुरक्षित राखिएको छ । हामीले Medieval Castle र Castle of valentino हरू हेर्‍यौं । सहरभित्रै क्रिमियाको युद्धमा लडेका सिपाहीहरूका मूर्ति छन् । मुलुकका लागि लड्ने वीरवीराङ्गनाहरूको मरेपछि पनि त्यत्रो सम्मान गरिएको देख्दा मनै कुँडिएर आयो मेरो । त्यस बेला सम्झें मेरो देशलाई; जहाँ सयौं सहिदहरूका नाम बिर्सिइएका छन् । जुन सहिदहरूका कारण

नेपाली नेताहरू सत्तामा पुगे, तिनैले सहिदको सम्मान त परै जाओस्, अपमान गरेको सम्झन्छु; उराठ लाग्छ ।

टुरिनमा अग्ला घरहरू छैनन् सायद । सहरभित्र पस्दा भीडचाहिँ बाक्लै थियो । सायद Office Time हो कि क्या हो । मोटरसाइकल कम मात्र तर विद्युत्ले चल्ने बसहरू निकै व्यस्त छन् । गाडी कम हिँड्ने र साँघुरो ठाउँ पनि भएकाले हुला मान्छेका भीड निकै थियो । भीडमा करिब २० प्रतिशत मान्छे ६० वर्ष नाघेकाहरू देखिन्थे । अर्कोतिर नदेखेको तर टुरिनमा मात्र देखेको रमाइलोचाहिँ ठाउँठाउँमा सडकको दुईतिरको घरको बार्दलीलाई पुलले जस्तो जोडिएको छ र त्यही पुल (भनौँ न) बाट वारिपारि गर्न सकिने रहेछ । फूलका गमलाले राम्ररी सजिएका थिए कौसीहरू । घर र पुलमा सागँत काठको बिम प्रयोग भएको थियो । त्यो पुरानै सहर होला । भित्तामा टाँसेको प्लेटमा लेखिएअनुसार यो Via Po Road को कुरा थियो । विकसित सहरको तुलनामा त्यो सहर भक्तपुरजस्तो लाग्यो [illegible]



[illegible] साथीहरूसँग लेखक

रोयल थिएटर सहरको बीचमा छ– ठूलो फलाने च्यानल गेटभित्र । किन होला, प्रत्येक घरको Floor height निकै अग्लो देखिन्छ । त्यस्तो ठाउँमा बानी परेकाहरू हाम्रो काठमाडौँमा डुल्ने हो भने निहुरेर मात्र हिँड्नुपर्छ सायै धुन्ने

गरी अनि छिट्टै कुप्रे हुन्थे होलान् । हो, त्यहाँचाहिँ यहाँ होचो भएजस्तो अग्ला तलाहरू मात्र धेरै भेटिन्थे । हामी होचा नेपालीलाई त जति बेला पनि आकाशमुनि मात्र भएजस्तो लाग्ने । घरहरूको रङ्ग सेतो, खैरो खालको मात्र देखिन्थ्यो । रङ्गाउन पाइन्न रे, रङ्गाउन मन लागे सरकारले इजाजत दिनुपर्छ रे । वास्तवमा कानुन त्यस्तै हुनुपर्ने हो । बनाउनुअघि सबैतिर सरसल्लाह गर्ने र बनाइसकेपछि सबैले मान्नुपर्ने । हामी सहरभित्रभित्र गयौँ– पुरानोपुरानो र रातोरातो देखिने मध्ययुगीन किल्ला देखियो । उहिले कुन राजाको पालाको थियो होला ? Conte verde चोकमा पुग्यौँ । यो रोमन दरबारनजिकै छ । फोटो त लिनै पऱ्यो । दरबारकै नजिक बडेमाको चर्च पनि छ । हैन, जे पनि भव्य लाग्थ्यो हेर्दा, हामी त कहाँ हो कहाँ पछाडि रहेछौँ । त्यो पुरानो सहरभन्दा पनि पछाडि । सहरको पुरानोपन जोगाउन सरकार नै सचेत रहेछ त्यहाँ । घरबाहिरको सतह जोगाउन सक्दो प्रयत्न थियो तर भित्र भने आधुनिक साजसज्जा नै पाइन्थ्यो । त्यसो गरिनुको कारण विगत जोगाउनलाई रहेछ । उनीहरू भन्दा नै रहेछन्– पुरानो कुराको संरक्षण उनीहरूको दिमागमै छ रे । दरबारलाई ठूलो फलामे बार र गेटको पछि पर्गेर फोटोहरू खिच्यौँ; तरबार बोके ... हरूको मू...



पुरानो राजदरबार।

हामी Roman main street हिड्दै गयौ । बाटोमा मागिखानेहरू पनि भेटिँदा रहेछन् । बाटोवरिपरिका नालीहरू पनि दुईतले छन् रे । हामी डुल्दै गयौँ

बाटोमा– ह्याट लगाएको बूढो मान्छे भ्वायलिन रेट्दै मागिरहेका थिए; उही हाम्रै गाइने दाइहरूजस्तो नि !

हामीलाई गाइड दिदीको नेतृत्व राम्रो लागेको थियो । जहाँजहाँ जान्छौं, त्यहींत्यहीकै बारेमा अत्यन्त राम्रो जानकारी दिन सक्थिन् उनी । सहरमा फोहोर फाल्ने जनताको बानीदेखि लिएर हरेक कुरामा असल व्यहोरा देख्दा अर्कै संसारमा पुगेको थिएँ म । हामी इटलीको पहिलो संसद्भवन पनि पुग्यौं तर बाहिरैबाट हेर्दै । सडकमै जोडिएको त्यो घर बाहिरबाट ठूलो देखिन्थ्यो । घुम्दै जाँदाजाँदा एउटा पसलको साइनबोर्ड देखियो– Juventus । त्यो देखेपछि हाम्रा एक जना सहभागी साथी Brown Somarriba ले फोटो लिइदिन अनुरोध गरे । मलाई त्यो जुभेन्टस शब्द फुटबलसँग जोडिएको नाम हो भन्ने थाहा थियो । त्यसैले सीधै सोधें उनलाई, "तपाईं फुटबल मन पराउनुहुन्छ ?" उनले भने "हो, म विश्वविद्यालय पढ्दाको फुटबल खेलाडी हुँ ।" साँच्चै, देख्दै ती काला साथी हट्टाकट्टा र बलिया देखिन्थे तर त्यति अग्लोचाहिँ होइन ।

अगाडि Torino Bull देखियो । इटलीका प्रिय व्यक्तित्व गारी बाल्डीको मूर्ति पनि भेटचौं र Valentino को गेटमाथिको तोप पनि हेऱ्यौं । उहिले भाला, तरवार र खुकुरीको जुगको प्रभावकारी युद्धसामग्री तोपले मेरो मकवानपुरको निर्जन चिसापानी गढी त अझै रुद्दै छ भने त्यहाँ तर रुङ्ने नै भयो । तर यो कसैलाई नभन्ने, मात्र मेरो मनको कुरो थियो ।

दिनभरि सुनसानजस्तो लाग्ने त्यो सहर बेलुकी हुँदै गएपछि एक्कासि जागेजस्तो लाग्थ्यो । सहरभित्र जताततै Metro Train को लिक देखिन्छ । जतिसुकै भीड भए पनि ट्राफिक अनुशासन गजब भएको कारणले दुर्घटना कमै हुन्छ भन्थे त्यताका मान्छे । यहाँजस्तो मान्छेभन्दा अगाडि म जान्छु भन्दैनन् त्यहाँका गाडीहरू । जम्काभेट भयो भने सादर बाटो छाडिदिन्छन् ।

सहर घुमाइको अन्तिम क्षणमा भने हामी झन्डै हरायौं । बाटो यता हो कि उता– दुई जना थियौं, दुवैलाई थाहै भएन तर एकछिन उभिएर सोचेपछि पत्ता पायौं; यत्रो सास आयो नि साथीहरूसँग फेरि भेटेपछि । यो घटनाचाहिँ त्यही इटलीको पहिलो संसद्भवननजिकैको मोडमा हो ।

हाम्रो गाडी हिँड्यो । गाडीबाटै देखिन्थ्यो पसलहरूको साइनबोर्डमा Sexy shop, Sexy dress, Sexy wearings आदि । मैले मनमनै भनें– 'कस्ता छाडाहरू रहेछन् । नेपालमा भएको भए त गाली खान्थे मात्र त हैन, त्यस्तो साइनबोर्ड लाउनै पाउँदैनथे ।' हुन त ठीकै हो, आधा छाती देखाएर झन्डै पेन्टी देखाउला झैं छोटा लुगा

लगाएर हिँड्ने महिलाहरू र त्यसलाई स्वाभाविक ठानेर हिंड्ने पुरुषहरू भएको त्यो ठाउँमा, अनि खुला यौनव्यवसाय रहन पाउने ठाउँमा त्यति लेखिनु कुन ठूलो कुरो भयो र ! पचिसकेको रहेछ त्यो शब्द । केटीहरूलाई पनि 'ओहो ! क्या Sexy देखिन्छौ' भन्दिनुपर्ने रे । ठिक्क पऱ्यो म नाथे आफ्नै काठमाडौंमा त्यस्तो देख्न थाल्या' कम्युनिस्टलाई ।

एउटा चोक थियो,' नाम बिर्से तर अत्यन्तै रमझम लाग्ने । सोधें पनि– त्यो चोक साँझ बहुत रङ्गीन हुन्छ रे । चोक पुरानै छ, पुराना घर नयाँ सभ्यता र संस्कारको फ्युजनजस्तो । सडकछेउछाउ साँढेहरू र तरबारसहितका योद्धाहरूका मूर्ति देखिन्छन् प्रशस्त, जसले इटलीको ऐतिहासिक मानसिकता प्रदर्शित गरेको देख्दा ! योद्धाहरूप्रतिको त्यो लगाव र सम्मानले मेरो मनलाई जति बेला पनि उद्वेलित पारिरहन्थ्यो ।


२७ सेप्टेम्बर : तालिमको तेस्रो दिन

सधैंझैं ७:०० बजे नै क्यान्टिन खुल्यो । अघिल्ला दुई दिनको ब्रेकफास्ट खुवाइ त्यति ध्यान दिएको थिइनँ । साथीहरू खानाको ट्रेभरि चकलेट र बिस्कुटजस्ता खानेकुरा लिन्थे । खाना खाँदा पनि त्यसै गरी लिन्थे, जो त्यतिकै खानामा पर्थ्यो क्यार भन्ने लाग्थ्यो । किन त्यति धेरै लिएका होलान् भनेको त पछि अन्तिम दिन पो थाहा भयो । कुरा के रहेछ भने तालिम सकेर जाँदा अलिअलि जोहो गर्दै गरेको त्यही चीजहरू पछि कोसेली हुने रहेछ । मलाई त के थाहा नि, पुराना त्यसरी आइरहनेहरूले जानेरै त्यसो गरेका रहेछन् । यो सबै रमिता हेर्दै ब्रेकफास्ट सकेर समयमै तालिम हलमा पुगें ।

पहिलो विषय ILO महासन्धि १११ र १६९ लाई जोडेर गरिने थियो । त्यसका प्रशिक्षक ओल्ने, रोय र कनिङ्घमहरू थिए । मलाई त सबै विषय त्यतिकै उपयोगी भएका थिए । छोटो कफी ब्रेकपछि आदिवासी जनजातिहरूको सबैभन्दा चासोको विषयको पालो आयो । विषय थियो– जमिन, क्षेत्र र प्राकृतिक स्रोतसाधन । केन्याका आले काउङ्गा, राजा देवाशिष राय र टी कनिङ्घमले सहजकर्ताको भूमिका निभाए ।

खानाका लागि छुट्टी भयो । अघिल्लो दिनझैं हाम्रा उही गतिविधिहरू दोहोरिरहे । आयोजककै तर्फबाट सबै सहभागी र सहजकर्ताहरूको ग्रुप फोटो लिइयो । पछि त्यो फोटो सबैलाई एकएक प्रति दिइयो पनि । त्यसबीचमा फुर्सद हुनेवित्तिकै हामी एकअर्काको मुलुकको कुराहरू गर्थ्यौं । विशेष गरी केन्याका ओले

काउङ्गाले चाहिँ गाईवस्तु गोठालाहरू र शिकार खेल्नेहरूका समस्याबारेमा गहिराइका साथ आफ्ना कुरा राख्ने गर्थे ।



तालिमका सहभागी प्रशिक्षक र आयोजक.

पाठकहरू ! आफैं सोच्नोस् त, त्यहाका गोठाले र शिकारी जीवन बिताइरहेका केन्यालीको अवस्था । साँच्चै अचम्म के छ भने संसारभरिका जनजातिहरूको स्वभाव पनि उस्तैउस्तै लाग्ने । अनि जल, जमिन र जङ्गलको समस्या पनि एउटै रहेछ । हाम्रोमा कन्दमूल खोजी खाने, माछा मारी हिँड्ने, मह बटुली हिँड्नेका लागि राज्यद्वारा खोलानाला र जङ्गलमा प्रतिबन्ध लगाएजस्तै केन्यामा पनि समस्या रहेछन् ।

खानापछिको सत्र सुरु भयो । यसमा श्रमबजारमा आदिवासी जनजातिमाथि हुने भेदभावबारेमा मुख्य विषय थियो । भूमि र जीवनयापनका सवालहरू, रोजगारी र पेसा तथा आदिवासी जनजातिमाथिका भेदभावलाई जान्ने अवसर दिइयो यस सत्रमा । त्यसै गरी अर्को मुख्य विषय थियो– लैङ्गिक सवाल र आदिवासी जनजाति महिलाको स्थिति । यी यस्ता विषयहरू थिए, जसले हामीलाई निकै फराकिलो बनाउँदै लगेको थियो । बिस्तारै सहभागीहरूलाई भूमि, क्षेत्र र स्रोतहरूमाथिको आफ्नो अधिकार छ भन्ने कोणबाट सचेत गराउँदै लगिएको थियो । यसरी कफी ब्रेकपछि त्यस दिनको कार्यक्रम पनि सकियो ।

दिनभरि जनजातिहरूमाथि भएको भेदभाव, उनीहरूसँग सम्बन्धित श्रमसवालहरू र उनीहरूको जमिनमाथिको अधिकारका बारेमा सुनियो । त्यस

दिनको महत्त्वपूर्ण विषय थियो– जमिनमाथिको अधिकार । लट्टी कनिङ्घमको सहजीकरणमा भएको त्यो सत्र निकै महत्त्वपूर्ण लाग्यो । आदिवासी जनजातिलाई भूमि, क्षेत्र र अन्य प्राकृतिक स्रोतहरूका बारेमा मिहिन पाराले उदाहरण दिईदिईकन पढाइन्थ्यो । राम्रो जानकारी रहेका स्रोतव्यक्तिहरू देख्न पाइएको थियो । अँ, लट्टी कनिङ्घमको अङ्ग्रेजी भने शतप्रतिशत मिल्दैनथ्यो । उनको प्रथम भाषा अर्कै थियो क्यार तर पनि बोल्थिन् र हामी भन्न खोजेको कुरा बुझ्न सक्थ्यौं । हामी नेपाली भने व्याकरण नमिल्ला कि, वाक्य नमिल्ला कि, के नमिल्ला कि भनेर लजाएरै, धकाएरै अङ्ग्रेजी सिक्न सकिरहेका छैनौं । त्यसरी अर्काको भाषामा निपुण हुन नसक्नु कुनै गल्ती होइन । म नेपाली जनजाति मान्छे, मलाई नेपाली शुद्ध आउँदैन तर पनि लजाउँदिनँ भने अङ्ग्रेजी नमिल्दा किन लजाउनु र । कहिलेकाहीं यही गम्दागम्दै मेरो केही समय बित्ने गरेको छ ।

बाहिर डुल्ने कार्यक्रम नभएको बेला हामीचाहिँ वरपर डुल्न निस्कन्थ्यौं । म एक्लै पनि नहराउने गरी डुल्ने गर्थें । तालिमकेन्द्रको सडकको उतापट्टि एउटै पार्क थियो । त्यहाँ र त्यसउताका सडकहरूमा हामी आफैं घुम्न थाल्यौं । यसो माथि पुलबाट तल सडकमा हेर्थ्यौं, गाडीहरू गोलीजस्तै कुद्थे । बाफरे ! त्यसरी दौडाउने कुराहरू काठमाडौंमा त कल्पनै गर्न सकिन्न । गाडीको स्वाइस्वाइ आवाजले मुटु थर्कन्थ्यो मेरो । हुन त ट्राफिक नियम पनि अत्यन्त कडा छ । कसैले उल्लङ्घनको कल्पनै गर्दैन । कसैले अलिकति तलमाथि गऱ्यो कि त्यो मान्छे मर्छ र अरूलाई पनि मार्छ । 'आफू बँच्नु नै ट्राफिक नियम उल्लङ्घन नगर्नु हो' भन्ने मानसिकता छ त्यहाँ । सडकमा मान्छेभन्दा तेब्बर-चौबर गाडी देखिन्छन् । हैन, यो पनि कम भयो । नगण्य सङ्ख्यामा मात्र मान्छे सडकमा हुन्छन्– हाम्रो असन बजारमा रिक्सा देखिएजस्तै । पार्कतिर वा त्यस्तै ठाउँमा मात्र देखिन्छन् मान्छे । सडकमा केटाकेटी नारिएर हिँड्ने चलन राम्रै चल्तीको रहेछ । धत्, म पनि यस्तैमा धेरै ध्यान दिन थालें कि क्या हो ? बिचरा ! त्यही समाजका उत्पादनहरू त्यसै त गर्छन् नि । अँ टुरिनमा पनि बूढाबूढीहरू नै देखिन्थे यसो पार्कहरूमा र सडकमा टुकुटुकु हिँडिरहेका ।

आवासक्षेत्रका टोलहरू निकै शान्त देखिन्थे । सडक पर्याप्त फराकिला भए पनि भित्रभित्र पस्नेहरूचाहिँ सारै फराकिला छैनन् । तर के र, कतै माटो देखिने कुरै छैन– सबै सिमेन्ट र पिच मात्र । माटो, चौर र पानी त पार्कतिर र सडकछेउछाउमा लगाइएका रूख, फूलहरूको लेनमा मात्र । म त्यहाँको जनजीवनप्रति उत्सुकता लागेर एक्लै निस्कन्थें । अलिअलि चिसो भए पनि सडकमा भएको फलामे बेन्चमा रमिता हेरेरै बस्थें । प्रायः केटाकेटीहरू लठारिएकै हुन्थे, रेस्टुराँमा पस्थे र मजाले

खाने र निस्कने गर्थे। यसो सोच्थें, यिनीहरूसँग पैसा हुँदो नै रहेछ। कुरो पनि अचम्मै छ– यो लेखिरहने मान्छेचाहिँ नेपालको माननीय हो नि। दिउँसो सुनसान लाग्ने सहर र यहाँको जस्तो सटर नभएका पसलहरू साँझ पर्दै गएपछि बिस्तारै रङ्गीन हुँदै जान्छन्– मस्त उमेरमा प्रवेश गरेका युवायुवतीझैं। राति हेर्दा त बिलकुल हिन्दूहरूको विवाहमा दुलही सिंगारिएर बसेजस्तै लाग्ने हरेक पसलहरू। सायद, जाडोले गर्दा पनि होला, सडकमा लस्कर लागेका घर, पसलहरू सटरमा छैनन्। ठूलठूला अग्लाअग्ला ढोकाहरू छन्। यस्तो अनुभव हुन्छ नि त्यहाँ, हरेक घरमा पस्दा यहाँ राणाका महलमा पसेजस्तो लाग्ने। अग्लो तलाको उचाइ र पुराना लाग्ने त्यहाँका विशेषतायुक्त आर्किटेक्चर, बनावट र निर्माण सामग्रीहरूले हामीलाई त्यस्तै अनुभव गराउँछ। साँच्चै माथि जहाजबाट हेर्दा इँट रङ्गका मात्र छाना भएको बुकुना टुरिन सहर र भित्र पसेपछिको भव्य टुरिन सहरमा कुनै समानता छैन। यहाँ नेपालमा भने लाजैले त्यस्तो स्तरीय पसलमा पस्न मनै मान्दैन। तर त्यहाँ बाहिरबाट पसलजस्तै लाग्दैनन्। भित्र गएपछि अचम्मलाग्दा स्तरीय पसल हुन्छन्। आवासक्षेत्रका घरहरूमा हेऱ्यो, मान्छे झ्याल र बार्दलीमा कमै देखिन्छन्। पर्दाहरू किन हरियो बेसी प्रयोग गरेका हुन् कुन्नि। चोकचोकमा सजिलोका लागि City map नै टाँसिदिएका छन्। आधुनिक सहरमा जस्तो घरहरू अग्ला छैनन् तर सरसुविधामा कुनै कमी छैन, उही र उस्तै।

टुरिनमा पनि देखें अरू युरोपियन सहरमा जस्तै उमेर ढल्कँदै गएका महिलाहरू पनि गजबले राम्रिँदा रहेछन्। एइ गाँठे! अब त यहाँ काठमाडौंमा पनि त गर्ने गरेकै छन् नि त्यस्तो। नलेखे पनि हुने यो त। म पनि उस्तै। खासचाहिँ म परैं पुरानो चिन्तनको र मेरो समाज पनि बल्लबल्ल सहर पस्न थालेकाले नै यस्तो कुरामा ध्यान जाने गऱ्या होला भन्नुपऱ्यो नि अब। नाईले अर्काको केश, मोचीले अरूको जुत्ता, बोर्डिङका सञ्चालकले अरू स्कुलका विद्यार्थी हेरेजस्तै। भरसक सुन्दर देखिन खोज्नु कुनै गल्ती होइन भन्ने कुरो मैले बिर्सन नपर्ने हो तर परियो उल्टो। इटलीको पुरानो राजधानीमा हाम्रो राजधानी काठमाडौंको साग बेच्ने दिदीबहिनीलाई खोज्ने मजस्ता हरिलट्ठकको के कुरा भो र।

यति हुँदाहुँदै पनि टुरिनको सडक मैले छोडेको छैन। गएँ फेरि, केचाहिँ फरक र सम्झनलायक कुरो देखिन्छ भनेर सडकतिरै। चोकमा गएर यसो म्याप हेऱ्यो, मरिगए बुझिने भए पो। त्यही Turin लाई पनि TURINO भन्दा रहेछन् त्यहाँ। त्यहींबाट सुरु भइहाल्यो मेरा लागि अप्ठेरो। शब्दको अन्त्यमा इ, ओ आ, ए जस्ता स्वरहरू पर्याप्त आउने गर्दा रहेछन् त्यता। अनि त के नि 'है' थपेपछि हिन्दी हुन्छ

भनेजस्तै ती स्वरहरू लाएर शब्द बोलेपछि त्यहाँको भाषा हुन्छ जस्तो भइहाल्यो नि मलाई त । त्यहाँका सडक र चोकहरूको नाम पढ्नै छाडिदिएँ मैले । के पढ्नु नि, सम्झन सकिने भए पो । मुला ! ए टुरिनेहरू, मेरै लागि भए पनि चोकचोकमा त अङ्ग्रेजीमै नाम टाँस्नु नि । मैले त सोच्या थिएँ ठूलठूलो सडकको आसपासमा त पसल र अफिसहरू मात्र होलान् तर कहाँ नि, त्यस्ता घरहरूमा पनि मानिस बस्दा रहेछन् । फाटफुट रूपमा Apartment का ससाना कौसीमा मान्छे देखिन्थे । अरू मान्छेले चियोचर्चो नगरे पनि ती कौसीहरूमा मान्छे ढुक्कले बसेको देखिनँ ।

टुरिनमा इँट र टायलप्रतिको मोह देखेर छक्कै परेँ म । त्यसरी हुरुक्कै हुनुमा वैज्ञानिक, सामाजिक वा परम्परागत प्रचलन आदि के कारण थियो कुन्नि म त्यसतर्फ लागिनँ तर अचम्मै गरी प्रयोग भएको छ ।

अब सडकको कुरा गरौँ है त । सफा सडकहरूमा ठाउँठाउँ कन्टेनर राखिएका छन् । नागरिक सभ्य ढङ्गले कन्टेनरमा फोहोर राख्छन् । त्यति देख्दा पनि नयाँ दृश्य देखेजस्तो लाग्थ्यो मलाई । हामी नेपालीलाई यस्तो लाग्छ नै । जथाभावी गाडी नकुदाउने त्यो सहरमा मोटरसाइकलको वेगले भने फुटपाथकालाई चिसो पोतेर छाड्छ । त्यस्तो वेगमा कुदाउने हो भने यहाँ त सीधै माथि पुगिन्छ । किनकि यहाँ ट्राफिक नियम उल्लङ्घन हुन्छ तर टुरिन त्यस्तो छैन । दोबाटो, त्रिबाटो, चौबाटो, जतातातै ट्राफिक बत्ती, अलिकति पनि कतै छ्यास्स मिच्न खोजियो कि पक्राउ परिहाल्यो वा आफैं मरिहाल्यो । साँच्चै भन्ने हो भने त्यस सडकमा कसैले मलाई १० मिनेट गाडी कुदा अनि त्यो गाडी नै लैजा भन्यो भने म त अहँ, आँटै गर्न सक्दिनँ । डरले त्यसरी थर्किएपछि कुरै सिद्धिएन भन्या ।

सडकहरू अत्यन्त व्यवस्थित र मिलाइएका छन् । ए ए ! त्यस्तो सडकमा कहाँबाट हो कुन्नि, एक दिन त एउटा हिलैहिलो भएको कार पो देखेँ । लौ खा ! मनमनै हाँसेँ– कहाँबाट आएछ यस्तो ? अनौठो मान्दै फेरि आफैंलाई सोधेँ । त्यतिकैमा त्यो कार भने कता पुग्यो कता । बेक्कारमा मूला कारले मेरो देशतिर हुइँक्याइयो मलाई– पर इमाडोल अथवा बालाजु, नेपालटारको कच्ची सडकबाट एकैचोटि फुत्त न्युरोड पुगेजस्तो देखिएर ।

पाठकहरू ! म दिनभरिको सत्र सकेर टुरिनको सडकमा एक्लै छु । कतै भुलेर बाटो हराए कसलाई सोध्नु भनेर ठिक्क जानेको बाटोतिर मात्र घस्कने गर्छु म । त्यही सडकतिरको कथा हाल्दै छु । कतैकतै खैरो पर्दावाल आवासगृह पनि देखिए पनि प्रायः हरियै मात्र पर्दा प्रयोग भएका छन् झ्यालहरूतिर । तर काठमाडौँमा जस्तो टाउकोमा प्लास्टिकको फोहोर पोकाहरू झरिहाल्लान् कि भनेर चाहिँ हैन

नि । म हेर्छु हाम्रो जस्तै फुर्सदिला स्याल र कौसीहरूलाई तर छैन त्यस्तो । कौसीमा मान्छे हतपत देखिँदैनन् । सडकछेउका पार्कहरू अत्यन्त व्यवस्थित छन् । साना फूलहरू, बुट्टाहरू, स्याउहरू राम्ररी काँटछाँटमा छन् । रूख, फूल, हरियाली र सरसफाइ मात्र मन पराउने त्यो ठाउँमा धेरै सिक्नुपर्ने कुराहरू देखिँदै छन् । तर सबै नया नै नयाँ र टकाटक सफैसफा भन्नेचाहिँ छैन है । रङ्ग खुइलिएका बेन्चहरू र मान्छेले टेकेर खुइलिएका चौरहरू पनि छन् यहाँ । त्यति सारो गाडी नै गाडी भएको सडकमा ट्राफिक नियमको पूर्ण पालना र सभ्यताकै कारण होला, मैले दुई पटक मात्र गाडीको हर्न सुनें । हतारमा बोल्नै फुर्सद नभएजस्तो हर्न बजाउँदैनन् । हर्नले सचेत गराउनुलाई नराम्रो मानिँदो रहेछ त्यहाँ । हुन पनि हो नि, यहाँजस्तो महाभीडमा पनि कसले कहाँ बाटो छाड्नुपर्ने हो थाहा छैन, पछाडिबाट हर्न बजाएको छ बजाएको छ जस्तो त्यहाँ हुँदैन । कतिसारो उल्लूजस्ता नेपाली भयौँभयौँ हामी पनि । सम्झँदा पनि दिक्कै लाग्छ ।

अँ, अचम्मको अर्को कुरा । त्यस सालको फुटबलको विश्वविजेता त्यो देशमा फुटबलका बारेमा धेरै जान्नेहरू, चासो राख्नेहरू छन् भनेर सोच्नुचाहिँ गल्ती नै रहेछ । सबैलाई त्यस्तो नहुने रहेछ, फुटबलका बारेमा । टुरिनमा सोचेको थिएँ– आफ्नो देशले २००४ को विश्वकप जितेकामा गर्वका साथ त्यहाँकाले कुरा सुनाउनेछन् हामीलाई तर हामीले सोध्दा समेत त्यसो भएन ।

त्यहाँ बसुन्जेलको अनुभव लेख्ने क्रममा एक बेलुकीको कुरा गर्छु है त । म खाना खान बसेँ । छेउको टेबलमा खानाका साथमा एउटा वाइनको बोतल लिएर बसेका थिए एक विदेशी साथी तर खोल्न जानेनन् । अनेक गर्दा पनि सकेनन् । अरू २-४ जना पनि लागे । के गर्दा बल्लबल्ल खुल्यो र बिर्को उछिट्टिएर अर्कोतिर गयो । वाइन उम्लेर पोखियो पनि । हाँसो घन्कियो मजाले । खोल्न अरू पनि निकै तम्सेका थिए, निकै सङ्घर्ष गर्नुपरेथ्यो । त्यो जुन प्रयत्न थियो नि, सम्झनलायक भएरै सम्झन पुगेछु । म त के र, कहिले त्यस्तो किनेर खाने भए पो खोल्न जान्नु । त्यसो नजान्दा राम्ररी हाँसे विदेशी साथीहरू पनि । मचाहिँ मजस्ताहरू अरू पनि देख्दा एक मनले ढुक्क पनि भएँ । खानचाहिँ काला साथीहरू नै खाँदा रहेछन् हामीजस्तै । गोराहरूचाहिँ त्यसको तुलनामा कमै खाँदा रहेछन् । सूर्यजी र मभन्दा रेवतीजी मस्तले खाने हुन् । विभिन्न जिल्लाहरूमा सिडिओ भई खाएका उनी मभन्दा पाको भए पनि रउसे हुन् । सूर्यजीभन्दा उहाँसँग मेरो स्वभाव मिल्दो रहेछ । सूर्य र रमेन पाण्डेचाहिँ बढी सँगै हिँड्ने भएका थिए तर हामीबीच त्यस्तो नराम्रो हुने कुनै कारण थिएन । हुन्छ नि, त्यस्तै अरूहरूमा पनि; त्यही मात्र थियो ।

विदेशमा एउटा कुरामा सबैलाई सचेत हुन भन्छु म । ढोकाको साँचो कस्तो छ, पहिले हेर्नु है ! प्राय: आफैं लक हुने ढोकाहरू हुन्छन् उता । त्यसैले मजस्तो आपत्मा नपर्नुहोला । टुरिनमा एक दिन मलाई त्यस्तै भयो । गन्जी र हाफ पाइन्टमै थिएँ म । दाँत माझ्दै बाहिर निस्कें कौसीमा, ढोका त्यसै छाडेर । ढोकाको पल्ला बिस्तारै फर्केर बन्द हुनु पनि, 'ए साँचो त भित्रै रह्यो' भनेर झम्टें पनि । तर कुरा सकिइसकेको थियो, परें म फसादमा । आफैं अर्को साँचो लिन जाऊँ भने त्यो लुगामा ४-५ घरपर त्यसरी जान अरूलाई हेपेजस्तो हुने । रमेन पाण्डेलाई उमेरको कारणले अनुरोध गरौं भने ऊ भारतको मान्छे, के सोच्ला ? सूर्य सिलवाललाई भनूँ भने उमेरले अह्राए हुने भए पनि सहसचिवजस्तो मान्छे, मजस्तै सोच्ने हुन् कि होइनन् । यही सोच्दासोच्दै हामी सबैभन्दा बूढा रेवती काफ्ले "म जान्छु माननीयज्यू" भनेर सहयोगका लागि कुदे । मेरो मन ढुक्क भयो । त्यस्तो कसैलाई पर्नेबित्तिकै सहयोग गरेर मन जित्ने मेरो बानी त थियो नि तर अरूलाई सहयोग माग्दा के हुन्थ्यो हुन्थ्यो ? धन्न काफ्लेजीको भावनाले मलाई तत्काल उद्धार गरेको थियो ।

तालिमकेन्द्रको व्यवस्थापन प्रशिक्षार्थीहरूलाई कुनै अभाव महसुस नहुने किसिमको थियो । हल धेरै थिए, सबै सुविधायुक्त । म अलिअलि जान्ने भएको थिएँ कम्प्युटर खोलेर Internet हेर्न मात्र । मभन्दा दोब्बर जानेका रहेछन् काफ्लेजीले तर उहाँलाई पनि सामान्य आवश्यक परेजति थाहा रहेनछ । टुरिन जानुअघि योजना आयोगमा उहाँकै कार्यालयमा सूचनाहरू र अन्य सहयोगका लागि जाँदा उहाँले कम्प्युटर खोलेर म्याप हेर्ने र Document print गर्न जानेको देखेको थिएँ । त्यतिले पनि मलाई ढुक्क पारेको थियो– इटलीमा उहाँसँग केही त सिक्ने रहेछु भनेर । हामी टुरिन बसुन्जेल साँझको खानापछि ८:३० तिर सधैं कम्प्युटरतिर लाग्थ्यौं, हामी बसेभन्दा पल्लो घरमा, जहाँ हाम्रै लागि Computer हरू राखिएका थिए ।

एक दिन छोरी र श्रीमतीलाई इमेल गर्दागर्दै अघि कति बेला आँखाभरि आँसु भएर तपतप झर्न थालेछन् । मैले त्यही लेखें इमेलमा । यता नेपालमा सानी छोरी गरिमाले मेरो इमेल पढेर आमालाई सुनाइछन् । बूढी पनि रुन थालिन् रे । सँगै बसेको बेला भए झगडासम्म हुने तर टाढा हुनेबित्तिकै त्यस्तो भइहाल्दो रहेछ ।

काफ्लेजीले नेपालका जनजातिबारेको सामग्री लानुभएको रहेछ Pendrive मा तर उहाँले त्यो मिलाएर Print गर्न जान्नुभएन । राम्रो थाहा थिएन छ । म त के नि काफ्लेजीजति पनि नजान्ने मान्छे, उहाँको त्यही मूल्याङ्कन बिगार्दै बसें । जानेको भए पो सहयोग गर्नु, जानिएन ।

हामी प्रशिक्षार्थीलाई लुगा धुने सुविधा पनि भित्रै थियो । यसो विचार गरेँ, अरू कोही आफैं धुँदैनन्, मैले धुँदा लाज पो हुने हो कि ! अनि नेपालमा पनि केही दिन लगाएको हाफपाइन्ट, सर्ट र पाइन्ट Laundry मा लगेर दिएँ । यता भए ती लुगा अझै केही दिन लगाइन्थ्यो होला, उधारो पाएङ्गे तो हात्ती खाएङ्गे' भन्थे गाउँमा, त्यस्तै 'लौन त है' भनेर अनुभवकै लागि पनि धुन दिएँ ।

सुन्दर, शान्त, सफा वातावरणको त्यो तालिमकेन्द्रमा २-४ दिनको बसाइले नै मलाई बिलकुल फरक अनुभूति गरायो । केन्द्रभित्रको सडकमा पातहरूसम्म रहन नपाउने रहेछ, बेलाबेला सफा गरिरहने । नजिकै नदी छ, अर्थात् नदीकिनारको त्यो ठाउँमा जताततै हरियाली छ, यताजस्तो एकोहोरो घरै मात्र बनाउने तर अरू कुरा ध्यानै नदिने बुद्धि त्यहाँ पुगेको रहेनछ । कहिलेकाहीँ एकछिन समय उब्रँदा पनि कौसीमा निस्केर टहलिनु असाध्य प्रिय लाग्थ्यो । फोटो पनि लिइहाल्थ्यौँ । सडकका आसपासमा रूखका झ्याङहरूको प्रशस्त उपस्थिति छ । त्यो देख्दा मलाई अब त रिसै मात्र उठ्न थालेको थियो । हाम्रो देशमा भने सम्बन्धितहरूको आआफ्नो हैसियतअनुसारकै बदमासीले गर्दा सडकहरू कहिले सुधेनन् । उता आफ्ना परिभाषित कामहरूलाई योग्यतापूर्वक जसरी पनि पूरा गर्ने चलन रहेछ, त्रुटीहरू माफी नहुने । आफ्नो मान्छे हुनाको कारणले अक्षम र गलत मान्छेलाई बढावा दिनु भनेको आफैं सिद्धिनुबाहेक केही नहुने भएकाले त्यस्तो काममा कसैले हातै हाल्दा रहेनछन् । तर नेपालमा ? अहँ सोच्न पनि सकिन्न । यहाँ त त्यसरी सोच्ने आफैं पागल हुन्छ । धेरै वर्ष राजनीति गरेर पनि धन कमाएन भने त्यो अयोग्यताको मापदण्डमा जान्छ– नेपाली काङ्ग्रेसका नेता भीमबहादुर तामाङ जस्तै ।

त्यही दिन होलाजस्तो लाग्छ, बेलुकी रिसेप्सन थियो हामीलाई । यहाँको जस्तो त होइन, हलुका ढङ्गले बियर र अन्य केके कुराहरू लिएँ मैले । विदेशीहरूलाई बोर हुन्छ भनेर सायद ताजगीपनका लागि थियो होला, अनि घुलमिलका लागि पनि । यस्ता कुरामा बडो ध्यान पुऱ्याउँछन् विदेशीहरू ।

## सेप्टेम्बर २८ : तालिमको चौथो दिन

त्यस दिनको विषय थियो 'Poverty, Forced labour, and Conflict Resolution' । त्यसभित्रका पेटबोली शीर्षकहरूमा चाहिँ गरिबी निवारणमा जनजातिहरूको सहभागिता, गरिबी न्यूनीकरण, आदिवासी जनजाति सवालहरू र द्वन्द्व समाधान, बाँधाश्रम हटाउनेबारे उल्लेख थिए । यो विषय सिकाइँदा अन्य मुलुकका प्रशस्त उदाहरणहरूलाई ल्याइने गरिन्थ्यो । अर्थात् नेपालको पाराले

होइन रहेछ सिकाउनुपर्ने । त्यस दिनको दोस्रो विषय मलाई असाध्यै शिक्षाप्रद लाग्यो । नर्वे, युरोपियन युनियन, डेनिडा, युएनडीपी, विश्व बैङ्क र IFC आदिको जनजातिहरूका लागि बनेको नीति र दृष्टिकोणहरू सिकाइएको थियो । वास्तवमा आआफ्नो मुलुक र क्षेत्रमा ती संस्थाहरूले के गरेका होलान् कुन्नि तर नेपालमा भने राम्रै गरी खर्च दिएका छन् । तर यहाँका हाम्रो गैरसरकारी संस्थाहरूले वास्तवमा आदिवासी जनजातिबारेमा काम गर्न इच्छा गर्दैनन् । किनकि यहाँ जातीय असमानताले जरा गाडेको छ राम्रै गरी । योजनाबद्ध त नभनौं तर स्वभावैले स्वतःस्फूर्त रूपमा जनजाति समुदायमाथि कहिले ध्यान दिन आवश्यक ठानेनन् नेपालका मानवअधिकारवादीहरूले समेत । संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय श्रमसङ्गठनले समेत आदिवासी जनजातिहरूको अधिकार मानवअधिकार नै हो भनिरहेको थाहा पाउने नेपाली मानवअधिकारवादीहरू पनि यहाँ बोल्नुपर्दा बिर्सन्छन् ती कुरा । अथवा नियतवश जनजातिविरोधी भैदिन्छन् ।

त्यस दिनको चौथो विषय थियो– बङ्गलादेशको आदिवासी जनजाति र द्वन्द्वसमाधान । बङ्गलादेशको चिट्टागांग हिल ट्र्याक्टको सवालसँग जोडेर ल्याइएको त्यो विषय देवाशिश रायले प्रस्तुत गरेका थिए । अत्यन्त राम्रो प्रशिक्षण क्षमताका देवाशिशले उत्कृष्ट सहजकर्ताको भूमिका निभाएका थिए । उनी बङ्गलादेश सरकारबाट राज्यमन्त्रीसरहको सल्लाहकार पनि नियुक्त भएका छन् अहिले ।

त्यस दिनको पाँचौं विषय थियो– 'आदिवासी जनजाति र शान्ति स्थापना ।' यसको स्रोतव्यक्ति थिइन् बिर्गिट । त्यो कक्षामा भने सहभागीहरूको मुख्य भूमिका थियो । नेपालको तर्फबाट मैले बोलेको थिएँ, मलाई निकै कठिन भयो । तयारी गरेर जानुपर्थ्यो, समय नभएर सकिनँ । उता काफ्लेजी र सूर्यजीले पनि तयारी गर्नुभएको थिएन । मैले संसद्मा आफूले ILO C. १६९ लाई सङ्कल्प प्रस्ताव पारित गराउनुपर्दाको सारा अवस्थालाई सविस्तार बताएको थिएँ– नेपाल सरकारको नेपालका आदिवासी जनजातिहरूमाथिको विभेदपूर्ण दृष्टिकोण र व्यवहार, नेपालमा राजनीतिक दलहरूको जनजातिमाथिको व्यवहारबारे बताएको थिएँ । टुटेफुटेका अङ्ग्रेजीले ५-७ मिनेट पाएको समयमा टिक्न निकै गाह्रो भयो । मनमा यति धेरै भन्नु थियो तर भाषिक कठिनाइले निकाल्न सकिएन । तथापि ILO लाई हाम्रो कुरो थाहा भइसकेको थियो । हाम्रा लागि यही कक्षा निकै महत्त्वपूर्ण थियो । त्यस दिनको अन्तिम कक्षामा समूहमा बसेर काम गरी हामीले छुट्टी पायौं ।

साँझ हामीलाई सहरको अर्को छेउको सुनसान ठाउँको रेस्टुराँमा लगियो । बाहिरबाट हेर्दा पुरानो ढाँचाको त्यो रेस्टुराँमा हाम्रै थकाली भान्साघरजस्तो गरी

त्यस ठाउँको संस्कृति, परम्परा, प्रचलन झल्कने वस्तुहरू राखिएका थिए । विदेशीहरूले नेपालमा आएको बेला त्यस्तैत्यस्तै हेरेको देख्दा मलाई अचम्म लाग्थ्यो तर जब म उता थिएँ म पनि नजानीकनै त्यसै गर्न थालेछु– मक्ख परेर विदेशी भएरै ती सब हेर्न थालें ।

हामी भित्र पस्यौं । ठूलो हलमा चारैतिर टेबल सजाइएको छ । बाहिरबाट साघुरो लाग्ने त्यो रेस्टुराँ अरू अर्थमा ठीक थियो । रेस्टुराँको नाम थियो– 'Ciacolon' । उच्चारण 'छ्याकोलन' हुन्छ भन्थे एक जना उतै बस्ने मान्छेले । तर त्यो शब्द ठीक हो होइन, भन्न सक्दिनँ । म इन्डोनेसिया, फिलिपिन्स र कम्बोडियाका सहभागीहरूसँग थिएँ । मलाई इन्डोनेसियामा १० लाख कम्युनिस्ट मारिएको कुरा पढेकाले केही न केही त्यो मुलुकका प्रतिनिधि पूर्वपरिचित झैं लाग्थ्यो । त्यसै गरी फिलिपिन्सका मान्छेहरू पनि त्यहाँको कम्युनिस्ट पार्टीका बारेमा पढेको कारण निकट लाग्या थियो । अनि कम्बोडियाका मान्छेहरू नजिक लाग्नुको कारण पनि त्यही थियो । पहिले कम्बोडियाका कम्युनिस्ट गतिविधिबारे खूब पढियो । त्यसैले चिनेको गाउँठाउँको मान्छे आएजस्तो लाग्थ्यो तर थाहा छैन, उनीहरू कम्युनिस्ट थिए कि थिएनन् । खाली पढेको देशको मान्छे भएकाले चिनेको देशको मान्छेजस्तो लाग्ने मात्र रहेछ । म त्यहाँ बसिन्जेल भारत र बङ्गलादेशभन्दा पनि यी देशका मान्छेहरूप्रति बढी आकर्षित थिएँ । कुरा यसो पनि होला– हाम्रो अनुहार, रूपरङ्ग र चालढाल एकै खालको थियो । बाहिर कतै डुल्न निस्किंदा; ब्रेकफास्टमा, लन्चमा, डिनरमा भेट हुँदा पनि हामी विशेष अभिवादनद्वारा सामीप्य प्रकट गर्दथ्यौं । उनीहरूचाहिँ वास्तवमा सरकारका उच्च निकायमा रहेका कर्मचारीहरू थिए, मैले सोच्या जस्तो आदिवासी जनजातिका Activist थिएनन् ।

धत् ! म त छ्याकोलन रेस्टुराँमा पो थिएँ; कता कुनकुन मुलुकतिर लागेछु । हामी हलमा थियौं । हाम्रो अगाडि टेबलमा न्याना प्लेटहरू छन् । बिस्तारै खालखालका परिकारहरू आए । कुनै खल्लो, कुनै नुनिलो, कुनै के कुनै के, हाम्रो मसलैमसलामा चल्ने जिब्रोलाई खूब तह लायो त्यहाँको खानाले । तर Enjoy गर्नुपर्छ भन्ने ठानेरै मस्त भएर खान थालें । म हार्ड ड्रिङ्कस् पचाउन नसक्ने भएकाले लिइनँ– बियर मात्र खाएँ । खाँदै गइयो, अघाउँदै गइयो । बियरले मजाले रङ्गाउँदै लग्यो तीन गिलासपछि । अनि त अरू धेरै खानेलाई ठग्न थालें चाट्दै बसेर । कसैले Please भन्दै बोतल मेरो गिलासछेउ पुऱ्याउन खोज्थे बडो नरम भएर । म पनि विनम्रतापूर्वक पुग्यो भन्न थाल्थें । काउन्टरको छेउमा की बोर्ड फिट गरेको एउटा चियर थियो । यहांबाट कार्यक्रम दिने रहेछन् भनेर मक्ख पर्दै त्यसकै छेउको टेबुलमा थिएँ म । एउटा गायक

आएर की बोर्ड बजाउँदै गाउन थाल्यो । म त वाद्यवादकको टोलीसँगै होला भनेको त एक्लै पो रहेछ । बडो सुमधुर र आकर्षक स्वर थियो त्यसको । जबरजस्त कनेर जोडजोडले माइक फाल्दै, उफ्रँदै गाएन उसले । सारै प्रभावित भएँ म त । हाम्रा साथी काफ्लेजीलाई अलिअलि लागेछ– उठेर नाच्न थाले । सबैले रमाइलो मानेर थपडी पनि बजाए । काफ्लेजी साँच्चै रउसे हुन् । कसैलाई नबिच्काउने, मिलनसार र भरपर्दा साथी । ककटेलपछि खाना खानुपर्ने भयो तर के खानु नि । तैपनि गएर प्लेट उठाई मासु विभागतिर लागें । ओहो ! यता नेपालमा खसी र राँगाले पहिलो स्थान पाएजस्तै गाईको मासुको बोलवाला पो छ । घिनघिन त लाग्यो नि तर त्यस्तो देखाउनु भएन । 'बिफ' भन्ने पढ्नेबित्तिकै आँखा तुरुन्तै अर्कोमा सरिहाल्थे 'यो चोक्टा कि ऊ चोक्टा उठाऊ' भनेर सोच्दै नसोची । मैले माछा अघि नै खाइसकेकाले आफ्नो प्लेटमा बङ्गुरका चोक्टा हालें । तर के र, धेरै हाल्ने कुरै भएन । अघि बियरसँगै कोटा पुऱ्याइसकेको थिएँ । अरूले खान बसेको बेला मै मात्र किन पछि पर्नु भनेर अलिकति च्यासचुस खानेकुरा लिएर आफ्नो ठाउँमा पुगें ।

एकान्त टुरिनको त्यो रेस्टुराँमा खाइसकेर हामी बाहिरियौं । पुरानो पाराको घर, जसलाई यता मिलाउनुपऱ्यो भने उहिले राणाको स्याहारसम्भार गर्नेहरूलाई राणाले बनाइदिएको नेपालका पुरानो घरसँग मिलाउन सक्थे त्यस रेस्टुराँ घरलाई । साँच्चै नेपालका राणाका दरबारलाई होटेल बनाउँदा त्यस्तै हुन्थ्यो होला । घर आफैंले आकर्षण गर्थ्यो विदेशी पर्यटकहरूलाई ।

काफ्लेजी यत्रायत्रा खम्बाले बीचैमा उभिएर डिस्टर्ब गर्ने कोठामा फर्के, म छेउको कोठामा लागें, सूर्य र रमेन पनि आआफ्नो कोठामा छिरे । कस्तो व्यहोरा पार्दो रहेछ वातावरणले । हामीसमेत होस्टेलमा फर्केपछि त नेपालमा जस्तै गफ गर्न बस्नु नि । छैन, बडो आआफ्नै कोठामा छिरेर उतैका जस्तै कोठा लक नै गरेर चुपचाप बस्नुपर्ने रे । हुन त के र हौ, दिनभरको कक्षाले यति थकाउँथ्यो नि– बेलुकी त घुप्लुक्क निद्रा लाग्थ्यो । अनि सुतेपछि एकैचोटि ६:०० बिहान ब्यूँझने । यो सारा समयले मेरो भने ऋगडै बढाएको थियो श्रीमतीसँग । यता र उताको समय नमिल्ने, अनि कति बेला फोन गर्नु । त्यही भनेर बरु आँखाभरि आँसु पार्दै इमेललाई प्राथमिकता दिन्थें ।

तालिम सकेपछि Switzerland जाने दिन भने बिहान ३:०० बजेतिरै उठ्नुपरेको थियो । हो, त्यही दिन मात्र नेपालको समय मिलेकाले फोन गरें । ५ युरोको कार्ड त्यतिकै खेर गएको थियो समय नमिलेर । जब फोन गरें, गाली खाई त गएँ श्रीमतीबाट– "क्या हो, फोन गर्नु पर्दैन ?" उही चिरपरिचित संवाद । सक्दो

सफाई त दिएकै हो उतैबाट तर चित्त बुझ्यो कि बुझेन, त्यसतर्फ ध्यानचाहिँ दिइनँ । सायद जब कार्डको पैसा खेर गयो भनेर कार्ड नै देखाएँ नेपाल आएर; पूर्ण सफाइचाहिँ त्यही बेला मात्र पाएँजस्तो लाग्यो । पैसा फालीफाली फोन नगरेको त पक्कै होइन होला भन्ने त सोचिन् होला नि श्रीमतीजीले ।

**सेप्टेम्बर २९ : तालिमको अन्तिम दिन**

अघिल्लो दिनदेखि नै मेरो मनमा पाँच दिन सँगै बसेका साथीहरूसँग छुट्ने भइयो भनेर त्यसै नरमाइलो लाग्न थालेको थियो । एक हिसाबले निकै दिन बाहिर बस्नाले Home sickness त भयो नै तर अर्कोतिर छुट्ने कुराले पनि नमीठो पार्दै थियो । त्यस्तो बोल्ने, ठट्टा गर्ने कलकत्ताका साथी रमेन पाण्डे त तर बोल्नै छाडेर शान्त हुन थाले । 'किन तपाईं गफ गर्न छाड्नुभयो नि' भनेर सोधेँ । उनले त 'भोलिदेखि छुट्ने भयौं भनेर नमीठो लाग्यो' पो भने । उनी पनि मजस्तै रहेछन् । मलाई जे लाग्यो उनलाई पनि त्यस्तै लागेको थियो । जे भए पनि छुट्नै थियो । हामी आफ्नो नियमित काममा लाग्यौं । बिहानै ब्रेकफास्ट अनि कक्षा ।

पहिलो कक्षाको विषय केन्याको अनुभवबारेमा थियो– 'केन्यामा आदिवासी जनजाति र बालश्रम' । Johnson Ole Kaunga ले प्रशिक्षण गरेका थिए । हाम्रो देशकै जस्ता विषयवस्तु छन् केन्यामा पनि । त्यसपछिको विषय 'आदिवासी जनजाति समुदायमा बालश्रमको उन्मूलन' बारेमा थियो । Birgitte ले सुनाइन् त्यसबारे । यस विषयमा सन्दर्भसामग्रीका रूपमा नेपालको CWIN द्वारा तयार पारिएको दस्तावेज पनि थियो । जे होस्, ILO ले नेपाललाई पनि नजिकैबाट चिनेको पुष्टि हुन्छ यस्ता कुराहरूबाट ।

त्यस दिनको तेस्रो विषय 'क्षेत्रीय तहका आदिवासी जनजातिका प्राथमिकता र सम्भावनाहरू' बारे थियो । समूहकार्य गरिएको यस विषयमा हामीले पनि किसिमकिसिमका विचार दिएका थियौं । कलकत्ताका रमेन पाण्डेले 'एउटा समिति बनाउनुपर्छ' भनेका थिए । बेलाबेला बसेर आआफ्नो देशको प्रगति विवरण दिने र छलफल गरी सहकार्य गर्ने उनको सोचाइ थियो तर मलाई भने तालिमको उद्देश्य त्यस तहसम्म होइन होला भन्ने लागेर त्यस्तो कुरा गरिनँ पनि ।

अन्त्यमा, ILO ले सम्पूर्ण तालिमको Feedback लिन हामीलाई प्रश्नावली बाँडेको थियो । मैले सबै स्रोतव्यक्तिहरूबारे राम्रो लेखेँ । तालिमको तरिका र व्यवस्था राम्रो भनेँ । तर मेरो एउटै मात्र सामान्य भनाइ थियो– अन्तरक्रियाको समय अलिकति कम भयो । साथीहरूलाई पनि त्यस्तै लागेको रहेछ । फिदरिया

नामकी एक महिला थिइन्, हाम्रा लागि खटिएकी निकै हँसिली । समयमै टचाक्कटचाक्क डकुमेन्ट दिने, टिकटहरू मिलाइदिने, आर्थिक हरहिसाब अत्यन्त चुस्त ढङ्गले फछ्र्याउने, ज्यादै सक्रिय सक्रिय । मेरो त पारा उही न हो, तुलना गर्न थालें; हाम्रा नेपाली महिलाहरू कहिले त्यस्ता हुन्छन् होला कुन्नि ? भन्दाभन्दै तालिम सकियो । २८ तारिखकै दिन हामीलाई UN Permanent Forum मा भाग लिन चाहनेलाई फर्म भर्न दिइएको थियो । मैले काफ्लेजी र सूर्यजीको Recommendation letter का साथमा फर्म भरें । तर तालिम सकिहाल्यो, Birgitte लाई त कति बेला सकिन्छ र हिँड्नु भएको थियो कि क्या हो, हिँडिहालिछन् । मैले OHCHR Geneva मा पठाउनुपर्ने आवेदन फर्म पठाउनै भ्याइनँ, मिति सकिइसकेको थियो । अन्तिम म्याद Oct 1 मा बुझाउनुपर्ने मा 29 Sept मा म आत्तिइरहेको थिएँ । तर हामीलाई कम्प्युटर र डकुमेन्टेसन आदिमा सहयोग गर्ने त्यहींको कर्मचारीलाई मैले यो यो कारणले मेरो आवेदन Birgitte को साथमा पठाउन सकिनँ भनेपछि उनले त्यो सबै कागज इमेलबाट पठाइदिइन् र समयभित्रै मेरो आवेदन जेनेभा पुगेको थियो । त्यसैले म पछि UNPFII को Sixth session मा जान पाएँ पनि । ती कर्मचारीको सहयोगी भावनाले मलाई UN मा पुऱ्याएको थियो । मैले पछि पनि एक पटक इमेल गरेको थिएँ– 'सहयोगका लागि धन्यवाद' भनेर । विदेशमा व्यवहारचाहिँ राम्रो देखाउन सक्छन् कर्मचारीले । उनीहरूमा नेपालको जस्तो हाकिमीपन कति पनि देखिँदैन ।

यसरी तालिम सकियो । समापनको दिनको साँझ अझ रमाइलो भयो । हामीलाई एउटा कार्ड दिइएको थियो खानाका लागि । दिनको २५ युरोजस्तो लाग्छ खानाका लागि, त्यहीअनुसार त्यो कार्ड थियो । नियमचाहिँ कार्डको रकमले नपुगे अन्तमा तिर्नुपर्ने; उब्रेमा पैसाचाहिँ नपाइने तर क्यान्टिनको सामान त्यसबराबरको लान पाइने । हामीलाई त थाहा थिएन । थाहा हुनेहरूले अघि नै गएर सस्तोसस्तो सामान त कार्डबाट उब्रेको पैसाले कति खेर उठाइसकेछन् । क्यान्टिन त उदास र सुनसान पो छ है । अनि त के गर्नु ! हामीले महँगामहँगा चक्लेटहरू, वाइन, जुस आदि किन्यौं । हलुका, सस्ता र कोसेली हुने कुरा सकिइसकेका थिए । मैले Switzerland मा रहेकी साली मुना र साढुभाइ प्याट्रिकका लागि ३ बोतल वाइन बोकें, चक्लेटहरू बोकें र कार्डको पैसा सकें । त्यस बेला पो थाहा भयो, प्रशिक्षार्थीहरू खाना, खाजा खाँदा भरमार चक्लेटहरू ट्रेमा किन लिँदा रहेछन् खानु न ओर्नु भनेर । त्यसरी जम्मा गर्दैगर्दै पो कोसेली पार्नुपर्ने रहेछ । रमाइलै भो त्यो अनुभव पनि । अरू त होइन, क्यान्टिनको दराज र तासीहरू डाङ्डुङ्गै खाली देख्दा पो अक्क न

वक्क परें । मजाले छानीछानी लिनुपऱ्यो भनेको त विकल्पहीन भएर महँगो किनाइमा परियो । जेजस्तो भेटियो बोकियो र कोठामा गइयो ।

त्यस दिन भने रमेन पाण्डे, सूर्यजी र काफ्लेजीसँग एकछिन सँगै बस्यौं । कुराकानीहरू गऱ्यौं र भोलिपल्ट सबैभन्दा अगाडि हिँड्ने भएको मलाई शुभयात्रा भने साथीहरूले ।

भोलिपल्ट बिहान ३:०० बजे उठेर नित्यकर्मपछि काठमाडौं फोन गरें । काफ्लेजीले उठेर हिँड्ने बेलामा फेरि शुभयात्रा भन्नुभयो । मैले सुटकेससहित Reception मा गएर ट्याक्सीका लागि अनुरोध गर्दै कोठाको साँचो बुझाएँ । ट्याक्सी आयो, त्यहाँ भएका साथीलाई 'बाइ बाइ' भनेर स्विजरल्यान्डका लागि म टुरिनबाट मिलानको रेल्वे स्टेसनतर्फ लागें । ट्याक्सी ड्राइभरले ठ्याक्कै मिलानको रेल स्टेसनमै पुऱ्याइदिए । 'धन्यवाद' सँगै म स्टेसनभित्र छिरें ।

१८ मङ्सिर २०६५
काठमाडौं

# टुरिन-न्युसाटेल रेलयात्रा

२००६ इ. को सेप्टेम्बर २४ देखि २९ सम्म इटालीको टुरिनमा ILO द्वारा सञ्चालित म सहभागी भएको तालिम सकियो । तालिम ILO कै अन्तर्राष्ट्रिय तालिमकेन्द्रमा भएको थियो । २४ तारिखमा पुगेदेखि २९ तारिखको अढाई बजेसम्म ILO का कर्मचारी र तालिमका सञ्चालकद्वारा पाएको आदरपूर्ण व्यवहारले फुर्केको म, २९ को बेलुकी हुन नपाउँदै छाँगाबाट खसेँ । तालिम सकिएपछि त सबै सल्याकसुलुक कता लागे कता ! न बोल्ने फुर्सद छ भेटेकैलाई पनि, अनि न भेटिन्छन् नै ! कलकत्ताका रमेन पाण्डेलाई पनि त्यस्तै लागेछ । उनी त त्यो पाँच दिनको हाम्रो सँगै बसाइपछि छुट्नुपर्दाको क्षण कल्पना गर्दै गम्भीर मुद्रामा देखिन थाले । मैले उनको गम्भीरता त्यही होला भन्ने अनुमान गर्दै सोध्दा, त्यही भने । मेरो मनभित्र पनि त्यही नै लागिरहेको थियो । तिमीहरूले नेपाल फर्केपछि सम्झने होइनौ भन्थे उनी । जे होस्, त्यही बेलुकी टिकट हुनेहरू सबै हिँडिसके । बाँकी प्लेन, बस र रेलको समय नमिल्नेहरू मात्र त्यस दिन बेलुकी बस्याथ्यौँ । त्यत्रो भीडमभीड तालिमकेन्द्र त मेलापछिको चौरजस्तो पो भयो । दूबो, झारपात माडिएर धूलैधूलो, ढुङ्गाका ससाना टुक्रा यताउता, खानेकुराका खोल भुइँमा फालिएका, अस्थायी पसलका छाप्राहरू पनि अलिअलि ढल्न खोजेका आदिजस्ता फुङ्ङ लाग्यो । मसँगका साथीहरू रेवतीराज काफ्ले, सूर्यप्रसाद सिलवाल र रमेन पाण्डे देश फर्किहाल्ने थिए । मेरो योजनाचाहिँ टुरिनबाट सुन्दरतामा संसारप्रसिद्ध स्विटजरल्यान्डको न्युसाटेल जाने थियो । त्यहाँ साली र साढुभाइ रविन्सन प्याट्रिकलाई भेटेर केही दिन घुमिहालूँ न त भनेर थप योजना थियो त्यो । त्यसबारेमा प्याट्रिकसँग इमेलबाटै सबै कुरा भइसकेको थियो ।

मैले ३० तारिखको बिहानै साढे चार बजेतिर ILO को अन्तर्राष्ट्रिय तालिमकेन्द्र छाडेँ । रेल छुट्ला भनेर तीन बजेतिर नै उठेर तयारीमा लागेको थिएँ । रेवतीजी साथीभाइको मामलामा खूब सहयोगी मान्छे लाग्यो त्यस एकहप्ते सङ्गतमा । उहाँले

पनि मलाई बेलैमा Wake up call दिनुभएको थियो। अघिल्लो दिन किनेको टेलिफोनकार्डबाट घरमा स्विटजरल्यान्ड जाँदै छु भनेर फोन पनि गरें। फेरि चाहिन्छ बाटोबाट फोन गर्न भनेर राखेको, गर्न पाइएन, कार्ड त्यसै खेर गयो। मेरो रेलको समय ०६:०५ मा थियो। नयाँ ठाउँमा के हो के हो नि! भनेर आधा घण्टाअघि नै पुग्ने गरी म ट्याक्सीमा हिँडें। हिँड्ने बेलामा काफ्लेजीले 'शुभयात्रा' भन्नुभएको थियो। अरू दुई जनासँग बेलुकै बिदा भइसकेको थिएँ। नजिकै रहेछ Torino Porta Nuov रेलस्टेसन, १२ युरोमै पुगिने। हामीलाई दिइएको एक दिनको पकेट खर्चले पुग्यो। मेरो न्युसाटेलसम्मको रेलयात्रा टुक्राटुक्रा जोडिएर जाने थियो। टुरिनदेखि मिलान, मिलानदेखि लुजाने र लुजानेदेखि न्युसाटेल गर्दा तीनपल्ट रेल फेर्नुपर्ने थियो। टुरिनदेखि लुजानेसम्मका दुईवटा टिकट टुरिनमै लिएको थिएँ। लुजानदेखि स्विटजरल्यान्ड परेकाले न्युसाटेलको टिकट त्यहाँबाट लिन नमिल्दो रहेछ। धन्न दश किलोजति तालिमसामग्रीहरू ILO ले सीधै काठमाडौं पठाइदिने व्यवस्था गरिदिएकाले ठूलो भारीचाहिँ बोक्नु थिएन। ट्याक्सीले स्टेसनमा पुऱ्याएपछि यताउता गर्नू भनेर देखाईवरी फर्किसकेको थियो। अङ्ग्रेजीले काम चलिहाल्छ भनेर म ढुक्क थिएँ तर झन्नै खतम भइयो। त्यहाँका मान्छे त अङ्ग्रेजी बोल्दा रहेनछन्। सहयोग माग्दा पनि पो सहयोग नगर्ने खालका भन्या! हिजोअस्ति एक जना इटालियन महिलालाई भेटेको थिएँ। उनलाई मैले यही कुरा सुनाएँ, किन यस्तो व्यवहार पाएँ नि भनेर सोधें। उनी पनि भन्थिन्– 'हो, हाम्रो यस्तो स्वभाव छ।' अब म आफैं बाटो पहिल्याउन थालेको थिएँ। रेल छुट्ने समय पन्ध-बीस मिनेट बाँकी नै भएकाले नआत्तीकन त नभनौं, भरसक छिटो आफू चढ्ने रेल खोज्न थालें। रेलको टिकट हातमा लिएर एकछिन उभिएँ। अरूले एउटा मेसिनमा टिकट यसो घुसारेर तान्थे। मलाई पनि त्यसै गर्नू भनेर तालिमकेन्द्रमै भनेका थिए। तर एक-दुई जनाले त्यसो गरिन्जेल हेरें। टिकटको एक टुप्पो छिराउनुपर्नेमा अर्कोपट्टिको टुप्पो परेर मेसिनले टिकटै नफर्काउला कि भन्ने डर पनि थियो। फेरि त्यो मेसिनको पत्यार पनि लागेन। रेल आफ्नो कहाँ छ कहाँ, मेसिन यति टाढा छ हेर्दै नपत्याउँदो ठाउँमा। त्यत्तिकैमा एक जना मान्छेलाई टिकट देखाउँदै यो रेल कहाँ लाग्छ भनेर सोधें। तर त्यसले वास्तै गरेन, मुन्टो फर्काएर हिँड्यो पो! फेरि अर्कोलाई पनि सोधें। त्यसले पनि उतातिर भनेर बेवास्तासाथ देखायो, त्यता जाने विश्वासै भएन। मलाई त मतवाली झोँक चलिहाल्यो नि! तर आत्तिनुसिवाय केही गर्न सकिनं। न भाषा मिल्छ, न सहयोग गर्ने भावना पाइन्छ त्यहाँका मान्छेमा। 'टिकटमा तिनकै भाषा त छ नि, कस्ता रहेछन्!' भन्दै फेरि रेलकै धुनमा थिएँ।

व्यक्तिकैमा एक जना चौबीस-पच्चीसको केटालाई फेला पारें । उसले भने मजस्तै सामान्य अङ्ग्रेजी बुझ्दो रहेछ । उसले नै मलाई रेल खोजी सिटमा बसाएर 'एकछिन है' भनेर बाहिरियो । उसले त्यसरी मलाई सहयोग गर्न लाग्दा मेरो मनमा शङ्का पनि लाग्यो– 'ए ! कतै ठग त भेटिनें ?' तर उसको अर्को कुराले मलाई तुरुन्तै सच्यायो । मैले सुटकेस त्यही टिकट घुसार्ने मेसिनछेउमा राखेर रेल खोज्न हिँडेको देखेर उसले 'त्यसरी सामान छाड्नु हुन्न, हराउँछ' भनेपछि ठग होइन भन्ने लागिहाल्यो । पछि त ऊ पनि मै बसेको कोठामा पो आइपुग्यो । एउटै डब्बामा परेछौं । धन्यवाद दिएँ । मिलानसम्म गफ गर्दै गइयो । हाम्रो रेल नम्बर TRENO 607 थियो । रेल बिस्तारै गुड्न थाल्यो । त्यो केटो नभेटेको भए आफ्नो रेल भेट्थें कि भेट्तिनथें, अहिले भन्न सक्तिनँ । यसो विचार गर्छु, ती अरूले बेवास्ता गर्नाको कारण भाषा नबुझेर त होइन ? तर भाषा नबुझ्दैमा त्यति मन नपर्ने खालको व्यवहार पनि नगर्नुपर्ने हो नि । जे भए पनि मलाई इटालीका ती मान्छे मन परेनन् र असहयोगी नै हुन् भन्ने मेरो एकसदस्यीय इजलासले ठहर गरिदियो ।

अब म त्यो केटासँग त्यताको जीवनशैली, व्यवहार आदिका बारेमा गफ गर्न थालें । सायद दिक्क पनि लाग्यो होला । तर मेरो उत्तर दिन अल्छीचाहिँ गरेन । ऊ टुरिनमा काम गर्दो रहेछ । ऊ भन्थ्यो– 'सधैं एउटै काम, व्यस्त हुनुपर्ने Life is boring.' यस्तो सुनेपछि यसो सम्झें, हो त नि, भान्सामा काम गर्नेहरू प्याज काट्नेले जिन्दगीभर प्याजै काट्नुपर्ने, अन्डा फुटाउनेले काम गरिन्जेल त्यही मात्र गर्नुपर्ने, न प्याज काट्नेलाई कुन परिकारमा कति प्याज हाल्ने थाहा हुन्छ, न त अन्डा फुटाउनेलाई कति अन्डामा कति मरमसला हाल्ने थाहा हुन्छ ! हामीलाई त मार्सै थुनिन्छ सम्झँदैमा । मैले त्यो केटालाई मेरो टिपोट डायरीमा आफ्नै अक्षरमा आफ्नो नाम लेखिदिन अनुरोध गरें, लेखिदियो पनि । मेरो स्वार्थ यही नियात्रामा नाम हाल्नु थियो । उसको नाम Paolo रहेछ । उनीहरू आफ्नो केटा वा केटीसाथीका बारेमा स्वाभाविक ढङ्गले नै बताउने गर्छन् । यताजस्तो बाबु, आमा र साथीभाइले सोध्दा र गाली गर्दा पनि नभन्ने गर्दैनन् । पाओलोले पनि आफ्नो कुरो गर्दै जाँदा आफ्नी केटीसाथी भएको कुरा सगौरव बतायो । सुन्दा र हाउभाउका हिसाबले त्यो कुराचाहिँ बताउन छुट्नु हुन्नजस्तो लाग्थ्यो । धर्मका बारेमा पनि सोधें । ऊ यहाँ धर्मलाई मान्छेले त्यति ध्यान दिँदैनन् भन्थ्यो । धर्मका बारेमा बोल्दैनन् पनि भन्थ्यो ऊ । त्यही भाइचाहिँ डराएको हो कि अरू पनि त्यस्तै ठान्छन्, चाल पाइएन । हाम्रो रेल टुरिनबाट पौने एक घण्टामा होला Milano Centrale मा पुग्यो । हामी गफ गर्दै थियौं तर एउटी महिला हामी बसेकै ठाउँमा आइपुगिन्, हाम्रो गफै बन्द भयो ।

रेल तेर्सेतेर्सो कुद्छ, तराई हो कि के हो, थाहा छैन तर सम्मैसम्म छ हाम्रो तराईजस्तै । क्रसिङ ब्रिज त कति हो कति । लामो यात्राको, भीडभाड परेका ठाउँहरूमा ट्राफिक जाम नहोस् भनेरै होला विकसित मुलुकहरूमा भूमिगत सडक, रेलमार्ग, मेट्रोहरूको व्यवस्था गरिएको देखिन्छ । आखिर पैसा न हो सबैथोक । पैसा भए त हामी पनि काठमाडौं-भक्तपुरको ट्रलिबस सेवालाई 'तार चोरी भो' भनेर त्रिपुरेश्वर-कोटेश्वरमा मात्र घुमाउँदैनथ्यौं होला । जे होस्, विदेशको ट्राफिक व्यवस्थापन राम्रो छ । रेल गुड्दै छ, मेरो आँखा बाहिरै छ । बाटामा त्यति राम्रा घर देखिन्नन् । हाम्रामा जस्तै भिरालो छानाका घर थुप्रै देखिन्छन् । कहीं भने औद्योगिक क्षेत्र भएर हो कि लामालामा भुइँघरहरू पनि देखिन्थे । मैदान भए पनि गर्मीचाहिँ थिएन । अलि गाउँतिर पुगेर हो कि क्या हो, यतै जोगवनी, रक्सौल, गोरखपुरका जस्तै लाग्ने थिए त्यहाँका स्टेसनहरू । दोहोरो मात्र चल्दा रहेछन् रेलहरू लिक हेरेर भन्दा । मैले सोचेजस्तो सहरैसहर थिएनन् र गाउँहरूमा पनि भव्य घरहरू हुन्छन् भन्ठान्थें त्यस्तो पनि होइन रहेछ । टाढैबाट देखिने गरी लिउन उप्केका, बेसम्भार घरहरू पनि प्रशस्तै देखें । यसो विचार गरें, गाउँ र सहरको दूरी जता पनि रहेछ । बाटामा निकैवटा खोला नाघियो, नाम पनि टिपेर ल्याएँ तर न उच्चारण जानिन्छ, फेरि शुद्ध हुने हो कि होइन भनेर टिप्न मनै लागेन । बीचबीचमा नाम टिप्न कोसिस गरें तर नाम नजानेर धुरुक्कै । यसो गर्दागर्दै हामी मिलानो सेन्ट्रलमा पुगेका थियौं । त्यो मलाई सहयोग गर्ने भाइ त्यहीं ओर्लियो । अब म फेरि एक्लै परें । बिहान केही नखाई कुदेको भए पनि भोक लागेको थिएन । नयाँ ठाउँमा भाषाको कारण हतारैले मात्र पिरोलेको थियो । मिलानको त्यो स्टेसन ठूलो छ । एयरपोर्टमा जस्तै ठाउँठाउँमा स्क्रिनमा जाने, आउने, आउँदै गरेका रेलहरूको नम्बरसहित सूचना देखाइरहेकै छ । म आफ्नो रेल देखेर ढुक्क सुस्ताउन चाहन्थें । त्यही भएर वरपर दौडिरहेका दुई जना मान्छेले हेरिरहेका थिए । यसो हेर्दा नेपालीजस्ता लाग्ने र मलाई नै हेरिरहेको भएपछि उनैलाई सोध्न पुगें आफ्नो रेलका बारेमा । उनीहरूले मलाई रेल देखाइदिए । त्यसबीच अलिकति गफ गर्‍यौं । उनीहरूको अङ्ग्रेजी सुन्नेबित्तिकै भारतीय जस्तो लाग्यो र सोधें, हो रहेछ । व्यापार गर्दा रहेछन् त्यहाँ । समय निकै थियो र नआत्तिई रेल खोजें । रेलको अगाडिको लस्करमा मात्र हेरें । ठिक्क छुट्ने समयमा मात्रै यहाँ उभिएला नि मेरो चाहिँ भन्ने पनि ठानें । तर त्यसो होइन, रेल त पछिल्लो लस्कर अलि पर पो उभिएको रहेछ । धन्न ती दुई जनालाई सोधेछु र देखाइदिए । समय दुई-तीन मिनेट मात्र बाँकी थियो, झोला (सुटकेस) घिसार्दै, कुद्दै रेलमा पुगें । भन्दाभन्दै झन्नै समय घर्किएको । टिकट देखाएं, रेल नं.

१२२ थियो फरक पर्ने कुरै भएन, ढुक्कको लामो सास फेर्दै थ्याच्च सिटमा बसेँ। रेल म चढ्नेबित्तिकै हिँडिहाल्यो। कसो भेटेछु। अहिले पनि सोच्ने गर्छु रेल छुट्ता त्यही टिकटमा अर्को रेलले लान्छ कि लाँदैन होला भनेर। जर्मनीमा चाहिँ जुनमा चढे पनि हुन्थ्यो तर यसबारेमा कसैलाई सोधेको छैन आजसम्म, के सोध्नु हौ भनेर। म चढेको रेल हिँड्यो मिलानबाट लुजानका लागि।

यो यात्राको अंश अलि परक थियो किनकि अब म इटालीबाट स्विजरल्यान्ड प्रवेशको रेलमा थिएँ। मेरो काम त उही बाटोमा केके देखिन्छ त्यहीत्यही टिप्नु, खिच्नु र सम्झनु मात्र त थियो। त्यही गर्न थालेँ। अँ, यौटा कुरा, टुरिनको आवासक्षेत्रमा प्रायः हरियो रङको मात्र पर्दा देख्थेँ। म मिलानदेखि हिँडेपछि पनि बाटाका घरहरूमा प्रायः त्यस्तै पर्दा मात्र देखिए। यता हाम्रो जस्तो रातो, पहेँलो, गुलाबी, खैरो, सेतो आदि विभिन्न रङका पर्दाहरू त फाट्टफुट्ट मात्र देखिन्थे। मैले त के अनुमान गर्नु नि तर हरियो पर्दा यसरी व्यापक प्रयोगमा आउनुको कारणचाहिँ पक्कै होला। हामी जस्तो रङ मन पऱ्यो राखिहाल्छौँ, त्यस्तोचाहिँ होइन होला। त्यसरी देखेको बेला नजिकैका सहयात्रीलाई सोधूँ भने भाषै नमिल्ने, फेरि गफ गर्दा अरूलाई बाधा पर्ला भन्ने पनि पश्चिमी या विकसित देशको चलन। त्यसैले सोध्नै पाइनँ र मजाले तह लागेँ। हरियो पर्दावाल घर हेर्छु र कल्पना गर्छु– धत्! यस्तो ठाउँमा आएर सित्तैँमा गर र खाऊ भनेर जग्गाजमिन दिँदा पनि म त बस्तिनँ। साँच्चै कहाँ कुन मुलुकको एउटा गाउँमा, मेरो जन्मस्थल माझगाउँ छाडेर आफन्तलाई कहिल्यै नभेट्ने गरी टाढा कसरी बस्न सक्छु र! त्यहाँ मेरो केउरेनी छैन, मेरो आठराई छैन, मेरो हमरजुङ छैन त्यो ठाउँमा कसरी बस्नु। कल्पनैकल्पनामा सिर्जित यस घटनाले मेरो मनै कटक्क भयो, मानौँ मलाई कसैले यतै बसौँ भनेर बाध्य गरायो। तर जब म फेरि यथार्थमा फर्किएँ आफैँलाई 'इस मूला! न तँलाई कसैले यहाँ बस् भनोस्, न आफ्ना खर्चबर्चमा यहाँ आइपुग्ने तेरो ल्याकत नै छ' भनेर लोप्याएँ। हुन पनि म उस्तै नि। आमा बित्नु कहाँ छ कहाँ बितेपछि के होला भनेर रोएजस्तै गर्दो भएँ त्यस बेला।

हाम्रो रेल गुड्दै गयो। Stresa Station छेउमा ठूलो गजबको ताल देखियो। सायद जेनेभा ताल थियो कि! मलाई त्यसैत्यसै रमाइलो लागेर आयो। किन हो किन, मलाई पानीको थुप्रो सारै मन पर्छ। तालको फोटो पनि लिएँ लाज मान्दैमान्दै। मलाई फोटो लिँदा, टिपोट गर्दा अरूले हेऱ्यो भने लाज लाग्छ। तर लाजले काज हुँदैन भनेर थेत्तरो हुँदै गएको थिएँ। फोटो त लिएँ नि, गुड्दो रेलबाट क्लिक्क गर्दानगर्दै बीचमा रूखपात ओइरिएपछि फोटो कामै लागेन, ताल खिच्ता

रूख आएपछि को मान्छ त ! मेरो पालो Delete गरिदिए । भाषा नमिल्ने भएपछि तालको नाम सोध्ने काम बन्द भइगो । चुपचाप यही सब सोच्दै गुडिरहें । यत्तिकैमा कुन स्टेसनबाट चढिन् कुन्नि एक जना बूढी आमै हाम्रै डब्बामा आइन् । हेरें, अवकाशप्राप्त जागिरेजस्तो लाग्यो । म बाहिरै हेरिरहेको थिएँ अचानक यत्रो ठूलो न ठूलो, केही भत्केको, ढलेको वा त्यस्तै भएको ठूलो आवाज सुनियो । म त के पो भएछ भनेर तर्सेर आवाजतिर फर्किए । ध्यानमग्न चुपचाप पढिरहेको विद्यार्थीको कोठामा टाउकैमा गऱ्याम्म तल फरेको जस्तो लाग्यो । के हो के हो, त्यस डब्बाभित्र त्यस्तो आवाज आउने अरू कारणै थिएन । फेरि आवाज आयो र त्यतै हेरें । बाफरे ! तिनै बूढी आमै पो बोलेकी रहिछन् । 'कति नारो अप्रिय आवाज नि धत्तेरि !' भन्दै चुपचाप बसें । अब कहाँसम्म यी आमैसग यात्रा गर्नुपर्ने हो, त्यही सम्झेर डराए म । मसँगै बसेका अरूलाई पनि त्यस्तै भएछ । हामी चुपचाप गुड्दै गयौं । ती आमैकी चिनजानको मान्छे पनि थिइन् एक जना केही कम उमेरकी महिला । तर ती आमै बोलेपिच्छे सुन्नेको छाती नै थर्कन्थ्यो । एकछिनपछि बोलेरपर्तिर तर आमनेसामने बसेका हामीहरू मुखामुख गर्न थाल्यौं । Domodossola मा आइपुगेपछि ती आमै यसो बाहिर गएर फर्किइन् । तर ढोकाछेउ बसेको एउटा भाइले ढोका खुलिसके पनि खुट्टा तानेन, बाटो छोडेन । उसलाई पनि ती बूढीको ताल र स्वर देखेर यता नआओस भन्ने लाग्यो क्यार । उसको तरिका असभ्य त थियो नै तर मलाई पनि गर्नचाहिं ठीकै गऱ्यो त्यो भाइले, फरक्क आमै नआए हुन्थ्यो भन्ने नलाग्या हैन । भन्दाभन्दै आमै रिसाइन् है । उनको त हाउभाउ र बेहोरा नै पनि कर्कश र नराम्रो रहेछ । हामीलाई उनीसँगको केही समयको यात्रा अत्यन्त कष्टप्रद लागेको थियो । आमै उनको साथीसग गफ गर्छिन्, सुनिसक्नु छैन आवाज, दिक्कै लाग्यो दिक्कै पनि । एकछिनपछि ती केटाहरूले सहिनसक्ने भएर होला के भने कुन्नि, आमै रिसले आगो भइन् र फेरि हाम्रो छाती थर्काउँदै उठेर पर गएर करिडरमा उभिइन् । त्यो देख्ताचाहिँ मलाई दया लाग्यो । तर ठीकै भयो भनेर ढुक्क पनि भएं । सामान्यत: ती केटाहरूले ती आमैमाथि त्यस्तो व्यवहार गर्नै नहुने थियो तर पनि स्वार्थवश मैले त्यसलाई समर्थन गरेको थिएं । मान्छे पनि कस्ताकस्ता हुदा रहेछन् हगि ! आवाजले नै चिढ्याउने, मक्ख पार्ने, रुवाउने जे पनि गर्न सक्ने रे ! ती आमैलाई आफ्नो आवाजबारे सही जानकारी छ कि छैन होला ? मेरो मूल्याङ्कनमा चाहिं उनको आवाजमा थप रूर्कोफर्को र चिडचिडाहट पैदा गर्ने बेहोराले त खत्तमै रहिछिन् ती आमै । हो, यो घटनाचाहिं मेरो मिलानदेखि लजानेसम्मको यात्राको सबैभन्दा सम्झनलायक घटना बन्यो ।

हाम्रो रेल कहिले पहाडको फेदैफेद, कहिले अलि जङ्गलभित्र, कहिले तालको किनारैकिनार, कहिले छ्रना भत्केका घरवाला गाउँगाउँ, कहिले लहलह बाली लगाएको जमिनमा गुडिरहेको हुन्थ्यो । यो सब देख्तादेख्तै पनि थप केके देखिन्छ ती सम्झनुबाहेक केहीमा ध्यान थिएन । भन्नेले असन्तोकी भन्छन् मलाई । आनन्दका लागि रेलबाटै जाने भनेर चढेको थिएँ, त्यही पाएको थिएँ । मेरो त अझै बसबाटै जाने विचार थियो तर समयमा यात्रायोजनाअनुसार ठाउँमा नपुगिने भएर रेलमा पसेको थिएँ ।

फेरि बाटाकै कुरा । अँ, बाटामा केके हो केके नाम पनि Verbaria स्टेसन र, Mergozzo रे यस्तैयस्तै । आ... जेसुकै होस् है भनेर पछि त नाम टिप्नै छाडें । मूला पचास वर्षको जिन्दगीमा बल्लबल्ल एक चोटि हिँड्नुपऱ्या छ यो बाटो, केको यत्रो फन्फट नि भनेर । फेरि बाहिरै हेर्न थालें । Domodossola मा बूढी आमैसँगको ढोकाविवादपछि भने सन्चो भयो, आमै अर्कोतिर लागिन् र गुड्दै गइयो हाम्रै जस्ता होचा पहाडहरू, साना नदीनालाहरू छन् । तर नदीनालाहरू धेरै सफा छन् काठमाडौंमा जस्तो होइन, छ हाम्रै पहाडमा जस्तो । Turtamann हो कि के नामको खोलाको छेउवरिपरिको मनोरम दृश्य, बाटोछेउको भित्ते चट्टान, शान्त बगिरहेको पानी किन फरक लागेको होला कुन्नि मलाई । अहिले एक वर्षपछि पनि त्यही सम्झिरहेको छु । अनि अर्कोतिर Leuk मा देखिएको तरकारी खेतीदेखि यति छक्क परें कि फोटो पनि लिएँ । यसो गर्दागर्दै म थाहै नपाई Lausanne पुगेछु । त्यहाँ पुग्नुअघि नै एक जना केटा र केटी पनि सँगै थिए । उनीहरूसँग मैले यताउताका कुरा सोधें– त्यस क्षेत्रको म्याप पनि मागें । मलाई स्विटजरल्यान्ड छिर्दाको ठाउँ जान्नु थियो । तर उनीहरूले खासै जानकारी दिन सकेनन् । मैले आफ्नो इमेल ठेगाना पनि दिएँ उनीहरूलाई केही जानकारी पठाइदिनू भनेर । मलाई त्यस बेला इन्टरनेटमा सब चीज पाइन्छ भनेर थाहा थिएन । Lausanne पुग्नु निकैअघि पहाडको फेदफेद परेको ठाउँमा पुलिस आए डब्बामा र पासपोर्ट मागे । मैले पनि दिएँ र उसको प्रश्नमा 'म नेपालबाट' भनें । 'ओ नेपाल !' भन्थे तिनीहरू । कुरो त्यतिमै सकियो । तालको किनारमा रहेको Lausanne मा पुगेपछि ती केटाकेटीलाई सोधें स्विटजरल्यान्ड कहाँबाट पसिन्छ त ? उनीहरूले यो स्विटजरल्यान्ड नै हो भनेपछि फेरि सोधें अनि कहाँबाट पसियो त ? अनि पो भने त्यो पासपोर्ट जाँच गरेको ठाउँबाट छिरिएछ स्विटजरल्यान्ड अघि नै । एकातिर नमजा लाग्यो भने अर्कातिर एकै चोटि स्विटजरल्यान्डभित्रै छु भन्ने थाहा पाउँदा अर्कै मजा भएको थियो । यतैको राजमार्गछेउछाउको पेट्रोलपम्प र वर्कसपजस्तै Gas Station र Mechanical

Workshop हेर्दाहेर्दै अघि छिरिगइएछ स्विटजरल्यान्ड । अनि पो जतातत अङ्गुरखेतीको बिगबिगी रहेछ । कति ठाउँमा सिमीको खेती रहेछ भनेर ठानेको अङ्गुरको खेती नै पऱ्यो क्यार । प्राय: सेतो रङले पोतेको, भिरालो रातो छाना र सफा अनुहार देख्ता टाढाबाट दार्जिलिङजस्तो लाग्यो । गान्तोकको भित्ताजस्तो पनि भयो ! सोच्न त अघिदेखि सोच्दै थिएँ, अब पनि स्विटजरल्यान्ड नपसे कति बेला पुग्नु हैं न्युसाटेल ? भनेर तर भ्याम्मै पसिसकेको रहेछु म त ।

अब टुरिनबाट लिएको रेलको टिकट सकिएको थियो । टिकटकै रेल छुट्ला भन्ने डरबाट मुक्त त भएँ, तर पुग्ने कति टाढा हो भनेर भरसक हतारमै थिएँ म । म १२२ नम्बरको ट्रेनबाट ओर्लिएँ र न्युसाटेलका लागि टिकट किन्नतिर लागें । एकछिन उभिएँ अब के गर्ने भनेर । मान्छे धमाधम पैसा छिराउँदै केकेमा छुँदै मेसिनबाट टिकट निकाल्छन् । पऱ्यो फसाद नेपालको माननीयलाई यताउता हेर्न थालें टिकट काउन्टरचाहिँ छैन भने गइयो खेर भन्दै । तर मजस्ता यस्तामा अभ्यस्त नभएकाहरूलाई पनि केही न केही व्यवस्था त हुनै पर्ने हो भन्दै वरपर गर्न थालें । केही नलागेपछि एउटालाई सोधें, अलि परतिर रहेछ काउन्टर । काउन्टरमा पुगें र टिकट मागें न्युसाटेलका लागि २४ फ्राङ्क मात्रै रहेछ मूल्य । ए सारै टाढा रहेनछ भनेर ढुक्क भएँ । लौ अब पो थाहा पाएँ भोक त धेरै लागेछ ! यसो भिरालो स्टेसनभित्रको बाटोको पसलमा अडिएँ र केक, स्यान्डविच र एक बट्टा कोक किनेर रेलतिर लागें । त्यति बेलाचाहिँ आफू विदेशीजस्तै लाग्यो । हातभरि खानेकुरा बोक्या छ, ब्यागेज घिसाऱ्या छ गन्तव्यतिर हतारहतार लाग्या छ । रेलमा पसें, सुटकेस तह लाएँ र सबैभन्दा पहिले टेबल तानेर खान थालें । रेलको आवतजावत पातलो छ, अलि गाउँ होला नै त्यताको, तर रेल त अच्छा खास थियो । आरामसाथ न्युसाटेलतर्फ लागियो । अब भने बालीनाली लगाउने गजबका टारहरू, घोडाहरू चर्दै गरेका, गाईहरू चरनभरि छरिएका, ठाउँठाउँ कुरुप्प बस्तीहरू बढी देखिन थालेका थिए । म अघाउँजी यी सब कुराहरू निलिरहेको थिएँ, अगस्ति हुनुपर्ने हो मेरो लोभअनुसार तर जति गर्दा पनि पर्याप्त सम्झना ल्याउन सकिनँ त्यहाँको । बाटामा पर्ने रिङ्स बैङ्क रिभर, मार्टिग्नी रिभर नहर हुँदै रेल गुड्दै गयो । बिस्तारै Aigle, Rocha, Villenevere, Lake L´on, Angoronda हुँदै ढिलो गुडे हुन्थ्यो भन्दाभन्दै न्युसाटेल नजिक हुँदै थियो ।

लौ खा ! न्युसाटेल रेलवे स्टेसन पुगिएछ । प्याट्रिकले भनेजस्तै स्टेसन सानै रहेछ । यताबाट ठूलो स्टेसन होला भन्ठानेर कसरी भेट्नु भन्थें तर प्याट्रिक भन्थ्यो– 'दाजु ! स्टेसन सानो छ, आत्तिनु पर्दैन ।' हो रहेछ । म ओर्लेर प्लेटफर्मतिर

जाने र तल बाहिर जाने Landing मा गएर दुवैतिर देखिने गरी उभिएँ र हेर्न थालें । ऊ पनि त्यसै गर्दै थियो अर्को अलि अग्लो Landing मा उभिएर । मैले यसो निहुरेर उतातिर हेर्दै थिएँ ऊ पनि त्यसै गरी निहुरेर हेर्दै थियो । देखिहाल्यौं । बाह्र-चौध वर्षअगाडि नेपालबाट स्विटजरल्यान्ड फर्केको प्याट्रिकलाई चिन्छु कि चिन्दिनं होला भन्ने ठूलो डर थियो तर उसले पनि चिन्थ्यो र मैले पनि । नेपालभन्दा कता हो कता विकसित र सुसंस्कृत देशमा जन्मेको मान्छे, नेपालमा भेट्ता जस्तै छ कि छैन जस्तो लाग्दै गएको थिएँ त्यहाँ । तर भेट्नासाथको स्वागतगराइ नै औधी हार्दिक थियो र मेरो मनको ढोका ह्वाङ्ङै खुल्यो र उज्यालो भयो । भूमिगत बाटोबाट माथि सडकमा निक्लियौं र उसको गाडीतिर गयौं । गाडी पुरानै भन्नुपर्छ त्यतिकोलाई तर आफ्नो गाडी नै नहुने मलाई त्योसँग सरोकारै थिएन । ऊ भन्न थाल्यो– 'दाजु ! मेरो गाडी त थोत्रो छ, गरिब छु, तैपनि जाऊँ है ।' म हाँसें र भन्न थालें– "ठीकै छ नि नेपालभन्दा कता हो कता उच्च छ नि यहाँको जीवन ।" यसरी नेपालीकै जस्तो आनीबानी भइसकेको Dr. Robinson Patrick को हार्दिक स्वागतले भिजेर तीस तारिखको दुई-तीन बजेतिर न्युसाटेलको लाकुद्रे टोलमा म पुगें । यात्राको सम्पूर्ण झन्झटलाई मेरो साढुभाइको सत्कारले स्वाटसुट्टै पखालेको थियो ।

म न्युसाटेल, स्विटजरल्यान्ड पुगें ।

# स्विजरल्यान्ड, पेट्रिक र म

यस संस्मरणको शीर्षक नै के राख्ने ? म निकै दिन अलमलिएको थिएँ। अन्तमा यही रोजें।

**सेप्टेम्बर ३०, २००६**

दुई–तीन बजेतिर म स्विजरल्यान्डको उत्तर पूर्वी कुनाजस्तो लाग्ने न्युसाटेलमा पुगें। मेरा साढुभाइ डा. रबिन्सन पेट्रिकको न्युसाटेल रेल स्टेसनको हार्दिक स्वागतले नै मेरो त्यो बसाइ सुखद बनाएको थियो। 'Morning shows the day' भनेको त्यही त होला नि। साँच्चै विदेशीजस्तो लाग्दै नलाग्ने बानीव्यहोराका डा. पेट्रिकलाई देख्ने जोकोहीले पनि अचम्म मान्नुपर्ने खालका मान्छे छन्। उनले यता नेपालमा खास गरी कृषि क्षेत्रमा करिब १२–१३ वर्ष नै काम गरे होलान्। त्यस बेला नै उनले नेपाली भाषा, बानीव्यहोरा सबै सिके र सँगै काम गर्ने मेरी साली मुना राईलाई पनि आफ्नो बनाएका थिए। उनको एउटै मात्र बानी विदेशीजस्तो छ त्यो हो कामप्रतिको मोह, इमानदारी र स्वाभिमान। परिश्रमप्रतिको लगाव नै उनको मूल चरित्र हो र घमन्ड नगर्ने बानी त उनको गहनै हो। मेरो ठाउँमा कोही सिद्धहस्त नियात्राकार भए र पेट्रिकको जस्तो व्यवहार पाए सायद उसको कलमले पेट्रिकलाई जस्ताको तस्तै उतार्थे होलान्। तर म केके केकेले साथ दिएर मात्रै आजसम्म छापिने अवसरबाट वञ्चित हुन नपरेका मान्छे हुँ। त्यसैले यी आफैं घोषणा गर्दै छु– मैले मेरै कमजोरीका कारण उनको वास्तविक अनुहार दिन नसकेको हो।

न्युसाटेल ठूलो सहर होइन रहेछ। पेट्रिकको घर रेल स्टेसनबाट हिँडेर जाँदा मात्र १५ मिनेटजतिको बाटो रहेछ। फोनमा कुरा हुँदा उनी 'दाजु ! यो ठूलो ठाउँ होइन, नआत्तिनुहोस् न' भन्ने गर्थे। तर पनि पेट्रिक गाडी लिएर आएका थिए। मलाई भेटिसकेपछि हामी स्टेसनबाहिर उनको गाडीछेउमा पुग्यौं। पेट्रिकले 'म त गरिब छु दाजु, मेरो गाडी पनि पुरानो छ तर पनि चढौं है' भनेर सुरु गरे आफ्नो

कुरा । मलाई पनि यिनी त साँच्चै पो गरिब छन् कि जस्तो लागेथ्यो तर त्यस्तो होइन रहेछ । उनलाई नेपालकै बानी परेकाले त्यस्तो भन्दा रहेछन् । अघि भनें नि, उनी त नेपाली नै जस्ता छन् । एक ढङ्गले त ठीकै पनि भनेका थिए । त्यहाँ उनीभन्दा सयौं गुणा बढी सम्पन्न पनि त छन् नि । उनले यता नेपालमा मैले भन्ने गरेको जस्तै भन्या होला । यस्तै गफ गर्दै मलाई घर पुऱ्याए । उनको घरको ठेगाना ठ्याक्कैचाहिँ 'लाकुद्रे' रहेछ । शान्त, सफा, त्यस टोलमा पस्दै मेरो मन पनि सफा र शान्त भइसकेको थियो । हुन पनि बस्दै जाँदा पो थाहा भयो, आफ्नो आँगनको घास मेसिन (Grass Cutter) ले काट्न पनि जहिलेतहिले नपाइने रे किनकि त्यो मेसिन कराएर छिमेकीलाई डिस्टर्ब हुन्छ रे । अनि कसरी पो व्यवहार चल्छ जस्तो पनि लाग्ने हामीलाई त । यस्तैयस्तै कारणले पनि पूरा टोलै शान्त भएको रहेछ । नत्र त यसो मान्छे बसेजस्तो पनि त महसुस गर्न पाइयोस् न होइन त ? फेरि एक कुरा त ठीकै पनि हो, आफ्नो कारणले अरूलाई त्यस्तो हुनु त हुन्न नै । तर बोल्दा आवाज त आउछ, त्यसले डिस्टर्ब भयो, नबोल भन्न पनि त भएन नि होइन र ? खै क्या हो क्या हो गाँठे ! उही मान्छे भन्छन् नि 'कुरो गऱ्यो कुरैको दुःख मात्र ।'

न्युसाटेल तालको किनारमा रहेको त्यो बजार निकै सुन्दर रहेछ । स्वर्ग त हुन्न नै तर मान्छेहरूले वर्णन गरेअनुसार म नेपालको मान्छेलाई त स्वर्ग लाग्यो । त्यसको फोटो पनि लिएको थिएँ । समय त्यति भएन नत्र टोलटोल नै घुम्ने विचारमा थिएँ । तैपनि म एक्लै भएका बखत वरपर घुमिरहन्थेँ । बेस्ट इन्ड वाच बनाउने त्यो मुलुक यति आकर्षक देखिन्छ कि त्यहाँ पुगेर फर्कने जो पनि यता आएपछि त्यसको प्रशंसा नगरी रहनै सक्दैन । यसबारेमा पेट्रिकलाई सोधेँ पनि– किन यो मुलुकको यति सारो चर्चा गरिन्छ हँ भनेर । तर उनको उत्तर गतिलो थिएन । उत्तरमा के भने त्योचाहिँ अहिले बिर्सें । मतलब यसको उत्तर उनीबाट आउने खालकै थिएन । कहाँको कृषिको डाक्टरलाई देशको आर्थिक सवालसँग जोडिएको विषय सोधेपछि केको उत्तर नि ! उल्लू त मै आफैं नि त्यस्तो कुरा सोध्ने । सानो छ मुलुक तर हल्ला र वास्तविकता साँच्चै ठूलो ।

घरमा पस्यौं, सामान थन्क्याएँ, फ्रेस भएँ र चिया खाइयो । त्यसपछि त्यसै दिन एला र मालतीको स्कुलमा जिम्न्यास्टिक कम्पिटिसन रहेछ, हेर्न जाऔं भने पेट्रिकले । म पनि घरमा बसेर समय किन खेर फाल्ने भनेर जहाँ जेजे भन्छन्, त्यतै आन्छु, जाऊँ न भनेर हिँडें । आखिर म डुल्नै त त्यहाँ पुगेको थिएँ । तर नानीहरूको स्कुल पुग्नुअघि नै अलिकति समय भएकाले हामी न्युसाटेलको संसद् भवन भनेजस्तो लाग्छ, त्यही हेर्न गयौं । होइन न्युक्यासेल पो भन्थे कि क्या हो पेट्रिकले । जे होस्,

त्यो पुरानो ऐतिहासिक गढ रहेछ । त्यसको ढोका खै अढाई सय कि चार सय वर्षअघिको भन्थे पेट्रिक्ले । खिएर, मक्किएर बेहालै थियो । त्यो फोटोबाट पनि प्रस्ट देखिन्थ्यो । भित्र बैठक कक्ष आधुनिक प्रकारले नै बनाइए थियो– राणाकालीन घरला अहिले हामीले प्रयोग गरेजस्तै ऐतिहासिक त्यस ठाउँमा त्यो भवन रहेको देख्दा मलाई ठ्याक्कै हाम्रो सिंहदरबारको सम्झना भयो एकछिन खाली भएको बेला गार्ड खाइन्छ कि भनेर डराउँदैडराउँदै त्यो कक्ष हेर्न र फोटो पनि खिच्न भ्याइहालेका थियौं । त्यो पुरानो



न्युक्यासलका ऐतिहासिक गेट

गेट पहिले त याद गरिएन, पछि पेट्रिक्ले कथा भनेपछि मात्र फोटो लिएको थिए । त्यो न्युसाटेलको अग्लो भागमा थियो । त्यसको उतापट्टिचाहिं रेल्वे स्टेसन पर्दथ्यो । सायद त्यही पो होला है म आइपुगेको ठाउँ । त्यसको छेउमै अगाडिपट्टि ठूलो चर्च भवन पनि रहेछ । त्यो सँगसँगै एउटा अग्लो ढिस्को पनि रहेछ । त्यो ऐतिहासिक ठाउँमा पुग्दा तपाईं-हामी जसलाई पनि मकवानपुरको चिसापानी गढी वा त्यस्तै पुराना नेपालका ऐतिहासिक किल्लाहरूको सम्झना हुन्छ । अरूभन्दा पनि विदेशमा चर्च भवनहरूचाहिँ अत्यन्त भव्य हुन्छन् । चर्चको बनावट प्राय: एउटै प्रकारको हुने रहेछ । भित्र पसेपछि मान्छेको मन त्यसैत्यसै शान्त र आनन्दित भएर आउँछ । यता नेपालमा भने त्यस्तरी भव्य तरिकाले बौद्ध गुम्बाहरू मात्र सिंगारेको देखिन्छ । यसो सोच्यो, कतिपय धर्म र चालचलन त हाम्रा त्यति राम्रा रहेनछन् । खाली मारकाट, फोहर, अशान्ति, भीडभाड, सब चीज छ हाम्रा मन्दिरहरूमा । मलाई पेट्रिक्ले त्यस किल्लाका ट्रेन्चहरू, त्यसबाट बाहिर निस्केर माथि आउने गारोकै सिँढी आदि सबै देखाएका थिए । त्यो ठूलो पुरानो न्युक्यासेल भवन, किल्ला र चर्च एकै ठाउँमा छन्– सहरको अग्लो ठाउँमा । त्यति हेरेपछि नै मलाई न्युसाटेलको भ्रमण सार्थक लागिसकेको थियो ।




(न्यूस्याटेल [illegible]

त्यसपछि हामी मूल बजारतिर लाग्यौं । सडकमा स्टलहरू निकालिएका छन् । मान्छेहरू अक्सर बूढाबूढीहरू बेसी देखेको थिएँ मैले । त्यस सडकमा निकालिएको रेस्टुराँमा खानेहरू पनि टन्न देखिन्थे । छाता, प्लास्टिकका टेबल र कुर्सीहरू गजबले, आकर्षक पाराले रङ मिलाएर राखिएको देखिन्थ्यो । गर्दागर्दै हामी बीचबजारको चोकमा पुगेपछि यसो उभिएर पेट्रिकले मलाई भन्न थाले– 'दाजु, यो ठाउँमा पहिले त पानी थियो । यहाँ हाम्रो जग्गा पनि थियो तर अहिले छैन ।' त्यसो भन्दै गर्दा उनी कम्मरकम्मर भनेर सङ्केत पनि गर्दथे । त्यो पानी तालको भनेको हो कि माथिबाट झरेको पानी भनेको अहिले चाहिँ म अलमलमा परेको छु । किनकि त्यो न्युसाटेल ताल त अचेल निकै होचोमा पर्छ । जे होस् त्यस बेला अचम्म लागेको थियो कसरी त्यस्तो हुन सक्छ भनेर । अनि अर्कोतर्फ 'त्यहाँ मेरो जग्गा थियो' भन्ने सुनेपछि यसो विचार गर्छु, पेट्रिक त निकै धनी पो थियो कि क्या हो अहिलेभन्दा । अँ, कुरा यसो पनि हुन सक्छ– काठमाडौं उपत्यकाका आदिवासी नेवारहरूको रेखोपाखो पहिले भएजस्तै पेट्रिकको पनि त्यहाँको रेखोपाखो पहिले धेरै थियो होला । अर्थात् जे होस् त्यो तलको तालको पानी हेर्दै मचाहिँ पेट्रिकको कुरा सुनेको सुन्यै भएको थिएँ ।

अब भने नानीहरूको खेल हुने ठाउँतिर लाग्ने समय भएको थियो । पेट्रिकका त्यस बेलाका सानासाना बच्चाहरू कत्रा भएछन् भनेर देख्ने ममा ठूलो उत्सुकता थियो । यता नेपालमा भएको बेला पुलचोकको डेरामा ती नानीहरूलाई मुना र

पेट्रिकले होचो काठको बारले वरिपरि बारेर खेल्न छाड्थे । म ती बच्चाहरूलाई कति वर्षपछि भेट्न लागिरहेको थिएँ । उनीहरूको स्कुल घरबाट केही किलोमिटर पर रहेछ । हामी मालती र एलाको खेल हेर्न लाग्यौं । जाँदाजाँदै बाटोको फुटपाथको छेउमा कालोकालो खैरोखैरो माटोजस्तो धूलो देखें । फुटपाथभन्दा भित्रको घाँसैघाँसको जमिनमा त्यो देखेपछि 'यो के हो पेट्रिक' भनेर सोधें । उनले 'यो घरबाट फालिएको फोहरलाई मल बनाएर यसरी राखिदिन्छ सरकारले, मान्छेहरूले आएर आवश्यकताबमोजिम उठाएर लान्छन्' भने । लौ म त तीनछक परें । त्यो सानो क्यान्टनमा भएको त्यो व्यवस्थापन मलाई औधी मन पर्‍यो । होइन कति ससानो कुरामा सरकार भेटिन्छ हँ त्यस ठाउँमा ।

प्रतियोगिता सुरु हुने बेला हुँदै रहेछ । पेट्रिकले उनीहरूलाई बाहिर बोलाएर मसँग परिचय गराए । परिचयका लागि मलाई र उनीहरूलाई उस्तै अप्ठेरो परेको थियो । अब कसो गर्ने ? मेरो मनमा लाग्दै थियो । उनीहरू नमस्कार त गर्दैनन् होला, अनि के गर्ने होलान् । त्यसैले मैले नै सुरुमा सजिलो पार्नलाई नमस्कार गरिदिएँ । तर उनीहरू उतैको चलनझैं अँगालो मार्न पुगेका थिए । कस्ता माया लाग्दा भएछन् बच्चाहरू । आमाले छाडेपछि निस्ताएजस्तो लाग्यो मलाई । लौ खा ! अन्जानमा भनि पो हालेछु मुना र पेट्रिकको बीचमा ठाकठुक परेको कुरा । मुना र पेट्रिकको हिजोआज त्यति राम्रो मिल्ती नभएकाले छोरीहरूमा राम्रो प्रभाव थिएन सायद । बाबुको छाया अत्यन्त मायालु र पर्याप्त त थियो तर पनि आमाको न्यानोपन र बाबुको न्यानोपनमा फरकै हुन्छ नि भन्ने लागेको मेरो मनले त्यस्तै देख्यो । उनीहरूलाई देख्दैमा मेरा आँखा रसाएका थिए– कता हो कता, कुन हो कुन मुलुकमा यसरी आफन्तहरू छन् नि भनेर । त्यही पनि सानोमा बोक्ने गरेका बच्चाहरू ।

एकछिनपछि प्रतियोगिता सुरु भयो । आफ्नाहरूले जितून् भन्ने लाग्दैलाग्दै हेरें । कति प्यारो लाग्ने आफन्तलाई त्यहाँ पाउँदा । एला र मालतीले पेट्रिकले अगाडि नै भनेजस्तै जित्न त सकेनन् तर प्रस्तुति भने राम्रो थियो । त्योभन्दा पनि त्यतिले नै उनीहरूको शारीरिक तन्दुरुस्तीमा वृद्धि भएको थियो । मैले तस्बिरहरू पनि लिएको छु उनीहरूको । नानीहरूलाई प्रोत्साहन होस् भनेरै पेट्रिकले त्यहाँ जाने भनेको रहेछ । त्यसपछि उनीहरूलाई त्यहीं खेलमै छाडेर हामी अलि पर गाउँमा अङ्गुर मेला हेर्न गयौं । अङ्गुर टिप्न सुरु गर्ने बेलामा लाग्ने त्यो मेलामा किसानहरू सारै रमाइलो गर्दा रहेछन् । यति सारो रमाइलो गर्दा रहेछन् कि त्यो देख्दा यताका हामीजस्तै लाग्यो । उनीहरूको उल्लास र उमङ्ग यतैको मेला बजारमा हामीमा आएजस्तै थियो । मकुन्डो लगाएर छत्रे टोपी, चुच्चो अग्लो टोपी, सेतो दारी जुँगा,

गालामा अनेक रङले पोतेर, रङ्गीचङ्गी कपडा लगाएका मान्छेहरू मञ्चमा चढेर हाँसेका छन्, बियर खाएका छन्, अङ्गुरका रक्सी खाएका छन् । ठ्याक्कै यताकै जस्तो फरकै नपर्ने रमाइलो थियो; धेरै रमाइलो । अँ, एउटा जहाँ पनि खट्कने कुराचाहिँ पार्किङको रहेछ है । सबैसँग गाडी छ, घर छ तर पार्किङको समस्या । हामीले पनि त्यो मेलास्थलको मूल क्षेत्रमा टाढै पार्किङ गरेर हिँडेर गएका थियौं । मेला लाग्ने ठाउँमा पुग्ने बेलामा बाटोमा त्यस ठाउँको स्थानीय निकायको मुख्यालय भवन हुँदै गयौं । पेट्रिकले 'यस ठाउँमा आफ्नै पुलिस प्रशासन छन्, सबै आफ्नै व्यवस्थापनमा चल्ने गर्छ' भन्थे । मलाई हाम्रो देशको वर्तमान परिवेश सङ्घात्मकतातर्फ जाँदै गरेको र त्यहाँको त्यो कुरा सुन्दा निकै चासोको विषय लागेको थियो । जे होस्, आफ्नै बल, बुद्धि र विवेकमा चलेको त्यो ठाउँ देख्दा मलाई निकै उपलब्धिपूर्ण लाग्यो । अनि पुगेकै दिनको त्यो मेलाबाट फर्कँदा अङ्गुरैअङ्गुरको बगानबीच गाडीमा सरर गुड्न पाउँदाको त्यो क्षण बिर्सिनसक्नुको लागेको छ । बारीभित्र चराचुरुङ्गीबाट बालीनाली जोगाउन यता 'ओए, ओएबा' राखेजस्तै त्यहाँ पनि राख्दा रहेछन् 'ओए ओएबा' हरू । अङ्ग्रेजीमा Scarecrow भन्छन् होला त्यसलाई । 'ओए, ओएबा' हाम्रो गाउँमा लिम्बूहरूले प्रयोग गर्ने नाम थियो । यसरी न्युसाटेल पुगेकै दिन दुई ठाउँमा पेट्रिकले मलाई डुलाएका थिए । मेरो त्यो दिन रमाइलो गरी बितेको थियो ।

पेट्रिकको घर त्यस्तो सम्पन्नता झल्कने छैन । गेट पसेदेखि सम्पूर्ण कुरो एउटा किसानको घरजस्तो छ । उनको भनाइ ठीकै हो 'म गरिब छु' भन्ने । तर ती सब भर्खर किनेको घर परेकाले, हामीलाई डेरा सर्दाजस्तो हुन्छ त्यस्तै अवस्थामा थियो त्यो घर । सानो बारी रहेछ । बगैंचा छ, तर सबै व्यवस्था गर्न बाँकी नै रहेछ । घर त्यति भव्यचाहिँ होइन तर छाप्रो पनि होइन । वरिपरि पनि त्यस्तै घरहरू मात्र रहेछन् । त्यसैले उनलाई मात्र फरक पाराले हेर्ने ठाउँ नै नपाएपछि मैले कसरी उनलाई गरिब भन्न सक्छु त । पेट्रिकको गरिब भएको स्वघोषणालाई पत्याएर उनकै लहैलहैमा हिँड्ने कुरा पनि त भएन नि । तर यो कुराचाहिँ पक्का हो कि हाम्रो र उताको तुलना गर्ने उल्ल्याइँ खबरदार कसैले नगर्नुहोला नि । किनकि हामी उनीहरूभन्दा दशकौं वर्ष पछाडि छौं ।

अक्टोबर १, २००६

पेट्रिकले मलाई त्यहाँ बसिन्जेल पूरै कार्यक्रम बनाएर घुमाउने काम गरेका थिए । त्यस दिन पनि पेट्रिकले मलाई बिहानै लिएर हिँडे पुरानो पानीघट्ट देखाउन । गाडीमा कति तेल खर्च भयो होला कुन्नि । बिहानै पेट्रोल पम्पमा गएर टन्न तेल

हालेर हिँडाएका थिए मलाई । मलाई त त्यो घट्ट निकै टाढा लागेको थियो । बाटामा संसारप्रसिद्ध वेस्ट इन्ड वाच बनाउने कारखानाहरू प्रशस्तै थिए । मैले पेट्रिकसँग घडी किन्ने कुरा पनि गरेको थिएँ तर उनले नकिन्न सल्लाह दिए । 'यहाँ त महँगो पर्छ दाजु, बरु उतै सस्तो पर्छ होला' भन्थे उनी । तिनै कम्पनीहरू भएको ठाउँ हुँदै हामीहरू घट्टतिर लागेका थियौं । बाटो सारै लामो त होइन रहेछ । कि नयाँ ठाउँमा रमिता हेर्दाहेर्दै लामो नलागेको पो हो कि !

हामी घट्ट भएको ठाउँमा पुग्यौं । त्यो घट्ट सत्रौं शताब्दीमा Le Locle उपत्यकाको पश्चिमी भाग गाउँ र Col-des-Roches को बीचको सिमसार क्षेत्रभित्र पर्दथ्यो । 'बाइड' नामक सानो नदी त्यसको बीचबाट बहन्थ्यो । त्यो यति ढिलो बग्थ्यो कि त्यसबाट कुनै मिलहरू राख्न असम्भव थियो । त्यस कारण सन् १६५२ मा Daniel Renaud, Jean Vuagneux र Balthazard Calame ले त्यस नदीको अन्तिम भाग (जहाँबाट पानी Col-des-Roches को गुफाभित्र छाँगा भएर खस्तथ्यो) लाई प्रयोग गर्न State Council सँग अनुमति मागे । State Council ले अनुमति दिइसकेपछि ती तीन जना मिलवालाहरूले काम थाले । उनीहरूले त्यस गुफालाई विकसित गरेर दुईवटा पानी चक्का, एउटा मिल र एउटा Rebatte (एक प्रकारको मिल) लगाए, जुन कपडा र लेस उत्पादनका लागि काम लाग्थ्यो ।

सायद त्यो चालू हुन छाडेको थियो कि क्या हो, त्यस गुफाको महत्त्व बुझेका अर्का एक सम्पन्न परिवारका मान्छे Neuchatel Mountain's Collector Jonas Sandoz ले सन् १६६० मा ती तीनै जनाले छाडेको ठाउँमा नयाँ मिलहरू राख्न State Council सँग इच्छा जाहेर गरे । Jonas Sandoz सफल पनि भए । उनले १६६० मै अनुमति पाए । उनलाई अघिल्ला तीनै जनाले सम्पूर्ण हकअधिकार सुम्पेका थिए साथसाथै उनीहरूलाई पनि क्षतिपूर्तिस्वरूप रकम दिइएको थियो । Jonas Sandoz दुईवटा चक्कामा मात्र चुप लागेर बसेनन् । उनले त्यो गुफालाई थप गहिरो (२३ मिटर) पारेर काठ, तेल र कपडाका लागि जम्मा पाँचवटा चक्का जडान गरे । पहिलो १७ मिटरको गुफा (जुन प्राकृतिक नै थियो) मा दुईवटा चक्का थियो, जुन पीठो पिस्ने काममा प्रयोग हुन्थ्यो । पछि २३ मिटर गहिरो पारिएको सो गुफामा पाँचौं चक्का काठ मिलका लागि राखिएको थियो रे । त्यसको चक्का सबैभन्दा ठूलो (६ मिटर लामो र १.२ मिटर फराकिलो) थियो । गुफाको एकातिर एउटा ठूलो (२७ मिटरको) काठको काम गर्ने कोठा थियो । त्यस ठाउँको तापक्रमचाहिँ अरू काठहरूअनुसार नै थियो । त्यसैले त्यहाँ काठ भण्डारण पनि गरिन्थ्यो । तलैतला तल झर्नुपर्ने त्यो गुफा वास्तवमा अद्‌भुत नै थियो ।

सत्रौं शताब्दीमा सुरु भएको Col-des-Roches's Mills पानीघट्टलाई अठारौं शताब्दीमा पुग्दा ६ जना अरू थपिएर चलाउन थालेका थिए रे । सन् १७३० मा चारवटा मिल थिए । उन्नाइसौं शताब्दीमा त्यसका पुराना मेसिनहरूलाई विस्थापित गरी औद्योगिक मिलमा परिवर्तन गरे । जर्मन मूलका Jean-Georges Eberle सन् १८४४ मा त्यसको मालिक भएका थिए । उनले एउटा ठूलो भवन, एउटा गहुँ सफा गर्ने मेसिन र अरू बोरा बोक्ने सामानहरू पनि बनाएका थिए । दश वर्षपछि उनले पानीका चक्काहरूको सट्टा टर्बाइनहरू राखेका थिए । यो अन्तिम चक्का काठको मिल चलाउन प्रयोग गरियो तर त्यसको काम गर्ने ठाउँचाहिँ गुफाबाहिर थियो । त्यस कारण त्यसका लागि Eberle लाई एउटा ठूलो (५० मिटर लामो) Transmission Tree बनाउनुपरेको थियो ।

सन् १८८४ मा Le Locle सहरले त्यो मिल Eberle का सन्तानबाट किन्यो । कारण, त्यो सहर त्यस उपत्यकालाई बाढी मुक्त बनाउन त्यस नदीको बहाव परिवर्तन गर्न चाहन्थ्यो । त्यसका लागि सहरलाई बाइड नदीका साथै त्यो मिल पनि आफ्नो बनाउनु जरुरी थियो ।

सन् १८९८ मा आएर त्यो २०० वर्ष पुरानो मिल बन्द भएपछि Border Slaughter Houses मा परिवर्तन भएको थियो । त्यहाँको सङ्घीय कृषि विभागले आयातित गाईहरूको स्वास्थ्य सुरक्षाका लागि ती भौतिक पूर्वाधारहरूलाई प्रयोग गर्न चाहिरहेको थियो । बीसौं शताब्दीको सुरुमा Col-des-Roches को Slaughter Houses को पनि विस्तार गरियो । नयाँ भवनहरू थपिए, नयाँनयाँ आधुनिक मेसिनहरू थपिएका थिए । दुर्भाग्यवश त्यो गुफालाई Slaughter House ले Dumping Site को रूपमा प्रयोग गरेको थियो । जब सन् १९६६ मा त्यो सबै कुरा बन्द भयो, त्यसपछि गुफा नराम्ररी प्रदूषित बनेको थियो । त्यो गुफा– पहिलो, प्राकृतिक रूपमै रहेको १७ मिटर गहिरो, दोस्रो Jonas Sandoz को समयमा थप खनिएको र तेस्रो, तलसम्म पुग्दा २३ मिटर गहिरो थियो । लामो मिल उद्योगको विकासक्रमको प्रत्यक्ष इतिहास यसरी अन्ततः बधशालाको फोहर फाल्ने ठाउँ हुँदै सकिएको थियो ।

हामी डुलेको बेला त्यो ऐतिहासिक पानीघट्टको गुफालाई पुरानै रूपमा फर्काउन (प्रदर्शनका लागि मात्र) निर्माणकार्य धमाधम थियो । आज सो पानीघट्ट भएको ठाउँलाई म्युजियमको रूपमा विकसित गरेर सरकारले पर्यटनस्थल बनाएको छ । पाठकहरू, त्यो मिल हेर्दा हामीलाई यतैका पानीघट्टहरूजस्तो लाग्छ । फरकचाहिँ त्यो गहिरो गराएर पानीको प्रयोग तलातला गरेर गरिएको थियो । एउटा मिलमा

प्रयोग भए लगत्तै अर्को मिलमा अनि त्यसपछि फेरि अर्को अन्तिम मिलमा प्रयोग हुन्थ्यो पानीको । तर त्यसको भव्यता भनेको जमिनमुनि त्यत्रो गुफाको रूप नै हो । जे होस्, लामो छ त्यस मिलको कथा र त्यसका बारेमा मात्रै लेख्दा पनि एउटा लामो लेख बन्छ । त्यसको कथाको विवरणको पोको अब योभन्दा खुकुलो पार्दिनँ म तर त्यसको कथा भने सारै रुचिलाग्दो रहेछ । म रहर लाग्दालाग्दै पनि अहिलेलाई भने त्यसतर्फको लेखाइलाई यहीं बिसाउँछु है ।

हामी मिलको भित्री भागबाट बाहिर निस्कियौं, जमिनमुनिबाट । बाहिर गुफामाथि बनाइएका घरका कोठाहरूमा अत्यन्त व्यवस्थित ढङ्गले राखिएको राम्रो सङ्ग्रहालय छ । जाँतो, घट्ट, हलो तान्दै गरेको घोडा, दाँदे, डल्लैंठो आदि नेपालकै जस्ता छन् । त्यो सब हेरेपछि म आफैंलाई बडो धिक्कारेर 'थुक्क गधा नेपाली विजय ! तेरो र स्विजरल्यान्डको इतिहासको सुरुआत यौटै त रहेछ नि । तँचाहिं किन अहिलेसम्म पनि हलोमै हँ ?' भनेर गाली गर्न थाल्छु । उनीहरूले त्यही हलोलाई सङ्ग्रहालयमा राख्न थालेका छन् भने हामीले हलोलाई त्यसरी राख्न थाल्यौं भने भोकै पर्ने दिन तत्कालै निम्तिन्छ । यसो भन्दाभन्दै नेपाली नेताहरूतर्फ मेरो ध्यान जान थालिहाल्छ । वास्तवमा हामी पछि पर्‍यौं हामीले नै बनाएका अयोग्य, अदूरदर्शी, स्वार्थी, लोभीजस्ता विशेषणका योग्य नेताहरूबाट । बस्, आजलाई भने यत्तिमै आफ्नो घृणा ओकल्न रोक्छु म । ए ! ए ! ए ! फेरि नेपालतिरै पो फर्किएछु म । म उतै छु है उतै नै ।

यसो सोचें, उनीहरूले पुराना कुराहरू इतिहासको रूपमा अरूलाई जे देखाइरहेका छन् हामी भने अझै त्यही युगमा रहेछौं । सिलौटो छ हाम्रै चुलामा जस्तै । जाँतो छ मेरै आमाले घुमाएर मकै पिँध्नेजस्तै । ढिकी छ बिहान ४:०० बजे नै पहाडमा आमाले धान कुट्ने गरेकै अनुहारको । अनि यसो विचार गरें, आखिर के रैछ र यो ठाउँ पनि, हामीजस्तै युगबाट त यहाँसम्म आएको रहेछ नि । अरे ! त्यहाँबाट अघि बढेपछि पो फ्ल्याँस्स हुन्छु र भन्छु आफैंलाई 'ए विजय ! त्यसपछि चैं तेरो हाल के छ नि, त्यो विचार गरेको छस् के ?' हो त नि हगि ! अझै अगाडि लाग्दा आफैंविरुद्ध बयान थप्ने काम हुने भएकाले यसतर्फ लौ यति नै भयो ।

सङ्ग्रहालयको अवलोकनपछि अब अर्को ठाउँतिर त जानै थियो । क्या हो क्या हो मेरा साढुभाइले अब कहाँ लाने हुन् ? टाढा छ भने त अप्ठेरो पर्ला भनेर अग्रिम व्यवस्थापनका लागि म यसो शौचालयमा छिरें । बाफरे ! कस्तो चर्को गन्ध पो छ त । यसो विचार गरें, कम्तीमा सफा बास आउनुपर्ने शौचालय यस्तो त नगनाउनुपर्ने हो । म पिसाब गर्ने तरखरमा लाग्दालाग्दै एउटा गोरा यसो हिँड्चो

ह्वाङ्गै गनाउँदै ; लौ खा, यो गोराको कान पो रहेछ । अघि बिताएछ साथीले । अनि फेरि विचार गर्दो भएँ अरे ! गोराहरू पनि पो गनाउने पाद्दा रहेछन् ? उनीहरू त बरु डकार्न लजाउँछन् पाद्नभन्दा त भनेको सुनेको थिएं । अनि उनीहरूको हामीजस्तो अगस्ती खाने बानी नभएकाले पाद पनि गनाउँदैन भन्ने पनि सुनेको थिएँ । तर यहाँ त साथीले ती सबै मामला उल्लङ्घन गरेर सिद्धयाएको थियो । लौ ! लौ ! लौ ! अरू केही नपाएर यो लिम्बूको छोराले पाठकलाई पनि पाद पो सुघाउन थालेजस्तो भो होला । म यसलाई इमानदारीपूर्वक यहीं रोक्छु है । जे होस्, बल्लबल्ल पिसाब गरिसकिन्जेल सहेरै बाहिर निस्केको थिएं । यतिसम्म त जाहेर गरेरै छाडें ।

त्यो अचम्मको ठाउँ हेरिसकेपछि पेट्रिकले मलाई हिंडायो । कहाँ लान्छ भनेको त त्यही अघि म्युजियमतर्फ जाँदाको बेला गाडी पार्क गर्दैगर्दा मेरो आँखा परेको भीरतिर पो लान्छ है । यसो अघि हेर्दा कता हो कता अप्ठेरो चट्टाने भीर देखिन्थ्यो तर त्यहाँ जाने त पिच सडक पो रहेछ, उता फ्रान्सतिर छिर्ने । साथी । म पनि उस्तै नि, माथिमाथि हेरेर सबै मूल्याङ्कन गरिहाल्ने । त्यो सिमाना रहेछ स्विजरल्यान्ड र फ्रान्सको । हो, तलबाट देख्दाको बडेमानको मेरो लेकको तारे भीरजस्तै डरलाग्दो भीर नै हो तर त्यसमुनि सुरुङ रहेछ उतातिर पस्ने । त्यस्तो देखेपछि त फोटो नखिच्ने कुरै भएन । सुरुङबाट छिरेर हामी फ्रान्सको परसम्मको गाउँमा पस्यौं । पेट्रिकले सोधे मलाई 'दाजु, अझै परसम्म पसौं त ?' भनेर । तर मैले भैगो भनेपछि फर्कियौं । हाम्रै जस्तो



(स्विजरल्यान्ड र फ्रान्स जोड्ने सुरुङ फ्रान्सतिरको मुखमा लेखक)

उत्तिसघारी थियो र सानो खोला पनि हाम्रै जस्तो छङछङ गर्दै थियो । खोलाखोल्सा त हाम्रै जस्तो नै रहेछ है भन्ने त लाग्यो तर केके हो केकेले कस्तो रमाइलो

लागिरहेको थियो । झारपात मेरो देशको जस्तो छ कि छैन होला ? मेरो भन्दा फरक त्यता केके होला ? यस्तैमा बित्यो मेरो विदेश बसाइ पनि । म उही उत्तिसघारीकै कुरा गर्दै थिएँ । त्यहाँको त्यो सानो खोला मेरो घर जाँदाको तीनजुरेबाट झरेको पिङ्गुवा खोलाजस्तै थियो । उत्तिसघारी मैले सानोमा निगुरो खोजी हिँडेको मेरो घरदेखि सिरिसे धारातिर जाने चिसोचिसो उत्तिसघारी नै हो जस्तै थियो । म अत्यन्त खुसी भइरहेको थिएँ । जिन्दगीमा चिताउँदै नचिताएको त्यो भ्रमणले अचम्मै पुलकित पारेको थियो मलाई । फ्रान्स र स्विजरल्यान्ड पुग्नु, त्यस्तो भूमिमा टेक्न पाउनु नै मेरा लागि ऐतिहासिक घटना भएको थियो । त्यो सबै उही मेरो साढुभाइ पेट्रिककै कारणले सम्भव भएको थियो । उनी नभएका म न्युसाटेल पुग्दिनथेँ । न्युसाटेल नै नगएपछि कहाँको त्यो सुरुङ, कहाँको त्यो पानीघट्ट, कहाँको तारेभीरजस्तो भीरकै कुरा नि । लेख्दालेख्दै बहकिने मेरो बानी फेरि आइहाल्यो । म त्यही फ्रान्सको सानो भूमिको कुरा गर्दै जान्छु । डाँडा, पहरा, सुरुङ, रूखपात त्यहीमाथि उत्तिसघारी, खोलानाला सबैसबै हाम्रै जस्ता थिए उता पनि । तर त्यसै फरक लागेर आउने किन हो कुन्नि । फ्रान्सको त्यो ठाउँ लेक्लेकै रहेछ । यताको बारी कान्लामा भेटिने अबिजालो झारसँगै देखिने घाँसपात रहेछन् । अबिजालोसँग मिसिएको घाँसलाई गाईबस्तुले त्यति रुचाएर खाँदैनथे उहिले, म गोठालै भएको बेलाको अनुभव हो मेरो । थुक्क ! त्यति नाथे सानो कुरा पनि पो सम्झना आएछ हौ विदेशमा भएको बेला । त्यहाँ केहीबेर केके हेर्ने रहर पुगेपछि मैले जाऔँ भनेपछि मात्र पेट्रिकले गाडीतिर लगे मलाई । वास्तवमा उनी मलाई यति ध्यान पुऱ्याइरहेका थिए कि सम्झँदै ताजुब लाग्छ । मेरो इच्छाइएअनुसारकै समयमा उनी चलिदिन्थे । त्यस बेला मैले उनैले दिएको न्यानो भेलाको चेक सर्टमा फोटो लिएको छु, माथि भनिएको सुरुङमा ।

अब हामी फर्कियौँ । संसारकै एउटा ठूलो मुलुकलाई मैले टेकेको थिएँ त्यस दिन । एक पाइला, एक गज, एक मिटर मात्र होइन, निकै भित्रसम्म टेकेको थिएँ जो यति नै भन्नका लागि मैले नापेर हिँडेको थिएन ।

हामीले खाना खान बाँकी नै थियो । पेट्रिकले अब कहाँ, कुन गजबको ठाउँमा पुऱ्याउने हो भन्ने सोच्दै थिएँ । फर्कँदा बाटोमा पर्ने तल रमाइलो, फाँटिलो चउर र माथितिर पातलो कोणधारी जङ्गलबीचको डाँडाको सानो रेस्टुराँमा लगे । भन्दै थिएँ नि कहाँ लाने भए है भनेर । हामी हाम्रो नागी, चउर, ढिस्काहरू र त्यसमा भएका झ्याम्मै रूखपात भने नभएको गाउँको रेस्टुराँमा पुगेका थियौँ । तर गाउँ भए पनि त्यो सहरको जस्तै व्यवस्थित थियो । यता हाम्रै पर्यटन क्षेत्रका

सेर्पाहरूको होटेल जस्तो । सानो सफा पिच गरिएको सडकले जोडिएको त्यो रेस्टुराँको नाम Petir-son-Mortel Restaurant थियो । मेरो डायरीमा त्यो नाम मैले पेट्रिकलाई नै लेख्न लगाएको थिएँ । नेपालमा नखाएको मृगको सुकुटी कस्तो हुँदो रहेछ विचार गर्दैगर्दै त्यहीं खाएको थिएँ । खै मलाई त चर्चामा आएजति मीठो त लागेन है गाँठे ! सुकुटी त राँगाकै मीठो हगि ? उही मेरो स्वाद नि । त्यहाँ त्यस्तो गर्मी त थिएन तर एक-दुईवटा झिँगा देखिंदा छक्क परें म । अरे यहाँ पनि पो झिँगा आउँछ ? पेट्रिकलाई सोधी पनि हालें । यस किसानको रेस्टुराँमा सधैं भीडभाडचाहिँ हुन्न रे । किसानको घर, नजिकै गाईको गोठ, बङ्गुरको खोर आदिले आएको रहेछ झिँगा । पछि पो थाहा भयो । यो उसको मूल घरचाहिँ होइन रे । गाडीबाट ओर्लेर त्यो घरतिर जाँदाजाँदै मेरा आँखा आँगनको छेउमा यतैको जस्तो सानो केको छानाले ओढाएको दाउराका थाकहरूमा परेका थिए । हाम्रो तिर पनि यसो आँगनको छेउतिर अथवा घर वा पालीको आडमा ढिकी, जाँतो राखेकै ठाउँतिर दाउरैदाउराको थाकलाई सानो ओताएर बर्खाका लागि दाउरा साँच्ने चलन हुन्छ नि, हो त्यस्तै भन्या त्याँ पनि । यसो सानो घर छ । व्यवस्थित पाराले राखिएका किसानका औजारहरू पनि छन् ।

भित्र छिर्‍यौं । दुईवटा मात्र कुर्सी भएको टेबलमा बस्यौं हामी । यसो यताउता विचार गरेपछि 'के खाने दाजु भने' पेट्रिकले । तर 'म खानाको नामै नजान्नेले के भन्नु ? 'तपाईं नै भन्नोस् न' भनेर चुप लागें । खाना कस्तो टन्न खाइएछ भने जसको अनुभव गराइ अहिलेजस्तो लाग्छ । खाइसकेपछि हामी गोठ हेर्न घरपछिल्तिर गयौं । गोठमा गाई र बङ्गुरलाई छुट्टाछुट्टै बारेर राखिएको रहेछ । मलाई त गोठमा राखिएको झिँगा मार्ने साधन नै राम्रो लागेको थियो । विद्युतीय तार राखेका थिए, जसमा झिँगा बस्नेबित्तिकै पटट्ट गरेर मरिहाल्थ्यो । झिँगा तानिने गुलियो पनि राखेको थियो होला त्यसैले खान आयो विद्युत्मा पड्कियो । निकैबेर चाख मानेर हेर्‍यौं हामीले तर झिँगा डढेर आउने गन्धले अलि घिन पनि लागेको थियो । मैले पेट्रिकलाई सोधें, "यी किसानको दूध कता लान्छन् नि बेच्नलाई ?" उनी भन्थे, "उनीहरूले बजारमा पठाउँछन् । यहाँ पनि किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउँदैनन् नि !" "यहाँ पनि किसानहरूको दसा नेपालकै जस्तो हुन्छ त ?" म छक्क परेर सोध्न पुगेछु । "हो, त्यस्तै नै हो दाजु ।" पेट्रिकको उत्तर थियो । हाम्रो प्रश्नको उत्तरमा छोरा किसानचाहिँ भन्थे, नयाँ गाईले २५ लिटर र पुरानोले ४० लिटरसम्म प्रतिदिन दूध दिन्छ रे । उसकोमा प्रतिदिन ९० लिटर दूध हुन्छ रे । बिक्रीचाहिँ मात्र ०.७० सेन्ट प्रतिलिटर हुन्छ रे । अर्को कुरा, त्यहाँ गाईका सिङहरू

काटेर छोटो पारिदिंदा रहेछन् । ठ्याक्कै गाउँको अनुहार छ घर, गोठ र घरवरिपरिको वातावरण । यतिकैमा मैले किसानको छोरालाई सोधें, "पछि तपाईं के हुन चाहनुहुन्छ ?" ती साना भाइ भन्थे, "म त किसान नै हुन्छु ।" सम्पूर्ण सुविधाहरू भए पनि त्यो गाउँ थियो उनीहरूका लागि । जतिसुकै टाढा होस्, सानो धागोले जोडेजस्तै पिच सडकले जोडिएको जस्तो देखिन्छ यस्ता घरहरूलाई टाढाबाट हेर्दा । गाउँको बसाइ यताको जस्तै लाग्छ । कहीं अलि बाक्लो झुप्पा त कहीं पातलो र कहीं एक्लाएक्लै । खानापछि हामी घर फर्कियौं तर परिश्रमी पेट्रिक न हो । फर्कंदा बाटोमा पर्ने उनको आफ्नै जङ्गलमा पस्दै फर्कियौं । सिमसिम पानी परिरहेको थियो । उनले दाउराका लागि गिँडेका ससाना मुढाहरू गाडीमा लोड गर्न लागे । मैले पनि सहयोग गरें । उनी त 'भैगो दाजु भैगो' पो भन्न लागे । मलाई भने त्यसै रमाइलो लागेको थियो हाम्रा ती सबै गतिविधिहरू । दुवै मिलेर कारको पछिल्तिरको डिकीमा अँटुन्जेल हाल्यौं ससाना मुढाहरू । हामी थाकेका थियौं, दिन पनि बित्यो र घरतिर लाग्यौं ।

मलाई स्विजरल्यान्डको राजनीतिक पद्धति बुझ्ने पहिल्यै इच्छा त थियो तर त्योभन्दा बढी नभन्दानभन्दै संस्मरणकै लागि त्यहाँको जनजीवन बुझ्न अघि सरिहाल्दो रहेछु । सफा चिटिक्क घरहरू रहेको दार्जिलिङजस्तै लाग्ने त्यहाँका गाउँहरू साँच्चै सुन्दर लाग्छन् हामी नेपालीलाई । त्यो दिन मेरो यसरी नै बितेको थियो । प्रत्येक दिन पेट्रिकप्रति आभारी हुँदै बित्दै थिए मेरा दिनहरू । पेट्रिकले त्यहाँ बसेकै बेला आफ्नो बुबाको ऐतिहासिक व्यक्तित्वका बारेमा बताएका थिए । वास्तवमा उनी त्यस बेलाका महत्त्वपूर्ण कूटनीतिज्ञका छोरा रहेछन् । आमा ८४ वर्षकी हुनुहुन्छ, अचम्मकी फुर्तिली । एक्लै बस्नुहुन्छ आमा न्युसाटेल तालको किनारमाथिको रमणीय भित्तामा, जहाँ जाँदाजाँदै तपाईंलाई त्यसै रमाइलो लाग्ने ठाउँ छ । अथवा यसो भनौं, न्युसाटेल तालको भित्तामा केही अग्लो ठाउँमा जङ्गल छ, त्यसकै गर्भभित्र छ आमाको वास । आमा सबै काम आफै गर्नुहुन्छ । फोटो हेर्ने हो भने उनी ८४ वर्षकी हुन् भनेर कसैलाई पत्यारै लाग्दैन । बिहान बेलुकै रमणीय तालको दर्शन गर्न पाइने रहेछ । तर के र सधैं देखिरहने भएकाले सायद हामी केही दिनका लागि जानेलाई जस्तो रमाइलो त के हुनु नि आमालाई । आमाको बसाइ अत्यन्तै व्यवस्थित छ । आमाछोराको भेट आआफ्नो व्यस्तताले गर्दा त्यति बाक्लोचाहिँ नहुने रहेछ । तर पत्रिका भने आमाछोराले सधैं एउटै पढ्दा रहेछन् । पहिले आमाको घरमा आउने त्यसपछि मात्र छोराले लिएर आउने रहेछन् । मैले आमासँग फोटो पनि पो लिएको छु । आमा आखिर आमा नै हुन्, जुन सबैका लागि उत्तिकै प्यारो र सारा संसार हो नि होइन र ?

त्यहाँ बस्दा मलाई चिज खाने अभ्यास निकै मजाले भएको थियो । सधैं खाने बेलामा एउटा सानो प्लेटमा चिजलाई इरकुसको मसिनो भुजुरीजस्तो बनाएर पेट्रिक राख्ने गर्थे । अनि बेलाबेला यता हामीले नुन थपेर, केके मिसाएर खाएजस्तै खान्थे उनी । मलाई त्यस्तो अभ्यास नभएकाले सोधें, "किन यो सधैं यसरी राख्नुहुन्छ नि पेट्रिक ?" अनि उनले 'होइन दाजु, हामी त तपाईंहरूले खाना खाँदा यसै गरी केके थप्दै मिसाउँदै खानुहुन्छ नि, त्यस्तै हो यहाँ त चिजको प्रयोग' भनेपछि पो छक्क परें । यसरी कुरा गर्दैगर्दा उनी यता हामी नुन नपुगेर थप्दा जसरी हात चलाउँछौं नि थालमाथि त्यसरी नै हात चलाउँदै गर्थे । अनि त म पनि पेट्रिक हुन थाल्दो भइहालें नि । हुँदाहुँदै ख्यालख्यालमा चिज त हिजोआज मलाई मीठो लाग्छ है । उही गफ गर्ने मेलो फिकेको हो कि के हो खाना पकाउने बेलामा उनी मलाई सधैं "दाजु, यो कस्तो लाग्छ ? ल आज त्यही खाने है" भन्दै सोध्ने गर्थे । म यता हुँदा त खानेकुरामा रहर नगर्ने मान्छे, त्यता पाहुना लागेको बेला रहर पेस गर्ने त टाढाको विषय थियो । वास्तवमा न उनले पकाउनका लागि स्वीकृति नै मागेको हो न मलाई छनोटको चासो नै थियो । सरासर जे सोधे पनि मन पर्छ भनिदिन्थें । मलाई जे पनि मन पर्थ्यो र अनुभव पनि गर्नु थियो यही लेख्नलाई । मलाई थाहा थियो, मैले होइन त्यो खाऊँ न भन्नेबित्तिकै मान्थे तर झन्झट थपिन्थ्यो नि त । अनि फेरि त्यो सब त उनको सरलता र अरूप्रतिको चासो हो नि । उनको यस्तो सोधाइ मेरा लागि त लेखनको थप मसला भएको थियो । जे होस्, त्यो बानीले गर्दा जो कसैलाई उनको प्रशंसा गर्न बाध्यचाहिँ पार्दथ्यो नै ।

**२ अक्टोबर, २००६**

हामी निकै लामो यात्रामा निस्कियौं । म आदिवासी जनजातिबारेमा चासो राख्ने भएकाले मलाई उनले एउटा त्यस्तै गाउँमा पुऱ्याए । न्युसाटेलबाट निकै टाढा पर्ने इजरावल्स भन्ने ठाउँमा लगे त्यस दिन । जानुअघि बिहानै 'दाजु, आज रमाइलो ठाउँमा जानुपर्छ, हाम्रोमा पनि जनजातिहरू बस्छन् नि, आज त्यही हेर्ने' भन्दै थिए उनी । घरबाट निस्केर केही तल पेट्रोल पम्पमा टन्न तेल भरे उनले र हुँइकियौं सत्तरीदेखि नब्बे, बेलाबेला सय कि.मी. प्रतिघण्टाको वेगमा । इजरावल्स उनलाई निकै पिछडिएको लाग्दो रहेछ । उनले मलाई हाम्रोमा पनि जनजाति छन् भनेर देखाउन लगेका रे । निकै लामो बाटो हिँड्यौं । जाँदाजाँदै राजमार्गबाटै पेट्रिकले "उः त्यो हिमालमा मैले नानीहरूलाई लगेर चढेको छु" भनेर गर्वका साथ मलाई सुनाएका थिए । यसो उनले देखाएको हिमाल हेरेको त यता त्यस्ता हिमाल कति हो

कति । तैपनि कति मजाले मङ्सिरमा हाम्रो तिर खलामा धानको थुप्रोजस्तैका हिमाल त होइनन् पहाडहरूचाहिँ रहेछन् । राम्रो लाग्नेबित्तिकै फोटो लिन किन छाड्थें र । निकै लामो बाटो काटेपछि हामी दाहिने उकालो लाग्यौं । तर उकालो लाग्नुअघि राजमार्गमा पर्ने रेस्टुराँमा चिया खान बिर्सेनौं । सानो पोखरीछेउको त्यो रेस्टुराँ साँच्चै सुन्दर र व्यवस्थित थियो । त्यहाँ हामीले Mount Blanc पर्वत शृङ्खला रहेको ठूलो पोस्टर पनि लियौं । त्यो पोस्टर छ तर टाँस्ने कहाँ नि; आफ्नो घर भए पो मजाले सजाएर टाँस्नु । त्यत्तिकै छ ।

नास्ता सकेपछि अनि चाहिँ हामी उकालो लाग्यौं । सिमभन्ज्याङजस्तै चिसोचिसो उकालो चढियो । ओसिलो जङ्गल काट्दै हामी गाउँमा पुग्यौं । जाँदाजाँदै रोकिएर तल हेरेको त सम्म ठाउँमा कति राम्रो बजार छ, सहर । मेरो पालो फोटो लिइहालें । त्यसैत्यसै रमाइलो नि हौ हेर्दा पनि । फेरि लाग्यौं उकालोतिर । साँघुरोसाँघुरै छ बाटो पनि । छन त दुई लेनकै थियो है । ए, तल राजमार्गमा भर्खरै ठूलो बाटोमा कुदेको तुलनामा पो प्याच्चै बोलिहालेछु साँघुरो भनेर ।

गाउँमा निस्कियौं । गाउँ त उही गाउँ भन्नु मात्रै छ । जतातत्तै ट्राफिक बत्तीहरू छन् । मान्छे बाटोमा नभए पनि अहँ बत्तीले इजाजत नदिउन्जेल त चल्नै नपाइने कडा नियम रहेछ । बेलाबेला ससाना यताका टुक्रे बजारहरूजस्ता ठाउँहरू आउँछन् बाटामा तर सबै कुरा सुविधामै छ । ठूलो बजारमा जस्तो त कहाँ हुनु नि, घरहरू ससाना मात्र छन् । यहाँका राजमार्ग र साना सडकका किनारमा देखिने घर बजारहरूजस्तै छन् त्यहाँ पनि । हामी त्रिभुवन राजपथको एउटा भित्ताको तेर्सैतेर्सो हिँडेजस्तो अर्को भित्ताको सडक हेर्दै हिँड्यौं । गाउ परेकाले सडक खाली छ । फाटफुट पनि गाडी मुस्किलले देखिन्थ्यो । पारिपट्टि भित्तैमा टाँसिएको सिङ्गो गाउँ नै देखियो । पेट्रिक्ले 'दाजु, उ: त्यही हो इजरावल्स' भन्यो । मचाहिँ अरे ! यो त जनजातिहरू बस्नेजस्तो छैन त ठान्दै छक्क पो परें । गाउँ भन्नु मात्रै, सबै सुविधासम्पन्न । यसो मनमनै कुरा गम्न थालें– पेट्रिकका जनजाति कस्ता रहेछन् हेरौं न त । गर्दागर्दै यसो सानो खोल्सा तरेर हामी पारि देखिएको इजरावल्समा पुग्यौं । अघि इजरावल्सलाई पारि देख्ने भिरालो गाउँलाई मजाले साटो फेर्‍यौं इजरावल्सबाट उस्तै भिरालो देखिदिएर । इजरावल्स भिरालो ठाउँमा छ्याप्पै टाँसेको जस्तो बजार छ । घरघरकै आँगनमा पर्याप्त ठाउँ नभएकाले भिरालो भित्तामा गाडी राख्ने फराकिलो ठूलो न ठूलो ढलान गरी गाडी पार्क बनाइएको छ । नाथे भिरालो भित्ता पैसा भएपछि त गाडी पार्क पो रे । त्यसको तल्लो छेउबाट हेर्दा अग्लो ८–१० तलाको घरको कौशीबाट तल

हेर्दा जस्तो डरडर लाग्छ नि, हो त्यस्तै भएको थियो मलाई । सिनेमा हल, म्युजियमदेखि लिएर मान्छेलाई चाहिने सबै थोक त छन् त्यहाँ तर भीडचाहिँ थिएन । दाउरा थन्क्याएको, डोका, दाँदे, हलो, हँसियाहरू पनि त्यहीं थिए । अलिअलि मात्र अनुहार फरक भएका यताको जस्तै कृषिऔजारहरू रहेछन् त्यता पनि । ठूलठूला काठका घरहरू पनि यतैका जस्ता तर चट्ट गाडी लिएर खेतीमा पुगेर काम गर्ने अनि काम सकेर फर्कने जीवनचाहिँ उतैको जस्तो । गाउँका बारीहरू यतैका जस्ता रहेछन् उता पनि । बसपार्कको प्यारापेटबाट यसो तल फेरि चिहाएको त कतिपय घरहरूमुनि यतैका कोठेबारीमा सप्रिएका उदासे र इलामेजस्ता घाँसहरू देखिन्थे । काट्न त नरम र मजा आउने तर वस्तुले खान मन नपराउने पानीको मात्रा धेरै बोकेका घाँसभन्दा पनि झार भन्नलायक घाँसपातहरू । पेट्रिकले चिनेकी एउटी बूढी आमैको घरमा पुग्यौं । तर आमै त माथि लेकको घरमा पो गएकी रहिछन् । उनको आमैसँग मलाई भेट गराउने इच्छा पूरा नहुने पो हो कि जस्तो भयो । ढोका निकैबेर ढकढकाउँदा पनि खुलेन । अनि पो छिमेकीले अर्कै के भाषामा हो 'उहाँ त माथि लेकतिर भनेजस्तै जङ्गलको घरमा लाग्नुभएको छ' भनेपछि उतै लाग्यौं । उकालै उकालो माथि चढ्यौं । एकान्त, पातलो जङ्गल, घाँसे मैदान, कहिले बाक्लै जङ्गलै-जङ्गल माथि चढ्यौं । पेट्रिकका अनुसार त्यहाँका फराकिला जमिनले मान्छेलाई पशुपालनतर्फ आकर्षित गरेको रे । वातावरण र पशु अधिकारवादीहरूको पनि बिगबिगी छ रे । यस्तै गफ गर्दै जाँदाजाँदै पिच सडक सकिएको थियो, अब पिच सडक थिएन । जाडोमा हिउँ पर्ने त्यो ठाउँ अत्यन्तै मनोरम रहेछ । कताकता म त तेह्रथुम र सङ्खुवासभाको सीमाक्षेत्रको नागी पाखामा छु जस्तो । खुला चउरमा मजाका काठैकाठको घरहरू देखेर सोधें पेट्रिकलाई, "यहाँ घरहरू किन यति पातलो छन् नि ?" उनका भनाइमा ती त किसानका गोठहरू रहेछन् । धत् ! गोठ पनि यति राम्रा हुन्छन् त ? यसो हेर्‍यो राम्रै मौसम अनुकूलित काठहरूको प्रयोग गरेर चिटिक्कका सफा घरहरू छन् भन्या छक्कै पर्नुका । भिराले त्यस पाखाको तलतल त मान्छे नै पनि बसेका थिए । तर अलि माथिचाहिँ थिएनन् । हामी निकै सिरानमा पुग्यौं । हिउँको सिजनमा स्की (चिप्लेटी) खेल्ने ठाउँमा पुगिएछ । रूखहरू पातला छन् । स्कीबाट तल झरेर फेरि उकालो जाने रोप वेको व्यवस्था रहेछ । सिरानमा एउटा लामो काठको घर थियो । काठको त्यही घर गोठ रहेछ तर हामी गएको सिजनमा त्यहाँ गाईहरू थिएनन् । ६० देखि ७० वटा गाई अटाउने त्यस गोठको छेउमा मान्छे बस्ने सानो चिटिक्कको काठे घर पनि

थियो । यताको अर्थमा पूर्ण सुविधाको छ त्यो घर । गोठदेखि बाहिर तलतिर डिलमुनि मल अझै थुप्रेकै छ । गाईहरू नभएकाले मलचाहिँ माथिमाथि सुकेको थियो । गाँठे मलमाथि उम्रेको झार पनि पो यताको जस्तै छ हौ ! त्यो झारको नाम आएको भए लेख्दा कति स्वाद आउँथ्यो अहिले मलाई । छनचाहिँ यताको साग त होइन, हाम्रो गाउँमा निमोनिया हुँदा ख्वाउने झारजस्तै ठ्याक्कै । दाउरा चिरेर खातका खात मिलाएर राख्ने तरिका पनि केही फरक भए पो । गोठ केहीबेर हेरेपछि बसिरहने कुरा भएन, फेरि हिँड्यौं । तर गोठको भित्री भाग नहेरी हिँड्ने कुरै भएन । गोठको भित्र हेरेको त क्या मजाले काठैकाठले भुइँमा पटाइ गरेको पो रहेछ । अनि म पनि संवत् २०३१ सालमा एस्.एल्.सी. दिइन्ज्यालसम्मको त गोठालै त हुँ नि, यसो तखतीहरू जोडेको ठाउँमा कस्तो होला ? वा गाईको खुर छिर्ने पो छ कि, राम्ररी हेरें । अहँ, त्यस्तो त रहेनछ । मैले उहिले गोबर सोहोर्दा ढुङ्गाका छप्पडको बीचबीचबाट खाँदिएको गोबर निकाल्दाको दिन सम्झँदै त्यो हेरेको थिएँ । निकैबेरपछि मात्रै हामी अघि इजरावल्सलाई पारिपट्टि देख्ने पाटाकै सिरानतर्फको पहाडको टुप्पातिर लाग्यौं ।

होइन म छक्क पर्छु पेट्रिकलाई सम्झेर । उनलाई मलाई त्यस्तैत्यस्तै कुराहरू हेर्न मन पर्छ भनेर कसरी थाहा भएको हँ ? लौ भैगो जनजातिहरूको बस्ती त रुचिकै विषय भएछ रे, मानें तर त्यो गाईका गोठहरू, चरन, नागी पाखाहरू नै डुलाएर लानुपर्छ भनेर कसरी जानेको हँ । लौ बाटो परेको कारणले भनूँ भन्दा पनि त्यो गोठमै रोकेर देखाउनु के जरुरी थियो नि । सरासर गाडी हाँकेर डाँडातिर अनि उनको जग्गा भएको ठाउँमा देखाउन लान पनि त सक्थे नि उनले । जे होस्, मेरो रुचि र स्वभावलाई चिनेर उनले मलाई डुलाएर बडो राम्रो गरे । त्यसैले नै मैले यतिका कुरा लेख्ने मेसो हाल्न पाएको छु ।

माथि भनिसकें नि, हामी पहाडको टुप्पातिर लागिसकेका थियौं । बाटोमा सानो बजारजस्तो ठाउँ पनि आयो तर के र, सरसुविधा सबै सहरकै जस्तो । त्यसै गाउँमा अघि इजरावल्समा पेट्रिकले भेट्न खोजेकी बूढी आमाको घर रहेछ । खै घर कि गोठ हो, अबचाहिँ नबोल्ने म । किनभने आमैको घर त तल इजरावल्समै हो नि । हामी त्यहीं गयौं । ओहो ! पेट्रिकलाई देखेर त ती आमै कति खुसी भएकी लौ । चलनअनुसार अँगालो मार्ने कुरा त छँदै छ तर अरू हाउभाउले नै उनीहरूबीचको आत्मीयता दर्साउँथ्यो । केहीबेर बस्यौं । बस्दाबस्दै तुरुन्तै कफी बनाइन् आमैले र प्रेमपूर्वक हामीले पियौं । आँगनमा सानो नाइलोजस्तोमा खै के पो सुकाएकी थिइन् आमैले, यता मेरी आमाले बोरा ओछ्याएर गुन्द्रुक घाममा सुकाएजस्तै । यत्तिकैमा

खै के पो हो नामै बिर्से, त्यहाँको स्थानीय उत्पादनको खानेकुरा पनि आमैले दिएकी थिइन् । त्यो पनि चाखेका थियौँ । त्यहाँबाट फेरि हिँड्यौँ तर हिँड्नुअघि फोटो लिन बिर्सेनौँ । ती आमैको घरदेखि अलि पर पेट्रिकको सानो घरसहितको जग्गा रहेछ । मैले घर भनेको गोठ नै होला । उनी 'यो मेरो पैतृक सम्पत्ति' भन्थे । बारी सबै डुलाए उनले । पेट्रिकको घरबारी हेरिसकेपछि फोटो पनि लियौँ पारिपट्टिको इजरावल्स देखिने गरी । यसो सम्झिएँ, नेपालमा यस्तै यस्तोमा जीवन हुर्काएकी मेरी सालीलाई स्विजरल्यान्डमा पुगेपछि पनि त्यस्तैमा रमाउनुपर्ने भएकाले पेट्रिकसँग मत बझाएकी पो हुन् कि । यो मेरो सोच्न पाउने अधिकारको प्रयोग मात्र हो । सत्य के हो त्यता म लाग्दिनँ र थाहा पनि छैन । तर यसो एउटा कुरामा कुरा नि, यहाँबाट स्विजरल्यान्डसम्म जानु अनि त्यहाँ गएर पनि उही नेपालकै जस्तो खेती किसानी गर्नु त के मजा भो र भन्ने सोचाइ त हामीमा आउँछ होला हगि ? तर जे भए पनि म त अहँ, विदेश गएर साँच्चै आफूभन्दा प्यारो कुरा पनि उतै छ भने मात्र बस्न सक्छु होला नत्र सक्दिनँ । यतिकैमा "लौ यो घरजग्गा तिमीलाई नै भो, यतै बस" कसैले भन्यो भने धरोधर्म म त बस्न सक्दिनँ । किनकि मेरा गाउँका साथीभाइहरू, उमेरले बुवासरहका काइँला दाजु, अन्तरे दाजुहरू हुँदैनन् नि त्यहाँ । अनि आफ्नो भूमि र रगत छाडेर कसरी बस्न सकिन्छ र !

हामी फेरि उकालै लाग्यौँ पहाडको झन् टुप्पातिर । माथि डाँडामा पुग्नुअगाडि बाटैमा पेट्रिकले उनी र उनका छोरीहरूले बनभोज खाएको ठाउँ, चुलाछेउछाउका ढुङ्गाहरू पनि देखाए । हामीभन्दा विकसित स्विसलाई पनि त पकाउनलाई भाँडा चुलामाथि राख्न तीनवटै चुच्चे ढुङ्गा चाहिने रहेछ नि । यस्तो सम्झँदै मनमनै रमाइलो मानेको थिएँ । मेरो पारा उही त हो, सोच्न थालें । मुना पनि त्यस बेला थिइन् कि थिइनन् होला । सोधूँ भने पेट्रिक्लाई नराम्रो लाग्ने हो कि । त्यो कुरा मुनासँग छुट्टाछुट्टै बस्न थालेपछिको हो कि के हो ? पेट्रिकको त्यो सम्झनामा मुनाको सम्झना पनि छ कि छैन होला । यस्तैयस्तै कल्पनामा मेरो मन नमीठो भएको थियो । अझ अगाडि गयौँ । बाटोमा पेट्रिकले गाडी रोके । के ठाउँ हो कुन्नि तर ठूलठूला पूरा सिङ्गासिङ्गै रूखै बाटोमा राखिएका थिए । यसो हेर्दा बनभोज खाने ठाउँजस्तो पनि देखिन्थ्यो । त्यस ठाउँमा सानो कुलो बग्दै थियो । पेट्रिकले त्यही कुलोमा लगे मलाई र रमाइलो कुरा देखाए । त्यहाँ त सानो यतैको हामीले प्रयोग गर्दै आएको आकारप्रकारकै पानीले खुत्रुकखुत्रुक चल्ने ढिकी पो जडान गरेको रहेछ । त्यो देखाउँदै हाँस्दै 'हेर्नोस् त दाजु के छ ?' भन्न थाल्यो साथी त । यसरी एकछिन यताउताका कुराहरू हेरिसकेपछि हामी हिंड्यौँ ।

अब हामी पुग्यौं जहाँबाट इजरावल्सलाई टुप्पाटुप्पामा मात्र देख्न पाइन्थ्यो; जहाँबाट संसारप्रसिद्ध Mount Blanc प्रस्ट देखिन्थ्यो । त्यही डाँडामा कहाँकहाँबाट साना जहाज चढेर हिउँको सिजनमा मान्छे खेल्न आउँछन् रे। ठ्याक्कै त्यो ठाउँबाट अलि पर डाँडामा सिरसिरे हावाबीच बसेर पाउरोटी, जुस र अन्य खानेकुराहरू खायौं हामीले। त्यो ठाउँ त भरे भेर्बियर झरेपछि पो थाहा भो, भेर्बियरको पनि टुप्पा पर्दो रहेछ । त्यस बेला पेट्रिक्ले 'लौ दाजु ! Mount Blanc को फोटो लिनोस्' भने। उनले सायद खिच्छ नै होला ठानेको थिए तर मैले 'नखिच्ने' भनें, त्यो हिमाल त्यति आकर्षक नलागेकाले । मेरो उत्तरले उनी अक्क न बक्क परे। 'किन नखिच्ने' भनेर सोधे पनि । फोटोभन्दा राम्रो त पोस्टर लिएर जानुपर्ला भनें । तर मेरो हर्कतले पेट्रिक जसरी अक्क न बक्क भए त्यसले मलाई चस्स घोचेको थियो । मैले त्यसरी उत्तर नदिनु पर्थ्यो । मेरो त्यो तरिका ठीक थिएन । उनले त्यसरी रमाएर 'लौ दाजु, यसो गर्नोस्' भनेको बेला मेरो रुचि नभए पनि त्यो काम मैले गर्नुपर्थ्यो । एक चोटि १९९४ मा अमेरिकाको भर्मन्टमा यस्तै भएको थियो । हाम्रा गाइडहरूले हामीलाई सोधेका थिए– अब यो ठाउँमा जाने कि भनेर । तर त्यो प्रस्तावित ठाउँमा मेरो रुचि नभएकाले 'होइन, नजाने हौं' झट्ट बोलिहालेछु । त्यसपछि ती प्रस्तावक गाइडले पनि भनेकी थिइन्– जान इच्छुकहरू त जानुहुन्छ होला नि भनेर । धत् ! हो त मैले बोलेर गल्ती गरें भन्ने लाग्यो र लज्जाबोधले म निकैबेर चुप लागें । यस्ता धेरै क्षणहरू छन् जसबाट पछिपछिसम्म म सम्झीसम्झी पछुताउने गरेको छु ।

यसरी खाजा खाइसकेर त्यो कहाँकहाँबाट जहाज लिएर स्की खेल्न आउने ठाउँबाट हामीचाहिँ हिँड्यौं । अब हाम्रो बाटो ओरालो झर्नुपर्दथ्यो । खाजा खाँदाखाँदै रमितामा हेरेका ससाना बाटाहरू नै हामी झर्ने बाटा परेछन् । जतातते साना बाटा छन् दोहोरो गरी कार पनि गुड्न नसक्ने । त्यो ठाउँमा संसारभरिबाट सम्पन्न मान्छेहरू हिउँको सिजनमा खेल्न आउने रहेछन् । डाँडाबाट केहीबेर तल झरेपछि भेर्बियर (Verbier) आइने रहेछ । त्यो संसारप्रसिद्ध मौसमी ठाउँ हो रे । त्यहींबाट हामी तल मैदानमा झर्यौं । भेर्बियरमा यति गजब र सुविधायुक्त घरहरू छन् रे कि पेट्रिकसमेत मुक्तकण्ठले प्रसंशा गर्दथे । बाहिरबाट हेर्दा त्यति भयङ्कर नदेखिए पनि भित्र त पक्कै मैले कल्पना गरिनसक्नु छ होला । पेट्रिकको मुखबाट कुरा सुन्दै छक्क परिसकेको म यही सोच्दै वरपर, तलमाथि बिचार्दै रमिता हेर्दै डुलेको थिएँ । मेरा लागि त बाहिरै कल्पना गरिनसक्नुको त्यो ठाउँ, भित्रको त के कुरा भयो र ।




(संसारका धनाढ्यले स्की खेल्ने ठाउँ)

तर हामी पुगेको बेला सहर सुनसान थियो । हिउँको मौसमबाहेक त त्यो सुनसान नै हुन्छ रे । तर जब हिउँ पर्न थाल्छ तब त यहाँ गाउँघरको मेला के मेला हुन्छ र त्यतिको पो धुमधाम हुन्छ रे । अहिलेको सानो तर सुनसान सहर त्यस बेला जिउँदो जाग्दो भएर बिउँझन्छ भन्छन् पेट्रिक । हुन पनि स्विजरल्यान्ड संसारकै सम्पन्नहरूको पानीपँधेरो न ठहरियो । Verbier को पुछारमा चाहिँ यहाँको गाउँघरजस्तो अलिअलि मानिस देखिएका थिए । यसो एउटा पसलमा पुगेर पोस्टकार्ड किने पेट्रिकले र मलाई 'लानोस् दाजु' भनेर दिए पनि । हामी त्यही रमाइलो र सुविधासम्पन्नतालाई एउटाले सोध्दै र अर्कोले भन्दै तल मैदानमा झर्यौं । सायद त्यो मैदान मार्टिग्नी होला । त्यहाँ पेट्रिकले दाँदे कि के किन्न खोजे तर राम्रो नभएकाले किनेनन् । त्यही क्रममा मैले पनि त्यहाँका कृषिऔजारहरू हेर्न पाएँ । लौन, त्यहाँका सामान पनि पो उस्तै छन् । डोको, हँसिया, दाँदे, हलो आदि सबै यतासँगै अनुहार मिल्ने । अझ यसो भन्दा पो राम्रो होला । हाम्रो पहाडको हलो र मधेसको हलोको अनुहारमा भएको भिन्नताजति मात्र भिन्न रहेछ स्विजरल्यान्डको र हाम्रो कृषि औजारहरूमा । हतारमा थियौं र त्यहाँबाट पनि हिँड्यौं । त्यो बजारबाट हामी न्युसाटेल लाग्दा देब्रे टाढाको भित्तामा एउटा अग्लो टावर पनि देखिन्थ्यो । पेट्रिक भन्थे– त्यो पहिलो विश्वयुद्ध कालमा बनेको रे । त्यो अग्लो भित्तामा बनेको

टावरबाट एकातिर पछाडि त भित्ता भैगो अरू दायाँ, बायाँ र अगाडि तीनैतिर देखिने रहेछ र नै युद्धका लागि उपयुक्त ठाउँ रोजिएको रहेछ । मलाई जति नै इच्छा भए पनि समयको अभावले गर्दा त्यता जाने कुरै भएन । पेट्रिकका अनुसार त्यही टावरको छेउमा स्विस सरकारले दलाइ लामाका लागि जमिन पनि दिएको छ रे । त्यसै क्रममा उनी भन्थे– स्विस सरकारले बेलायतकी महारानीलाई पनि त्युसाटेल तालमा होला, एउटा रूख दिएको छ । त्यो उनले मलाई देखाएका पनि थिए । रूखमुनिको जमिन पनि महारानीकै हो रे । यसरी त्यो दिन बडो आनन्द र रुचिका साथ घुम्दाघुम्दा हामी घर फर्कियौं ।

फर्कंदा बाटोमा पेट्रिकले उस्तै रोचक कुरा देखाउन बिर्सेनन् । त्युसाटेल पुग्नुअघि एउटा भन्ज्याङजस्तो; भन्ज्याङै भनौं, साँघुरो ठाउँमा पुगेपछि उनले गाडी रोके । ओर्लेर हामी भित्ताको चट्टानछेउमा पुग्यौं । पेट्रिकले भने– दाजु यो हेर्नोस् त केही देख्नुहुन्छ ? यसो हेर्छु म केही देख्दिनँ । उनले अझै नजिक बोलाएर लगे मलाई र 'हेर्नोस् त' भनेर चट्टानलाई बिस्तारै टकटक ठोके । हातको औंलाले दैलो उघार्न ठोकेजति मात्र चट्टान ठोक्दा त आवाज नआउनुपर्ने, डुकडुक आवाज पो आयो । बोधोबोधो भित्र खोक्रो वस्तुकै लाग्ने आवाज सुन्दा म त छक्कै परें । के रहेछ भनेर झन् नजिक गएँ र राम्ररी ध्यान दिएर संसारको नक्सामा मेरो देश खोजेजत्तिकै नियालेर हेरें । बल्ल पो देखें– बोराको जस्तो ठूलो जालीले चट्टानको केही आवश्यक परेको भागलाई चट्टानकै प्राकृतिक रङ्गमा रँगाएर छोपेको रहेछ । त्यो हटाएपछि यसो दुई तीन सिँढी ओर्लेर भित्र छिर्ने ढोका पनि देखियो । अनि सबै कुरा पेट्रिकले बताउन थाले–

त्यो साँघुरो ठाउँबाट शत्रुलाई सजिलै रोक्न सकिने रहेछ । वारिपरि सारै साँघुरो त्यो ठाउँमा त्यो चट्टानभित्र सेना बसेर शत्रुलाई छेक्न बनाइएको रहेछ । भित्र हातहतियार खरखजानासहित सेना बस्ने पर्याप्त ठाउँ छ रे । ढोकामा यत्रो ताल्चा देखेपछि मैले थप केही सोध्न आवश्यक ठानिनँ । त्यसभित्र स्विस सेनाहरू पारिपट्टि तोप ताकेर तयारी स्थितिमा रहन्थे रे । त्यो सब देखेपछि मलाई स्विस सेनाको बहादुरी, लगनशीलता र अक्कललाई हार्दिक प्रशंसा गर्न मन लाग्यो । मन त लाग्यो नि तर त्यसको फोटो लिने बुद्धि आएन त्यस बेला । अनि त भन्दा रहेछन्– गोर्खालीहरूको बुद्धि पछि मात्र आउँछ रे । हामी कवि भूपी शेरचनको कविता नै हौं रहेछौं । एक बेलाका भाडाका सिपाही स्विसहरू आकाशमा छन् तर त्यही बेलाका गोर्खाली बहादुर हामी आजसम्म भाडाका सिपाहीको रूपमा पातालमै छौं । झन्झन् पातलिंदै जाँदै छौं । हो त्यही दिन पो है अघि जाँदाजाँदै इजरावल्सका

लागि उकालो चढ्नुअगाडि नै अर्को कुन ठाउँमा पनि पेट्रिकले सडकबाट एक किलोमिटरजति पर ठूलो पहराकै भित्तामा देखाएर भनेका थिए– "दाजु ! उ: त्यो पहरा छ नि, त्यसभित्र एउटा ठूलो अस्पताल पो छ त, अहिले पनि चालू छ ।" त्यो पनि विश्वयुद्धकै बेला बनेको हो रे । प्रथम हो कि दोस्रो विश्वयुद्ध, त्योचाहिँ बिर्सें । फेरि मेरो काम इतिहासको कुरा यहाँ लेख्ने पनि त होइन नि ।

म फेरि सिलसिला जोड्छु । ती सबै पौरखी कामहरू स्विसहरूले शत्रुको आक्रमणबाट जोगिन र घाइतेहरूलाई बेरोकटोक उपचार गर्न सकियोस् भनेर बनाएको थियो रे । कसैले पनि अनुमानै गर्न नसकिने गरी वास्तवमा स्विस सेनाहरूले युद्ध लडेका रहेछन् । उनीहरूको त्यो वीरतापूर्ण इतिहासको मैले कल्पना पनि गरेको थिइनँ । त्यो इतिहाससँगै पेट्रिकले भनेका थिए– "दाजु ! हामी पनि नेपालीहरूजस्तै एक बेला त भाडाका सेना भएका थियौं नि ।" पेट्रिकलाई ठेट नेपाली बोल्न समस्यै छैन । यसरी कुनै शब्दको खाँचोबेगर सबै कुरा भनेर मलाई त्यो दिन बेसरी डुलाएर घर पुऱ्याए । साँच्चै इच्छाबाहिरको त्यो घुमाइ भएको भए त्यसलाई बेसरी घुमाएर तह लाएको भन्नुपर्ने गरी घुमाएका थिए ।

कुन दिन हो कुन्नि, न्युसाटेल बसाइको अन्तिमतिरै जस्तो लाग्छ, बिहानै पेट्रिकले मलाई एक जना मान्छेकामा लगे, जसलाई देख्दा मलाई रमाइलो र रुचिलाग्दो अनुभव भयो । घरबाट त्यति टाढा त थिएन तर त्यहाँका लागि गाउँ रहेछ त्यो । एक जना मोटोमोटै बूढाबूढै मान्छेको घरमा पुऱ्याए । अग्लैचाहिँ भन्दिनँ, किनकि त्यसो भन्दा त आम्मै गोराले त कति राम्रो अङ्ग्रेजी जान्दो रहेछ हौ भनेजस्तै मात्र हुन्छ । अँ बूढो भनेको हामीभन्दा चाहिँ बूढो भनेको । पेट्रिकले जाने बेलामै भनेका थिए– 'अत्यन्त बहुमूल्य कागजात बिक्री गर्ने मान्छेकामा जाऔं । "त्यस्तो किन्नुपर्ने छ भने मलाई भन्नोस् है म किन्छु ।" म पनि यस्तैयस्तै अनेक थरी हेर्न, डुल्न र बुझ्न त्यहाँसम्म पुगेको मान्छे झनै राम्रो ठान्दै लौत नि ! भन्दै उनको पछि लागेको थिएँ । पेट्रिकले सायद हेरूँ भन्यो क्यार त्यो बूढोले यत्रोयत्रो बडेमानको टिनको बाकस (बुझ्ने गरी बोल्दा टचाङ्का) निकालेर ल्याएर हाम्रो अगाडि खोले । ओहो ! कस्तो जतनसाथ पुरानापुराना कागजहरू पो राखिएका छन् । प्लास्टिकले राम्ररी ढाकेका केही पुराना कागजहरू पेट्रिकले मेरो अघि खोलेर सोधे– दाजु ! ई कागजहरू के हुन् ? कतिको महत्त्वपूर्ण हुन् ? कामका हुन् कि होइनन् ? मैले यसो हेरेको त नेपाली कागजमा बाँसको कलमले लेखेको भक्तपुर ठेगाना रहेको सानो लेनदेनको रसिद पो रहेछ । लेखाइको शैली र बेहोराको तरिका उतै पूर्वकै जस्तो थियो । मैले यो त सामान्य कागज मात्र हो भनेपछि उनले चासो

देखाएनन् । ती कागजहरू त हातले छुन पनि पो नपाइने रहेछ । हातले छुँदा छिटो मैलो हुने, चिसो पनि हुन सक्ने, च्यातिन सक्ने आदि जस्ता कारणले होला, चिम्टीले च्यापेर ओर्कोइफर्काई गरेर हेर्नुपर्ने रहेछ । त्यो टिकटवाला मान्छे राम्रैको रजसे र फर्साइलो लाग्यो मलाई । मैले त त्यसको सम्झनाकै लागि फोटो लिनु थियो, पेट्रिकलाई अनुरोध गर्न भनें । ओहो ! म त्यति महत्त्वपूर्ण मान्छे ? लौ पैसा लाग्छ भने । मलाई त यस्तै केके बेच्ने मान्छे हो, साँच्चै पो भन्या हो कि क्या हो जस्तो पनि लाग्यो । तर पैसा लाग्छ भन्दाभन्दै उनी हामीसँग फोटो खिच्न उभिन आइसकेपछि थाहा भो, उनी त जिस्किएका पो रहेछन् । हामी मजाले हाँस्यौं । यसरी अन्तिममा फोटो लियौं र बिदा मागेर हिंड्यौं ।



टिकटवाला बूढासँग लेखक

मेरो सामान्य तर सही सल्लाहका कारण पेट्रिकले कागज किनेनन् । किनकि त्यस्ता कागज त नेपालमा फालाफाल पाइन्छ नि त । ती बूढा मान्छे पुराना टिकट पनि सङ्कलन गर्दा रहेछन् । मैले पेट्रिकलाई सोधें– होइन, यस्ता कागजहरू कहाँबाट ल्याउँछन् नि यी मान्छेले । उनका अनुसार त्यहाँ बेलाबेला त्यस्ता सामानहरू बेचबिखनको मेलै लाग्छ रे र त्यस्तैमा यस्तो चीजबीज बढाबढमा बिक्रीबट्टा चल्छ रे । अनि लाग्यो, हो वास्तवमा चीजहरू त विदेशीले नै जानेका र चिनेका हुंदा रहेछन् । पेट्रिकको त्यस्तो रुचि थाहा पाएपछि मैले पनि म सांसद भएका बखत पहिलो टाँचा लगाई सरकारद्वारा दिइएका टिकटका प्रतिहरू पठाइदिन्छु भनेको थिएँ र पछि नेपाल फर्केपछि पठाइदिएको थिएँ ।

कुन दिन हो कुन्नि, मैले पेट्रिकको घरमा सङ्गीतका नोटेसनहरूको कापी देखें। सोधें– मालती सङ्गीत सिक्दै रहिछन्। मैले चासो देखाएपछि पेट्रिकले मालतीलाई बाँसुरी बजाउन भने। सानी छोरी मालतीले धक मान्दैमान्दै नोटेसनमा बाँसुरी सुनाएकी थिइन्। भर्खर सिक्दै गरेकी उनलाई अलिअलि लाज भएछ। मालतीको त्यो सुरुआत भए पनि नोटेसनमा बजाउन सक्ने क्षमता देख्दा मलाई अलि खुसी लागेको थियो। किनकि म पनि एकताका नोटेसन सिकेर आराम गरेको मान्छे थिएँ। तर म मालतीजति पनि पोख्त थिइनँ। मेरो अभ्यास टुटिसकेको थियो। मालतीको बाँसुरी प्रस्तुतिपछि पेट्रिकले मलाई काला जातिका क्रान्तिकारी लोकगीतहरू पनि सुनाएका थिए सिडीमा। तर बुझ्नुभो ? ती त रामेश दाइका कतिपय सङ्गीतसँग ठ्याक्कै मिल्ने थिए नि।



(नोटेसनमा बाँसुरी बजाउँदै मालती)

**३ अक्टोबर २००६**

त्यस दिन भने पेट्रिकले मलाई समय दिन सकेनन्। यो कुरा उनले बल्लबल्ल मात्र भन्न सकेका थिए। २–३ दिन धमाधम त्यति धेरै डुलाएर गुन लगाइसकेका उनलाई मैले केही भन्ने अधिकारै थिएन। तैपनि बिहान त उनले आफ्नी आमाको घर लगेरै छाडे। मैले एउटा के सामान हो, लगेको थिएँ त्यही दिएँ आमालाई। त्यो उताको जस्तो ठाउँमा प्रयोगचाहिँ भयो कि भएन तर आमा खुसी भइन्। त्यही बेला हो कि म जेनेभा हिँड्नुअगाडि हो, आमाले पनि मेरी आमाका लागि भनेर एउटा बटुको उपहार पठाएकी थिइन्। त्यो दिन पनि पेट्रिकले अलिकति त सघाइ छाडे।

ज्या है ! मेरो कुरा त बरालिएछ पो । अँ त्यसपछि म सजिलो ठाउँ त आफैं पनि डुल्न सक्छु भन्ने ठानेर बिहानको खाजा खाईवरी स्विजरल्यान्डको राजधानी बर्न घुम्न निस्कें । त्यताको राम्रो कुराचाहिँ रेलको एक ठाउँबाट अर्को ठाउँमा जान के कति भाडा लाग्ने हो, कुनकुन समयमा जाने हो जस्ता सम्पूर्ण सूचना उल्लेख भएको सानो गोजीपुस्तिका निकालेको हुन्छ, त्यही हेऱ्यो भइहाल्छ । धेरैलाई लागेको होला स्विजरल्यान्डको राजधानी जेनेभाचाहिँ हो भन्ने । तर राजधानी त बर्न पो रहेछ । मलाई पनि त्यस दिन मात्र त्यो कुरा थाहा भएको थियो भन्दा लाज पनि लागेर आउँछ । जे होस्, मलाई जसरी पनि डुल्नु थियो । त्यस कारण सबै कुरा बुझेर म रेल चढेर निस्कें बर्नका लागि । रेलवे स्टेसन नजिकै भएकाले त्यति समस्या लागेन । पेट्रिकले मलाई न्यानो भेलाइको सर्टजस्तो लुगा र एउटा झोला पनि दिएका थिए । म आफ्नो पासपोर्ट र अन्य बोक्नुपर्ने कागजहरू झोलामा बोकेर हिंडें । यसो बाटोमा हिंड्दा यताउता आँखा त पर्ने नै भयो । न्युसाटेलमा पनि केटाकेटीहरू सार्वजनिक भित्तामा छाडा कुराहरू लेख्दा रहेछन् । आखिर उरन्ठेउला उमेरका जहीं पनि त हुँदा रहेछन् । म रेलवे स्टेसनमा पुगें र आतेजाते टिकट पनि लिएँ मान्छेबाटै, मेसिनबाट होइन । मेसिनबाट त अहिलेसम्म जाने पो । उताको रेलमा एउटा राम्रो कुराचाहिँ आएको स्टप कुन हो र अब आउने स्टपको समेत सूचना दिइरहन्छ । यात्रुहरूका लागि सुविधा कसरी दिने भन्नेबारेमा विशेष ध्यान दिनु सरकारको कर्तव्य ठानिन्छ । समयमा ट्वाक्कट्वाक्क चलेन भने त्यसको साङ्ले असरले मान्छेको जीवन नै बरबाद हुन पुग्छ । त्यही भएकाले मान्छेको दौडादौड सदा कायम हुँदै आएको रहेछ । यही बेला उहिलेउहिले गैरकम्युनिस्ट पार्टीहरूले कम्युनिस्टहरूलाई करिबकरिब २०४८ सालको आमचुनाव लड्दासम्म गाली गर्दा र जनतालाई भड्काउन 'यी कम्युनिस्टहरू घन्टीका भरमा पो जनतालाई चलाउँछन् त' भन्ने गर्थे, त्यही सम्झें मैले । भरे भने समयमा चल्नु सबैको हितमा रहेछ भन्ने कुरामा सबै नै सहमत रहेछन् ।

म न्युसाटेलबाट बर्नका लागि हिंडें । मुनाले घुमाउँछु त भनेकी थिइन् तर उनको पनि समय मिलेन र एक्लै हिंडें । सम्म मैदान जग्गामा मकै छरेको देखिन्थ्यो, सबै घाँसका लागि रे । बाटोमा बन्दाखेती प्रशस्त देखिन्थे मेरै जिल्लाको हिले, मुढे, चित्रे, लसुनेमा जस्तै । चिटिक्क परेको अङ्गुर खेती हेर्दा वास्तवमा मेरो मात्र होइन, सबैको मनै रमाउने । जे पनि मिलाएर राख्दा राम्रो देखिने भएकाले होला । नाथे चियाबगानमा प्रुनिङ गरेका एकनाशका चियाका ठुटाहरू देख्दा त राम्रो देखिन्छ भने ठिक्कको समान उचाइ र बीचबीचमा बाटो छाडेर लगाइएका

अङ्गुरका भ्याङहरूले मेरो मन नतान्ने कुरै थिएन । बाटाहरू बिग्रेको त हुन्छन् तर मर्मत नगरी बसेको अवश्यै हुन्न रहेछ । मर्मतका कर्मचारीहरू पनि त्यति देखिन्नन् । सबैतिरबाट व्यवस्था मिलाइएपछि, आआफ्नो जिम्मामा सबै इमानदार भएपछि त्यस्तो नहुँदो रहेछ । म रेलमा छु । म चढेको रेल लोकल नै थियो होला तर लोकल भए पनि आफ्नो समयमा हिँड्न नछाड्दो रहेछ । बाटामा फाटफुट घरहरू छन् । त्यहाँका मान्छे रूख निकै पाल्दा रहेछन्– वातावरण, हावापानी र चिसोपनका लागि ।

प्रायः किसानहरू आफ्नो जमिनसम्म गाडीमा जान्छन्, गाडीमै आउँछन् । यसो सम्झँदा नेपालमा त धनी मान्छेसँग मात्र गाडी हुने गर्छ तर उता सबैसँग गाडी हुने रहेछ, गाडी सस्तो पनि हुँदो रहेछ । गाउँमा सायद जाडो याममा आगो ताप्न र खाना दाउरामा पकाउन होला प्रत्येक घरमा चिम्नी देखिन्छ । तिनै कुरा र भिरालो छानाले गर्दा नै गाउँ र सहरमा भिन्नता देखिन्छ । खै अरूको घर, ठाउँ, देश भएकाले राम्रो लागेको हो कि राम्रै भएको हो, केही पत्तै पाइनँ । मैले युरोपका केही विकसित देशहरू र अमेरिका डुल्ने मौका पाएँ तर स्विजरल्यान्ड जति राम्रो कतै लागेन । त्यहाँ प्रत्येक चीजलाई उनीहरू पैसासँग साट्ने प्रयत्नमा देखिन्छन् । त्यस्तै हो भने हामीसँग त के छैन र तर दुर्भाग्य, मूलतः हाम्रा नेपाली नेताहरूको अयोग्यता, असक्षमता, स्वार्थ र अदूरदर्शिताले नै हामी ध्वस्त हुनुपरेको छ । खै कहाँबाट पो निकाल्ने काम सुरु गर्न सकिन्छ र यस्ता नेताहरूको पकडबाट मुलुकलाई ।

म अहिले पनि रेलमै छु । फराकिला जमिनमा सूर्यमुखी फूलको खेतीको मनोरम र अनौठो । जङ्गल, गाउँ, पाखाहरू सबैसबै राम्रो लाग्थ्यो । बाटाका छेउछाउ र केही टाढा देखिने हावाको पङ्खा जसबाट बिजुली निकाल्ने र पानी तान्ने काम लिइन्थ्यो । त्यो देख्दा त झनै रिस उठ्थ्यो नेपाली मन्त्री, नेताहरूसँग । गति नै छाडेर गाली गर्न थाल्थेँ– सालाहरू ! आफ्ना आसेपासेहरूलाई मन्त्री बनाउँछन्, सांसद बनाउँछन् । योग्यता नभए पनि मन्त्री हुनु चानचुने कुरा ठानेर आफैं मन्त्री हुन पुग्छन् । भाषणमा संसदीय सङ्घर्षको क्षेत्रको काम पनि त्यतिकै महत्त्वपूर्ण हो । त्यसको काममार्फत पार्टीलाई स्थापित गर्नुपर्छ भन्दै विस्थापित गराउने खालका अयोग्य हनुमान्हरूको भर्ती आफैं गर्छन् । यसरी जतिजति यता नेपालमा पनि गर्न सकिने कुराहरू त्यता देख्दै जान्छु त्यतित्यति मलाई हाम्रा नेपाली नेताहरूसँग घीन लाग्दै जान्थ्यो । यसो गर्दागर्दै म बर्न पुगेँ । जे भए पनि एक्लै हुँदा हराइन्छ कि भनेर डरडर त थियो नै । जमिनमुनिबाट माथि निस्कें म । सडकमा

निस्कें भनौं न । सबैभन्दा पहिले भरे फर्कंदा यही ठाउँ हो भनेर चिन्नु त पऱ्यो नि भनेर यताउता हेरें । राम्ररी याद गर्दैगर्दै गएं स्टेसनबाहिर । साथीहरूले ठूलो I सङ्केतचिह्न भएको ठाउँमा पर्यटकहरूका लागि सूचना हुन्छ भन्थे तर सूचनापाटी हेरेको त छेउ टुप्पै बुझिनँ । त्यसैले हिँडें अनुमानका भरमा सोध्दैओर्दै । अनि त्यहाँका नाम चलेका त होइन, भरसक ठूलठूला सडकहरूतिर घुम्न थालें ।

सबैभन्दा पहिले म त्यहाँको संसद्भवनतिर लागें तर मर्मत गर्दै रहेकाले राम्ररी हेर्न पाइएन । बाहिरैबाट देखिने गरी त्यहींको श्रमिकलाई फोटो खिचिदिन अनुरोध गरें । अर्कोतिरबाट पनि त्यो भवनलाई खिचें जमिनमा बनाइएको फोहरासमेत आउने गरेर । त्यहाँबाट ठूलठूला सडकहरूबाट रमिता हेर्दै म सडकमै डुलिरहें । हिँड्दै जाँदा म त एउटा नदीको किनारामा पो पुगेछु । त्यसको नाम के हो, कसलाई सोध्नु, भाषा नै नमिल्ने । जान्न त सकिन्छ– google earth मा गएर । तर मलाई चाहिँ त्यस्तो लेखाइ मन पर्दैन । जेजस्तो सम्झना हुन्छ त्यही न हो लेख्ने । म्याप हेर्दै हिँडूँ भने कुनै ठाउँमा पुग्न म हिँडेकै होइन । त्यो नदीको किनारा त हो तर त्यो निकै तल थियो । यसो मेरो अनुमानमा २०० मिटरभन्दा होचो । त्यस नदीको किनारामा Lawn Tennis को मैदान यति सुन्दर देखियो कि त्यसै हेरूँहेरूँ लाग्ने । त्यहाँ अरू त्यस्तै थुप्रैथुप्रै कुराहरू छन् । नदी आफैंमा कति सुन्दर र नीलोसमेत । मेरो खोरङ्गा खोलामा दुवाली थुनेको जस्तो पनि देखिन्थ्यो त्यो नदी हो कि खोलामा । मैले नदी पनि भनें र खोला पनि । यसो हेर्दा नदीजस्तै छ तर त्यति सजिलै दुवाली फर्काएजस्तै गर्न सक्ने जुन थियो त्यो खोला भन्न लायक मात्र थियो । यही सोच्दासोच्दै काठमाडौंकै कुरा आउँदो रहेछ । बागमती, विष्णुमती, इक्षुमती 'मती नै मती' भएको काठमाडौंका ढलमती असुन्दर नदीहरूको भीडबाट निस्केर काठमाडौंबाहिरका नदी देख्दा त खुसी हुने हामीहरू वरपर अनेक सुन्दर दृश्यहरूका साथमा विदेशको नीलो नदी देख्न पाउँदा फरक अनुभूति नहुने कुरै भएन । म जहाँ उभिएको थिएँ त्यो ठाउँलाई पार्क शैलीमा सजाइएको पनि रहेछ । सायद मान्छेहरूको चाहनै सोचेर हुनुपर्छ त्यस्तो बनाइएको । म पनि बिनाहिचकिचाहट पर्यटकजस्तै भएर क्यामेरा धमाधम चलाउन थालें । त्यस्तैमा म आफू उभिएर अरू चिनियाँ कि जापानीजस्ताहरूलाई मेरो फोटो खिच्न पनि अनुरोध गरेर खिचिदिएका थिए । यसो गर्दागर्दै भोक पनि लागेर आयो । त्यही पार्कको छेउमा सानो Fast Food रेस्टुराँमा पसें । चलनअनुसार यसो खानेकुरा छान्न थालें तर समस्या परेर आयो– के खाने के खाने । न त मलाई बाहिर जाँदा खानाको नामै आउँछ है । यसो हेरें यही ठीक हुन्छ ठानेर स्यान्डविच मागें । यसो खान थालेको त काँचोकाँचो मासुको गन्ध पो

आउँछ । मलाई कतै यो गाईको मासु त होइन ? शङ्का लागेर रेस्टुराँकी काली केटीलाई 'म नेपाली हुँ, गाईको मासु खान्नँ, यो केको मासु हो' भनेर सोधेँ । ती केटी बङ्गलादेशकी रहिछन्– नर्सिङ पढ्दै छु भन्थिन्, उनले होइन भनिन् र ढुक्क हुँदै खान थालेँ । खान त खाएँ तर सारै घिन लागेर आयो । नखाइ- फाल्नु पनि असभ्यताजस्तो हुने । बलैले खाइसकेको थिएँ तर के भयो थाहा छ, त्यो दिनभरि मेरो मुख गनाएर, थुकथुकी लागेर खपिसक्नु भएन । मुख सफा गरूँ भने सामग्री केही बोकेको छैन । डुल्न गएको मान्छेले बोक्ने कुरै पनि थिएन । म त्यतिकै असहज बन्दै नदीमाथिको ठूलो पुलबाट पारि गएँ ।



(आइन्स्टाइन म्युजियमबाट देखिने बेर्न सहर)

ठ्याक्कै पुलपारि त वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको नामको प्रायः उनमै मात्र सम्बन्धित ठूलो म्युजियम पो रहेछ । मैले खै १० फ्राङ्क हो कि कति तिरेर टिकट काटेर पसेँ । बाफरे ! त्यो ठाउँको भव्यताको त के कुरा गराइ भो र । के वर्णन गर्नु ? गरिसक्नु भए पो । मैले लिफ्ट सिँचाइको प्रविधि पनि त्यहीं देखेको थिएँ । त्यस्तै अरूअरू केके हो केके । माथिको सिरानतलाबाट बाहिर सहर हेर्ने ठाउँ रहेछ त्यहाँबाट मैले पनि अरूको सिको गरेर फोटो लिएको थिएँ । समय धेरै पनि थिएन र नयाँ मान्छे नयाँ ठाउँमा बेलैमा हिँड्नुपर्छ भन्ने सोचेर म दुई घण्टाजति डुलेर निस्कें । यसो अरूअरू घर हेर्दै जाँदा मात्र पो थाहा भयो, त्यसको छेउमा अर्को प्राकृतिक इतिहासको म्युजियम पनि रहेछ । थुक्क ! पहिले नै त्यो देखेको भए म त्यहीं डुल्थेँ नि । किनकि मलाई त्यही चाहिँ मन पर्थ्यो । म विज्ञानको मान्छे पनि

त थिइनँ नि । मैले पुल तर्नेबित्तिकै मुखैमा म्युजियमकै काखमा ठूलो अग्लो मूर्ति थियो, त्यसको पनि फोटो लिएको थिएँ ।

म फेरि फर्किएँ पुल तरेर । अलि अगाडि जाँदै थिएँ एक हूल पुलिसहरू गाडीबाट ओर्लिएको देखें । मलाई यस्तैयस्तै कुराहरू हेर्न खोज्नु थियो । मैले तिनीहरूलाई हेरिरहेको थिएँ । उनीहरूले एकाएक दुई जना घरको पेटीमा बसिरहेका केटाहरूलाई पक्डेर गाडीमा हाले । मैले यसो विचार गरें र यसले चाहिँ अङ्ग्रेजी बुझ्छ होला भनेर एक जनालाई सोधें किन उनीहरूलाई त्यसो गरेको भनेर । उसले ती केटाहरू बदमास थिए त्यसैले पुलिसले लगेको भन्यो । ए गाँठे त्यो पनि पो अचानक देख्न पाइयो है । सोचें पुलिसले कुटीचाहिँ हालेनन् है नेपालजस्तो । लेख्न योग्य दृश्य देख्न पाएकोमा खुसी पनि भएँ । बजारबीचमा यत्रो ठूलो न ठूलो घण्टाघर अनि त्यसको केही दूरीमा रहेको त्योभन्दा अग्लोजस्तो चर्च भवन देखें र सोचें– यो संसारमा धर्मका लागि सारै धेरै पैसा खर्च गरिएको रहेछ । यसरी बिस्तारै म बर्न सहरलाई हेर्ने काम सकेर अघि आएको रेलवे स्टेसनतिर लम्किएँ । तर म अलमलिएँ– यता हो कि उता । रेल चढ्नु छ दुई तीन तला जमिनमुनि । म छु त्यति नै माथि । यसो उसो प्रयत्न त गरें तर पार नलागेपछि एक जना गाडी पर्खेर बसिरहेको मान्छेलाई सोधें । उसले त मैले झन्पनै नगरेको दिशातर्फ पो देखाइदियो । लौ झन्नैले बित्यास परेको ! म आफैं कोसिस गर्छु भनेर अलमलिएको भए त ढिलै हुने रहेछ । म तल झरें । मेरो टिकटमा भएको रेल अर्थात् मेरो रुटको रेल पर्खेर बसें । टिकटको झन्झट हुने कुरै भएन, अघिकैले भइहाल्थ्यो । एउटा रेल आयो । मैले यात्रु बेन्चमा बसेकी एक जना महिलालाई सोधें 'यो न्युसाटेल जाने हो ?' भनेर । उनले 'होइन, पछि आउँछ, म पनि उतै जाने' भनिन् । म चुपचाप अर्को पर्खेर बसें । एकछिनपछि अर्को रेल आयो पनि । ती महिला यात्रुले त्यो रेलतिर ध्यानै दिइनन् र म पनि त्यो होइन होला भनेर नचढी बसें । तर ती महिलाले यसपछि आउँछ भनेको गाडी त त्यही थियो । तिनले उतै जाने भनेकी थिइन् तर ध्यानै दिन्नन् । यस्तै सोच्दै बिस्तारै आत्तिन थाल्दै थिएँ । यसो फेरि एकछिनपछि ती महिलालाई हेर्छु त लौ तिनी त चढिसकेकी थिइन् । तिनीचाहिँ यो मान्छे किन चढ्दैन भनेर उल्टै मलाई पो हेरिरहेकी थिइन् । अँध्यारो पनि हुँदै गएको, तुरुन्तै आएको गाडी पनि त्यही हो । के यही त होइन म जानुपर्ने गाडी ? भनेर ती महिलालाई फेरि नहेरेको भए म छुट्ने रहेछु । उनले रेल यही हो किन नचढ्नुभएको भनी सोधिन् । लौ झन्नै पो छुटेको । म चढें । म अब अलमलिएँ । लौ म त नजानेर ढिलो गरें तर तिनले चाहिँ किन ढिलो गरेकी होलिन् त ? मानौं उनले चढ्ने गाडी त्यो नै होइन झैं । जे होस्, म ढुक्क भएर फर्कें र न्युसाटेलमा ओर्लें ।

रात पर्न बाँकी नै थियो । स्टेसनबाट बिस्तारै अनुमानका भरमा गएँ र पुगें पनि । त्यस दिनको मेरो समय खास आपत्ति सामना गर्नु नपरी बितेको थियो । घर पुग्नेबित्तिकै मैले सबैभन्दा पहिले मुख ब्रस गरेको थिएँ र मात्र केही ढुक्क भएँ ।

४ अक्टोबर २००६

यो मेरो न्युसाटेल बसाइको अन्तिम दिन थियो । मैले नेपाली भाषा र अक्षरमा नेपालको मेरो ठेगाना कागजमा लेख्न थाल्दै मात्र के थिएँ उनले 'दाजु, म त नेपाली त बुझ्दिनँ नि, म त अनपढ पो त, अबुझ क्या' भन्न थाले । म त अनि पो छक्क परें । पेट्रिकको बोलीचाली सबैमा त्यस्तो राम्रो दखल थियो तर अक्षरचाहिँ जान्दैनन् भन्ने कल्पना पनि गर्न सकिन्नथ्यो । साथी केमा कति बेला नेपालीहरू ठट्टा गर्छन् भन्ने कुरा राम्रै थाहा भएका मान्छे हुन्, त्यसैले मौका पाए कि ठोकी हाले 'म त अनपढ पो हो त' भनेर । कति रमाइलो थियो उनको त्यो ठट्टा । जे होस्, त्यो दिन पनि मलाई त्यतिकै सम्झना लायक लागेको छ पेट्रिकको मप्रतिको लगाब र सहयोगको कारण । प्रत्येक दिन मेरो खातामा पेट्रिकको सहयोगको हिसाबमा वृद्धि भएको भयै गएको थियो । मलाई थाहा थिएन, उसले मलाई त्यस दिन पनि डुलाउन लान्छ भनेर । मैले त सीधै रेल मात्र चढाउन ल्याउँछ होला भन्ठानेको थिएँ तर त्यसो भएन । उनले 'जाऊँ दाजु अब' भनेर बेलैमा हिँडायो । सामान पनि बोकेरै जाऊँ भनेको थियो । अलि छिट्टै निस्कन लागेको र सामान पनि लैजाऊँ भनेपछि चाहिँ मलाई पनि ऊ आफ्नो केही योजनाअनुसार हिँडाउँदै छ भन्ने नै लागेको थियो । म चुपचाप उसको पछि लागें । घरबाट तल न्युसाटेल तालको किनारामा पर्ने बजारमा पुऱ्याए । जाऊँ, हेर्नोस् त त्यहाँ तपाईंलाई अचम्म लाग्छ भन्दै उनले एउटा पुरानो घरमा लगे । यसो हेर्छु, साँच्चै नै रमाइलो र ज्ञानवर्द्धक थियो । पुरानो खालको यताको तराईको घरजस्तो छ । भुइँतलाचाहिँ खुला थियो । अनि यसो लिस्नो चढेर माथि गयौं । माथि त उहा हाम्रै मधेसको जस्तो पो छ । तलामाथिको ठाउँलाई भित्ताबाट बीचको खाँबासम्म बारेको थियो । आधा चौडाइको खुलाबाट चुलातिर पस्ने, बस्ने आदिआदि काम गरिने ठाउँ थियो । ठ्याक्कै यताकै छ नि घरको पारा । यसो हेऱ्यो, यताकै सामान्य परिवारको घरजस्तो । चुलो छ तीनवटा चुच्चे ढुङ्गा गाडेर बनाइएको । खरानी पनि ठिक्क खाना पकाएर आगो मरिसकेको र खरानी बनेका अगुल्टोहरूसँग । जाँतो छ एक छेउमा, अर्कोतिर माछा मारेर राख्ने यताको माझी जातिले प्रयोग गर्ने फुर्लुङ पनि

छ । अलि परतिरचाहिँ एउटा डोको घोप्ट्याएर उही मेरो घरको सिकुवामा राखेजस्तो । चुलामाथि जस्तै पर्ने गरी हल्लुँड पनि छ यसो छानामा सिउरेको । तलामुनि झरेर हेऱ्यो, हलो जुवा मेरै तल्लो घरको काइँला दाजुको कटेरोमा राखेजस्तै पाराको छ । ती सबै देखाइसकेपछि तल आँगनमा झारे पेट्रिकले । आँगनमा उही पुरानो उही यताकै जस्तो छ पारा । सबै देखाइसकेपछि पेट्रिकले 'दाजु तपाईं र हाम्रो उही तरिकाले समाज यहाँसम्म आएको इतिहास हो नि त' भने । मलाई त्यस बेला त ताजुब नै लाग्यो तर अहिले यसो सम्झन्छु– त्यो नेपालको जस्तो नमुना बनाउन त त्यसो गरेको होइन ? कि साँच्चै पेट्रिक्ले भनेजस्तै उनीहरूले पनि हलै जोतेर यहाँसम्म आएका हुन् त । त्यति सारो अलमलमा पार्ने खालको थियो त्यो सानो म्युजियम ।

त्यसपछि म छक्क पर्दै उनलाई पछ्याइ मात्र रहेँ । तालको किनारामा थियौँ । दिउँसो भइसकेको थियो । तालमा छाल उर्लन सुरु गरिसकेको थियो । म त कैले न मैले छालको छेउ पर्दा त डर पो लागेर आयो । साँच्चै त्यसले बेरेको खण्डमा त बीचमा सजिलै तानेर लाने रहेछ । त्यो एकछिन हेरिसकेपछि उनले केही पर किनारकै बजारमा रहेको Warplace Museum मा पुऱ्याए । एकछिन खै केके सङ्गीतको भरमा साँच्चैको मान्छेझैँ चल्ने कुराहरू राखिएको थियो । त्यसले त्यहाँको इतिहास भन्थ्यो । त्यो ठाउँचाहिँ हतारले त्यति राम्रो हेरिएन । सानो गुडियाजस्तो मान्छे नाचेको चाहिँ झलझली याद छ । त्यहाँका मुख्य कुराहरू मात्र हेराएर, बताएर मलाई त्यहाँबाट पनि पेट्रिक्ले हिँडाए । अलि पर गएर अबचाहिँ त्यो तालको किनारामा भएको सानो पानी जहाजहरू नजिकबाटै हेरियो । त्यो मलाई सबैभन्दा रमाइलो लागेको थियो । किनभने मलाई समुद्री किनारा असाध्यै मन पर्छ । त्यो तालको किनारा पनि त समुद्री किनाराजस्तै हो नि । तर एकछिनअघिको किनारामा देखिएको अग्लोअग्लो छाल भने यहाँ थिएन । के कारण यस्तो हुन्छ मैले नसोधेर जान्न पाइनछु । ससाना जहाजहरू छन्– ताल घुम्नका लागि अनि ती घुम्नेका लागि आवश्यक सम्पूर्ण सुविधासहितका रेस्टुराँ पनि सबै त्यहीँ छ । आहा ! क्या लाइफ स्विसहरूको । काम गर्छन् बेसरी अनि रमाइलो पनि बेसरी । त्यहाँचाहिँ निकैबेर बस्यौँ । सायद म रमाएको देखेर उसले केही समय खर्चेको हो जस्तो पनि लाग्यो । मलाई जेनेभा जानु थियो बेलैमा पुग्नका लागि मैले बेलैमा न्युसाटेल छाड्नु जरुरी थियो । त्यसैले अबचाहिँ पेट्रिकले मलाई रेलवे स्टेसनमा लगे । यसो सानो कुइनेटो कटाएर पेट्रिकले गाडी के घुमाएका थिए स्वाट्टै स्टेसनमा पो पुगियो ।

त्यो मुख्य बजार रहेछ । ठूलठूला अग्ला भवनहरूको भीड छ, चम्किला पसलहरू छन् आधुनिकता सबै त्यहीं नै देखिन्थ्यो । त्यही हेर्दै स्टेसनमा पुगेका थियौं । टिकट काट्नेदेखि लिएर सबै कुरा सविस्तार मलाई सिकाएपछि म रेलमा चढ्ने तरखरमा लागें ।

यहीबीच अलिकति कुरा छन्, नलेखी नहुने । जेनेभा हिंड्नुभन्दा दुई दिन अघि मात्र भए पनि मिसनका कर्मचारीसँग बल्लबल्ल सम्पर्क भएको थियो । सम्पर्क नभइन्जेल त म आत्तिएकै थिएँ । किनकि मेरो जहाजको टिकट जेनेभाबाट जर्मनीको म्युनिक जाने थियो । त्यसैले मैले त जेनेभा जानै पर्थ्यो । के गर्ने के गर्ने भन्दै अलमलिएको बेला धन्न मेरो मेलको उत्तर आयो र ढुक्क भएको थिएँ । हो त्यही जेनेभा सम्पर्क नभएको बेला पेट्रिक भने 'दाजु कि बसौं यतै एक हप्ता अङ्गुर टिप्दै' भन्न थाले । साँच्चै हो त । सबै काममा भएको बेला मचाहिँ चुप लागेर घरै बस्ने कुरा पनि हुँदैनथ्यो । म मानसिक रूपमा तयार हुनैपर्थ्यो यदि जेनेभा पस्ने अनुकूलता नभएको भए ।

समय भयो रेलमा पस्ने । जब म रेलतर्फ लाग्ने बेला भएको थियो पेट्रिकले मलाई यताकै खादा ओढाएका थिए । मलाई त्यति टाढा आफ्नाहरूलाई छाडेर आउनुपरेको थियो । म वास्तवमा भावुक पनि बनेको थिएँ । पेट्रिकले म रेल चढ्ने बेलामा भने 'दाजु, दिदीलाई पनि लिएर घुम्न आउनोस् है ।' त्यस बेला मैले हाँस्दै भनेको थिएँ अँ पैसा भएछ भने ल्याउँला । पेट्रिकले त 'होइन नि दाजु, जानु अनि माटो खन्ने अनि पैसा निकालेर दिदीलाई यता ल्याउने नि' पो भन्छ । एक चोटि बेसरी हाँस्यौं ऊ र म । यसरी त्यही हाँसोबाट ताजा बन्दै म न्युसाटेलको ४ दिनको बसाइलाई सकेर जेनेभाका लागि हिंडेको थिएँ । पेट्रिकको सहयोगको एक भारी हिसाब लिएर ।

जेनेभाको स्टेसनमा मलाई लिन आउने मान्छेको व्यवस्था गरिसक्नुभएको थियो राजदूत ज्ञानचन्द्र आचार्यले । म रेलबाट बिना कुनै समस्या जेनेभा पुगें । जेनेभा संसारकै अन्तर्राष्ट्रिय सहर रे भन्छन् भन्नेहरू । म त्यहाँ जाँदै छु भन्ने सम्झँदै नयाँ र खुसीलाग्दो घटनाका रूपमा त्यसलाई लिंदै थिएँ । मलाई त्यो सानो यात्राका बारेमा केही सम्झना छैन । म छक्क परेको छु कसरी कुनै पनि कुराले मेरो ध्यान तान्न सकेनछ । रेलबाट ओर्लेर माथि सडकमा निस्कें र मान्छे खोज्न थालें । तर एकैछिन फेर परेछ पर्खने ठाउँ र अलमलियौं– म र लिन आउने दुवै । बल्लबल्ल एउटालाई सिकाइ मागेर फोन त गरियो, गर्दागर्दै भएको चानचुने पैसा सिद्धिहाल्यो । फोनमा कुरा हुँदा लिन आउने मान्छे आइसकेको भन्छन् तर भेट भएकै छैन । सानो

पैसा नहुने अनि त फसादै पर्ने । अब के गर्ने भन्दै वरपर गर्न थालें । यतिकैमा यसो एक जनाले मलाई नियालेर हेर्दै थिए । मैले पनि हेरें । मलाई लिन आएका भाइ उनै पो रहेछन् । एउटा कुरा सम्झेको बेला भनिहाल्नुपर्‍यो– जेनेभा जानुअगाडि होस् वा जापानमा, म बडो समस्या अनुभव गर्ने गर्दथें म 'त्यहाँ कसकोमा बस्ने होला' भनेर । म त सांसद पो हुँ त, हाम्रो दूतावासले पनि सहयोग गर्न सक्छ भन्नेतर्फ मेरो कति पनि ध्यानै नजाँदो रहेछ । बल्लबल्ल त्यसपालि मात्र मैले दूतावासमा सहयोग मागेको थिएँ । त्यो पनि अन्तिममा जब पेट्रिकले 'दाजु, मेरो मान्छेकोमा बसाइ नहुने भयो, ऊसँग सम्पर्कै हुन सकेन' भने । उनैले पो नेपाली मिसनमा कुरा गर्नुहोस् न के हुन्छ ? भनेपछि ए हो त हगि, साँच्ची ? भनेर खोजी गर्दा राजदूत आचार्यको राम्रो सहयोग भयो । म दूतावासमै बसें । पुगेकै समयमा चाहिं मैले गुल्मीका भण्डारी भाइकोमा खाना खाएँ । ती भाइका आमाबुबा पनि घुम्न त्यहीं आउनुभएको रहेछ उही मेरो तालमा रमाइलो गफसफ आमाबुबासँग पनि गरें । त्यसपछि भने मेरो झोलाझाम्टा दूतावासमा सरेको थियो । सानो चिटिक्क र आधुनिक सुविधाको दूतावासको त्यो कोठाले अहिले पनि मलाई जेनेभा दूतावासको सम्झना गराउँछ । भुइँतलाको बैठककोठा सबैतिरको भुइँमा काठको फ्लोरिङ गरेको । साँच्चैको डेकोरेसनले नै हाम्रो त मनै तान्ने । बेलुकी राजदूतसँग बसेर यसो वाइन पिउँदै यताको राजनीतिक गफसफ गरियो । आचार्य नेपालका एक जना बौद्धिक, योग्य र लगनशील उच्च स्तरका कर्मचारी हुनुहुन्छ भन्ने मलाई पहिले नै थाहा थियो । मेरो लामो राजनीतिक र तेह्र वर्षको पूर्वजागिरे जीवनमा मैले थुप्रै अयोग्य कर्मचारीहरू देखेको र व्यहोरेको छु । उनीहरूको अफिसमा जाँदा नै मन निसासिन्थ्यो मेरो । मलाई हिजोआजचाहिँ आचार्यजस्ता मुलुकको प्रशासनयन्त्रमा केही योगदान गर्न सक्ने उमेरका माथिल्ला तहका कर्मचारी देख्दा ढुक्क लाग्न थालेको छ । त्यसैले मैले राजदूत आचार्यको प्रशंसा गरेको हुँ । उहाँसँगको दुईदिने सहवास पनि आनन्ददायक रहेको थियो ।

**५ अक्टोबर २००६**

जेजे हेर्नु थियो मलाई त्यही दिन डुलाए साथीहरूले । मैले उपसचिव हिमाल थापा मगरलाई नसम्झने हो भने मेरो जेनेभा यात्राको अर्थै हुन्न । हिमाल थापा मगर र एक जना गाडी चालक भाइ (नामै बिर्सेछु) ले मलाई यति मजाले डुलाइदिए कि मैले कसैलाई झन्झट दिँदै छु भन्ने नै पो बिर्सेछु । ILO र WTO कार्यालय भवनहरू नजिकै रहेछन् । गजबको सुरक्षा जाँचपश्चात् हामीभित्र गयौं । एक मनले त भित्रै

छिर्न नपाइने हो भने किन त्यहाँसम्म पनि जानु भन्ने पनि नलागेको होइन तर गइयो । बिनाकाम कार्यालयभित्र चाहिँ जान नपाइने भएकाले गइएन पनि । जे होस्, मिसनका कर्मचारी भनेपछि भित्र जहाँसम्म जान पाइन्थ्यो त्यहाँसम्म जान भने सजिलै भएको थियो । साथीहरूले मलाई WTO र ILO को कार्यालयको भित्रैसम्म त जान नमिल्ने रहेछ, बाहिरैबाट दर्शन गराएका थिए । आँगनमा गएर ठूलो भवनको पूरै भाग त आएन आंशिक भए पनि देखिने गरी फोटो पनि लिएका थियौं । एउटा कुरा नि त्यस भवनको आँगनको बगैंचाको स्याहारसम्भारचाहिँ नभएकै हो है । त्यो मैले लिएको फोटोबाटै प्रस्ट हुन्छ । झारपातको कटिङ पनि छैन, पोखरीको पानी पनि फीँजैफीँज थियो । लेउ नै लेउ पनि । अनि अरू पक्की निर्मित कुराहरू पनि बेसम्भार नै देखिन्थे । यो त्यताको अचम्मकै विषय मान्नुपर्छ । यसो यतासँग तुलना गर्ने हो भने हाम्रा सरकारी कार्यालयहरूको पछिल्तिरको खाली जग्गाहरू र राणाहरूको दरबारको बेसम्भार बगैंचा र पोखरीजस्तै । WTO र ILO सँगको मेरो नाताचाहिँ यता संसद्मा मेरो रुचिको क्षेत्रसँगको सम्बन्ध थियो । मैले संसद्मा स्रष्टाहरूका लागि अत्यन्त आवश्यक प्रतिलिपि अधिकार ऐन निर्माणका लागि कलाकार कुमार बस्नेत र म्युजिक नेपालका प्रबन्धक सन्तोष शर्माको पूर्ण सहयोगमा काम गरेको थिएँ । कोही एक जना पनि यसबारेमा रुचि भएको सांसद भेटिनँ त्यस बेला मैले । म आफैं पनि स्रष्टा भएका कारण र सांसद भएकै नाताले पनि मैले त्यो काम गरेको थिएं । त्यही सिलसिलामा मेरो WTO मन पर्ने संस्था थियो । त्यसै गरी ILO को पनि त्यही थियो कारण । संसद्मा त्यसको महासन्धि नं. १६९ पारित गराउनका लागि तीन जना साथीहरू रोमी गौचन थकाली, प्रकाशबहादुर गुरुङ र नवराज सुवेदीको सहयोगमा सङ्कल्पप्रस्तावको पहलमा हामी नै थियौं । धेरैलाई थाहा छैन, वास्तवमा त्यो प्रस्ताव पारित हुनु नै त्यो महासन्धि अनुमोदन हुनु बराबर थियो । हामीले त्यस बेला त्यो काम नगरेको भए ILO C. १६९ नेपालले अनुमोदन गर्ने थिएन । कसैले त्यसतर्फ हिम्मत गर्ने थिएनन् किनकि त्यसअघि कसैले गरेनन् । वर्तमानमा भन्ने हो भने अहिले त्यसको पक्षमा प्रायः कोही देखिन्नन् । त्यो पारित भए पनि त्यसको कार्यान्वयनका लागि बन्नुपर्ने राष्ट्रिय कार्ययोजना १६९ (National Action Plan 169) आजसम्म पनि पारित नहुनु नै त्यसको एउटा मात्र प्रमाण हो ।

त्यसपछि साथीहरूले हामीलाई त्यहाँस्थित संयुक्त राष्ट्रसङ्घको भवनतिर डुलाउन लगेका थिए । बाहिरैबाट फोटो लिइयो । संसारभरको झन्डाहरूको बीचमा हाम्रो झन्डा त्यहाँ जाँदा जसले पनि खोज्छ क्यार, मैले पनि खोजें । साथीहरूले त्यसपछि भने जेनेभा तालको भित्तैभित्ता पारेर हामीलाई फ्रान्सको गाउँतिर पसाए ।

फरक त के हुनु नि विकसित मुलुकहरूको ताल । तर पनि फ्रान्सको माटो दोस्रो पल्ट टेकियो । पहिलोचाहिँ उही घट्ट हेरेको दिन थियो ।

अब मैले के लेख्ने नि ! त्यता पो अलमल भएको छ । फ्रान्स पुगेँ भन्नु कि नभन्नु ? नभन्नु त दुई-दुई ठाउँबाट पसेकै हो परपरसम्म । हो भनूँ भने सीमाक्षेत्रका ससाना गाउँ र सहरसम्म टेकेको हुँ । यसो विचार गर्दा नलेख्नु नै राम्रो हो कि । तर अहँ, टेकेकै हो त्यस कारण डुलेको किन नलेख्नु । मान्छेले लाजैबेगर एक दिन पनि भूमिगत नबसेको भए पनि पार्टीबाट भूमिगत भएको सिफारिस गराएर भूमिगत भएबमोजिमको सरकारबाट राजनीतिक पीडित भत्ता खाएका थिए भने मेरो त त्यति सारो बदमासी त पक्कै होइन । तर जे भए पनि मैले अहिलेसम्म भ्रमण गरेको मुलुकमा त्यो देशलाई उल्लेख गर्ने गरेको छैन । त्यसैले अब टेकेकै कुरा उल्लेख गर्छु ।

जब हामी जेनेभा तालको भित्ताबाट उता फ्रान्सतर्फ जाँदै थियौँ, हिमालजी भन्दै हुनुहुन्थ्यो– त्यस टोलमा संसारका सबभन्दा सम्पन्न मान्छेहरू मात्र बस्न सक्छन् रे । त्यो त्यति VIP बस्ती पो रे । यसो सम्झिएँ– काठमाडौँ उपत्यकाको लाजिम्पाट, महाराजगन्ज, सानेपा, पुलचोक आदिजस्ता केही महँगा बस्तीजस्तो यहाँ पनि रहेछ । जो टोलैले सम्पन्न कहलिन्छ । यसो घरहरू हेरेँ, बाहिरबाट त्यति फरक त के देख्नु नि । अघि माथि Verbier को जस्तै । फ्रान्सको त्यो सानो ठाउँ डुलेर फर्कंदा होला सायद, हामी जेनेभा तालको दृश्यपानतर्फ लाग्यौँ । ओहो ! त्यो पानीको फोहरा त गजब गरी आकाशतर्फ फालिएको रहेछ । तालको बीचभागमा छ त्यो, उचाइचाहिँ टाढाबाटै अग्लै देखिन्थ्यो । जथाभावी नबोलूँ क्यार तर एउटा कुरा भने मन परेन है । त्यो फोहरातिर जाँदाको बाटो त्यस्तै ६०–७० मिटरजति लामो छ होला । त्यहाँ पुग्ने ६–७ फिट चौडा ढलानको बाटो बनाइएको रहेछ । त्यो पानीको सतहबाट ५ फिटजति अग्लो थियो कि भन्छु अहिले सम्झँदा । किनभने त्यसबाट तल हेर्दा मैले सङ्लो न सङ्लो पानीमा आफ्नो अनुहार छ्याङ्गै देखेको थिएँ । फाटफुट चुरोटका ठुटाहरू र अन्य किसिमका फोहरहरू पनि देखिन्थ्यो । तर बुझ्नुभो ? मैले नसोधीकनै हिमालजीले भन्नुभएको थियो– त्यहाँ एक्लैदुक्लै पुग्दा त डर मर्नु पो हुन्छ रे । केटाहरूले यसो लुट्ने पनि गर्छन् रे । सावधान हुनुपर्ने रे । कस्तो हौ यस्तो विकसित ठाउँमा समेत त्यस्तो खतरा महसुस गर्नुपर्ने ? जे होस्, हेर्‍यौँ, फोटो लियौँ र हिँड्यौँ । त्यो त भयो बीचमा गएर हेर्ने काम । त्यतिले मात्र नपुगेर साथीहरूले अर्कोतिरको किनाराबाट पनि त्योताललाई देखाइदिए । मजस्तो मान्छे जतासतै रमाइलै रमाइलो । त्यसरी डुल्दाडुल्दै मनमा लागिरहेको

थियो– यसरी मजस्ता त थुप्रै नेपाली यहाँ आउलान्, दूतावासले के गरी डुलाउन सक्लान् । सायद मलाई डुलाइएका मुख्यमुख्य ठाउँहरूमा हिमाल र अर्को भाइले अरूलाई यसरी नै डुलाएका होलान् ।

मलाई बेसरी गाडीमा घुम्ने व्यवस्था मिलाइदिएर राजदूत आचार्यले सहयोग गर्नुभएको थियो । मैले मेरो उत्सुकता मेटाउन दूतावासमा गएर नेपाली कर्मचारीहरूको विदेशमा काम गर्ने तरिका हेरेको थिएँ । विदेशमा त नेपाली पनि पो विदेशी पाराले नै काम गर्दा रहेछन् । अनि नेपालमा मात्र किन कर्मचारीहरूको ताल यस्तो अचम्मै । उन् पुरानो राणाहरूको दरबारमा भएका कार्यालयहरूमा त घर पनि पुरानो अनि भर्खरकै उमेरका कर्मचारीहरू पनि उही पुरानै ढाँचामा काम गर्ने भन्या । मैले उहिले जनप्रशासनको स्नातकोत्तरको कक्षामा मेरा गुरुहरू डा. भीमदेव भट्ट, डा. महेन्द्रनारायण मिश्र, शिवमणि उपाध्याय, डा. पुरुषोत्तम सुवेदी आदिले पढाउँदा 'काम गर्ने वातावरणले पनि कामको उत्साहमा असर पार्छ' भन्नुहुन्थ्यो, त्यही नै सम्झिएँ । यसरी म जेनेभाको करिब दुईदिने भ्रमण सकेर ६ अक्टोबरका दिन जर्मनीको म्युनिख (मुन्चेन) का लागि उडेको थिएँ । मुन्चेनमा कहाँ बस्ने ? के गर्ने ? भन्नेबारेमा खड्ग न्यौपाने र लीलाराज कार्कीसँग पहिल्यै नै इन्टरनेटमा कुरा भइसकेको थियो । त्यसैले म ढुक्कसाथ हिटलरले बनाएको मुन्चेनतर्फ लागेँ ।

काठमाडौं
फागुन २१, २०६६

# साझा प्रकाशनका केही यात्रासाहित्य

| | |
|---|---|
| अप्रिलको बेलायत | विजय चालिसे |
| अमेरिकी बास मातृभूमिको सम्झना | प्रदीप नेपाल |
| अल्छीका पाइला | श्रीकृष्ण गौतम |
| कर्णालीको अथइति | रत्नाकर देवकोटा |
| कौतुकमय डोल्पो | जनकलाल शर्मा |
| क्षितिजदेखि क्षितिजसम्म | विश्वम्भर चञ्चल |
| ग्रेटवालको ग्रेट अनुभूति | डा. रवीन्द्र समीर |
| घर फर्कने दिन | भीष्म उप्रेती |
| घुम्टोभित्रको सयरङ्गी अनुहार : हुम्ला | श्रीकृष्ण गौतम |
| छड्डको जङ्गलमा हराउँदा | नरेन्द्रराज पौडेल |
| झलझली आँखामा | निर्मोही व्यास |
| तीन बास | ध. च. गोतामे |
| देश परदेश | कुमार ज्ञवाली |
| नियात्राको नौलो सुसेली | पूर्णप्रकाश नेपाली 'यात्री' |
| नीलो पानी र नीला भावनाहरू | भीष्म उप्रेती |
| परदेशमा देश | प्रदीप नेपाल |
| पहाडको फेदीको पाहुनाघर | रह शर्मा |
| पाइलाका डोबहरू | तेजप्रकाश श्रेष्ठ |
| पाताल प्रवास | डा. तारानाथ शर्मा |
| बादल रुँदाको जुरिच | जय छाङ्छा |
| बेलाइततिर बरालिँदा | तानासर्मा |
| मानसरोवरमा डुबुल्की मार्दा | काजी रोशन |
| राराको सौँराइ | पूर्णप्रकाश नेपाल 'यात्री' |
| समुद्रपारि समुद्रवारि | श्रीओम श्रेष्ठ 'रोदन' |
| सात सूर्य एक फन्को | रमेश विकल |
| सेती पनि काली पनि | प्रतीक ढकाल |
| हुम्ला बोल्छ मानसरोवरमा | देवीचन्द्र श्रेष्ठ |

मूल्य : रु.२२५.००

9789993329244

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६